# समय-दंश कथा सङ्ग्रहको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस स्नातकोत्तर

तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि

प्रस्तुत

शोधपत्र


**शोधार्थी**

रमा भट्टराई

त्रिभुवन विश्वविद्यालय


२०७१

शोधनिर्देशक

हरिप्रसाद सिलवाल

# समय-दंश कथा सङ्ग्रहको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस स्नातकोत्तर
तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र


## शोधार्थी

रमा भट्टराई

त्रिभुवन विश्वविद्यालय


शैक्षिक सत्र : २०६७-६८

क्रम सङ्ख्या : ३३

परीक्षा रो.नं.: ४००२४७

२०७१

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह द्वितीय वर्षकी छात्रा श्री रमा भट्टराईले नेपाली विषयको दसौा पत्रको प्रयोजनका लागि मेरो निर्देशनमा **समय-दंश कथा सङ्ग्रहको विधातात्त्विक अध्ययन** शीर्षकको शोधकार्य सम्पन्न गरेकाले आवश्यक मूल्याङ्कनका लागि रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली  विभाग समक्ष सिफारिस गर्दछु ।

..........................................

मिति : २०७१/०८/२८

हरिप्रसाद सिलवाल

नेपाली विभाग

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौँ

**त्रिभुवन विश्वविद्यालय**
**रत्न राज्यलक्ष्मी क्याम्पस**
**प्रदर्शनी मार्ग, काठमाण्डौँ**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस स्नातकोत्तर तह द्वितीय वर्षकी छात्रा रमा भट्टराईद्वारा दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको **'समय-दंश' कथा सङ्ग्रहको विधातात्त्विक अध्ययन** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| .......................... | ............................. | ........................ |
| (हरिप्रसाद सिलवाल) | ( डा. धनप्रसाद सुवेदी ) | (भगवानचन्द्र उपाध्याय) |
| शोधनिर्देशक | बाह्य परीक्षक | विभागीय प्रमुख |

मिति : २०७१/०८/२८

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्ष नेपाली विषयको दसौँ पत्रको प्रयोगका लागि यो शोध पत्र तयार पारिको हो । यस शोध पत्रमा कथाकार पद्मावती सिंहको **समय-दंश** कथा सङ्ग्रहको विधातात्त्विक अध्ययन गरिएको छ । यो शोध पत्र आदरणीय गुरु हरिप्रसाद सिलवालको शोध निर्देशनमा तयार पारेकी हुँ । व्यस्तताका बिच आफ्नो अमूल्य समय प्रदान गरी शोध पत्रको रूप रेखा तयार पार्ने देखि विश्लेषण, परिमार्जन र परिष्कार गर्न आवश्यक सल्लाह, सुझाव, निर्देशन दिनु भएकोले उहाँप्रति विशेष आभारसहित कृतज्ञता ज्ञापन गर्दछु ।

उपर्युक्त शीर्षकको शोध पत्र स्वीकृति प्रदान गरी शोध कार्य गर्न अवसर जुटाइ दिनु हुने नेपाली विभाग प्रमुख भगवानचन्द्र उपाध्यायप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसै गरी शोध पत्रको शीर्षक चयनदेखि तयार पार्ने क्रममा प्रत्यक्ष तथा साङ्केतिक निर्देशन, सुझाव तथा हौसला दिई उत्प्रेरित गर्नु हुने गुरु रामप्रसाद ज्ञवाली तथा बद्री विशाल भट्टराई प्रति पनि कृतज्ञ छु । प्रस्तुत शोध कार्य सम्पन्न गर्नका लागि आवश्यक सामग्री एवम् जानकारी प्रदान गर्नु हुने कथाकार पद्मावती सिंहप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तह सम्मको अध्ययन पूरा गर्न आर्थिक तथा व्यावहारिक सहयोग गर्दै आफ्नो अमूल्य पसिना र श्रम खर्च गर्नु हुने आदरणीय बुबा ऋषिराम भट्टराई तथा आमा झगरा देवी भट्टराई एवम् श्रद्धेय दाजुहरू त्रिचन्द्र र प्रेमचन्द्र भट्टराईप्रति विशेष आभारी छु । यो शोध पत्र तयार गर्दा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने साथी निशा लिम्बु, बिनु शर्मा, दिदी पार्वता पन्थीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । शोध अध्ययनका क्रममा पुस्तक उपलब्ध गराइ दिने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय र रत्न राज्यलक्ष्मी क्याम्पसको पुस्तकालयप्रति पनि कृतज्ञ छु । शोधको टङ्कन गरी सहयोग पुऱ्याउने भाइ पदम भट्टराईलाई विशेष धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा प्रस्तुत शोध पत्र समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्व विद्यालय रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली विभाग समक्ष पस्तुत गर्दछु ।

मिति : २०७१/०८/२८

शोधार्थी
रमा भट्टराई

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनी मार्ग,काठमाडौँ

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| **परिच्छेद एक** | **१-५** |
| **१ शोधपरिचय** | १ |
| १.१ विषय परिचय | २ |
| १.२ शोध समस्या | २ |
| १.३ उद्देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा | ४ |
| १.५ शोधकार्यको औचित्य | ५ |
| १.६ शोधकार्यको सीमाङ्कन | ५ |
| १.७ शोधविधि | ५ |
| १.८ शोधपत्रको रूपरेखा | |
| **परिच्छेद दुई** | |
| **कथाकार पद्मावती सिंहको साहित्यिक जीवनी तथा रचनाधर्मिता** | **६-१४** |
| २.१ प्रवेश | ६ |
| २.२ पद्मावती सिंहको रचनाधर्मिता | ७ |
| २.२.१ कथाकारिता | ८ |
| २.२.२ उपन्यासकारिता | ८ |
| २.२.३ कवित्व | ८ |
| २.२.४ गीतकारिता | ९ |
| २.२.५ निबन्धकारिता | ९ |
| २.२.६ सम्पादन | ९ |
| २.३ सामाजिक संलग्नता | १० |
| २.४ कथायात्रा र चरण विभाजन | ११ |
| **परिच्छेद तिन** | |
| **३ समय-दंश कथा सङ्ग्रहको विधातात्त्विक विश्लेषण** | **१५-८३** |
| ३.१ कथाको विधागत स्वरूप | १५ |
| ३.१.१ कथाको परिभाषा | १५ |
| ३.१.२ कथाका तत्त्वहरू | १८ |
| ३.१.३ निष्कर्ष | २५ |
| **३.२ समय-दंश कथा सङ्ग्रहका कथाहरूको विश्लेषण** | **२६** |
| ३.२.१ ‘समय पीडा’ कथाको विश्लेषण | २६ |
| ३.२.२ ‘टेम्पु चालक मनमाया’ कथाको विश्लेषण | ३१ |
| ३.२.३. ‘निःशेष’ कथाको विश्लेषण | ३५ |
| ३.२.४ ‘बहिर्गमन’ कथाको विश्लेषण | ३८ |
| ३.२.५ ‘निःशब्द’ कथाको विश्लेषण | ४१ |
| ३.२.६ ‘बिरानो आकाश’ कथाको विश्लेषण | ४५ |

३.२.७ 'जीवनको एक रूप' कथाको विश्लेषण ४८
३.२.८ 'त्रासद विपना' कथाको विश्लेषण ५२
३.२.९ 'सम्झनाका भग्नावशेष' कथाको विश्लेषण ५५
३.२.१० 'कालो सुट' कथाको विश्लेषण ५९
३.२.११ 'अनुत्तरित प्रश्नहरू' कथाको विश्लेषण ६२
३.२.१२ 'अशान्त मन' कथाको विश्लेषण ६६
३.२.१३ 'अनामिकाको दैनिकी' कथाको विश्लेषण ६९
३.२.१४ 'आआफ्नो भागको जिन्दगी' कथाको विश्लेषण ७२
३.२.१५ 'बिम्ब प्रतिबिम्ब' कथाको विश्लेषण ७६
३.२.१६ 'साइबर प्रेम' कथाको विश्लेषण ८०
३.३ निष्कर्ष ८३

**परिच्छेद चार**

**४ समय- दंश कथासङ्ग्रहका कथाहरूको प्रवृत्तिगत अध्ययन** **८४-९०**
४.१ विषय प्रवेश ८४
४.२ मूल प्रवृत्ति ८५
४.२.१ नारीवादी दृष्टिकोण तथा नारी संवेदनशिलताको प्रस्तुति ८५
४.२.२ विद्रोही चेतनाको अभिव्यक्ति ८६
४.२.३ यौन मनोविज्ञानको अभिव्यक्ति ८६
४.२.४ मानवतावादी दृष्टिकोणको अभिव्यक्ति ८७
४.२.५ नारी समस्याको चित्रण ८७
४.२.६. विकृत विसङ्गत जीवनको चित्रण ८८
४.२.७ डायस्पोरिक जीवन चेतनाको चित्रण ८८
४.२.८ पाश्चात्य संस्कृतिको प्रभाव चित्रण ८९
४.२.९ सामाजिक यथार्थवादी अभिव्यक्ति ८९
४.३ निष्कर्ष ९०

**परिच्छेद पाँच**

**उपसंहार तथा निष्कर्ष** **९२-९८**
५.१ सारांश ९२
५.२ निष्कर्ष ९७
सन्दर्भ विवरण सूची **९९-१०१**
परिशिष्ट खण्ड

# परिच्छेद एक

# शोधपरिचय

## १.१ विषय परिचय

नेपाली साहित्य आकाशमा विगत पाँच दशक भन्दा लामो अविरल यात्रा गर्ने स्रष्टा पद्मावती सिंह काठमाडौँ जिल्लाको ॐबहाल टोलमा २००५ साल वैशाख ९ गते आमाको मुख हेर्ने दिनमा भएको थियो । बाबु परशुरामभक्त माथेमा तथा आमा चन्द्रभुवनेश्वरीको कोखबाट नवौं सन्तानका रूपमा उनको जन्म भएको थियो । स्नातक तहसम्म  अध्ययन पूरा गरेकी पद्मावती सिंहको साहित्यमा सानै उमेरदेखि रूचि रहेको बुझिन्छ ।  विशेष गरी बाबु परशुरामभक्त माथेमा र सिद्धिचरण श्रेष्ठको प्रेरणाले साहित्य तर्फको आकर्षण भएको पाइन्छ । नेपाली साहित्य भूमिमा प्रथम पटक सार्वजनिक रूपमा '२०२२' मा **आरती** साहित्यिक पत्रिकामा **पत्थरको हृदय** कथा प्रकाशन गरी उदाएकी हुन् । कथा, कविता, गीत, उपन्यास, लगयतका विधामा कलम चलाउने सिंह एक बहुमुखी सफल स्रष्टा हुन् । उनको **कथादि** (कथा सङ्ग्रह  २०३८), **कथायाम** (कथा सङ्ग्रह २०३९), **कथाकार** (कथा सङ्ग्रह २०४४), **पद्मावतीका कथाहरू** (कथा सङ्ग्रह, २०५६), **मौन स्वीकृति** (कथा सङ्ग्रह, २०६२), **समानान्तर आकाश** उपन्यास (नेपाली २०६२, अङ्ग्रेजी सन् २०११) आदि प्रकशित कृति हुन् भने उनले विभिन्न पत्रपत्रिकाको सम्पादन गर्ने तथा सल्लाहकारका रूपमा समेत कार्य गरेकी छन् ।

पद्मावती सिंहका प्रायजसो कथामा यौन मनोविश्लेषण, नारी समस्या, नारी अस्तित्व, पछौटेपन, सहरी जनजीवनको अस्तव्यस्त जीवन शैली र गरिबी जस्ता विषयलाई आफ्ना कथामा स्थान दिएको पाइन्छ । उनले लेखेको यस **समय-दंश**कथा सङग्रहमा पनि  नारी समस्या, सहरी जनजीवन भित्रको अस्तव्यस्त जीवन शैली, यौन मनोविश्लेषण, द्वन्द्वले निम्त्याएका पीडा, अभाव, गरिबी अहिलेको नवीन साइबर संसार भित्रको युवा पुस्ताको मनोवृत्तिलाई यथार्थपरक ढङ्गले कलात्मक अभिव्यक्तिका साथ प्रस्तुत गरेकी छन् । त्यस्तै अस्तव्यस्त राजनीतिक परिवेश र त्यसबाट ग्रसित र त्रसित जनमानसको दीनदशाको प्रस्तुतिले समकालीन नेपाली राजनीतिक परिवेशको प्रतिनिधित्व गर्ने जमर्को यस कथा सङ्ग्रहका केही कथाले गरेका छन् । रोजगारीका सिलसिलामा होस् वा अध्ययन गर्ने बहाना बनाएर बिदेसिने युवा पुस्ता र त्यसबाट परिवारलाई पर्ने पारिवारिक पीडालाई देखाएर आम नेपाली परिवारको पारिवारिक पीडाको अनुभूति समेत कथाभित्र समेटिएको छ । उनका अधिकांश कथाहरू समाजका विकृति विसङ्गतिहरूलाई प्रहार गर्दै नारी स्वतन्त्रता र अस्तित्वमा आधारित रहेका छन् ।पद्मावती सिंहका कथासङ्ग्रहमध्ये **समय-दंश** कथासङ्ग्रह छैठौँ कथासङ्ग्रह हो । सिंहका यसभन्दा पहिला प्रकाशन भएका पाँचवटा कथाकृतिमा अध्ययन विश्लेषण गरी विविध शीर्षकमा शोधपत्र तयार पारिएको छ । तथापि **समय-दंश** कथा कृतिमा हालसम्म शोधपरक अध्ययन नभएकोले यस कथा कृतिको शोधपरक अध्ययन हुन आवश्यक रहेको छ । त्यसकारण **समय-दंश** कथा कृतिभित्र रहेका सोह्रवटा कथाहरूलाई विधातत्त्वका आधारमा अध्ययन विश्लेषण गरी कथा

सङ्ग्रहमा सङ्ग्रहित कथाहरूका प्रवृत्तिहरूलाई केलाई अध्ययन गर्नु यस शोध पत्रको प्रमुख विषय हो ।

## १.२ शोध समस्या

प्रस्तुत शोध कार्यको मूल समस्यालाई निम्न लिखित बुँदाका आधारमा समेटिएको छ -

(क) पद्मावती सिंहको जीवनी र रचनाधर्मिता के कस्तो छ ?

(ख) **समय-दंश** कथा सङ्ग्रहका कथाहरूका विधा तात्त्विक स्वरूप के कस्ता छन् ?

(ग) **समय-दंश** कथा सङ्ग्रहका कथागत प्रवृत्ति के कस्ता रहेका छन् ?

## १.३ उद्देश्य

प्रस्तुत शोध कार्यका प्रमुख उद्देश्यलाई निम्न लिखित बुँदाका आधारमा समेटिएको छ–

(क) पद्मावती सिहंको जीवनी र रचना धर्मिता प्रस्तुत गर्नु,

(ख) **समय-दंश** कथा सङ्ग्रहका कथाहरूको विधा तत्त्वका आधारमा विश्लेषण गर्नु,

(ग) **समय-दंश** कथा सङ्ग्रहका कथाहरूको कथागत प्रवृत्ति केलाउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

साहित्यकार पद्मावती सिंहले नेपाली साहित्यका विविध विधामा कलम चलाए पनि सबै भन्दा बढी कथा लेखेको पाइन्छ, जसमध्ये उनका ६ वटा कथा सङ्ग्रह हालसम्म प्रकाशित छन् । नेपाली साहित्यमा आधा दशकदेखि कलम चलाइ रहने व्यक्तिका कृति, व्यक्तित्व, लेखनी कलाको अध्ययन अनुसन्धान हुनु अवश्य नै महत्त्वपूर्ण कार्य हो । उनको जीवनी व्यक्तित्व, कृतित्व, मौन स्वीकृति कथा सङ्ग्रह, उपन्यास **समानान्तर आकाश**मा बढी भन्दा बढी अध्ययन अनुसन्धान भएका छन् । तथापि यस **समय-दंश** कथा सङ्ग्रहको भने छिटफुट रूपमा पत्रपत्रिकामा समालोचनात्मक टिप्पणी प्रकाशित भए तापनि विधातात्त्विक अध्ययन अनुसन्धान मूल्याङ्कन भएको पाइँदैन । उनका बारेमा लेखिएका पूर्व कार्यलाई काल क्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ -

निर्मला भट्टराईले **पद्मावती सिंहको कथाकारिता : पद्माावतीका कथाहरू को केन्द्रीयतामा** (२०५७) शीर्षकको स्नातकोत्तर शोधपत्रमा पद्मावती सिंहको जीवनी, व्यक्तित्व र कृतित्वको रूपरेखा प्रस्तुत गर्दै उनको कथायात्रालाई कथा सङ्ग्रहको प्रकाशित मितिलाई आधार मानेर चारवटा चरणमा विभाजन गरेकी छन् । यसमा उनले कथाकार सिंहका कथाहरूलाई विषयगत,शैलीगत, रचना-विधागत, प्रवृत्तिगत र दृष्टिकोणका आधारमा वर्गीकरण गरेकी छन् । साथै पद्मावतीका कथाहरू कथा सङ्ग्रहको कृतिपरक अध्ययनलाई महत्त्व दिँदै यस सङ्ग्रहका माध्यमबाट सामाजिक कुरीति, कुसंस्कारमाथि प्रहार गरी पुराना सामाजिक मूल्यहरू विघटन भएको हेर्नचाहने कथाकारका रूपमा सिंहलाई चिनाएकी छन् ।

सुधा त्रिपाठीले **भृकुटी** (२०६७) (पूर्णाङ्क ८, साउन - असोज) मा 'महिलाको प्रतिवादशीलताको वकालत' शीर्षकको समालोचनात्मक लेखमा पद्मावती सिंहलाई नारीकेन्द्री कथा लेख्ने कथाकारका रूपमा चिनाएकी छन् । पहिले सिर्जित कथाहरूमा भन्दा पछिल्लो समयका कथाहरूमा नारी अस्मिताबोध र अस्मिता रक्षार्थ जुझारूपन अभिव्यक्त गर्ने कथाकार भन्दै **पद्मावतीका कथाहरू** कथा सङ्ग्रहलाई आख्यानीकरण र प्रस्तुतीकरणका प्रमुख सन्दर्भमा समीक्षा गरेकी छन् । बिम्ब र प्रतीकको प्रयोग गरी मध्यम खालको भाषा-शैलीमा सामाजिक परिवेशको चित्रण गर्दै लेखिएका उनका कथाहरूमा तुलनात्मक रूपमा महिला चरित्रलाई बढी अनुकूल र पुरुष चरित्रलाई बढी प्रतिकूल भूमिकामा प्रस्तुत गरिएको छ भन्ने धारणा अभिव्यक्त गरेकी छन् । साथै महिला मुक्तिको चेतनाले उत्प्रेरित विषयवस्तुलाई कतै यथास्थितिवादी र कतै प्रगतिशील ढङ्गले प्रस्तुत गर्नुमा कथाकार सिंहको रुचि देखिन्छ भन्ने उनको निष्कर्ष रहेको छ ।

लक्ष्मण प्रसाद गौतमले (२०६७) **समय-दंश** कथासङ्ग्रहको भूमिका खण्डमा पद्मावती सिंहका कथाहरू नारी समस्यामा केन्द्रित छन् भन्ने उल्लेख गरेका छन् । यिनका कथाहरूले नारी जीवनका सङ्घर्षपूर्ण कथाव्यथा नारीका दुर्नियति भोगाइका पीडा, यौन उत्पीडन, पुरुष प्रधान परिवार र समाजको उत्पीडन आदि तमाम पक्षहरूलाई प्रस्तुत गरिएको छ । युगीन, सामाजिक, राजनीतिक सन्दर्भ, नारी जीवनका भोगाइ, अनुभूति र पीडा , आधुनिक जीवनशैली बाँचेका मान्छेमा देखिएको अपरिचित मानवीय अस्मिता जस्ता कुराप्रति चिन्तन देखिए पनि नारीलाई केन्द्रमा राखेर तिनकै समस्यामाथि गहिरो विश्लेषण गर्नु पद्मावती सिंहका कथामा पाइने विशेषता हुन् भन्ने निष्कर्ष निकालेका छन् ।

पूर्णिमा रजौरेले **पद्मावती सिंहका कथामा नारी चेतना** (२०६७) शीर्षक स्नातकोत्तर शोध पत्रमा कथाकार पद्मावती सिंहलाई नारी अन्तर्मनका कथा लेख्ने कथाकार पद्मावती सिंहले सम्पूर्ण नारीहरूलाई पुरुषप्रधान समाजमा आफ्नो अस्तित्व बलियो बनाउनु आवश्यक रहेको कुरामा ध्यानाकर्षण गरेकी छन् भन्ने कुरा व्यक्त गरेकी छन् । विविध अवस्था र परिस्थितिका नारी चरित्रहरूको माध्यमबाट वर्तमान समयमा नारी हक, अधिकार स्वतन्त्रता प्राप्तिका लागि आफ्नो नियतिमा भर नपरेर सामाजिक मूल्य, मान्यता र कुसंस्कारको विद्रोह गर्नुपर्छ भन्ने कुरामा सचेत गराएकी छन् । यसैगरी पुरुषमा निर्भर रहेर गुजारा गर्नुलाई आफ्नो जीवनशैली बनाएका नारीहरूलाई स्वयम्मा सक्षम रहन आह्वान गरेकी छन् । समाजमा आफ्नो अस्मिता रक्षाका लागि नारीहरू चेतनशील, साहसी र आत्मनिर्भर भएर सामाजिक कुरीतिमाथि विद्रोह गर्न सक्रिय रहनु पर्दछ भन्ने चेतनामूलक अभिव्यक्ति कथाकारले दिएकी छन् भनी टिप्पणी गरेकी छन् ।

पार्वता पन्थीले **मौन स्वीकृति कथा सङ्ग्रहको कृतिपरक अध्ययन** (२०६८) शीर्षकमा स्नातकोत्तर शोध पत्रमा कथाकार पद्मावती सिंहलाई नव चेतनावादी धारामा योगदान दिने कथाकारको रूपमा चित्रित गरेकी छन् भने लेखनका सम्बन्धमा कथाकार सिंह सामान्य विषयवस्तुको प्रतिपादन गर्दै विशिष्ट रूप दिन सक्षम रहेको भनेकी छन् । उनको अध्ययन अनुसार पद्मावती सिंह यथार्थवादी र नवचेतनावादी कथाकारका परिचित छन् ।

लीला लुइटेलले **नेपाली महिला कथाकार** (२०६९) पुस्तकाकार कृतिमा पद्मावती सिंहका कथामा नारी समानता, स्वतन्त्रता तथा अधिकारका पक्षमा वकालत गरिएको छ र यिनका कथामा पुरुषको

अन्याय, अत्याचार, यौन शोषण, अहम्वादी हैकमवादी प्रवृत्ति गरिबीका कारणबाट हुन सक्ने मातृत्वको मोलतोल जस्ता सन्दर्भलाई विषय बनाइएको हुन्छ । यिनका कथामा जैविक आवश्यकताको रूपमा रहेको यौन दमित वासनाबाट उत्पन्न कुण्ठा आदि पक्षको चित्रण प्रतीकात्मक रूपमा गरिन्छ भन्ने निष्कर्ष निकालेकी छन् ।

दयाराम श्रेष्ठले **नेपाली कथा र कथाकार** (२०७०) नामक पुस्तकमा पद्मावती सिंहलाई नारी संवेदनाका महत्त्वपूर्ण आयामहरूलाई विषय बनाउने कथाशिल्पी तथा परिवार र समाजभित्रका मात्र नभएर समग्र जीवनकै विसङ्गति र विडम्बनाहरूलाई चिरेर यथार्थको अङ्कन गर्ने कथाकारका रूपमा चिनाएका छन् । साथै उनमा समसामयिक चेतनाको आधिक्य भएकाले उनका कथाहरूमा युग र कालसापेक्ष मूल्य पनि पाउन सकिने कुरा उल्लेख गरेका छन् ।

माथि उल्लेख गरिएका पूर्वकार्यको अध्ययन र समीक्षाको अधारमा कथाकार पद्मावती सिंहलाई समाजिक यथार्थवादी कथाकारको रूपमा चिनाइएको छ । यसरी  पद्मावती सिंहको विविध आयाममा अध्ययन, विश्लेषण, मूल्याङ्कन भए तापनि उनको **समय-दंश** कथा सङ्ग्रहको विधा तात्त्विक दृष्टिकोणमा केन्द्रित भई अध्ययन विश्लेषण  तथा मूल्याङ्कन गरिएको छैन । तसर्थ प्रस्तुत शोध पत्रमा यस कथा सङ्ग्रहभित्रको सम्पूर्ण कथाहरूको विधागत र प्रवृत्तिगत विश्लेषणका निष्कर्षहरू केलाएर शोध कार्य पूरा गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

यो शोध कार्य **समय-दंश** कथा सङ्ग्रहको विधा तात्त्विक अध्ययनमा केन्द्रित भई पद्मावती सिंहको साहित्यिक जीवनी रचनाधर्मिता तथा कथा यात्राको वैज्ञानिक रूपमा अध्ययन विश्लेषण गरिएको छ । पाँच दशक लामो कथा यात्रा पुरा गरेकी पद्मावती सिंहको छैटौं कथा सङ्ग्रह **समय-दंश**को विभिन्न समालोचकहरूले छिटफुट रूपमा पत्र पत्रिकामा समालोचना गरे तापनि गहन ढङ्गले अध्ययन विश्लेषण भएको पाइँदैन । यो शोध कार्य **समय-दंश** कथा सङ्ग्रहको विधातात्त्विक अध्ययन गरिएको हुँदा उक्त कथा सङ्ग्रहको बारेमा अध्ययन विश्लेषण अनुसन्धान गर्न चाहने अध्येताहरूलाई थप जानकारी र सहयोग पुग्नुका साथै स्नातकोत्तर द्वितीय वर्षको दसौँ पत्र सम्पन्न हुने हुँदा यो शोध कार्य औचित्य पूर्ण रहेको छ ।

## १.६  शोधकार्यको सीमाङ्कन

साहित्यकार पद्मावती सिंहले साहित्यका विविध विधामा कलम चालाएकी छन् । उनले कविता, गीत, कथा, उपन्यासमा समान रूपमा कलम चलाए तापनि सर्वाधिक रूपमा चर्चा कमाउन  सफल उपन्यास हो । त्यसपछिको सर्वाधिक रचना उनका कथा विधा तर्फ  मोडिएका छन् । यिनका उपन्यास र अन्य केही  कथा सङ्ग्रहहरूमा समालोचकहरूले विभिन्न टीका टिप्पणी अध्ययन विश्लेषण मूल्याङ्कन गरे तापनि यस **समय-दंश** कथा सङ्ग्रहको अध्ययन विश्लेषण मूल्याङ्कन गहन ढङ्गले गरेको पाइँदैन । प्रस्तुत शोधकार्य पद्मावती सिंहद्वारा रचित **समय-दंश** कथा सङ्ग्रहको विधातात्त्विक दृष्टिकोणमा मात्र केन्द्रित रहनु यस शोध कार्यको सीमाङ्कन रहेको छ ।

## १.७ शोधविधि

प्राप्त भएका सामग्रीलाई शोध कार्यमा वस्तुवादी र विश्लेष्णात्मक रूपमा अध्ययन गरिएको छ । विश्लेषणात्मक विधिबाट विधातत्त्व परक अध्ययन गर्नु नै यस शोध कार्यको शोध विधि रहेको छ । प्रस्तुत शोधकार्य तयार पार्ने क्रममा पद्मावती सिंहका कथाका बारेमा लेखिएका समीक्षात्मक टिप्पणीका साथै पुस्ताकालयीय अध्ययन र लेखकसँगको प्रत्यक्ष भेट नै सामग्री सङ्कलनको प्रमुख आधार बनाइएको छ । यस भन्दा अगाडि लेखकहरूले सिंहका साहित्यिक रचना सम्बन्धी लेखेका समालोचनात्मक लेखहरू, अनुसन्धानात्मक लेखहरू र आवश्यकता अनुसार कथाकारसँग प्रत्यक्ष भेटघाट गरी लिखित तथा मौखिक प्रश्नावलीद्वारा सामग्री सङ्कलन गरिएको छ । साथै प्राथमिक र द्वितीयक दुवै स्रोतलाई यसमा प्रयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार पाँच परिच्छेद र शीर्षकमा तयार गरिएको छ :

परिच्छेद एक- **शोध परिचय**

परिच्छेद दुई- **पद्मावती सिंहको जीवनी तथा रचनाधर्मिता**

परिच्छेद तिन-**समय-दंश कथा सङ्ग्रहको विधातात्त्विक विश्लेषण**

परिच्छेद चार-**समय-दंश कथा सङ्ग्रहमा सङ्ग्रहित कथाहरूको प्रवृत्तिगत विश्लेषण**

परिच्छेद पाँच- **उपसंहार तथा निष्कर्ष**

# परिच्छेद दुई

# पद्मावती सिंहको जीवनी तथा रचनाधर्मिता

## २.१ प्रवेश

पद्मावती सिंहको जन्म २००५ साल वैशाख ९ गते काठमाडौं जिल्लाको ॐबहाटोलमा भएको परशुरामभक्त माथेमाका दुई श्रीमतीमध्ये जेठी श्रीमती चन्द्रभुवनेश्वरी माथेमाको कोखबाट नवौं सन्तानको रूपमा पद्मावती सिंहको जन्म भएको हो । तत्कालीन समयमा उपलब्ध हुने सबै सेवा सुविधाले सम्पन्न परिवारमा हुर्केकी पद्मावतीले शिक्षा दीक्षाको राम्रो अवसर पाएकी थिइन् । न्योखा स्थित कन्या मन्दिर हाइस्कुलबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेकी सिंहले त्रिचन्द्र कलेजबाट विज्ञान विषययमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण  गरेकी छन् । उनले विज्ञान विषयमा नै स्नातक तह पुरा गर्ने इच्छा भए तापनि पारिवारिक समस्याले गर्दा त्यो तह पुरा हुन सकेन । पुनः अङ्ग्रेजी साहित्यमा स्नातक पुरा गरिन् । स्नातकोत्तर सम्मको अध्ययन गर्ने उनको इच्छा भने हालसम्म पनि अधुरो रहेको छ । २०२३ सालमा राष्ट्रिय स्तरका खेलाडी राजबहादुरसँग पारिवारिक बन्धनमा बाँधिएकी पद्मावतीका तिन सन्तान छन् । (शोधनायकसँग गरिएको प्रत्यक्ष अन्तर्वार्ताबाट प्राप्त जानकारी)

सानै उमेरदेखि नै साहित्यतर्फको बढ्दो झुकाव तथा अग्रज गुरुहरूको प्रेरणा पारिवारिक सद्भावले पद्मावतीको  साहित्यतिरको आकर्षण बढेको थियो । यसै क्रममा उनले २०१८ सालतिर अन्तरमाध्यमिक निबन्ध प्रतियोगितामा **लक्ष्मीप्रसाद देवकोटाको** बारेमा  लेखिएको निबन्धले तृतीय पुरस्कार प्राप्त गरिन् । पद्मावती सिंहले आफ्नै बुबा परशुरामभक्त माथेमा र कवि सिद्धिचरण श्रेष्ठबाट साहित्य लेखनतर्फको प्रेरणा प्राप्त गरेकी हुन् (पन्थी, २०६८ः ६-७) । 'पत्थरको हृदय' ( आरती, साप्ताहिक, २०२२) छपाइदिने आफ्नै दिदी कौशल्याको प्रेरणा तथा सद्भावले साहित्य रचना प्रति लाग्न अझ बढी उत्साह थपिदिएको थियो ।

'पत्थरको हृदय' कथाबाट नै पद्मावती सिंह नेपाली कथा साहित्यको आकाशमा सार्वजनिक भएकी हुन् ।  पद्मावती सिंह गुरुप्रसाद मैनाली, विश्वेश्वर प्रसाद कोइराला, विजय मल्ल, दौलत विक्रम विष्ट सरुभक्त जस्ता साहित्यकारबाट अत्यन्त प्रभावित छन् । नेपाली साहित्यका लक्ष्मीप्रसाद देवकोटा सिद्धिचरण श्रेष्ठ, भूपि शेरचन, ईश्वर बल्लभ, बानिरा गिरी, तुलसी दिवस, पारिजात, प्रेमा शाह, गायत्री विष्ट, मञ्जु काँचुली सिंहलाई अत्यन्त मनपर्ने स्रष्टा हुन् (शोधनायकसँगको प्रत्यक्ष अन्तर्वार्ताबाट प्राप्त जानकारी)

## २.२ पद्मावती सिंहको रचनाधर्मिता

पद्मावती सिंह नेपाली साहित्यमा एक परिचित नाम हो । सत्र वर्षको उमेरमा 'पत्थरको हृदय' ( २०२२, आरती साप्ताहिक) शीर्षकको कथा लेखनबाट उनले आफ्नो साहित्य सिर्जना यात्रा सुरु गरेकी छन् । त्यस पश्चात उनले नेपाली साहित्यका कविता, गीत, निबन्ध, उपन्यास समेत रचना गरेकी छन् । **गुञ्जन, नियोजन, सचेतना** पत्रिकाको सम्पादन तथा केही पुस्तकाकार

कृतिको समेत सम्पादन गरेकी छन् । हालसम्म ६ वटा कथा सङ्ग्रह, एक उपन्यास तथा विभिन्न पत्रपत्रिकामा फुटकर रचना गीत, निबन्ध, कविता प्रकाशन भइ सकेका छन् । यसरी यिनको रचनाधर्मिता विभिन्न विधामा देखिएको छ ।

पद्मावती सिंहका वि.सं. २०२२ साल देखि हालसम्म विभिन्न समयमा साहित्यका विविध विधाका रचनाहरू प्रकाशित भइ नै रहेका छन् । कथा लेखनबाट सुरू भएको उनको लेखन कार्य, कविता, गीत, निबन्ध हुँदै उपन्यास सम्म पुगेको छ । सिंह नेपाली साहित्यका विविध विधामा आफ्नो परिचय स्थापित गर्न सफल भएकी छन् ।

## २.२.१ कथाकारिता

पद्मावती सिंहको कथा लेखन यात्रा 'पत्थरको हृदय', २०२२ कथाबाट प्रारम्भ भएको हो । त्यसपछि उनको हालसम्म **कथादि** (२०३८), **कथायाम** (२०३९), **कथाकार** (२०४४), **पद्मावतीका कथाहरू** (२०५७ ), **मौन स्वीकृति** (२०६२) र **समय -दंश** (२०६७) जस्ता कथा सङ्ग्रह र **गरिमा, मधुपर्क**, **शारदा** जस्ता साहित्यिक पत्रिका र **गोरखापत्र**मा समेत फुटकर कथाहरू प्रकाशित छन् । **नेपाली राजनीतिक कथाहरू** (माघ, २०६६) **समकालीन साहित्य** (साउन- असोज, २०६८) मा समेत उनको कथाहरू सङ्ग्रहित छन् । उनको लेखन र प्रकाशनका दृष्टिले सबैभन्दा उर्वर विधा कथा नै हो । हालसम्म प्रकाशित कथाका आधारमा पद्मावती सिंहको कथाकार व्यक्तित्व पहिचान हुन्छ । यिनका प्रायः कथाहरू नारी समस्यामा नै केन्द्रित छन् । कथाकार पद्मावती सिंहले आफ्ना कथामा सामाजिक उत्पीडन तथा तल्लो वर्गका आर्थिक समस्यालाई जस्ताको तस्तै चित्रण गरेकी छन् । उनको कथामा सामाजिक यथार्थवाद र नारीवादलाई मूल विषयवस्तुको रूपमा देख्न सकिन्छ भने नारी विद्रोह नारी सङ्घर्ष नारी अस्तित्व जीवनका पीडा व्यथा घृणा कौतुक, उल्लास पनि उनका कथामा पाउन सकिन्छ (पन्थी, २०६८ : ९) । सिंहका कथामा सामाजिक यथार्थको चित्रण, निम्न वर्गको आर्थिक समस्या, नारीसँगै जोडिएका यौन समस्या, लैङ्गिक समस्या, असामाजिक पुराना मूल्य मान्यता प्रति असहमति, युद्धकालीन समस्या र युद्धपछि निम्त्याएको सामाजिक परिस्थितिको चित्रण पाइन्छ ।

समस्यापरक यथार्थ विषयमा व्यङ्ग्यात्मक शैली, परिवेश अनुसारको सुहाउने दृश्यात्मक शैली, वर्णनात्मक, जस्ता निजी विशेषता प्राप्त गर्न सकिन्छ । उनका धेरैजसो कथामा मानवीय पीडा मिश्रित दुःख भोगाइको सजीव चित्रण पाइन्छ । त्यसैले उनी यथार्थवादी कथाकारका रूपमा परिचित छन् । वास्तवमा उनका प्रायजसो कथामा नारीको स्वप्निल संसार हुन्छ । त्यस संसारलाई पुरूषनिबद्ध रहेको धमिरारूपी विकराल समस्याका साथै अन्य सामाजिक समस्याले अस्तव्यस्त र खोक्रो पारिदिन्छन् अनि त्यहाँका नारी चरित्रहरू समस्याको बाढीमा हेलिन विवश देखिन्छन् यसरी सामाजिक पारिवारिक र मनोवैज्ञानिक जस्ता समस्याको प्रस्तुति भए पनि त्यसका समाधानको सङ्केत उनका कथाहरूमा कतै पनि गरिएको देखिँदैन (लुइटेल, २०५९: १४७-१५७) । साँच्चिकै पारिवारिक सामाजिक आर्थिक, समस्याले अल्झिएका उनका कथामा समस्या समाधानको दरिलो आधार प्रस्तुत भएको छैन । उनका कथाहरू मूल समस्या देखाउन तर्फ लागेका छन् पछिल्लो समयमा लेखिएका कथाहरूमा भने पात्र स्वयम् समस्या समाधान गर्नेतर्फ प्रयत्न गरेका छन् ।

### २.२.२ उपन्यासकारिता

पद्मावती सिंहको हालसम्म एकमात्र उपन्यास **समानातर आकाश** (२०६२) उपलब्ध छ । उनको **प्यारेलल स्काई** (सन् २०११) **समानान्तर आकाश** कै अङ्ग्रेजी संस्करण हो यसै उपन्यासको आधारमा उपन्यासकार पद्मावती सिंहको पहिचान हुन्छ । पद्मावती सिंह सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनले लेखेको **समानान्तर आकाश** मा नारी समस्या र नारी अस्तित्वको चित्कार छ । समाजमा घट्ने विविध घटनाहरूमध्ये मूलतः नारी समस्यालाई टपक्क टिपेर आफ्नो उपन्यासको विषय बनाएकी छन् । **समानान्तर आकाश** नारीद्वारा लेखिएको नारीवादी उपन्यास हो ( सिवाकोटी, २०६७ : ३९) । यस उपन्यासले नारी समस्याको वकालत गरेको छ । उपन्यासमा घटेका घटनाक्रम नाटकीय नभएर यथार्थ छन् । त्यसलाई भोग्ने पात्र पनि यसै सामाजका छन् । यिनै सामाजिक समस्यालाई मूल विषय बनाएर उपन्यास सिर्जना गरेकाले पद्मावती सिंह यथार्थवादी नारीवादी उपन्यासकारका रूपमा परिचित भएकी छन् ।

### २.२.३ कवित्व

पद्मावती सिंहको वि. सं. २०३० देखि वि.सं. २०४५ सालसम्मको लेखन काव्य सिर्जनातर्फ अगाडि बढ्यो । लगभग पन्ध्र वर्षसम्मको समय पद्मावतीले काव्य सिर्जनामा खर्चेकी छन् । त्यसपछिको समय भने कविता भन्दा गीत तथा आख्यान लेखनतर्फ बढी केन्द्रित छ । उनका प्रकाशित कविताहरूमा ‘रमनीयता’ (कविताः अङ्क १६,२०४८) ‘म मेरो सपनाभित्र’ (कविताः अङ्क ५०, २०५१) ‘म हेर्ने गर्छु परको हिमशिखर’ (दीपज्योति वर्ष, ३, अंक ७) ‘पाँच कविताहरू’ (लालित्य), ‘एक प्रश्न एक आशङ्का’ (दीपिका), ‘प्रतिक्षा गर्दा गर्दै शताब्दी देखि’ (दीपज्योति) ‘गीतहरू’ (मधुपर्क, २०४५),‘हिंसाको मौनता’ (पुनर्जागरण, २०६३) ‘चिसो वर्तमान बाँचि रहेछु’ (जनमत, २०६४) रहेका छन् । सिंहका यिनै प्रकाशित कविताका आधारमा व्यक्तित्व पहिचान गर्न सकिन्छ ।

पद्मावती सिंहले गद्यभाषामा आफ्नो काव्यिक अभिव्यक्ति प्रकट गरेकी छन् । यसै समाजका समस्या मानवीय हर्ष उल्लास कुण्ठा, मानवीय पीडा  रोदनलाई कविता सिर्जनाको मूल विषय वस्तु बनाएकी छन् । उनका कवितामाससमसामयिक विषयवसतु पाउन सकिन्छ जसमा आजका मान्छेका सामाजिक कुण्ठा, पीडा, सपना समस्या आदिलाईचित्रण  गरिएको छ । (पन्थी, २०६८ : ९) गद्य तथा मुक्त शैलीमा कविता लेख्ने पद्मावती सिंहलाई आशावादी कविको रूपमा लिइन्छ । खासगरी समसामयिक विषयमा सिंहले कविता सिर्जना गरेकी छन् ।

### २.२.४ गीतकारिता

गीत रचना पद्मावती सिंहको अर्को महत्त्वपूर्ण साहित्यिक अभिव्यक्ति हो । गीत रचनाको साथसाथमा पद्मावती राम्रो गाउन सक्ने गायिका पनि हुन् । उनले २०३३ सालमा रेडियो नेपालबाट स्वर परीक्षा उत्तीर्ण गरेपछि जीवनका गीतहरू र धेरै दिनपछि दुई गीति एल्बम सार्वजनिक गरेकी छन् । त्यस्तै उनका ‘दुई गीत’ (कविता : अङ्क २६, २०४५) र ‘एक लास वनमा खोला सुसाए झैं’ (कविता २०५२) बोलका गीत प्रकाशमा आएका छन् । पद्मावतीका केही गीतहरू **मधुपर्क**, **प्रवीण** तथा **कविता** पत्रिकामा पनि प्रकाशित छन् ।

### २.२.५ निबन्धकारिता

पद्मावतीले केही निबन्धको रचना गरी आफ्नो साहित्य लेखनको विधागत आयाम फराकिलो बनाएकी छन् । उनले लेखेका निबन्धहरू यात्रा संस्मरण किसिमका छन् । उनका निबन्धमा 'डाँडा भन्ज्याङ र आरूघाट' (मधुपर्क,वर्ष २२, २०४६), 'जीवनमा एक पटक जानै पर्ने ठाउँ' (रत्नश्री, नारी अङ्क २०५९), 'अविस्मरणीय क्षण' (गुञ्जन,वर्ष १, अङ्क १ २०५६), 'यसरी सकुशल घर आइ पुग्यौं' ( मधुपर्क २०५८, वर्ष ३४, अङ्क १०), 'मेरो सम्झनाको पानामा देवकुमारी थापा' (वनिता, देवकुमारी थापा विशेषाङ्क ), 'बाल्यकालको अविस्मरणीय घटना' (प्रज्ञापन, पूर्णाङ्क ५०, २०६५), 'सम्झनाको वरिपरि विजय दाइ' (विजय मल्ल स्मृति ग्रन्थः २०६६), 'साह्रै चकचके स्वभावकी थिएँ' ( सौर्य दैनिक, जेठ २०६९ ), 'बन्दीपुर जीवनमा एक पटक जानै पर्ने ठाउँ' (बन्दीपुर सामाजिक विकास समिति स्मारिका सातौं अङ्क , २०६३ ), 'वृद्धाश्रममा महिना दिन' (गोरखापत्र, २०७०, फागुन १० ) रहेका छन् । (शोधनायकसँग गरिएको प्रत्यक्ष अन्तर्वाताबाट प्राप्त जानकारी) । उनका यी निबन्धहरू संस्मरण र यात्रा संस्मरण किसिमका छन् । यसले सिंहको साहित्यिक व्यक्तित्वमा एक संस्मरणकार तथा निबन्धकार विशेषता थपेको देखिन्छ ।

### २.२.६ सम्पादन

पद्मावती सिंहको साहित्यिक व्यक्तित्वमा सम्पादक व्यक्तित्व पनि जोडिएर आएको छ । उनले साहित्यका विविध रचनाको समेत सम्पादन गरेकी छन् । **गुञ्जन** पत्रिकाको संस्थापक अध्यक्ष तथा सम्पादक सिंहले नियोजन सञ्चेतना पत्रिकाको समेत सम्पादन गरेकी छन् । त्यस्तै पद्मावती सिंहले नारी साहित्यकारहरूको विधागत इतिहास **बियोन्ड द फ्रन्गिएस वुमन्स स्टोरीज फ्रम नेपाल, डट अफ द अर्थ कन्टम्परेरी नेपाली पोएम्स** जस्ता पनि सम्पादन गरेकी छन् ।

### २.३ सामाजिक संलग्नता

पद्मावती सिंहले जीवनको झण्डै तिन दशक लामो समय विभिन्न गैरसरकारी संस्थामा रहेर कार्य गरेको पाइन्छ । सर्वप्रथम सिंहले सन् १९७५-१९८७ परिवार नियोजनसङ्घमा अधिकृत भएर काम गरिन् त्यसपछिको एक वर्ष नेपाल एजेन्सीमा जनसम्पर्क अधिकृत, सन् १९८९-१९९९ सम्म सेफ द चिल्ड्रेनमा प्रोजेक्ट कोडिनेटर, अधिकृत सन् १९९७- १९९ द फेडरेसन अफ विजनेस एन्ड प्रोफेसन विमेन संस्थामा जोसेफ कोडिनेटर भएर काम गरिन् । यसरी विभिन्न सङ्घ संस्थामा रहेर काम गर्ने क्रममा सिंहलाई मानिसका जीवन भोगाइका विभिन्न स्वरूपहरू प्रत्यक्ष र परोक्ष रूपमा अवलोकन गर्ने अवसर प्राप्त भयो । यसको परिणाम स्वरूप आफूले **समानान्तर आकाश** जस्तो उपन्यास रचना गरेको बताउँछिन् ।

सन् २००१ पछिको समयमा भने उनले विभिन्न गैरसरकारी संस्थामा बसेर परामर्शको काम गर्दै आएकी छन् । यसैगरी पद्मावती सिंहले विभिन्न साहित्यिक सङ्घसस्थामा समेत रहेर काम गर्दै आएकी छन् । **नियोजन** र **कल्याण** पत्रिकाको कार्यकारी सम्पादक र प्रकाशक (वि. स. २०३२-

२०४४) नेपाल साहित्यकार सङ्घको कोषाध्यक्ष(वि.सं. २०३६-२०३९ ) र सचिव (२०४१-२०४४) गुञ्जन पत्रिकाको संयोजक (२०४४-२०५७) तथा अध्यक्ष, जनमत, वाणी भानु, प्रकाशनका साथै साहित्यिक पत्रकार सङ्घ तथा साहित्यिक पत्रिकानियोजन, सञ्चेतना, गुञ्जन पत्रिका तथा नारी साहित्यकारहरूको विधागत इतिहासको सम्पादक व्यक्तित्वका रूपमा पनि सिंह क्रियाशील रहेको बुझिन्छ । साथै नेपाल महिला साहित्यकार सङ्घको कोषाध्यक्ष (२०३७-२०३९) साहित्यिक पत्रकार सङ्घको कोषाध्यक्ष (२०३८-४४), साहित्यिक पत्रकार सङ्घको सचिव (२०४५-२०५०), महिला साहित्यकार समूह गुञ्जनको संयोजक (२०५४-२०५८) तथा गुञ्जनको अध्यक्ष (२०५८) का रूपमा पनि यिनको संलग्नता र नेतृत्व गर्न यिनको व्यक्तित्व परिचित छ ।

नेपाली साहित्यको आख्यान, गीत लेखन तथागायन विधामा संलग्न भई साहित्य क्षेत्र सृजनशील रही स्वच्छ सभ्य तथा समान अस्तित्व रहेको समाज निर्माणका लागि साहित्यिक योगदानमा क्रियाशील रहेका कारण यिनी रत्नश्री स्वर्णपदक (२०३९), मैनाली कथापुरस्कार(२०४७), वीरेन्द्रऐश्वर्य सेवा पदक (२०५९), चक्रपाणि चालिसे राष्ट्रिय प्रतिभा पुरस्कार (२०४९) साझा पुरस्कार (२०६२)सीतापाइला बहुउद्देशीय सहकारी संस्था सम्मान २०६३, मानचित्र सम्मान (२०६३), वनिता सम्मान (२०६४), धनर्सी साहित्यिक सम्मान (२०६४), नेपाल अमेरिका साहित्य समाजद्वारा सम्मानित (२०७०) आदिद्वारा सम्मानित गरिएको छ । विभिन्न गर्विला पुरस्कारहरूका साथै विभिन्न सङ्घ-संस्थाहरूबाट पनि अभिनन्दित र सम्मानित भइसकेकी छन् ।

नेपालको पूर्वाञ्चल र पश्चिमाञ्चलको धेरै जिल्ला भ्रमण गरेकी पद्मावती सिंहले भारत, बङ्गलादेश, थाइल्याण्ड, सिङ्गापुर, क्यानडा आदि देशको भ्रमण गरेसकेकी यिनी हाल छाउनीमा रहेको आफ्नै निवासमा परिवारका साथ रमेर समय बिताउँदै साहित्य सिर्जनामा लागिपरेको कुरा बुझिएको छ ।

## २.४ कथायात्रा र चरण विभाजन

पद्मावती सिंहले विद्यार्थी जीवनकाल देखि नै साहित्य रचनातर्फ अग्रसरता देखाएकी छन् । 'पत्थरको हृदय' कथा **आरती** साप्ताहिक पत्रिकामा वि.सं.२०२२ मा प्रकाशित गराएर नेपाली कथा साहित्यमा आफूलाई प्रवेश गराएकी हुन् । वि.सं.२०२२ देखि सुरु भएको उनको कथा यात्रा वर्तमान समय सम्म पनि निरन्तरित छँदै छ । हालसम्म उनका **कथादि**(२०३८), **कथायाम** (२०३९), **कथाकार**(२०४४),**पद्मावतीका कथाहरू** (२०५७), **मौन स्वीकृति** (२०६५) र **समय-दंश** (२०६७) गरी छवटा कथासङ्ग्रहहरू प्रकाशित छन् ।
कथाकार सिंहको झन्डै पाँच दशक लामो कथायात्रालाई विभिन्न अध्ययनकर्ताले आफ्नै ढङ्गबाट चरण विभाजन गरेका छन् । निर्मला भट्टराईले स्नातकोत्तर शोधपत्रमा यस प्रकार चरण विभाजन गरेकी छन् -

(क) पहिलो चरण वि.सं. २०२२ - वि.सं.२०३८

(ख) दोस्रो चरण वि.सं. २०३८ - वि.सं.२०३९

(ग) तेस्रो चरण वि.सं. २०३९ - वि.सं.२०४४

(घ) चौथो चरण वि.सं. २०४५ - हालसम्म (भट्टराई, २०५७ : २२-२३)

निर्मला भट्टराईले कथाकार सिंहको चरण विभाजन गर्दा वि.सं. २०५७ सम्मको अवधिमा प्रकाशित भएका कृतिलाई अधार बनाएर चरण विभाजन गरेको देखिन्छ । उनको चरण विभाजन कृतिको प्रकाशन मितिको आधारमा रहेको देखिन्छ ।

पूर्णिमा रजौरेले स्नातकोत्तर शोधपत्रमा **समय-दंश** (२०६७) बाहेकका कृतिलाई आधार बनाएर सिंहको कथायात्राको चरण विभाजन गरेकी छन् , जुन यस प्रकार रहेको छ -

(क) पहिलो चरण वि.सं. २०२२ - वि.सं.२०३९

(ख) दोस्रो चरण वि.सं. २०४० - वि.सं.२०५६

(ग) तेस्रो चरण वि.सं. २०५७ - वि.सं.२०६४

(घ) पहिलो चरण वि.सं. २०६५ - हालसम्म (रजौरे, २०६७ : १५ -२१)

रजौरेले कथाकार पद्मावती सिंहको कथायात्राको चरण विभाजन गर्दा कथाकृतिहरूको प्रकाशन मितिका साथै कृतिमा प्रयुक्त मूल्य - मान्यता र प्रवृत्तिगत भिन्नताका आधारमा गरेकी छन् ।

हालसम्म प्राप्त कृतिहरूको प्रवृत्तिगत समानता तथा तिनमा व्यक्त भएका विचारहरूको सामीप्यतालाई आधार मानेर चरण विभाजन गर्दा यस प्रकार चरण विभाजन गर्नु उपयुक्त देखिन्छ ।

क) पहिलो चरण वि. सं. २०२२- वि.सं २०३९

ख) दोस्रो चरण वि. सं. २०४० - वि.सं. २०५७

ग) तेस्रो चरण वि. सं. २०५८ - हालसम्म

**क) पहिलो चरण (२०२२-२०३९)**

पद्मावती सिंहले **आरती** साप्ताहिकमा 'पत्थरको कथा' (२०२२) प्रकाशन गराएर आफूलाई कथा विधामा प्रवेश गराएकी हुन् । सिंहका यस चरणमा दुईवटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । **कथादि** (२०३८) र **कथायाम** (२०३९) । **कथादि** (२०३८) कथा सङ्ग्रहभित्र १५ ओटा र **कथायाम** (२०३९) कथासङ्ग्रह भित्र २० ओटा कथाहरू समावेश गरिएको छ । यी दुवै कथासङ्ग्रहभित्रका कथाहरूको प्रवृत्ति मूल्य मान्यता लेखन शैलीका आधारमा पहिलो चरण भित्र समावेश गर्न सकिन्छ । **कथादि** (२०३८), **कथायाम** (२०३९) कथा सङ्ग्रह भित्रका कथाको प्रवृत्तिलाई अध्ययन गर्दा सामाजिक यथार्थ जीवन भित्रका समस्यालाई कथाकार पद्मावती सिंहले देखाएकी छन् ।

पद्मावती सिंहका कथाभित्र सामाजिक सांस्कृतिक, पारिवारिक मूल्यमान्यता रहेका आर्थिक तथा यौन सम्बन्धित समस्यालाई कथाका विषय बनाएको पाइन्छ । सहरिया समाज भित्रका साझा समस्यालाई टिपेर कथामा प्रस्तुत गरेको पाइन्छ । 'लोग्नेले विवाह पश्चात श्रीमतीलाई आफ्नो वशमा राख्ने तथा भोग्याको रूप्मा मात्र स्विकार्ने पुरूष प्रवृत्ति, बुहारीको रूपमा गृह प्रवेश गरेपछिको सहनुपर्ने पीडा व्यथाहरूको प्रस्तुति, विवाहित जोडी निसन्तान हुँदा महिलालाई दोषारोपण गर्ने प्रवृत्ति, विधवा महिलालाई हेर्ने समाजको नकारात्मक दृष्टिकोण आदिको यथार्थ चित्रण कथाकार सिंहको यस पहिलो चरणका कथाहरूमा पाइन्छ (रजौरे, २०६७ : १८) । पद्मावती सिंहको यस चरणका कथाले मानिसलाई प्राप्त हुने भौतिक सुविधाले मात्र उसका आवश्यकता पुरा नहुने भन्दै

यौनलाई पनि जैविक आवश्यकता ठान्दै आफ्ना कथामा समावेश गरेकी छन् । कथाकार पद्मावती सिंहका पहिलो चरणका कथाहरूमा पनि समाजको विशेषतः सामाजिक अनि पारिवारिक, आर्थिक, सांस्कृतिक आदि पक्षहरूको प्रतिबिम्ब पाइन्छ । यस चरणका कथाहरूमा 'बन्द ढोका, 'अन्तर्विरोध, 'समयको परिधि भित्र रूमलिएको जीवन, 'चोखो रातो गुलाफलाई, 'भत्किन्छन् घरहरू (**कथादि** २०३८) कथासङ्ग्रहका कथा हुन् । त्यस्तै 'आकाश', क्षितिज र मन भोगाई', 'विकल्पको खोजी', 'सम्झौता', 'छट्पटि', 'आमा', 'मोहभङ्ग' कथाहरू (**कथायाम** २०३९) कथा सङ्ग्रहका कथाहरू हुन् ।

**ख) दोस्रो चरण** (२०४०-२०५७)

पद्मावती सिंहको २०३९ सालमा **कथायाम** कथासङ्ग्रह प्रकाशन भएपछिको कथा यात्रको दोस्रो चरण सुरुवात भएको हो । २०४० देखि फुटकर कथाहरू प्रकाशन गरी कथा लेखनलाई निन्तरता दिएकी छन् । **कथाकार** (२०४४) र **पद्मावती सिंहका कथाहरू** (२०५७) जस्ता दुई कथासङ्ग्रह यस चरणमा प्रकाशन भएका छन् । **कथाकार** कथासङ्ग्रहमा १५ ओटा कथाहरू सङ्ग्रहित छन् । **पद्मावतीका कथाहरू**(२०५७)कथा सङ्ग्रमा २३ ओटा कथाहरू सङ्ग्रहित छन् । **कथादि** सङ्ग्रहमा सङ्ग्रहित प्रमुख कथाहरू आरूको बोट र चोखो रातो गुलाफलाई, **कथायाम** सङ्ग्रहमा सङ्ग्रहितअर्की आइमाई र भोगाइ त्यस्तै**कथाकार** कथासङ्ग्रभित्रको आकस्मिता गरी पाँच वटा कथाहरू दोहोऱ्याएर पद्मावती सिंहका कथाहरूमा समावेश छन् । यस समयमा लेखिएका पद्मावती सिंहका कथाहरू समस्या मूलक छन् । यी कथाहरूमा सामाजिक सांस्कृतिक पारिवारिक तथा मनोवैज्ञानिक जटिलताभित्रका समस्याहरूलाई समावेश गरिएको पाइन्छ ।

दोस्रो चरणका कथाका विषयवस्तु समस्यामूलक ढङ्गबाट प्रस्तुतीकरण गरिएको छ । 'आरुको बोट' यौन मनोविज्ञानमा आधारित प्रमुख कथा हो । शारीरिक तथा बौद्धिक दृष्टिकोणले योग्य लिखित परीक्षामा उत्तीर्ण व्यक्तिलाई अन्तर्वार्तामा असफल बनाएको देखाएर उत्साहित मानव मनलाई अचानक अत्यन्त  समस्याग्रस्त जीवनको चित्रण गरिएको छ । सोर्स फोर्स प्रथाप्रति असन्तुष्टि व्यक्त गरिएका कथाहरू यस **कथाकार** कथासङ्ग्रहभित्र समाविष्ट छन् । **कथाकार** कथा कथासङ्ग्रहभित्रका अधिकांश कथाहरूमा मानिसभित्रका विसङ्गतिपूर्ण रहस्यहरूको उद्घाटन गरिएको छ । यस चरणका कथाहरूले नारीले विवाहपछि भोग्नु पर्ने बन्धनयुक्त व्यवहारलाई घर कथाले चित्रण गरेको छ । "यौन तृप्तिको चाहना मानिसको जैविक आवश्यकता हो । यो आवश्यकता परिपूर्ति नहुँदा मानिसले असामान्य व्यवहार गर्न थाल्दछ । यौन भोगको समस्याबाट ग्रस्त भएर उसले आफुलाई गलाउँदै नै लैजान्छ र जीवनको मोह नै हराउँछ भन्ने कुरा यस चरणका कथामा शिष्ट र सशक्त ढङ्गबाट प्रस्तुत गरिएको छ"( रजौरे, २०६७ : १९ ) । त्यस्तै **पद्मावतीका कथाहरू** (२०५७ ) पनि दोस्रो चरणकै कथासङ्ग्रह हो । यस कथा सङ्ग्रहमा सङ्ग्रहित कथाहरूले नारी अस्मिताको वकालत गर्दै नारी सङ्घर्ष र सामाजिक विसङ्गतिप्रति असन्तोष व्यक्त गरिएको छ।  यस सँगालोमा समाविष्ट पद्मावतीका हरेक कथामा अभिव्यक्तिगत इमान्दारीको मिठो स्वाद, मनोवेगगत तीव्रताको दर्बिलो चाल र संरचनागत सौष्ठवको सन्तुलित निर्वाह देख्न पाइन्छ (शर्मा, २०५७ : भूमिका खण्ड ) ।

दोस्रो चरणका केही कथाले जागिर खानको लागि गर्नु पर्ने भनसुन तथा चाकडीबाज जस्ता प्रवृत्तिलाई प्रकट गरी बेरोजगारीका समस्यालाई देखाइ दिएको छ । यस चरणका कथाहरूमा हाम्रो समानमा लैङ्गिक समानताका जतिसुकै नारा घन्किए पनि महिलाले भोग्नु पर्ने यथार्थ पीडाको चित्रण

पनि गरिएको छ । नारी हिंसा र शोषणका विरुद्धमा भएका नियम कानुनले महिला हिंसा रोक्न नसकेको यथार्थ पनि प्रस्तुत गरिएका छन् । यस चरणका प्रमुख कथाहरूमा 'हारजीत', 'खोज', 'सानुराजा र भित्ताको तैलचित्र', 'धत म बिहे गर्दिन' ,आघात', 'मान्यताको पर्खाल', धङ्धङी', 'ऊ किन मुस्कुराई', 'धुम्मिएको आकाश', 'स्वीकारोक्ति', 'कान्छी माइजु' पर्दछन् ।

**(ग) तेस्रो चरण वि. सं. २०५८ - हालसम्म**

यस चरणमा पद्मावती सिंहका केही फुटकर कथाहरू तथा **मौन स्वीकृति** (२०५६) र **समय-दंश** ( २०६७) दुई पुस्तकाकार कृतिहरू प्रकाशनमा आएका छन् । सिंहले २०५७ सालमा **पद्मावती सिंहका कथाहरू** प्रकाशन गरे पछिका केही समयसम्म **मधुपर्क, गरिमा**, **समकालीन साहित्य** लगायतका पत्रपत्रिकामा प्रकाशन गरी त्यसैलाई **मौन स्वीकृति** कथासङ्ग्रहका रूपमा प्रकाशन गरेको पाइन्छ । 'भित्तामा टाँसिएको तैलचित्र' कथा यस कथासङ्ग्रहमा दोहोर्‍याएर राखिएको छ । यस चरणसम्म आइ पुग्दा पद्मावती सिंहका कथाले ठुलो फड्को मारी सकेको छ । विषयवस्तुगत विविधता नवीन मूल्यमान्यताका साथ कथालेखन कार्य भएको देख्न सकिन्छ । "सिंहका कथाहरूमा समकालीन सन्दर्भहरू खोज्दा दश बर्से द्वन्द्वकालमा नेपालीहरूले सहनु परेका सङ्कष्ट र पीडा, राजनीतिक विकृतिका कारण जनतालो भोग्नु परि रहेको मानसिक र शारीरिक यातना, विदेशी भूमिमा नेपालीले अनुभूत गर्नु परि रहेको पराइपनको भावना डायस्पोरिक अनुभव आदि पाउन सकिन्छ (श्रेष्ठ, २०७० : १६६ ) ।" यस चरणका कथाले पनि प्रायः गरेर नारी मनका विविध संवेग प्रस्तुत गरेका छन् ।

तेस्रो चरणका अधिकांश कथाले द्वन्द्वले महिलालाई थपि दिएको कारुणिक चित्रण पनि देखाइएको छ । "पद्मावतीका अधिकांश कथा नारी पात्रको वरिपरि छन् , नारीको दृष्टिकोणले भोगाइले अनुभवले आफ्नो पुनर्मूल्याङ्कन गर्दछन् । किनभने ती नयाँ नारीका कथा हुन् । तिनले पुरुष जगतको मूल्याङ्कन गर्दछन् । आमा हुनु र नहुनुका पीडा र तिक्तता जिम्मेबारी र दिग्दारी, हर्ष र विस्मात व्यक्त गर्दछन् । तिनले परिवारमा नारीको भूमिकाको पुनर्व्याख्या खोज्दछन् । पुरानो मान्यता भत्काएर नयाँ मान्यता र पुनः समायोजन खोज्दछन्, प्रतिस्थापन खोज्दछन् (भट्टराई, २०६५ : भूमिका खण्ड) ।" सिंहका तेस्रो चरणका कथाहरूमा यौन विषयक कथाहरू पनि छन् । समय-दंश तथा मौन स्वीकृतिका यौन कथामा पुरुष पात्रहरू यौन दुराचारी भावना भएका, यौन विकृति मनःस्थिति बकेका पात्र छन् । यस चरणका कथाले काम र मानको खोजीमा विदेश पलायन भएका व्यक्तिहरूका सत्यलाई समावेश गरी डायस्पोरिक अनुभव गराएका छन् । "आफ्ना सन्तान नभएर पनि विदेशप्रतिको मोहले सन्तानबिहीन अवस्थामा जीवन घिसार्न बाध्य र विवश हुनु परेका बाबुआमाले खेप्नु परेको पीडा नारी जातिले टेम्पो चलाउँदा उनीहरूलाई हेपाहा दृष्टिले हेर्ने समाजको आँखा, राजनीतिक दुर्नियतिकै कारण आँखामा आँसु लिएर विदेश पलायन भएका युवापुस्ताको कटु यथार्थ यस कथासङ्ग्रहले देखाउन खोजेको छ ( भट्टराई, २०६८ :ग ) ।" यसरी यस चरणमा समावेश भएका कथाले साइबर संस्कृति यौन मनोविज्ञान पूर्वीय संस्कृतिमा पार्दै गएको प्रभाव पनि देख्न सकिन्छ । यस चरणका कथाहरूमा 'मौन स्वीकृति', 'विचलित मन', 'समय सन्दर्भ', 'साइबर क्याफे, ' 'यौनतृष्णा', 'मोहजात', 'मन अझै उत्रिएको छैन', 'समय पीडा', 'जीवनको एक रूप', 'अनामिकाको दैनिकी', 'साइबर प्रेम', 'बिरानो आकाश', 'त्रासद बिपना' लगायतका छन् ।

# परिच्छेद तिन

# समय-दंश कथा सङ्ग्रहको विधातात्त्विक विश्लेषण

### ३.१ कथाको विधागत स्वरूप

यस परिच्छेदमा कथाको सामान्य परिचय दिइएको छ साथै कथा विश्लेषणका अधारहरू प्रस्तुत गर्दै विधातत्त्वको आधारमा '**समय-दंश**' कथासङ्ग्रहको विश्लेषण गरिएको छ ।

### ३.१.१ कथाको परिभाषा

साहित्यका विविध विधामध्ये भाषिक अभिव्यक्ति भएको आख्यानात्मक विधालाई कथा भनिन्छ । भन्ने र सुन्ने परम्परामा आधारित भएर जीवित रहेको कथा मानव जीवन जत्तिकै पुरानो साहित्यिक विधा मानिन्छ । "आजको कथाको पूर्वरूप सृष्टि जत्तिकै पुरानो हो । "कथा भन्ने र सुन्ने परम्परा मानव जीवनको अभिन्न अङ्ग र प्रकृति हो । कथाले हालसम्म निकै लामो यात्रा पुरा गरेको छ (थापा, २०५०: १५७) ।" कथा साहित्यको आधुनिक रूप भने पश्चात्य साहित्यको देन मानिन्छ । "आधुनिक कथा कला उन्नाइसौं शताब्दीको प्रथम चरणका सौन्दर्य बुभुक्षु पश्चिमी प्रतिभाहरूको साझा देन हो (शर्मा, २०५९ :१) ।" कथा शब्द संस्कृत शब्द हो ।

संस्कृत भाषामा कथा शब्दको व्युत्पत्तिलाई केलाउँदा कथन अर्थात् अभिशंसन अर्थ वहन गर्ने कथ् धातुमा अच् प्रत्यय लागेर कथ बनेपछि टाप् को आ प्रत्यय लागेर कथ्– अ- आ कथा शब्द बनेको देखिन्छ (सुवेदी, २०५७ : १) । त्यस्तै अर्का समालोचक कृष्णहरि बरालले कथा संस्कृत शब्द हो भन्दै कथा शब्दको निर्माणलाई यसरी व्याख्या गरेका छन् । "कथ् धातुमा अङ् तथा टाप् प्रत्यय लागेर बनेको यस शब्दले वृत्तान्त सन्दर्भ तथा आख्यायिका भन्दा भिन्न गद्य रचनालाई बुझाउने गर्छ । हिजो आज यो शब्द अङ्ग्रेजीको सर्ट स्टोरीको पर्यायका रूपमा नेपालीमा प्रचलित छ । यसले आख्यानको एउटा प्रकारका रूपमा कथालाई बुझउँछ (बराल, २०६९ : ४७) ।" हाल नेपाली कथा साहित्यमा कथालाई बुझाउने शब्दका रूपमा लघु कथा, कथा, लामो कथा र अकथा जस्ता शब्दको प्रचलन समेत पाइन्छ । यी सबै शब्दले कथालाई नै बुझाउने गर्दछन् । हिन्दी बङ्गाली र नेपाली कथाको प्रारम्भमा कथालाई आख्यान गल्प, कहानी आदि भनिन्थ्यो । तर अचेल नेपाली साहित्यमा यस विधाको लागि कथा नै सर्वाधिक रूपमा प्रचलित भएको छ (थापा, २०५० : १५६) । कथा शब्दले कथ्यमा आधारित आख्यानात्मक साहित्यक विधालाई परिचित गराउँछ । आज हामी जुन साहित्यिक विधालाई कथा भनेर चिन्दछौं त्यो पाश्चात्य साहित्यबाट आएको देन हो । आजको कथा साहित्यले पूर्वीय साहित्यमा प्रयोग हुने आख्यायिकाको आधार ग्रहण गरे पनि संस्कृत साहित्यबाट आएको कथा भने होइन ।

कथा परापूर्वकालमा मौखिक रूपबाट विकसित भएर आएको विधा हो कथा विधा मानव इतिहास जत्तिकै पुरानो विधा मानिन्छ । कथाले मौखिक रूपमा लिखित रूप प्राप्त गर्दै साहित्यको एक प्रमुख

विधाको स्वरूप ग्रहण गरेको छ । कथा विधालाई विभिन्न विद्वानले आआफ्नै स्वरूपमा परिभाषा गरेका छन् । कथा विधालाई हाल भाषा वैज्ञानिक तथा शैली वैज्ञानिक रूपबाट पनि चिनाउने गरेको देखिन्छ ।

**(क) पूर्वीय आर्चायहरूका मतमा कथा**

पूर्वीय साहित्य सिद्धान्त सबैभन्दा पुरानो साहित्य सिद्धान्त मानिन्छ । पूर्वीय आचार्यहरूले कथालाई सबैभन्दा पहिला परिभाषा गरेको मानिन्छ । पूर्वीय कथा सिद्धान्तमा परम्परागत कथा र आख्यायिकाको सर्वप्रथम परिभाषा दिने प्रतिभा कवि कोशकार अमर सिंह हुन् । यिनले आख्यायिकालाई सत्यमा आधारित ऐतिहासिक रचना मानेका छन् भने कथालाई कल्पनाप्रसुत रचना मानी यी २ विधाका स्वरूप भिन्नता देखाएका छन् तापनि यिनको अध्ययनलाई सामान्य मानिएको छ (शर्मा, २०५९ :३) त्यस्तै संस्कृत साहित्यको आदि स्रोत मानिने महाभारतमा पनि कथाको परिभाषा दिएको छ । महाभारतमा सत्यम् शिवम् र सुन्दरमलाई अभिव्यक्त गर्ने आख्यान नै कथा हो । अर्का पूर्वीय आचार्य भामहका अनुसार गद्यकाव्यको अङ्ग आख्यायिका हो । कथामा घटनात्रयी हुन्छ (बराल, २०५३ : १५-१६) त्यस्तै अर्का संस्कृत आचार्य वाण भट्टले कथालाई यसरी परिभाषित गरेका छन् । अनुरागको वशमा रहेकी सुन्दरी नव विवाहिता दुलही समान कथालाई रागात्मक कलात्मक सौन्दर्यमय र कौतुहलपूर्ण एक मनोवैज्ञानिक रचनाको रूपमा कथालाई लिएका छन् (पन्थी, २०६९ : १३) त्यस्तै पूर्वीय आचार्य आनन्दवर्धनले पनि कथालाई **ध्वन्यालोक** ग्रन्थमा शब्द सङ्घटनाको व्याख्याका सन्दर्भमा संस्कृत, प्राकृत र अपभ्रंशका कल्पभेद परिकथा, खण्ड कथा, सङ्कलक कथा, आख्यायिका र कथाको उल्लेख गरेका छन् (शर्मा २०५९ : ७) । पूर्वीय विद्वान्हरूले कथा र आख्यायिकालाई समान दृष्टिमा परिभाषित गरेको भेटिन्छ । पूर्वीय साहित्य र साहित्यशास्त्रका परवर्ती विद्वानले आख्यायिका र कथालाई समान गद्यकाव्य मानेका छन् र यिनमा भिन्नता भेटाउने आचर्य प्रसादलाई भ्रम बताएका छन् (शर्मा, २०५९ : ९) ।

**(ख) पाश्चात्य विद्वानहरूका मतमा कथा**

कथा मात्रलाई परिभाषा दिने कार्य भने पाश्चात्य साहित्यका विद्वान्हरूले गरेका छन् । कथा पाश्चात्य सहित्यको देन मानिन्छ । आधुनिक कथा साहित्य पाश्चात्य साहित्यको उन्नाइसौं शताब्दीको देन हो । आधुनिक कथा साहित्यको आरम्भ गर्ने प्रथम स्रष्टा एड्गर एलन पो मानिन्छन् । जर्मनीका हाफम्यान बिल्हेम ग्रिम र अमेरिकाका नेथनियल हथेन (सन् १८०४ -६४) लाई कथा लेखनको प्रारम्भका दृष्टिले एडगर एलेन पो (सन् १८०९ - ४९) का अग्रज मानिएको छ तापनि धेरैजसो समीक्षकहरूअमेरिकी कथाकार पो लाई नै कथाका जन्मदाता मान्छन् (शर्मा, २०५९ : १४) । पाश्चात्य साहित्यकार एड्गर एलेन पोले कथालाई यसरी परिभाषित गरेका छन्- छोटो कथा एक बसाइमा पढि सकिने सानो तर स्वयम् पूर्ण गद्य इतिवृत्त हो । यो विशिष्ट प्रभावोत्पादकताका लागि देखिन्छ र अन्य सारा उपकरणहरू यसैको विकासका लागि प्रयोग गरिएका हुन्छन् (बराल,२०५३ :२९) । त्यस्तै अर्का समालोचक हड्सन्ले कथालाई यसरी परिभाषा गरेका छन्- कुनै पनि नाटकीय घटना वा स्थिति, मार्मिक दृश्य, अन्यतम सम्बद्ध घटनाको श्रृङ्खला चरित्रको कुनै एक रूप कनै एउटा अनुभूति, जीवनको कुनै एक पक्ष कुनै, नैतिक समस्या जस्तो असङ्ख्य विषय कुनै पनि सन्तोषप्रद कथाको लागि विषयको रूपमा प्रयुक्त हुन सक्छन् (थापा, २०५० : १५९ ) ।

समीक्षक एच जी वेल्सले कथाको परिभाषा यसरी दिएका छन् : पन्ध्रदेखि पचास मिनेटसम्ममा पढेर सकिने आह्लादपूर्ण कलायुक्त मर्मस्पर्शी र हृदयद्रावक एवं कौतुहलपूर्ण प्रस्तुति भएको आख्यानात्मक रचना विषेश कथा हो (सुवेदी, २०५७ : १) । इन्साइक्लोपेडिया ब्रिटानिकाले कथाको परिभाषा यस प्रकार गरेको छ- उपन्यास भन्दा छोटो र सामान्यतः थोरै चरित्र हुने यस्तो वर्णनात्मक गाद्याख्यानलाई कथा भनिन्छ । जुन एक प्रभाव एत्पन्न गर्न समर्थ हुन्छ (बराल, २०६९ : ५२) । यसरी पाश्चात्य साहित्यकारले कथालाई विधास्वरूप प्रस्ट हुनेगरी कथाको परिभाषा गरेका छन् । सामान्यतया छोटो आकारको एकै बसाइमा पढि सकिने थोरै पात्र प्रयोग गरिएको वर्णनात्मक गद्य आख्यानलाई नै कथाको रूपमा परिभाषा गरेका छन् ।

### (ग) नेपाली साहित्यकारका दृष्टिमा कथा

नेपाली साहित्यको कथा विधामा आधुनिकता भित्र्याउने कथाकार गुरु प्रसाद मैनालीले कथालाई यसरी चिनाएका छन् “यथार्थ कुरामा कल्पना मिसाई राम्रो छाँटकाँटका साथ प्रस्तुत गरिने यस्तो रचनालाई कथा भनिन्छ ,जसमा कथानकको आरम्भ र अन्त्य विशेष हुनाका साथै घटना चरित्र तथा भाषाशैलीको अनि आदर्शको प्रयोग पनि रोचक ढङ्गले गरिएको हुन्छ ।” उनले कथा सम्बन्धी यस परिभाषालाई **शारदा** पत्रिकामा वैशाख १९९७ मा प्रकाशन भएको आधुनिक कथा साहित्य शीर्षकको लेखमा व्यक्त गरेका छन् (बराल, २०६९ : ५२) ।

त्यस्तै नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) ले कथाको परिभाषा यस प्रकार गरेका छन् एउटा सानो झ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ । थोरैमा मिठो र भरिलो छोटो किस्सा पनि हो .... यो पनि एउटा संसार हो र महान् संसार हो (थापा, २०५० : १६) ।

कथाकार गोविन्दबहादुर मल्ल गोठालेले कथालाई यसरी परिभाषित गरेका छन् । मानिसको जीवनमा आइपरेको घटनाको स्मृति नै कथा हुनाले कथा मानिसको जीवनको चित्रण हो (श्रेष्ठ, २०६६ : १६) ।

कृष्णहरि बरालले आफनो कथा सिद्धान्त (२०६९) भन्ने पुस्तकमा कथालाई यसरी परिभाषित गरेका छन् कथा छोटो भएर पनि विशिष्ट प्रभाव दिने त्यस्तो गद्याख्यान हो जसमा जीवनको एक अंश वा एउटा कर्याको कौतुहलपूर्ण प्रस्तुति हुन्छ (बराल, २०६९ : ५३) ।

समालोचक दयाराम श्रेष्ठको विचारमा कथा वास्तवमा विचार तथा भावना सञ्चारण गर्ने एउटा यस्तो कला हो जसले आफ्नो सानो आयतनलाई सुन्दर आकार प्रदान गरेर त्यसमा जीवनको वा समाजको सजीव चित्र कोर्दछ (श्रेष्ठ, २०६० : ८) ।

समालोचक राजेन्द्र सुवेदीका अनुसार कथा मानव जीवनको शास्त्रीय विवेचना होइन सैद्धान्तिक चिरफार होइन र दार्शनिक व्याख्या होइन । यो त संक्षिप्त आकृतिका गद्यात्मक आख्यानमा चरित्रका माध्यमद्वारा गरिने सहज प्रस्तुति हो ( सुवेदी, २०५७ : १३ ) ।

(घ) **निष्कर्ष**

पूर्वीय आचार्यहरूले आख्यानसँगै कथाको परिभाषा दिएका छन् । पाश्चात्य समालोचकहरूले कथाको संरचनात्मक आधार र कथाका सम्पूर्ण प्रवृत्तिमा आधारित भएर कथाको परिभाषा दिएका छन् । नेपाली साहित्यकार कथा समालोचकले पनि पाश्चात्य दृष्टिकोणकै आधारमा कथाको परिभाषा दिएका छन् । माथि उल्लिखित समालोचकहरूका परिभाषा अनुसार कथालाई यसरी समेट्न सकिन्छ :-

जीवनको कुनै एक पक्ष वा घटनामा आधारित भएर सिर्जना गरिएको गद्यात्मक आख्यानयुक्त अभिव्यक्ति हो कथा एक बसाइमा नै पढेर सकिने जीवनको कुनै वास्तविक क्षणसँग सम्बन्धित भएर कथाकारले आफ्नो विचारसँगै पाठकमा पूर्ण प्रभाव छोड्न सक्ने खालको हुन्छ ।

**३.१.२ कथाका तत्त्वहरू**

कथालाई लोकप्रिय विधाको रूपमा लिइन्छ । कथाका संरचना सम्बन्धी आफ्नै तत्त्वहरू छन् कथा विधा आख्यान अन्तर्गतकै एक महत्त्वपूर्ण विधा हो । यसैले आख्यान र कथा रचना गर्दाको मूलभूत तत्त्वहरू पनि मिल्दछन् । कथाको आफ्नै विधागत तत्त्व रहेको पाइन्छ । यी सबै तत्त्वहरूको मिलनबाट नै कथाको निर्माण हुन्छ । सामान्य अर्थमा तत्त्वको तात्पर्य कुनै वस्तु निर्माण हुनाका लागि चाहिने आवश्यक वा आधारभूत कुरो भन्ने हुन्छ । यी आधारभूत कुराहरू एक आपसमा यसरी जोडिएका हुन्छन् । जसलाई उक्त वस्तुको अस्तित्वबाट छुट्याउनु सम्भव हुँदैन (बराल, २०६९ : ५३ - ५४ ) । यसरी सबै तत्त्वको संयोजनबाट कथाको निर्माण हुन्छ । कथाका तत्त्वहरूलाई समीक्षकहरूले विभिन्न प्रकारबाट विभाजन गरेको पाइन्छ ।

समालोचक ईश्वर बरालले कथानक, पात्र, सङ्घर्ष, घटना, संशय पराकाष्ठा र कलात्मक अन्त्यलाई कथाको तत्त्वको रूपमा व्याख्या गरेका छन् (बराल, २०२९ : २० ) । त्यस्तै हिमांशु थापाले **साहित्य परिचय**मा कथाका तत्त्व कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरणलाई मानेका छन् (थापा, २०५० : १६०) । अर्का समालोचक दयाराम श्रेष्ठले कथाका तत्त्वहरूलाई कथावस्तु, पात्र र चरित्र चित्रण, संवाद वा कथोपकथन देशकाल र परिस्थिति, भाषाशैली र उद्देश्यलाई परम्परावादी अवधारणा भन्दै नयाँ समालोचना अनुसार कथाको शरीर रचना अर्थात् रचना विधानलाई संरचना र रूपविन्यास गरी दुई खण्डमा विभाजन गरेका छन् । संरचना भित्र कथावस्तु तत्त्वका दृष्टिविन्दु सार वस्तु तथारूप विन्यासलाई कथाको तत्त्वको रूपमा व्याख्या गरेका छन् (श्रेष्ठ, २०६० ४-९) ।

समालोचक डा. हरिप्रसाद शर्माले कथाका तत्त्वलाई विभिन्न किसिमबाट व्याख्या गरेका छन् (१) कथानक अथावा कथावस्तु (२) कथा पात्र (३) दृष्टिकोण (४) कथा परिवेश (५) गति संवाद वा कथोपकथन कथाको (६) उद्देश्य (७) शैली रचना (शर्मा, २०५९ : ६८-८५) ।

डा. कृष्णहरि बरालले कथाका तत्त्वहरूलाई (१) कथानक (२) चरित्र र चरित्र चित्रण (३) दृष्टिविन्दु ( ४) पर्यावरण (५) गति र लय (६) सारवस्तु (७) बिम्ब तथा प्रतीक (८) भाषा गरी आठ वटा मानेका छन् (बराल, २०६९ : ५५ ) ।

त्यस्तै अर्का समालोचक एटमले कथाको परिभाषा दिदै कथाका तत्त्वलाई यसरी व्याख्या गरेका छन् । कथा भाषाबाट सिर्जना हुने निश्चित मूल्ययुक्त कलात्मक रचना भएकाले यसको निर्माणका लागि संरचनात्मक तत्वहरू हुन्छन् यस्ता तत्त्वहरूमा (१) कथानक (२) चरित्र (३) परिवेश (४) दृष्टिविन्दु (५) शैली र स्वर (६) प्रतीक र विम्ब तथा (७) सारवस्तु पर्दछन् (एटम, २०६१ : १०३) ।

समीक्षक मोहनराज शर्माले कथाको विकास प्रक्रिया भन्ने आफ्नो पुस्तकमा कथाका प्रत्येक संरचनात्मक घटकलाई स्थूल र सूक्ष्मरूपमा प्रस्तुत गरेका छन् । उनका अनुसार कथाको कथानक चरित्र परिवेश कथाको स्थूल उपकरण हुन् भने कथामै मिसिएर सूक्ष्म रूपमा प्रस्तुत हुने विषयका उद्देश्य दृष्टिविन्दु सूक्ष्म घटक हुन्छ भनी व्याख्या गरेका छन् (शर्मा, २०५८ : ४५) ।

त्यसैले कथाका तत्त्वहरूलाई विविध समालोचकले विविध रूपमा चिनाएको देखिन्छ । यसकारण यहाँ कथा विश्लेषणका लागि (१) कथानक (२) चरित्र (३) दृष्टिविन्दु (४) परिवेश (५) उद्देश्य र (६) भाषा शैलीलाई आधार मानिएको छ । यी कथाका तत्त्वकै आधारमा कथाको विश्लेषण गरिएको छ ।

**(क) कथानक**

आख्यानयुक्त रचनामा हुने घटना तथा घटनावलीसँगै जोडिएर शृङ्खलाबद्ध रूपमा हुने प्रस्तुतिलाई नै कथानक भनिन्छ । कथामा घटना स्थिति अवस्था वा प्रसङ्गको योजना वा ढाँचालाई नै कथानक भनिन्छ । कथानकको प्रधानता रहेका कथालाई घटनाप्रधान कथा भनिन्छ । कथामा प्रस्तुत भएका घटनालाई कथानकले जोड्ने कार्य गर्दछ । चारित्रिक कार्यव्यापारको स्वरूप अर्थात् कथावस्तुमा प्रारम्भ, मध्य र अन्त्यको निर्वाह गर्न सक्षम तथा परम्परा सम्बद्ध र अर्थयुक्त घटनाहरूको क्रमिक अनुबन्धनलाई कथानक भनिन्छ (शर्मा, २०५९ : ७२) । कथानकमा चरित्र विचारयुक्त अभिव्यक्ति कल्पना मिश्रित भाव, सबै समावेश भएको हुन्छ । कथानक कथाको मूल ढाँचा प्रस्तुत गर्ने माध्यम हो । कथामा कथानकको प्रस्तुति रेखीय र वृत्तकारीय पूर्वदीप्तिको शैलीमा अभिव्यक्ति हुन्छ । कथानक निर्माणका क्रममा हरेक घटना वा कार्यलाई नियमित वा रहस्यपूर्ण ढङ्गमा सङ्ग्रहित गरी त्यसलाई जीवन्त बनाउँछ भने कहिलेकाहीँ ती घटनाहरूलाई नयाँ सूत्रद्वारा नवीन तथा प्रभावद्वारा पुनर्व्यवस्थापन पनि गर्दछ । यस क्रममा अतीतावलोकन अर्थात् पूर्वदीप्ति र पूर्वाभाषाको पनि प्रयोग गरिन्छ (बराल र एटम, २०५८ : २४) ।

कथा लेखनका लागि इतिहास यथार्थ, रागभाव, स्वैरकल्पना जस्ता स्रोतबाट कथानकीय विषय प्राप्त गर्न सकिन्छ । कथामा इतिहासको कुनै कुरालाई स्रोत बनाएर कथानकको निर्माणबाट गरिन्छ भने यस्तो कथानकलाई ऐतिहासिक कथानक भनिन्छ । हाम्रै वरपर घटेका यथार्थ कुरालाई कथामा स्रोत बनाएर कथानकको निर्माण गरिन्छ भने यस्तो कथानलाई यथार्थवादी कथानक भनिन्छ । त्यस्तै राग विराग र अतिशय कल्पनामा आधारित भएर पनि कथानक सिर्जना गर्न सकिन्छ । त्यस्तै कुनै एक विशुद्ध कथानकलाई पक्रेर कुनै एक स्रोतमा मात्र पनि कथानकको सिर्जना गर्न सकिन्छ (शर्मा, २०५८ : २४) त्यसैले कथानकका विविध स्रोतको मिश्रण गरी वा विशुद्ध कुनै एक स्रोत मात्र अनुसरण गरेर कथा रचना गर्न सकिन्छ । कथानक अगाडि बढाउने पात्रहरूको आन्तरिक तथा बाह्य सङ्घर्षबाट उनीहरूका क्रियाकलाप प्रकटीकरण हुन्छन् । यसबाट कथानक गतिशील भई अगाडि बढ्छ ।

कथानकमा आउने क्रियाकलापहरू स्वाभाविक, रोचक र सुगठित  हुनुपर्दछ । स्वाभाविकताको अर्थ विश्वसनीयता वा सम्भाव्यता हो जसले कथाकलाई यर्थाथसँग जोड्ने काम गर्दछ । रोचकता भन्नाको अर्थ संवेदना र कौतुहलको समिश्रण हो । जसले कथानकलाई नाटकीय मोड प्राप्त गर्नाका साथमा पाठकको भित्री हृदयमा हुने शक्तिको प्रभावकारीतामा वृद्धि हुन्छ । सुगारितताको अर्थ कथानकमा आएको घटनाहरू समूचित एवम् कलापूर्ण संयोजन हो । आदि, मध्य र अन्त्यका अवस्थाबाट विकसित रहेको कथानक आङ्गिक दृष्टिले पूर्ण हुन्छ (बराल र एटम, २०५८ : २६-२७) । कथानक उठान हुने भाग आदि हो भने कथामा द्वन्द्वको चरम स्थान मध्य हो र कथानकको समापन नै अन्त्य हो । आधुनिक कथाको प्रारम्भ अकस्मात् हुन्छ तर पुराना कथा तथा लोककथामा भने यस्तो हुँदैन । कथको अन्त्य चाहिँ बन्द खुला आश्चर्यजनक वैकल्पिक गरी चार प्रकारका हुन्छन् ( बराल, २०६९ : ६३) । कथानक कथा सिर्जनाको प्रारम्भिक घटकका रूपमा लिइन्छ । आधुनिक कथामा कथानकलाई कथाका समीक्षकले कथाको महत्त्वपूर्ण अवयवका रूपमा स्विकारेका छन् । समयको परिवर्तनसँगै कथा लेखनमा आएको नवीन प्रयोगले कथन ढाँचालाई भत्काएर विश्रृङ्खलित बनाइदिएको छ । जसले गर्दा कथा विधामा अकथाले प्रश्रय प्राप्त गरेको छ ।

### (ख) पात्र वा चरित्र

कथाको बाहिरै बाट स्पष्ट रूपमा देखिने दोस्रो तत्त्वको रूपमा पात्र वा चरित्रलाई लिइन्छ । कथा सिर्जनागर्न कथानकलाई अगाडि बढाएर गति प्रदान गर्ने कार्य पात्र वा चरित्रले गर्दछ । कथामा पाइने ती व्यक्तिलाई चरित्र वा पात्र भनिन्छ जो नैतिक अभिव्यक्ति गुणहरूले युक्त हुन्छन् । चरित्रले नैतिकता र तिनका अद्वितीय गुणहरूको अभिव्यक्ति संवाद र कार्य व्यापारबाट गर्दछ (शर्मा, २०५८ : ३९५) । चरित्र विनाको कथा लेखन सम्भव हुँदैन कथामा सामान्यतया थोरै पात्रको प्रयोग गरिन्छ । कथाको विषय भावना तथा कथाभित्र घटेका घटनाको प्रकाशित पार्ने माध्यम चरित्र हो । कथाले मानवमनका रहस्यहरू उद्घाटन गर्ने कार्य गर्दछ । कथालकारले पात्र रूपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्राङ्कनलाई खुबै ध्यान दिएको हुन्छ । यसका लागि प्रत्यक्ष वा नाटकीय मध्ये कुनै पनि वा दुवै विधिलाई प्रयोग गर्ने गरिन्छ । जुनसुकै विधिको प्रयोग गरिए तापनि कथामा पात्रको निजी पहिचान देखिनुपर्दछ (श्रेष्ठ, २०६० : १०) । कथामा प्रयुक्त चरित्र मानवीय वा मानवेतर दुवै हुन सक्दछन् ।

कथामा प्रयोग भएको प्रमुख भूमिका केन्द्रीय चरित्रलाई नायक नायिका भनिन्छ । कथामा नायक नायिका अनिवार्य रहनुपर्छ भन्ने छैन । कुनै कथा नायक प्रधान कुनै कथा नायिका प्रधान हुन सक्छन् । पहिले कथामा नायक सामान्यतः धीर, वीर, पराक्रमी, समाज सापेक्ष हुने गरेकामा अचेल अनायकको प्रयोग हुन थालेको छ । यस्ता अनायकले राम्रै सोंच राखे पनि कार्यमा ती सफल हुन सक्दैनन्  । अर्को शब्दमा भन्दा अनायक त्यस्तो चरित्र हो जो असफलताको योग्यता प्रस्तुत गर्दछ । अनायकले घटनालाई आफ्नो हातमा लिन सक्दैन बरू घटनाबाट नै थिचिन्छ (बराल २०६९ : ६६) । हीन मानसिकताले ग्रसित पात्रको प्रयोग मनोवैज्ञानिक कथामा बढी हुन्छ । कथामा उपस्थित पात्र विभिन्न प्रकारका हुने गर्दछन् । चारित्रिक रूपमा घटनाले परिर्वतन हुने र नहुने गतिशील र गतिहीन स्वभावका आधारमा अन्तर्मुखी र बहिर्मुखी गोला र च्याप्टा सार्वभौम र आञ्चलिक पारम्परिक मौलिक गरी पात्रलाई वर्गीकरण गर्न सकिन्छ (बराल र एटम, २०५८ : ३०-३१) ।

पात्रहरूको स्वभाव वैचारिक स्थिति आसन्नता लिङ्ग भूमिकाका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । पात्रका चरित्रिक वैशिष्टय निर्माणको कारण परिवेश सापेक्ष हुन्छ । त्यसैले यथार्थवादी सौन्दर्यशास्त्रले वातावरण जाति र वंशपरम्परा सापेक्ष चरित्रको विश्लेषण गरेको पाइन्छ । मान्छे जैविक विकासको परिणति हो र यो सम्भाव्यताका विविध मोडहरू पार गर्दै आएको एक चेतनशील प्राणी हो । कथामा पात्रको सादृश्य अथवा समानता प्रतिबिम्बित हुनुपर्दछ ।

यसरी कथाको विषयवस्तुलाई अगाडि बढाउने कथाको संरचनाको मुख्य तत्त्वका रूपमा चरित्रलाई लिइन्छ । कथाकारले पात्रका माध्यमले नै आफ्नो वैचारिक अभिव्यक्ति प्रस्तुत गर्दछ । विषय वस्तुका अनुरूपको पात्र अनुसारको भाषा संस्कृति, परिवेश निर्माण गरी कथाको रचना गर्नुपर्दछ अन्यथा कथा वैचारिक अभिव्यक्ति मात्र बन्न पुग्छ ।

**(ग) परिवेश (देशकाल, वातावरण)**

परिवेश कथामा प्रयुक्त वातावरण हो । परिवेशलाई पर्यावरण पनि भन्ने गरिन्छ । पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । पर्यावरण एउटा परिस्थिति पनि हो । यसले पाठकलाई बाँध्ने काम गर्दछ । पर्यावरण अन्तर्गत देशकाल वातावरण पर्दछन् (बराल र एटम, २०५८ : ३६) । कथामा परिवेश प्रत्यक्ष रूपमा वर्णन भएर वा अप्रत्यक्ष रूपमा कथानकसँगै जोडिएर दुबै रूपमा प्रस्तुत गरिएको हुन सक्दछ । कथामा मूलतः स्थान  विशेष र कालविशेष दुई तत्त्वहरू नै परिवेश अर्थात कार्य पीठिका भित्र अन्तर्भूत रहन्छन् तापनि आधुनिक कथामा भौतिक वा वस्तुगत परिवेशको मात्र प्रत्यङ्कन नभई मानसिक अवस्था पनि रहेको पाइन्छ  र बाहिरी स्थान विशेषलाई भन्दा चरित्रको आन्तरिक मानिसक स्थितिलाई कथा परिवेश स्विकारिएको पाइन्छ (शर्मा, २०५९ : ७६) । पात्रका चारित्रिक विशेषतालाई झल्काउने खालको परिवेश हुने हुँदा उसका अन्तर्मनका भाव प्रकटीकरणको लागि अन्तर्मनको विचरण गरिएको हुन्छ । कथामा पात्रले गर्ने कार्य घटनाहरू घट्ने समय ठाउँ, वातावरण आदिलाई नै कथाको परिवेश भनिन्छ । परिवेश अन्तर्गत व्यवहार भेषभूषा सोचाई अनुभव रहनसहन आदि पनि पर्दछन ।

कथामा कथाकारले अभिव्यक्ति गर्ने समयक्रम तथा वातावरण मात्रै परिवेश नभएर पात्रको मनोदशा पनि परिवेशमा नै समावेश गरिएको छ । स्थानको उचित प्रयोग विना कथाका साहित्यिक विश्वसनीयता उत्पन्न हुन सक्दैन । यसको मुख्य कार्य नै कथामा यथार्थ र सत्याभास उत्पन्न गर्नु हो । यसले चरित्रलाई मार्ग निर्देश गर्ने कार्य गर्दछ । कथामा वातावरणको तात्पर्य पाठकमा हुने संवेगात्मक परिवर्तन वा मनमा उत्पन्न हुने भाव हो । कथा पढेपछि वा पढ्दै जाँदा पाठकमा पर्ने मानसिक असरलाई यस अन्तर्गत व्याख्या र विश्लेषण गरेको पाइन्छ (बराल, २०६९ : ८५-८७) । कथामा चरित्रले कार्यव्यापार गर्ने र घटनाहरू घट्ने  वस्तुजगतलाई परिवेश  भन्दछन् । परिवेश भित्र दुई मुख्य कुरा पर्दछन एउटा देशकाल र अर्को वातावरण (शर्मा, २०५८ : ३१) । परिवेशले तत्कालीन समयमा घट्ने घटनाहरूलाई समेत सङ्केत गर्दछ । यसबाट सामाजिक सांस्कृतिक राजनीतिक वातावरणक झझल्को पाइन्छ । परिवेश कथामा कथाकारले चित्रण गरेको देशकाल समय तथा परिस्थितिका साथै पात्रको भौतिक तथा मानसिक वातावरणीय स्थिति समेतलाई बुझाउँछ । कथामा प्रयुक्त पात्रहरूको सामाजिक तथा सास्कृतिक रहनसहन समेत परिवेश हो ।

जसले कथाकारले देखे भोगेको समयको ऐतिहासिकता समेत झल्काउँछ । यसको निर्माण देश कालमा घट्ने घटना दृश्य वा चरित्रहरूको कार्यबाट हुन्छ ।

### (घ) दृष्टिविन्दु

कथाकारले कथा लेख्दा वा भन्दा आफू बस्न वा आफ्ना दृष्टिकोण प्रस्तुत गर्नको लागि रोजेको ठाउँ नै दृष्टिविन्दु हो । कथामा प्रयुक्त पात्रलाई कुन ठाउँमा राखेर कथालाई ठोस आकार प्रस्तुत गर्ने भन्ने दृष्टिकोण नै दृष्टिविन्दु हो । दृष्टिविन्दु त्यो अवस्था वा हरेक कुराको दृश्य निस्किने त्यो विन्दु हो, जहाँबाट कथाका घटनाहरू पाठक समक्ष पुऱ्याउनका लागि समाख्याताले निरीक्षण गर्ने गर्छ ( बराल, २०६९ : ७२) । यसमा समाख्याताले कथामा प्रयुक्त चरित्र कार्यव्यापार परिवेश जस्ता सम्पूर्ण कुराहरू पाठक समक्ष प्रस्तुत गर्दछ । कथावस्तुलाई पाठकवर्गका निम्ति सन्देश वा प्रेषणीय बनाउने भूमिका कथात्मक दृष्टिविन्दुले खेल्दछ । यो घटक प्रस्तुतीकरणसँग सम्बद्ध हुन्छ । कथामा कुन पात्रलाई कुन प्रकारको सम्बन्ध कायम रहेको छ भन्ने प्रश्नमा दृष्टिविन्दु आधारित हुन्छ । कुनै कथामा म पात्रको निर्णायक भूमिका रहेको हुन्छ भने कुनै कथामा त्यो पात्रको निर्णायक भूमिका रहेको हुन्छ (श्रेष्ठ २०५७ : १०-११) । कथामा कलात्मकता थप्नको लागि लेखकले म अथवा त्यो पात्रको प्रयोग गरेको पाइन्छ । मूलत कथा दृष्टिकोणका आन्तरिक र वाह्य दुई प्रकारहरू हुन्छन् आन्तरिक दृष्टिकोणमा केन्द्रीय र परिधीय दुई उपप्रकारहरू हुन्छन् भने बाह्य दृष्टिकोणमा सीमित, सर्वदर्शी र वस्तुगत तिन प्रकारहरू पाइन्छन् । मूलत प्रमुख पात्र अर्थात् प्रधान चरित्र कथामा प्रथम पुरूषका रूपमा रहँदा आन्तरिक दृष्टिकोण हुन्छ (शर्मा, २०५९ : ७५) ।

प्रथम पुरूष केन्द्रीय दृष्टिविन्दुमा प्रयुक्त म पात्र स्वयम् कथाकार वा प्रथम पुरूष शैलीको कुनै चरित्रमा आफ्नो जीवन भोगाई विचार दृष्टिकोणसँगै कथा प्रस्तुत गर्दछ । प्रथम पुरूष केन्द्रीय दृष्टिविन्दुमा समाख्याता कथाभित्रकै प्रमुख पात्र हुन्छ र उसले आफ्ना कुरा निजी प्रकारले भनिरहेको हुन्छ । प्रथम पुरूष परिधीय दृष्टिविन्दु प्रयोग भएको कथामा पनि समाख्याता कथाको पात्र हुन्छ तर ऊ प्रमुख पात्र भने हुँदैन । यसको समाख्यताले कथामा प्रमुख भूमिका वहन नगरे पनि कथामा ऊ केही न केही सहभागी चाहिँ हुन्छ । यस्तो समाख्याताको सहायक हुन पनि सक्छ र नहुन पनि सक्छ । निरीक्षकको भूमिका वहन गर्न समाख्याताको भने कथाभित्र शून्य भूमिका हुन्छ र उसले रेकर्ड राख्ने काम मात्र गर्दछ । यस्तो समाख्याता विशेष व्यक्तित्व भएको चरित्र पनि हुन सक्छ भने सामान्य पनि हुन सक्छ (बराल, २०६९ : ७९) । आन्तरिक दृष्टिविन्दुमा म पात्रको भूमिका केन्द्रीय नभएर गौण भएका खण्डमा परिधीय दृष्टिकोण हुन्छ । यस्तो स्थितिमा म पात्र मुख्य कथाभित्र नबसेर परिधि बाहिर बसेको हुन्छ । उसले कथावाचकका रूपमा देखापरेको अर्को तृतीय पुरूषको पात्रलाई सञ्चालन गर्ने काम गर्दछ । यस्तो कथामा म माध्यम मात्र बन्दछ र अर्को मुख्य पात्रको कथाको प्रस्तुतिमा सहायक वा प्रेरक बन्दछ (शर्मा, २०५८ : ३०) । परिधीय दृष्टिकोण अन्तर्गत भने पात्र प्रथम पुरूषका रूपमा रहे पनि कथामा त्यसको स्थान गौण अथवा तटस्थ रहन्छ र यस्तो दृष्टिविन्दुमा लेखिएको कथामा मुख्य कथा केन्द्र अर्को पात्र हुन्छ । यसर्थ परिधीय दृष्टिकोण नाम मात्रको आन्तरिक दृष्टिकोण मानिन्छ । यथार्थमा यस दृष्टिकोणको प्रयोजन बाह्य दृष्टिकोण सरह हुन्छ (शर्मा, २०५९ : ७५) । यद्यपि आन्तरिक दृष्टिविन्दुलाई दुई प्रकारमा नै विश्लेषण गरिएको देखिन्छ ।

कथामा प्रयुक्त पात्र तृतीय पुरूषशैली कथन ढाँचाको छ भने त्यहाँ तृतीय पुरूष दृष्टिविन्दु मानिन्छ । "कथामा पात्र तृतीय पुरूषमा रहँदा बाह्य दृष्टिविन्दु हुन्छ । यस अन्तर्गत सर्वदर्शी दृष्टिविन्दुमा कथाकारले प्राय: सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदि समाविष्ट गर्दै ती पात्रको आन्तरिक जीवनको चिनारी दिन्छ । कथाकारले सबै पात्रहरूको मनभित्र स्वतन्त्र रूपले चियाउने गर्दछ । सीमित दृष्टिविन्दुमा चाहिँ केवल एक मात्र पात्रको मानसिक संसारको विचरण गरिएको हुन्छ । अनि वस्तुपरक दृष्टिविन्दुमा चाहिँ कुनै पनि पात्रको मानसिक संसारको विचरण गरिएको हुँदैन (श्रेष्ठ, २०६० : १२) ।" तृतीय पुरूष कथन ढाँचामा पात्रहरूको सबै क्रियाकलाप कथाकारले बाहिरबाट नै दृष्टिगोचर गरेको  हुन्छ । यसकारण तृतीय पुरूष दृष्टिविन्दुमा कथाकारले आफ्ना विचार कुनै प्रमुख पात्रलाई मुख पात्र बनाई प्रस्तुत गरेका हुन्छन् । "लेखकद्वारा तृतीय पुरूष पात्र  नियोजितगरिएको छ भने तृतीय पुरूष दृष्टिविन्दु हो र लेखकद्वारा मको सट्टामा तृतीय पुरूष पात्रको उपयोग भएको छ भने तृतीय पुरूष परिधीय दृष्टिविन्दु हो । यसरी हेर्दा समग्र भोग र भोक्ताको रूपमा लेखका स्वयम् उपस्थित हुने र लेखकले भोक्ताका रूपमा पात्रलाई नियोजित गरिने कार्यका आधारमा तयार हुने भोक्ताका रूपमा दृष्टिविन्दुको पहिचान गरिन्छ (सुवेदी, २०६४ :२८) ।"

समग्रमा लेखक स्वयम् कथामा प्रथम पुरूष पात्र मको प्रयोग गरी कथा सिर्जना गरिएको छ भने त्यहाँ प्रथम पुरूष दृष्टिविन्दु हुन्छ । त्यस्तै प्रथम पुरूष दृष्टिविन्दुमा पनि म पात्रको भूमिका कथामा केन्द्रीय रूपमा भोक्ता र द्रष्टाको रूपमा आउँदा प्रथम पुरूष केन्द्रीय दृष्टिविन्दु हुन्छ । त्यस्तै कथामा प्रयुक्त प्रथम पुरूष द्रष्टाको रूपमा आएको छ र अन्य पात्र केन्द्रय भूमिकामा आएमा प्रथम पुरूष परिधीय दृष्टिविन्दु हुन्छ । यसलाई आन्तरिक केन्द्रीय तथा परिधीय दृष्टिविन्दु भनिन्छ । कथामा प्रयुक्त दृष्टिकेन्द्र बाह्य छ र कथामा तृतीय पुरूषका पाात्रहरूको प्रयोग भएमा बाह्य वा तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग भएको मानिन्छ । बाह्य दृष्टिविन्दु पनि सीमित, सर्वदर्शी र वस्तुपरक गरी तिन किसिमको हुन्छ । यस प्रकारको दृष्टिविन्दुमा कथयिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ उसले कथाभन्दा बाहिर बसेर नै कथाका पात्रहरूका सम्पूर्ण क्रियाकलाप हेरि रहेको हुन्छ ।

**(ङ) उद्देश्य**

कथाकारले कथामा व्यक्त गर्न खोजेको विचार वा दृष्टिकोण नै उद्देश्यको रूपमा रहेको  हुन्छ । उद्देश्यलाई सन्देश वा सारवस्तुका रूपमा पनि चिनाइएको हुन्छ । सारवस्तुकै माध्यमले उद्देश्य वा सन्देशको अनावरण हुन्छ किनभने सारवस्तुको कलात्मक प्रस्तुति नै उद्देश्य वा सन्देश हो । यथार्थको सूक्ष्म निरीक्षण गर्नु नै सारवस्तु रहेको हो भने त्यसको कलात्मक प्रस्तुतीकरण नै उद्देश्यका रूपमा व्यक्त हुन्छ (बराल र एटम, २०६४ : ६४) । उद्देश्य लेखकले कथाका माध्यमबाट प्रस्तुत गर्न खोजेको सन्देश हो । यसलाई कथाका पात्रको माध्यमबाट कलात्मक रूपमा प्रकटीकरण गरिएको हुन्छ । "जुनसुकै रचनाको सृजना गर्दा स्रष्टाले कुनै न कुनै उद्देश्य राखेको हुन्छ । त्यस उद्देश्यको परिपूर्तिका लागि रचनामा विचारको श्रृङ्खला प्रवाहित गरेको हुन्छ । त्यस प्राप्तिका निमित्त गरिएको विचारलाई कतै दृष्टिविन्दु, कतै कथ्य र कतै अन्तर्वस्तु भन्ने गरिन्छ" ( सुवेदी, २०६४ : २६) । कथाले प्रस्तुत गरेको कथ्य वा अन्तर्वस्तु नै उद्देश्य हो ।

कथाकार जुन केन्द्रीय अभिष्टबाट आकृष्ट भएर कथा लेख्छ, त्यस प्रेरक तत्वलाई उद्देश्य भनिन्छ । विना जीवन तत्त्व कथा सस्तो आदर्श र मनोरञ्जनात्मक मात्र बन्न जान्छ भने अनुभूति र

कलात्मकता विना कथा कथा बन्न सक्तैन । अतः कथाको केन्द्रीय प्रतिपाद्यले कथा र जीवनको सामञ्जस्य आत्मसात् गर्नु पर्छ । कथाकारले व्यक्त गर्न खोजेको विचारात्मक अभिव्यक्ति कलात्मक रूपबाट प्रस्तुत गर्नुपर्छ । विचारलाई सोझै व्यक्त गरेमा कथा विचारको अभिव्यक्ति मात्र हुन पुग्छ । प्रयोजनरहित साहित्यको कुनै सार्थकता नहुने हुँदा पूर्व र पश्चिमा दुवैतिर उद्देश्यलाई पर्याप्त महत्त्व दिएको पाइन्छ । अचेल कथाको प्रमुख उद्देश्य समसामयिक यथार्थको उद्घाटन हो भन्ने मानिन्छ ( शर्मा, २०५८ : ४३) । सिर्जनाको मूल प्रयोजन सौन्दर्यको सृष्टि गर्नु मानिन्छ । सौन्दर्य साहित्यको विचार अभिव्यक्ति सन्देश  प्रस्तुत गरेको पाइन्छ । कथाकारले समानमा रहेका विकृति विसङ्गति तथाविचारको समेत अभिव्यक्ति कथाका माध्यमबाट दिने गरेको पाइन्छ ।

**(च) भाषाशैली**

भाषा अभिव्यक्तिको माध्यम हो । भाषिक अभिव्यक्ति प्रस्तुत गर्ने कला कौशल हो । कथा गद्यात्मक प्रस्तुति भएकाले भाषिक अभिव्यक्ति मिठासपूर्ण हुनु आवश्यक छ । कथाकारले प्रस्तुत गर्न खोजेको उद्देश्य भाषिक कौशलबाट नै प्रस्तुत हुन्छ । “संरचना निर्माण गर्ने बनोटरूपी साम्य घटकहरूको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । यो अभिव्यक्ति प्रस्तुतीकरणसँग सम्बद्ध सर्वप्रपुख पक्ष हो र लेखकपिच्छे फरक फरक हुन्छ” (लुइँटेल, २०६२: ३०९) । कथामा प्रयुक्त पात्रहरूले बोल्ने संवाद वा उनीहरूका क्रियाकलाप, कथामा घटेका घटना सबै भाषिक अभिव्यक्तिबाट नै प्रकटीकरण गर्ने गरिन्छ भने यसलाई कसरी प्रस्तुत गर्ने भन्ने कलात्मकता नै शैली हो ।

“कुनै पनि भाव या विचार अभिव्यक्त माध्यम भाषा हो । भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढङ्ग र तरिका शैली हो । भाषा कुनै वस्तुको आवरण हो र शैली त्यस आवरणको प्रकार हो । भाषा व्यक्ति हो भने शैली व्यक्तिको व्यक्तित्व हो । प्रभावात्मकताको लागि भाषा-प्रयोगमा सार्थकता र गत्यात्मकता हुनु पर्छ । परिवेश र पात्रको दृष्टिले भाषा-शैलीको उपयोग हुन्छ । दुई प्रकारको भाषाशैली प्रयोग हुन्छ - सरल शैली र अलङ्कृत शैली” (थापा, २०५० : १७७) । कथाको भाषिक अभिव्यक्ति स्वाभाविक र सहजताको अनुभूति प्राप्त हुने खालको हुनु पर्छ । भौतिक तथ मानसिक परिवेश अनुकूलन हुने गरी भाषिक कौशल अभिव्यक्त भएमा कथाको भाषा सहज हुन्छ । कथामा प्रयुक्त पात्र, परिवेश,विषयवस्तु अनुकुलको भाषिक अभिव्यक्ति हुनु आवश्यक हुन्छ । कथामा सामान्य र बौद्धिक भाषिक अभिव्यक्ति भन्दा आलङ्कारिक, कलात्मक तथा कोमल भाषाको प्रयोग बढी हुन्छ ।

**३.१.३ निष्कर्ष**

साहित्य विधामा आफ्नो बेग्लै पहिचान स्थापित भएको कथाको आफ्नै संरचना छ । कथा संरचनाको निर्माण माथि उल्लिखित तत्त्वहरूद्वारा नै  हुन्छ । यी तत्त्वहरूमा पनि कथाको स्थूल तत्त्वका रूपमा कथानक, पात्र, परिवेश, उद्देश्य पर्दछन् भने भाषाशैली तथा भाषिक शिल्प अन्तर्गतका प्रतीक,बिम्ब आदिलाई सूक्ष्म तत्त्वका रूपमा मान्ने गरेको पाइन्छ । यी दुवै घटकको अभावमा कथाले आफ्नो स्वरूप ग्रहण गर्न सक्दैन । यी कथाका सम्पूर्ण तत्त्वहरू मध्ये कुनै एक कमजोर अवस्था भएमा कथाबाट प्राप्त हुने आनन्द प्राप्त हुन सक्दैन  कथामा कथानकको प्रमुख स्थान हुन्छ । कथानक अगाडि  बढाउनको लागि पात्रको सिर्जना अनिवार्य हुन्छ । पात्र र परिवेश

अनुसारको परिवेश संयोजन नगरी कथानक अगाडि बढाउन असम्भव हुन्छ । पात्रलाई प्रयोग गर्दा कथाकारले कथामा दृष्टिविन्दु राख्छ र त्यसै अनुसारको भाषिक अभिव्यक्ति वा भाषाशैलीको निर्माण हुन्छ । लेखकले कथा लेख्नुको खास उद्देश्य कसका माध्यमले प्रस्तुत गर्नु पर्ने हो त्यसको निर्क्यौल दृष्टिविन्दुबाट गरिन्छ । भाषिक अभिव्यक्ति पनि पात्र परिवेश अनुसारको आलङ्कारिक तथा सरल, सरस, सहज हुनु पर्ने हुन्छ । भाषिक अभिव्यक्ति लेखकको निजी विशेषता अनुसारको हुने हुँदा त्यसमा बिम्ब प्रतीकको प्रयोग तथा मिठासपूर्ण अभिव्यक्ति हुनु पर्छ ।

## ३.२ समय-दंश कथा सङ्ग्रहका कथाहरूको विश्लेषण

**समय-दंश** (२०६७) पद्मावती सिंहद्वारा लेखिएको छैठौं कथा सङ्ग्रह हो । यस कथा सङग्रहमा साना ठुला गरी जम्मा सोह्र वटा कथाहरू रहेका छन् । संरचनागत हिसाबले मझौला आकारको यस कृतिमा आवरण पृष्ठ बाहेक जम्मा जम्मी १६४ पृष्ठ सङ्ख्या रहेको छ । जसमध्ये २४ पृष्ठमा भूमिका खण्ड, कृतिगत परिचय र विषय सूची रहेका छन् भने बाँकी १३९ पृष्ठमा मूल पाठ रहेका छन् । अन्तिम १६४ औँ पृष्ठमा यस कथा सङ्ग्रहभित्र सङ्ग्रहित कथाहरूको प्रकाशन मिति र विवरण प्रस्तुत गरिएको छ । राजबहादुर सिंहद्वारा प्रकाशन गरिएको यस कृतिको सम्पादन विमल भौकाजीले गरेका छन् । सम्पादकको कलमबाट शीर्षकमा उनी भन्छन् -"कथाकार पद्मावती सिंह नेपाली कथा साहित्यको विशिष्ट पतिभाशाली साधक हुनुहुन्छ उहाँका कथाहरू एउटी नारी लेखिकाले लेखेको नभई एक विशुद्ध संवेदनशील हृदयले लेखेको दृष्टिगोचर हुन्छ" (सिंह, २०६७ :२) । विशेष गरी नारी तथा पुरुषको प्रेम तथा यौन मनोवृत्तिलाई संवेदनशील रूपबाट यस कथा सङ्ग्रहका कथाहरूमा प्रस्तुत गरिएको छ ।

खासगरी ७ देखि १४ पृष्ठ सम्मका आयाममा पद्मावती सिंहका कथाहरू लेखिएका छन् । १४ पृष्ठमा लेखिएको उनको सबैभन्दा लामो कथा 'सम्झनाको भग्नावशेष' कथा हो । 'अनामिकाको दैनिकी', 'कालो सुट', 'बहिर्गमन', 'अशान्त मन', छोटा आकारका अर्थात् ७ पृष्ठका कथाहरू हुन् । अन्य कथा भने ८-१२ पृष्ठ सम्म फैलिएका मझौला आकारका छन् । "पद्मावती सिंहको **समय-दंश** शीर्षकको यो कथा सङ्ग्रहमा समाविष्ट कथाहरूले आजको सभ्यताको सहरी यथार्थलाई अत्यन्त कलात्मक रूपमा अभिलेखीकरण गर्नुका साथै यसले मानिसको सोच्ने, हेर्ने, बुझ्ने र बाँच्ने शैलीमा के कस्तो परिवर्तन ल्याएको छ ? र यसबाट हाम्रो प्राचीन मूल्य मान्यता र संस्कृतिका स्थानमा के कस्ता आधुनिक सभ्यताहरू भित्रिँदै गएका छन् ? भन्ने यथार्थको जानकारी गराउने सार्थक प्रयास गर्न सकेको पाइन्छ" (भट्टराई, २०६८ : ८) । आजको युगीन यथार्थमाथि प्रकाश पारिएका कथाहरूमा 'साइबर प्रेम', 'आ-आफ्नो भागको जिन्दगी', 'बिम्ब प्रतिबिम्ब' प्रमुख हुन् । 'अनामिकाको दैनिकी' कथा हाम्रै सहरिया समाजमा घर गृहस्थी र जागिरे जीवन सम्हाल्ने महिलाहरूको दैनिकीको यथार्थ उदाहरण हो । यी १६ वटा कथाले आ-आफ्नै परिवेशमा रहेर सहरिया जीवनका विशिष्ट घटनाहरूलाई देखाएका छन् ।

### ३.२.१ 'समय पीडा' कथाको विश्लेषण

'समय पीडा' कथा **समय-दंश** कथा सङ्ग्रहभित्रका कथामध्ये प्रथम कथा हो । वर्तमान समयमा सहरिया जीवनका पीडाहरू यस कथामा व्यक्त भएको छ । रामनाथ र आनन्दीको गृहस्थी जीवनमा

आएका उतार चढावहरू देखाई डायस्पोरिक समस्या र सन्तान मोहका बिचको द्वन्द्वलाई देखाइएको छ ।

### ३.२.१.१ कथानक

कथानक भनेको कथामा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । 'समय पीडा' कथाको कथानक आनन्दीका जीवनसँग सम्बन्धित छ । यस कथाको छोटो कथानकलाई मनोवैज्ञानिक ढङ्गबाट प्रस्तुत गरिएको हुँदा कथाले मझौला आकारको स्वरूप ग्रहण गरेको छ । आनन्दी र रामनाथको गृहस्थी जीवनलाई केन्द्रविन्दु बनाएर कथानकको आरम्भ विकास र समापन गरिएको छ । यस कथाको कथानक सिर्जनालाई हेर्दा रामनाथ र आनन्दीले आफ्नो गृहस्थी जीवन अगाडि बढाइ रहेका हुन्छन् । उनीहरूका तिन सन्तान मध्ये जेठो छोरा र बुहारी छोरीसहित अस्ट्रेलियामा बसोबास गर्दछन् । कान्छो छोरो पढाइका लागि अमेरिका पुगेको  छ । छोरीको बिहे गरि दिएका छन् । उनीहरूको गृहस्थी जीवन सामान्य ढङ्गबाट चलि रहेको छ । रामनाथ अफिस जानु र आनन्दीले आफ्नोघरमा घरधन्दा गर्नु उनीहरूको दिनचर्या हो । रामनाथलाई सन्तानले आफ्नो फ्याक्ट्रीलाई बेवास्ता गरेकोमा दुःख लाग्छ । आनन्दीलाई आफ्ना सन्तान आफूसँग नभएकोमा दुःख लाग्छ । दुवैले आ-आफ्नो जीवन दुःखी रहेको ठान्छन् ।

आनन्दीलाई जेठा छोराको फोन आउँछ, फोनमा नातिनी बिरामी भएको र आनन्दीलाई देवता खुसी पार्न पूजा गर्न आग्रह गरिन्छ । आनन्दीले पूजा गर्छिन् । दिउँसो नातिनी बिसेक भएको खबर आउँछ । तैपनि आनन्दीलाई चिन्ताले सताउँछ । रामनाथले आनन्दीको छटपटाहट देखी "अस्ट्रेलियामा सुविधा सम्पन्न हस्पिटल छन्" (पृ.२९) भन्दै चिन्ताबाट मुक्त हुन आग्रह गर्दछन् । कान्छो छोराको पनि उतै घरजम गरी बस्ने मनसाय थाहा पाए पछि आनन्दी लाई अझ बढी चिन्तित गराउँछ । यसै कारणले उनी बिरामी पर्छिन् र पछि उनको दुःखद मृत्यु हुन्छ । यही दुःखद घटनासँगै कथानकको पनि समाप्ति भएको छ ।

आनन्दीको यस प्रकारको ममतापूर्ण हृदयलाई ठेस पुऱ्याएको घटनालाई देखाएर डायस्पोरिक जीवनलाई देखाइ कथा सिर्जना गरिएको छ । नाम, काम र दामका लागि बिदेसिनु पर्ने बाध्यता र तिनको परिवार जनको समस्यालाई यस कथामा मनोवैज्ञानिक रूपबाट देखाइएको छ । खासगरी कथामा वृद्धावस्थामा पुगेका व्यक्तिहरूको एकाकी जीवनलाई देखाउने प्रयास गरिएको छ ।

### ३.२.१.२  चरित्र

कथानकलाई गति प्रदान गरी अगाडि बढाउने क्रियाशील तत्त्व नै पात्र वा चरित्र हो । मानव जीवनको व्यापक भाग्य उतार्ने तत्त्व नै चरित्र हो । सामाजिक संरचनाको चित्र चरित्रले नै उतार्ने गर्दछ (सुवेदी, २०६४ : २३) । यस समय पीडा कथामा आनन्दी, रामनाथ र तिनका सन्तानहरू चरित्रका रूपमा देखा परेका छन् ।

**(क) आनन्दी**

आनन्दी 'समय पीडा कथा' मा एक गृहिणीका रूपमा देखा परेकी छ । घरका सम्पूर्ण कामहरू गर्ने पति रामनाथ अफिस जानुभन्दा पहिला सँगै मर्निङ वाक गर्ने, समयमा खानाको प्रबन्ध गर्ने, दिनभरि घरभित्रका काममा व्यस्त रहने आनन्दी एक आदर्श पत्नी हो । ऊ विदेशमा बस्ने छोरा बुहारीको सम्झना गरि रहन्छे । घरको काम धन्दाबाट एकछिन पनि फुर्सद पाउनासाथ आफुलाई सन्तानको सम्झनामा भुलाउँछे । छोरा बुहारी आफुसँग नबसेकोमा चिन्तित छ । उसका सन्तानले आमाको ममतालाई चिन्न सकेनन् कदर गर्न सकेनन् । यही चिन्ता नै उसको बिमारीको कारण बन्छ र मृत्यु हुन्छ ।

उपर्युक्त तथ्यहरूलाई हेर्दा आनन्दी यस कथाकी प्रमुख स्त्री पात्र हो । यो कथा आनन्दीकै मानसिक परिवेश चित्रणमा केन्द्रित रहेकाले यो केन्द्रीय चरित्र पनि हो । कथामा आनन्दीको उपस्थिति सुरु देखि अन्त्य सम्म नै छ त्यसैले यसको अनुपस्थितिमा कथा पूर्ण हुन सक्दैन त्यसैले कथाकी बद्ध पात्र हो । मध्यम वर्गीय गृहिणी पात्र आनन्दी कथामा उपस्थित भएकाले मञ्चीय पात्र हो । आफ्ना कुरा बाहिर प्रकट नगर्ने अन्तर्मुखी स्वभाव भएकाले यसलाई गोलो पात्रको रूपमा चित्रण गर्न सकिन्छ । नातिनी बिरामी भएको खबर पाउनासाथ पूजा गर्ने, अरुको दुःखमा दुःखी हुने स्वभावले उसलाई एक सद्विचारी र धार्मिक पात्रको रूपमा रहेको देखाउँछ ।

समग्रमा आनन्दी सरल सवभाव भएकी कुशल गृहिणीका रूपमा देखा परेकी छ । आनन्दीलाई एक ममतापूर्ण हृदय भएकी आमाको रूपमा पनि चिन्न सकिन्छ ।

**(ख) रामनाथ**

रामनाथ 'समय पीडा' कथामा एक मध्यम वर्गीय व्यवसायीका रूपमा देखा परेको छ । आफ्नै कपडा व्यवसाय भएर पनि सन्तान कामको खोजीमा विदेशतिर लागेकोमा ऊ दुःखित भएको छ । ऊ आफ्नै देशमा रमाउन चाहने व्यक्तिका रूपमा देखा परेको छ । जीवन जगतलाई बुझेको रामनाथले आफ्नी श्रीमती आनन्दीलाई बेलाबेलामा सान्त्वना र साहस दिन्छ ।

रामनाथ कथाको सहायक पात्र हो । उसले मुख्य पात्र आनन्दीलाई सहयोग पुऱ्याउने कार्य गरेको छ । कसैलाई पनि दुःख नदिने सधैं सकारात्मक सोच राख्ने, सकारात्मक विचार प्रदान गर्ने सच्चरित्रका रूपमा देखा परेको छ । कथामा उसको उपस्थिति महत्त्वपूर्ण रहेको छ, त्यसैले ऊ यस कथाको बद्ध तथा मञ्चीय पात्र हो । समग्रमा हेर्दा रामनाथ कथामा अनुकुल स्वभाव भएको, मध्यमवर्गीय, मञ्चीय, बद्ध, सहायक पात्रको रूपमा देखा परेको छ । साथै ऊ एक आदर्शवादी सङ्घर्षशील, साहसी व्यक्तित्व भएको सहायक पात्रको रूपमा यस कथामा उपस्थित छ ।

**(ग) अन्य पात्रहरू**

'समय पीडा' कथामा आनन्दी रामनाथ बाहेक देखा परेका सबै पात्रहरू अन्य पात्रअन्तर्गत पर्दछन् । जेठा छोरा-बुहारी, कान्छो छोरा, नातिनी, छोरी आदि यस कथाका गौण पात्रका रूपमा देखा परेका छन् ।आनन्दी र रामनाथका जेठा छोरा बुहारी कामको खोजीमा अस्ट्रेलिया पुगेका छन् र पछि

त्यतैतिर बस्ने विचारमा छन् । बाबु आमा प्रति राम्रो व्यवहार देखाउँछन् तर बुढ्यौलीले छोप्न लागेका बाबुआमाको ममतालाई चिन्न नसक्ने पात्रका रूपमा देखा परेका छन् । धर्मप्रति आस्था राख्ने उनीहरू छोरी बिरामी पर्दा आमालाई पूजा लाउन आग्रह गर्छन् तर आमा बिरामी पर्दा नेपाल भेट्न आउन सक्दैनन् । उनीहरू आप्रवासी नेपालीहरूको प्रतिनिधि पात्र हुन् । कान्छो छोरो पनि दाजुजस्तै विदेश गएको छ । पढाइ सकेर नेपाल फर्कने वाचा गरेको कान्छो छोराले अमेरिकामा नै घरजम गरी बस्ने मनस्थिति बनाएको छ । यसै कारणले आनन्दी बिरामी परेकी छ । कान्छो छोरो घर परिवारप्रति अनास्था भएको नेपाली युवापुस्ताको प्रतिनिधि पात्र हो । छोरी घरगृहस्थी सहित पत्रकारीता पेसा अँगालेकी एक सङ्घर्षशील पात्र हो । आमा बाबुप्रति सम्मान प्रकट गर्ने नेपाली नारी प्रतिनिधि पात्र हो । छोराको अनिवार्यता पर्ने नेपाली धार्मिक तथा सामाजिक परिपाटीलाई गलत साबित गरि दिने साहसी नारी पात्र हो

### ३.२.१.३ परिवेश

आनन्दी र रामनाथ सहरी जीवनका दिनचर्यामा व्यस्त छन् । दैनिक मर्निङ वाक जाने, अफिस जाने, सभा मिटिङमा नजाने आदि घटनाले सहरिया परिवेशलाई नै देखाएको छ । नातिनी बिरामी पर्दा कुलदेवता भाकल गर्ने बत्ती बाल्ने आदि काठमाडौँको साँस्कृतिक विशिष्टता हुन् । छोराछोरी आफ्नोभएको पुर्ख्यौली व्यवसाय सञ्चालन गर्नुको सट्टा विदेशतिर जाने सँस्कृति हावी भएको देखिन्छ । यस प्रकारको सामाजिक परिवेशका साथमा सन्तानप्रतिको अगाध मातृस्नेहको समेत आनन्दीको मनस्थिति केलाएर कथालाई मनोवैज्ञानिक बनाउन मानसिक परिवेशको समेत चित्रण गरिएको छ । यो खासगरी आनन्दीको मानसिकतालाई चिरफार गरी लेखिएको कथा हो । काम र दामका लागि बिदेसिएका छोराहरूको सम्झनामा आनन्दी बिरामी परेकी छ । आफ्ना छोराहरूको अनुपस्थितिमा आफुलाई निरीह ठान्ने स्वभावले उसलाई मृत्युको मुखमा लैजान्छ । "उनलाई अब संसारै अँध्यारो जस्तो लाग्न थाल्यो । उनी आफूप्रति दिन प्रतिदिन लापर्वाह हुन  थालिन् । एकाएक आनन्दी उठ्नै नसक्ने गरी बिरामी पर्न थालिन् (सिंह,२०६७:३१) ।" छोरा स्वदेश नफर्कने खबरले मानसिक पीडा थपिदिएको छ । आनन्दीका मानसिक कुण्ठाहरू र आफ्ना पति समक्ष व्यक्त गरेका असन्तुष्टि , मातृत्वका कुराले मानसिक परिवेशको उद्घाटन गरेका छन् ।

कथामा काठमाडौँली भौतिक परिवेश देखा परेको छ । पाँच छ महिनाको कालिक परिवेशलाई समेटेको यस कथाले आनन्दीको मानसिक परिवेशलाई नै चित्रण गर्न खोजेको देखिन्छ । अतः यस कथामा मानसिक परिवेशको चित्रण गरेको स्पष्ट हुन्छ ।

### ३.२.१.४ दृष्टिविन्दु

'समय पीडा' कथा पद्मावती सिंहको डायस्पोरिक अनुभवलाई समेटेर लेखिएको कथा हो । तृतीय पुरुष कथन ढाँचामा आधारित भएर लेखिएको कथा हो । यस कथाकी प्रमुख पात्र आनन्दीका छोराहरूका माध्यमले समयसँगै आ आफ्ना सन्तान अध्ययन गर्ने बहाना बनाएर होस् या नयाँ नयाँ अवसरको खोजीमा विदेश पलायन भएको  देखाउन  खोजिएको छ । कथाकारले आफ्ना सन्तान भएर पनि बुढ्यौलीले छोप्दा सन्तान विहीन हुनु पर्ने बाध्यात्मक परिस्थितिको चित्रण आनन्दी र रामनाथलाई माध्यम बनाएर देखाएकी छन् । आनन्दी यस

कथाकी प्रमुख पात्र हो । आफ्ना दुवै छोराहरू विदेश पलायन भएपछि आनन्दीले भोगेका मानसिकता र सन्तान मोहको स्थितिलाई तृतीय पुरुष शैलीमा चित्रण गरिएको छ । कथामा आनन्दीका क्रियाकलापलाई कथाभन्दा बाहिरबाट नै केलाइएको छ, त्यसैले 'समय पीडा' कथामा बाह्य दृष्टिविन्दुमा आधारित सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ३.२.१.६ उद्देश्य

कथामा जीवनको कुनै एक पक्षको चित्रण हुन्छ र कुनै एक मनोदशाको प्रकटीकरण हुन्छ । 'समय पीडा' कथाको मूल उद्देश्य नेपाली समाजमा युवा पुस्ता आफ्नो परिवार सहित बिदेसिनु र उनका वृद्ध बाबु आमा छोराछोरी नाति नातिनाको सम्झनामा बस्नु पर्ने यथार्थ दृश्यको चित्रण गर्नु हो । छोराछोरीप्रति आमाको मातृ स्नेह अगाध हुन्छ । बुढेस कालको सहारा तथा भविष्यको सुरक्षा ठान्ने नेपाली समाजमा डायस्पोरिक जीवनले गर्दा परम्परागत सोँच भत्किँदै छ । वृद्ध बाबु आमाप्रतिको कर्तव्य भुल्दै गएका छन् । उनीहरू त्यहाँ दोस्रो दर्जाको नागरिक भएर बस्न रुचाउँछन् तर स्वदेशमै उद्योग गरी बस्न चाहँदैनन् भन्ने देखाउनु कथाको अर्को उद्देश्य हो । "घरमा सबै सुख सयल भए पनि विदेशमैं बस्ने, जति नै दुःख झेल्न परे पनि उतै बस्न रमाउने युवा पिँढीको मनस्थितिको अगाडि रामनाथ र आनन्दीले घुँडा नटेकी सुखै पाएनन् , दुबै छोराहरू बिदेसिए" (पृ.२५) । यसरी डायस्पोरिक जीवनले गर्दा परिवारमा देखिएको वितृष्णा र आमाबाबुको ममताको बिचको द्वन्द्व देखाउनु नै कथाको मूल उद्देश्य हो ।

### ३.२.१.६ भाषाशैली

'समय पीडा' कथामा सरल सुबोध भाषाको प्रयोग गरिएको छ । काठमाडौँको सहरिया परिवेशमा रचना गरिएको यस कथामा पात्र अनुसारको भाषाको प्रयोग भएको छ । तृतीय पुरुष दृष्टिविन्दुको भाषा शैली प्रयोग गरिएको छ । शिक्षित लेख्य भाषाको प्रयोगका कारणले स्थानीय भाषिक रङ्ग पाइँदैन । बोलीचालीमा प्रयोग हुने तत्सम शब्द निन्दा, चिन्ता, चिता, पूजा आदिको प्रयोग भएको छ भने सङ्घर्ष, प्रपञ्च किंकर्तव्यविमूढ, प्रज्वलित जस्ता क्लिष्ट शब्दको समेत प्रयोग छ ।

'समय पीडा' कथामा मर्निङ वाक, फुर्सद जस्ता आगन्तुक शब्दको प्रयोग गरिएको छ । यस कथामा टुक्काको प्रयोगले भाषमा लयात्मकता थपेको छ, जस्तै- "ममताको फुल फक्रिनु" (पृ.२६), "गोडा टेक्नु" (पृ.२७) । साथै रूपक अलङ्कारको पनि प्रयोग गरिएको छ, जस्तै- "छोराछोरी चराचुरुङ्गीका बचेरा जस्तै हुन्"(पृ.३२), "मणि हराएको सर्प झैँ" (पृ.२६) । ढुकढुक, तात्तातो, उकुसमुकुस, थरथर, कचकच जस्ता द्वित्व शब्दको प्रयोग पनि भएको छ । समग्रमा भन्नु पर्दा पद्मावती सिंहको भाषा यस कथामा सरल र सुबोध्य तथा अभिव्यञ्जनात्मक छ ।

### ३.२.२ 'टेम्पु चालक मनमाया' कथाको विश्लेषण

'टेम्पु चालक मनमाया' कथा सङ्ग्रहमा दोस्रो क्रमाङ्कमा रहेको कथा टेम्पु चालक मनमाया हो । यो कथा पहिलो पटक **गरिमा** (मङ्सिर २०६६)मा प्रकाशित भएको थियो । यस कथामा दश बर्से द्वन्द्व र

संविधान सभा चुनाव पछिको देशको तत्कालीन अवस्थालाई चित्रण गरिएको छ । द्वन्द्वले निम्त्याएको दुःख र पीडा तथा शान्ति पश्चात पनि त्यस द्वन्द्वले सिर्जना गरेको अकल्पनीय नीरस जीवनको निःसारतालाई कथाले व्यक्त गरेको छ ।

### ३.२.२ .१ कथानक

'टेम्पु चालक मनमाया' कथाको कथानक यस कथाकी केन्द्रीय पात्र मनमाया र म पात्रको अन्तर्संवादबाट प्रारम्भ भई त्यसैमा नै समाप्त भएको छ । सिंहले महिलाहरूले टेम्पो चलाउन थालेको विषय वस्तुलाई टिपेर कथाको रचना गरेकी छन् । भिनो विषयवस्तुलाई कथानकीय धागोले उनेर यो कथा सिर्जना गरिएको हो ।" टेम्पुचालक मनमाया कथामा सहरमा टेम्पो चलाएर निर्वाह गर्ने सङ्घर्षशील नारी जीवनका आरोह-अवरोह उनिएको छ (भट्टराई , २०६८: ग ) ।" यस कथाको कथानकलाई यस प्रकार देखाउन सकिन्छ -

मनमायाले आइतेलाई लिएर भागी भन्ने खबर डढ्लो झैँ फैलियो । छिमेकी गाउँमा समेत यो खबरले हल्लीखल्ली मच्चायो । गाउँठाउँ र त्यो पनि भिरपाखामा जन्मेकी मनमायाको आँट र साहसको निक्कै चेवाचर्चा भयो धेरै दिनसम्म" (पृ.३४) ।

बिहे गरि सकेकी मनमाया आफ्नो पुरानो अपाङ्ग प्रेमीलाई बोकेर सहर पसेकी हुन्छे । टेम्पु चलाएर आफ्नो दैनिकी चलाइ रहेकी हुन्छे । एक दिनकामको सिलसिलामा म पात्रको भेट मनमायासँग हुन्छ । म पात्र मनामायाको टेम्पुमा चढ्नु, त्यसपछि बानेश्वर फर्कने क्रममा पनि त्यसैमा फर्कनु, बाटोमा जाम लाग्नु, म पात्रले मनमायाको घरका बारेमा सोध्नु, जाम खुलेपछि यात्रुहरू आ-आफ्नो गन्तव्यमा झर्नु, त्यसपछि मनमायाको जीवनका बारेमा सोध्नु, मनमायाले आफ्नो घर रोल्पा भएको, सबै परिवार जनयुद्धको मारमा परी सखाप भएको बाबु र दाजु मारिएका, आमा भिरबाट हाम फालेर आत्महत्या गरेकी, आफ्नो लोग्नेले सौता ल्याएको, घर बस्न नसकी आफू पनि युद्धमा लागेको पछि शान्तिवार्ता भएपछि आफ्नो घाइते प्रेमीलाई दुवै पक्षले बेवास्ता गरेकोले उसलाई बोकी काठमाडौं प्रवेश गरेको भन्ने कुरालाई जोडेर कथानकको सिर्जना गरिएको हो ।

### ३.२.२ .२ चरित्र

कथानकललाई जीवन्तता प्रदान गर्ने मुख्य आधार नै चरित्र हो । 'टेम्पु चालक मनमाया' कथामा म, मनमाया, टेम्पु चालक, अन्तर्वार्ता दिन हिँडेको युवक, क्रान्तिकारी ट्राफिक प्रहरी लगायतका चरित्र देखा परेका छन् । मनमाया यस कथाकी प्रमुख चरित्र हो भने म पात्र सहायक चरित्र हो । यसका साथै कथामा प्रयोग अन्य चरित्रहरू अन्य तथा गौण पात्रमा पर्दछन् ।

#### (क) मनमाया

मनमाया 'टेम्पु चालक मनमाया' कथाकी प्रमुख नारी पात्रका रूपमा देखा परेकी छे । उसकै जीवनका पुराना घटना तथा टेम्पु चलाउँदाको समयमा म पात्रसँगै घटेका घटनासँग तालमेल गरी कथानक सिर्जना गरिएको हुँदा ऊ यस कथाकी केन्द्रीय पात्र हो । "प्रस्तुत कथामा मनमायाको चरित्र एकै प्रकारको देखिँदैन कथाको सुरुमा उसको रौद्र रूप देख्न पाइन्छ । जसबाट ऊ एक निडर

तथा जुझारु युवती हो भन्ने स्पष्ट देखिएको छ" (सुवेदी, २०६९ : ५६ ) । पुरुषहरूको महिलामाथि हुने हेपाहा प्रवृत्तिलाई वाक्युद्ध गरी टेम्पु चालक पुरुषलाई माफी माग्न लगाउने ऊ निडर स्वभावकी छे । युद्धमा सबै आफन्त गुमाएकी मनमाया आफु पनि माओवादी युद्धमा होमिएकी पात्र हो । लोग्नेले हेला गरेको हुँदा घर छोडेर अशक्त प्रेमी बोकेर हिँड्न सक्ने स्वाभिमानी स्वभाव उसमा देखिन्छ । युद्धकालीन समयले जन्माएका अपाङ्ग तथा घाइते माओवादी तथा सरकार दुबै पक्षले बेवास्ता गरेकोमा ऊ दुःखी छ । "जनयुद्ध सकियो द्वन्द्वमा घाइते भएका,अपाङ्ग भएका, घरबार बिहीन भएकाहरूलाई कसले हेर्ने ? न सरकारले वास्ता गऱ्यो ती त लावारिस झैँ सडकमै फालिए कसले सुन्ने उनीहरूको कथा व्यथा ?"(पृ.४०) देशका अराजक गतिविधिलाई देखेर त्यसप्रति आलोचनात्मक टिकाटिप्पणी गर्ने मुख पात्र हो । समग्रमा भन्दा मनमाया अुकुल विचारधारा भएकी निडर साहसी, सङ्घर्षशील सचेत नारी पात्र हो । समाजमा अपमानित भएर बस्न हुँदैन आफ्नो अधिकार लिनु पर्छ आइ लाग्नेमाथि जाइ लाग्नु पर्छ भन्ने विचार राख्ने सचेत नारी हो ।

**(ख) म**

म पात्र 'टेम्पु चालक मनमाया' कथाकी सहायक पात्र हो । एक शिक्षित सहरिया नारी हो । म पात्र नारीवादी विचारधारा भएकी पात्र हो । मनमायाको जीवनका बारेमा जिज्ञासा राख्नु र उसका समस्यालाई चिरफार गर्ने गरी नियाल्ने प्रवृत्ति यसमा देखिन्छ । बानेश्वर झर्नु पर्ने तर कोटेश्वरसम्म पुगेर मनमायाको जीवनको बारेमा बुझ्न खोज्ने प्रयासले यसलाई पुष्टि गर्दछ । समग्रमा शिक्षित, नारीवादी सोंच भएकी जिज्ञासु, गतिशील, मञ्चीय पात्रको रूपमा म पात्रको उपस्थिति रहेको छ । मनमायाका सम्पूर्ण क्रियालाप र जीवनसँग सम्बन्धित दुःख व्यक्त गर्ने माध्यम भएर मुख पात्रको भूमिकामा म पात्रलाई प्रयोग गरिएको छ ।

**(ग) अन्य पात्र हरू**

'टेम्पु चालक मनमाया' कथामा मनमाया र म पात्र बाहेक अन्य सबै देखा परेका गौण पात्र हुन् । तीमध्ये कोही प्रत्यक्ष रूपमा संलग्न छन् भने कोही अप्रत्यक्ष रूपमा आएका छन् । टेम्पु चालक, अन्तर्वार्ता दिन हिँडेको युवक, भलादमी मानिस, ट्राफिक आन्दोलनकारी यस कथाका गौण तर मञ्चीय पात्र हुन् । मनमायाको लोग्ने, उसको प्रेमी, सौता, बाबु, आमा, दाजु, छिमेकी नेपथ्य पात्र हुन् । टेम्पु चालक यस कथाको असभ्य पात्र हो । नारीहरूले काम गरेको मन नपराउने रूढिवादी परम्परित सोचको व्यक्ति हो । अन्तर्वार्ता दिन हिँडेको युवक हातमा डिग्रीको प्रमाणपत्र बोक्ने बेरोजगार नेपाली युवाको प्रतिनिधि पात्र हो । त्यस्तै मनमायाको दाजु बाबु माओवादी युद्धकालमा ज्यान गुमाउन पुगेका सर्वसाधारण हुन् भने आमा युद्धको परिणामले गर्दा विचलित भई आत्महत्या गर्ने पात्र हो । यसरी यस कथाका गौण पात्रले कथामा तत्कालीन यथार्थ र युद्धकालीन परिस्थितिलाई दर्साएका छन् । आइते जो मनमायाको प्रेमी हो उसले युद्धको समयमा आफ्ना दुबै खुट्टा गुमाएको छ भने सरकार तथा माओवादी दुबैबाट अपहेलित पात्रको रूपमा देखिन्छ र ऊ मनमायाको शरणमा बाँचेको छ ।

### ३.२.२ ३ परिवेश

'टेम्पु चालक मनमाया' कथाको परिवेश प्रत्यक्ष रूपमा काठमाडौँ शहरको परिवेश आएको छ । म पात्र टेम्पु चढेर बागबजार रत्नपार्क जानु र त्यसै टेम्पुबाट वानेश्वर हुँदै कोटेश्वर सम्म पुग्ने समयमा बाटोमा पर्ने ठाउँहरू नै यस कथाका मुख्य सहरी परिवेश हुन् । यस कथाको कालिक परिवेश पनि एक दिउँसो भरिमा पुरा भएको छ । टेम्पुमा बसेका मानिसका कुराकानी दिउँसो नै चोरीको समाचार, बाटोमा जाम पर्नु, माओवादी को सहर घेराउ गर्ने जुलुस बेरोजगार युवा जागिरको खोजीमा भौतारिरहनुले सहरिया संस्कृतिको छनक पाइन्छ । यस कथाको प्रत्यक्ष परिवेशमा सहरिया संस्कृति देखापरे पनि मनमायाको र म पात्र बिच भएको अन्तर्संवादले नेपालको  पश्चिम क्षेत्रको रोल्पा जिल्लाको ग्रामीण परिवेशको दृश्य पनि देखा पर्दछ । रोल्पाको ग्रामीण संस्कृति माओवादी युद्धकालीन समयको युद्ध विभीषिका टड्कारो रूपमा देखिन्छ । बहुविवाह गर्ने, सोझा साझा जनतालाई ललाई फकाई लैजाने सरकारी  पक्ष तथा  विद्रोही पक्षको बिचमा सोझा जनताले सास्ती खेप्नु पर्ने जस्ता दृश्यहरूले कथामा युद्धकालीन ग्रामीण परिवेशको झझल्को दिन्छन् । यस आधारमा हेर्दा कथाले प्रत्यक्ष रूपमा काठमाडौँको सहरको परिवेश र अप्रत्यक्ष रूपमा ग्रामीण परिवेशलाई देखाएको छ ।

### ३.२.२ .४ दृष्टिविन्दु

'टेम्पु चालक मनमाया' कथा प्रथम पुरुष कथन ढाँचामा लेखिएको कथा हो । यस कथामा 'म' पात्रको माध्यमबाट मनमायाको वर्तमान जीवनका साथै विगतमा घटेका अकल्पनीय दुःखको चित्रण गरिएको छ । वर्तमान घटनाक्रमलाई 'म' पात्रले वर्णनात्मक शैलीको माध्यमले प्रस्तुत गरेकी छन् । मनमायाको विगतका बारेमा भने प्रश्नोत्तरका माध्यमबाट संवादात्मक ढाँचा प्रयोग गरी कथा रचना गरिएको छ, जस्तैः

"मैले सोधेँ -तँपाइको घर कहाँ हो बहिनी ? रोल्पा...। उनले टेम्पु भद्रकालीबाट सिंहदरबार तर्फ मोड्दै भनिन्" (पृ.३६) ।

कथामा प्रथम पुरुष म पात्रको प्रयोग गरिए पनि यस कथामा मनमायालाई प्रमुख पात्रको रूपमा उभ्याइएको छ । त्यसैले 'टेम्पु चालक मनमाया' कथा प्रथम पुरुष कथन ढाँचामा आधारित परिधीय दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### ३.२.२ .५ उद्देश्य

'टेम्पु चालक मनमाया' कथाले  दश वर्षको द्वन्द्वका कारण घर परिवार गुमाएका तथा आन्तरिक विस्थापनका कारण टेम्पु चलाई दैनिक गुजारा गर्न बाध्य महिलाहरूको दीन, हीन स्थितिको चित्रण गर्नु कथाको मुख्य उद्देश्य हो । माओवादी युद्धमा होमिएका कैयौं युवाहरूले आफ्नो अङ्ग गुमाउन पुगेका छन् । दोस्रो दर्जाका नागरिक जस्तै बनेर जीवन गुजारा गर्ने, टेम्पु चलाउने, दैनिक ज्याला मजदुरी गर्ने, भारी बोक्ने जस्ता कार्य गरेका छन् । जो अशक्त छन् उनीहरू परिवारको बोझ जस्तै

बन्न पुगेका छन् । सरकारले त्यस्ता अशक्तको. कुनै संरक्षण नगरेको यथार्थता देखाउनु कथाको अर्को उद्देश्य हो । दश वर्षको विनाशकारी युद्धको समापन भए पछि पनि शान्ति सुरक्षाको प्रत्यभूति नहुनु, दिनहुको बन्द, जाम, हडतालबाट आम जनतामा निराशा छाएको कुरा समेत कथाले देखाएको छ, जस्तै : “अब यो देश रसातलमा पुगि सक्यो कसैले पार लगाउने छाट देखिएन नेताहरू शक्तिको होडबाजी मै मस्त छन् । यो देशलाई उभो लगाउने नेता नजन्मनु हाम्रो दुर्भाग्य हो” (पृ.३८) । यसरी युद्ध सकिए पछि पनि ठुलो परिवर्तनको आशा राखेका जनता माझ कुनै खास परिवर्तन आउन नसकेको विचार भलादमी मानिसबाट व्यक्त भएको छ । महिलाहरू आफ्नै सहकर्मीबाट पनि अपमान जनक व्यवहार सहनु पर्छ । त्यसैले अन्याय सहने होइन त्यसको प्रतिकार गर्नु पर्छ भन्ने विचार वाक्य प्रस्तुत गरिएको छ ।

### ३.२.२.६ भाषा शैली

‘टेम्पु चालक मनमाया’ कथा म पात्र र मनमाया बिच भएको कुराकानीमा आधारित छ । यो कथा प्रथम पुरुष कथन ढाँचामा लेखिएको छ । कथामा म पात्रको प्रयोग भए तापनि मनमाया प्रमुख पात्र भएकाले आन्तरिक परिधिय दृष्टिविन्दु कथन ढाँचामा कथा लेखिएको छ । संवादात्मक भाषाशैली भएकाले छोटा र बोली चालीका भाषिक वाक्य गठन कथामा प्रयुक्त छन् । मनमायाका भाषिक संवादबाट नै कथाले गति लिएको छ ।

संवादै संवादले भरिएको ‘टेम्पु चालक मनमाया’ कथामा भाषिक सजीवता प्राप्त गर्नको लागि रण्डी, वेश्या, मुर्दार( पृ.३५) जस्ता निम्न स्तरको भाषिक प्रयोग समेत यस कथामा गरिएको छ । त्यसैगरी कथामा निम्न अनुसारको उखानको प्रयोगले भाषिक मिठास र लयात्मकता थपि दिएको छ,-

ज्युँदै मरेसरी भएँ, (पृ.३८) दुःखेको घाउलाई कोट्याउनु, (पृ.३८) पत्थर झै हुनु, ,(पृ.३८) लावारिश झै सडकमा फालिनु, ,(पृ.४०) बेसार भनेपछि कोट्याउनु पर्छ र ?,(पृ.४१) । बोलीचालीको भाषामा प्रयोग हुने जड्या, जिल्लिएर, लबस्तरी जस्ता झर्रा शब्दको प्रयोग देखिन्छ ।

### ३.२.३ ‘निःशेष’ कथाको विश्लेषण

‘निःशेष’ कथा **समय-दंश** कथा सङ्ग्रहमा तेस्रो क्रममा रहेको कथा हो । यो कथा सर्वप्रथम **गरिमा** २०६७ माघ अङ्कमा छापिएको कथा हो । मझौला आकारको यो कथा किशोर अवस्था पार गर्दै गरेकी युवतीको प्रेमलाई विषय वस्तु बनाएर रचना गरिएको छ ।

### ३.२.३.१ कथानक

‘निःशेष’ कथामा प्रेम समबन्धित विषयलाई कथानकीय ढाँचामा उनिएको छ । कथामा यौवनको उकालो चढ्दै गरेकी सुलेखाको घरमा भाडामा बस्न आएको युवक आदित्य प्रतिको अनुरागपूर्ण भावमा उसले गरेको प्रेम कसरी टुङ्गिन्छ भन्ने कुरा देखाइएको छ । यस ‘निःशेष’ कथाको कथानकीय घटनाहरूलाई हेर्दा भाडामा बस्न आएको आदित्यको आर्कषण जिउडाल, र सफा चट्ट भएको बानीले सुलेखा आकर्षित हुन्छे । उसलाई आफ्नो मनभित्रको प्रेम चिठ्ठीको माध्यमले पोख्छे । अदित्य गाउँमा

गएर दुई महिनासम्म पनि नआउँदा आकुल व्याकुल हुन पुग्छे । रातमा मात्र बस्ने आदित्यको पदचाप सुनेर निदाउँछे । आफ्नो भावनात्मक प्रेम चिठ्ठीको माध्यमले व्यक्त गर्छे । आदित्य पनि सुलेखासँग आर्कषित भएको कुरा स्विकार्छ । आफू माओवादीको सक्रिय युवा नेता भएको भन्दै उद्देश्य पुरा भएपछि मात्र बिहे गर्ने भन्दै प्रेम प्रस्ताव स्विकार्छ । सोही दिन गिरफ्तार हुन्छ । अन्त्यमा २०६२-२०६३ को आन्दोलन पछि जेलबाट छुटेर मन्त्री हुन्छ । अति नै व्यस्त हुन्छ । पछि सुलेखाको प्रेमलाई सत्ता र पैसा भएपछि वेवास्तागर्न पुग्छ । एक टेलिभिजन अर्न्तवार्तामा आफूले सुलेखासँग गरेको वाचा विपरीत आदित्यले "एक त जीवनभर म यस्तरी व्यस्त भए कि विवाह गर्ने फुर्सद नै जुरेन । दोस्रो कारण आफूले इच्छाएको जीवन सँगिनी नै भेटिएन" (पृ.५०) भन्ने अभिव्यक्ति दिन्छ । यसरी सत्ता र पैसा प्राप्त गरेपछि प्रेम जस्तो पवित्र चिज पनि धमिलिन्छ भन्ने कुरा कथामा देखाइएको छ ।

### ३.२.३.२ चरित्र चित्रण

'निःशेष' कथामा सुलेखा सक्रिय आमा बाबु युवक (आदित्य) पुलिस लगायतका पात्रको प्रयोग गरिएको छ । जसमा सुलेखाका भूमिका प्रमुख रूपमा आएको छ भने आदित्य यस कथाको सहायक भूमिकामा देखा परेको छ ।

#### (क) सुलेखा

सुलेखा यस 'निःशेष' कथाकी प्रमुख पात्रको रूपमा देखापरेकी छे । आदित्य प्रति प्रेम अनुराग राख्ने सुलेखा गतिशील पात्र हो । सुलेखाको आत्मिक प्रेमलाई आदित्यले सत्ता र कुर्सी प्राप्त गरेपछि वेवास्ता गरेका कारण उसको जीवनमा अन्धकार छाउँछ भन्ने आशयका साथमा कथाको शीर्षक पनि निःशेष राखिएको छ । आकर्षक जिउडालबाट आर्कषण भएर प्रेममा डुबेकी सुलेखाले आदित्यसँगको सहमति अनुसार उसलाई हरेक क्रियाकलापमा सहयोग गर्छे । आदित्य व्यस्त हुन्छ । आफै प्रयत्न गरेर उसलाई भेट्न जान्छे । त्यसैले ऊ प्रेम प्राप्त गर्नको लागि सक्रिय देखिएकी छे । आदित्य महिनौ दिनसम्म काममा व्यस्त हुँदा उसलाई भेट्न आतुर सुलेखा आदित्य प्रतिको गहिरो प्रेममा डुबेकी छ । आदित्यको राजनीतिक उद्देश्य पुरा भएपछि विवाह बन्धनमा बाँधिने सपना देख्ने आम नारी चरित्र हो । बहिर्मुखी स्वभावकी सुलेखा कथामा निजी पात्रका रूपमा देखा परेकी छे । सुलेखाको आदित्यप्रतिको प्रेम र त्यसबाट उसका जीवनमा आएको उतरचढावलाई नै मूल विषय बनाइएकोले ऊ यस कथाकी प्रमुख चरित्र हो ।

#### (ख) आदित्य

आदित्य 'निःशेष' कथाको प्रमुख पुरुष पात्र हो । काठमाडौं बाहिर ग्रामीण इलाकाको आदित्य नेपाल कम्युनिष्ट पार्टी माओवादीको सक्रिय युवा नेता हो । सुलेखाको घरमा भाडामा बसोबास गर्ने आदित्यले सुलेखासित प्रेम गर्छ । सुलेखाको चञ्चलता शारीरिक आर्कषणता प्रति पनि आर्कषण छ । आफू माओवादी कार्यकर्ता भएको र राजनीतिक उद्देश्य पुरा भएपछि मात्र विवाह गर्ने सहमति राखेको आदित्य प्रेम गर्ने तर विवाह नगर्ने चरित्रमा देखा परेको छ । चुनाव जिताउन सुलेखाको सहयोग पाउँछ। उसका हरेक क्रियाकलापसँग नजिक भएर पनि उसलाई अन्ततः स्विकार्दैन । त्यसैले ऊ प्रेमलाई टुक्राउने खराब गतिशील पात्रको रूपमा देखापरेको छ । शक्ति र पैसा पाएपछि सबै

बिर्सिने आदित्य सत्ता मोह राख्ने नेताको प्रतिनिधि गर्ने पात्रको रूपमा देखा परेको छ । कथामा मञ्चीय रूपमा उपस्थित आदित्य स्वार्थी र विश्वासघाती पात्र हो ।

**(ग) अन्य पात्र**

'निःशेष' कथामा आमा सुप्रिया बाबु, पुलिस, कार्यकर्ता लगायताका अन्य गौण पात्रको पनि प्रयोग देखिन्छ । आमा कथामा मञ्चीय रूपमा उपस्थित भएकी घरभाडा दिने घरबेटीको प्रतिनिधित्व गर्ने चरित्र हुन् । सुप्रिया सुलेखाकी बहिनी हो । उसलाई कथामा अन्तर मुखी स्वभाव भएकी पात्रको रूपमा चिनाइएको छ । दिदीको आदित्यप्रतिको प्रेमभाव उसलाई थाहा भएपनि त्यसको उसले बेवास्ता गरिदिन्छे । ऊ यस कथाकी मञ्चीय पात्र हो ।

### ३.२.३.३ परिवेश

'निःशेष' कथामा २०६०-६१ साल तिरको काठमाडौँ सहरको परिवेशलाई लिएर कथा सिर्जना गरिएको छ । माओवादी नेता आदित्य एघार महिनापछि जेल जीवनबाट छुटेको र त्यसपछि चुनाव जितेर मन्त्री भएको प्रसङ्गले सो कुराको पुष्टि गर्छ । कथामा दुई तिन वर्षको कालिक परिवेशलाई लिएको छ । सुलेखाको घर, बाहिरको बातावरण जेल मन्त्री क्वाटर, गृहजिल्ला भौतिक परिवेशको रूपमा आएको छ । त्यस्तै कथाले प्रेमजस्तो मनोवैज्ञानिक विषय उठान गरेकाले कथामा भएको मानसिक परिवेश पनि उत्तिकै महत्वपूर्ण रहेको छ । आदित्य साँचो छोडी केही समय गाउँ गएको बेलामा सुलेखाको मनमा भएको मानसिक छटपटिलाई मानसिक परिवेशको रूपमा लिन सकिन्छ । "उनले केही सम्झे झैँ गरी राती सबै निद्रामा मस्त भएको बेला सुटुक्क कोठाभित्र पसिन् र सीरानी मुनी डायरी छ कि छैन भनी हेरिन् । सिरानीमुनी डायरी नपाई उनी पाखाको माछाझै छटपटिन् । उनीसित सम्पर्क गर्ने कुनै सूत्र भेट्टाइन्छ की भनी टेबलमाथिको किताब तथा कागजपत्रहरू ओल्टाइपल्टाई हेरिन्" (पृ. ४७ ) । सुलेखाले आदित्यलाई गरेको प्रेम तथा आदित्यले त्यसलाई नस्विकारेको अवस्थाको स्थितिलाई मानसिक परिवेशका रूपमा कथामा चित्रण गरिएको छ ।

### ३.२.३.४ दृष्टिविन्दु

'निःशेष' कथा एक चरित्र प्रधान कथा हो । यस कथामा सुलेखाको आदित्यप्रतिको आकर्षण तथा उसप्रतिको प्रेम समर्पणको बदलामा दिएको धोका पूर्ण व्यवहारलाई तृतीय पुरुष कथन ढाँचामा व्यक्त गरिएको छ । चरित्र प्रधान कथा भएकाले कथाकारले सुलेखा, सुप्रिया तथा सुदर्शनका क्रियाकलाप कथाबाहिर बसेर नै प्रस्तुत गरेकी छन् । कथाकारले सुलेखालाई नै केन्द्रमा राखेर सुलेखाका मानसिकताको चित्रण गरेकी हुँदा सुलेखा यस कथाकी प्रमुख पात्र हो । सुलेखाले आदित्यप्रति देखाएको समर्पण र प्रेमलाई तृतीय पुरुष कथन ढाँचामा चित्रण गरिएको हुँदा यस कथामा तृतीय पुरुष कथन ढाँचामा आधारित बाह्य सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ३.२.३.५ उद्देश्य

शक्ति सत्ता र कुर्चीको मोहमा फसेपछि संसार बिर्सने नेपाली नेताको प्रवृत्तिलाई प्रस्तुत गर्नु नै 'निःशेष' कथाको उद्देश्य हो । आदित्यले सुलेखा प्रति गरेको प्रेम तथा दिएको वचन एकै छिनमा

टुक्राइदिन पुग्छ । सत्ताको दाउपेचमा उनले संसार भुले । यसरी आदित्य सुलेखाको जीवनबाट चङ्गाझै आकाशमा कावाखान थाले (पृ.५०) ।" यसरी सत्ता मोहमा परेपछि जीवन सङ्गिनी र आफूले गरेको प्रेम लत्याउने युवा पुस्ताको अवसरवादी प्रवृत्ति केलाउनु यस कथाको अर्को उद्देश्य हो ।

### ३.२.३.६ भाषाशैली

कथाकार सिंहले 'निःशेष' कथामा आफू कथा बाहिर नै बसी कथाको सम्पूर्ण क्रियाकलापलाई तृतीय पुरुष कथनढाँचाका आधारमा प्रस्तुत गरेकी छन् । त्यसैले कथा वाह्य दृष्टिविन्दुमा आधारित भएर अभिव्यक्त गरिएको छ । वर्णनात्मक शैली, कतै छोटा संवादात्मक वाक्य ढाँचा, कतै मानसिक परिवेशको चित्रण गर्दा वणनात्मक रूपमा लामा लामा संयुक्त वाक्यको अधिक प्रयोग देखिन्छ । कथ्य भन्दा लेख्य मानक भाषाको प्रयोग कथामा देखिन्छ । कतै कतै भने काव्यात्मक भाषिक अभिव्यक्ति पाइन्छ । कथामा टुक्काको प्रयोगले भाषिक अभिव्यक्तिमा रसात्मकता थपिदिएको छ, जस्तै-

मनमा डेरा जमाउनु आइपुगेको (पृ.४४), मनभित्रको अध्यारो धपाउँदै भनिन् (पृ.४५), शङ्कै शङ्काको भूमरीमा भूमरी रह्यो (१४६), त्यस्तै भाषालाई उकालो चढ्नु (४२), आँखा तर्नु (४५), पाखाको माझाझैं छटपटाउनु (४६), शुन्य दृष्टि फ्याक्नु (४६), आँखा छल्नु (४७) ।

## ३.२.४ 'बहिर्गमन' कथाको विश्लेषण

'बहिर्गमन' **समय-दंश** कथा सङ्ग्रहमा चौथो क्रममा रहेको कथा हो । यो कथा सर्व प्रथम **नेपाली राजनीतिक कथाहरू** नामक पत्रिकामा २०६६, माघमा प्रकाशन भएको हो । यसमा माओवादी द्वन्द्व र जनआन्दोलन-२ पछाडिको तत्कालीन परिवेशलाई केन्द्रविन्दु बनाइएको छ ।

### ३.२.४.१ कथानक

कथाकारले आफ्ना अभिव्यक्ति प्रस्तुत गर्न लिएको कथानकीय विषय वस्तु नै कथा वस्तु हो । "वास्तवमा कथावस्तु भन्नु नै स्वयम् कथाकारको विचार धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो (श्रेष्ठ, ९ : २०६०) ।" यस कथामा पनि रोजगारीको अवसर खोज्ने क्रममा बिदेसिएका, युवापुस्ताको प्रतिनिधि पात्र प्रभातको दुई महिना स्वदेश बसाईका क्रममा घटेका घटनाहरूलाई आधार बनाएर कथावस्तु सिर्जना गरिएको छ । त्रिभुवन विमानस्थलमा पाइला टेक्दा प्रभातमा उत्पन्न मातृभूमिप्रतिको मोह र छोडेर जान लाग्दा आमा र मातृभूमिप्रतिको स्नेहजन्य पीडालाई यथार्थ रूपमा केलाइएको छ । यस कथामा माओवादी युद्धकालीन समय र जनआन्दोलन-२ पछाडिको नेपाली राजनीतिक परिस्थितिको यथार्थपरक चित्रण गरिएको छ ।

'बहिर्गमन' कथाको घटनाक्रमलाई हेर्दा प्रभात विमानस्थलवाट घरमा जानु, नुहाउन लाग्दा बाथरुममा पानी नहुनु, साँझमा लोडसेडिङ्ग हुनु, जस्ता घटनाक्रमलाई देखाइएको छ । कथामा समाचारका माध्यमद्वारा दिनानुदिन, हत्या, हिंसा, चोरी, बन्द, हड्तालसमेत देखाइएको छ । उसको दुई महिनाको नेपाल बसाइ पट्यार लाग्दो देखाइएको छ । उसले आफ्ना आधारभूत आवश्यकता

पूरा नभएकोले अमेरिकाको सुखद बसाइलाई सम्झन पुग्दछ । सपरिवार मनकामना जानु, बाटोमा चक्काजाम र घरमा आउँदा चोरी हुनु, आमालाई समेत अमेरिका लैजान खोज्नु, आमाले आफू नेपालमा नै बस्ने बरु बहिनीलाई सँगै लान आग्रह गर्नु, बहिनी र आफू अमेरिका प्रस्थान गर्नुजस्ता घटनाक्रममा यस कथाको कथावस्तु उनिएको छ । त्यस्तै दश वर्षसम्म चलेको युद्धको कारणले बाबु-आमा दुवै गुमाएको रामेलाई घरेलु कामदारको रूपमा प्रस्तुत गरी युद्धले पारेको प्रभावलाई देखाउन खोजिएको छ । राजनीतिक दुर्नियतिकै कारण देशले के-कस्तो समस्या भोल्नुपरेको छ र आजका युवा पुस्ता किन, कसरी र कुन रूपमा आँखामा आँसु लिएर विदेश पलायन हुन बाध्य भइरहेका छन् भन्ने कटु यथार्थलाई 'बहिर्गमन' कथाले प्रस्तुत गरेको छ ( भट्टराई, २०६८ : ८) । यही सामाजिक विषयमा आधारित भएर यस कथाको कथानक सिर्जना गरिएको छ ।

### ३.२.४.२ चरित्र

कथानकलाई गति प्रदान गरी अगाडि बढाउने क्रियाशील तत्त्व नै पात्र वा चरित्र हो । मानव जीवनकोव्यापक भाग्य उतार्ने तत्त्व नै चरित्र हो । सामाजिक संरचनाको चित्र चरित्रले नै उतार्ने गर्दछ (सुवेदी, २०६४ : २३) । यस कथामा प्रभात, आमा, फुपू, रामे बहिनी, नेता प्रभातका छोराछारी श्रीमती आफन्तहरू छरछिमेकी, पुलिसलगायतका पात्रहरूको प्रयोग गरिएको छ । जसमध्ये प्रभात यस कथाको मुख्य पात्र हो भने आमा सहायक पात्र हुन् । यस कथामा प्रयुक्त अन्य पात्र भने गौण किसिमका छन् ।

**(क) प्रभात**

प्रभात 'बहिर्गमन' कथाको प्रमुख बद्ध, अनुकूल, मञ्चीय पात्र हो । कथावस्तु उसकै केन्दीयतामा अगाडि बढेको छ । ऊ रोजगारीको खोजीमा विदेश पलायन हुने युवा पुस्ताको प्रतिनिधि पात्र हो । आफूसँगै आमा र बहिनीलाई अमेरिका लैजान चाहेकाले उसमा पारिवारिक दायित्वको बोध भएको देखिन्छ । जन्मभूमिप्रति अत्याधिक माया भए तापनि नेपालको अभावलाई विदेशको रमभम र सुख सुविधासँग तुलना गरेकाले उसमा भौतिक सम्पन्नताप्रति अत्यन्त मोह छ । ऊ यहाँको अभावग्रस्त जीवन भोग्न तयार छैन । मनकामना दर्शन गर्न जानु तथा आमा र मातृभूमिको शान्ति सुरक्षाका लागि पशुपतिनाथसँग प्रार्थना गरेकाले धार्मिक पात्र हो । द्वन्द्वका कारण विदेश पलायन भएको प्रभातका मध्यमवाट तत्कालीन नेपाली समाजका यथार्थलाई अभिव्यञ्जित गरिएको छ । ( गौतम, : २०६७) । तथापि देशको स्थिति सुध्रिएमा आफूलगायत सबै नेपाली स्वदेश फर्किनेछन् भन्ने आशावादी पात्र हो । प्रभात नेपालको अराजक संस्कृति तथा विकृतिमा बस्न नसकी विदेश पलायन हुने नेपाली युवा पुस्ताको प्रतिनिधि पात्र हो ।

(ख) **आमा**

आमा 'बहिर्गमन' कथाकी सहायक नारी पात्र हुन् । आफ्नो सन्तानको उज्ज्वल भविष्यको कल्पना गर्दै आफ्ना सन्तान अध्ययन तथा रोजगारीका लागि युरोप र अमेरिका जस्ता पश्चिमी मुलुकमा पठाउने अभिभावकको रूपमा प्रस्तुत गरिएको छ । छोराछोरी बिदेसिने र उतै बस्ने सोँच बनाउँदा पनि छोराछोरीसँग विदेश जान तयार छैनन् । उनलाई आफ्नो संस्कृति र मातुभूमिप्रति अगाध माया मोह छ । नेपालको लोडसेडिङ, काठमाडौंमा पानीको अभाव, बन्द हडताल, चोरी डकैती, बढ्दै

गएको असुरक्षा जस्ता कुराहरूबाट असन्तुष्ट छन् । त्यसैले नेपालमा आफ्नो सन्तानको राम्रो भविष्य देख्दिनन् । श्रीमानको मृत्यु पश्चात एकल जीवन बिताएकी आमाले नेपाली सामाजिक सांस्कृतिको अनुसरण गरेकी छन् । यस कथाकी सहायक मञ्चीय तथा बद्ध पात्र हुन् ।

**(ग) अन्य पात्र**

यस कथामा रामे, प्रभातकी बहिनी, चोर, पुलिस, बन्दकर्ताहरू अन्य तथा गौण पात्रको प्रयोग गरिएको छ । रामे प्रभातको घरमा काम गर्ने चौध वर्षको घरेलु कामदार हो । युद्धकालीन समयमा सानो छँदा बाबुआमा गुमाउन पुगेको द्वन्द्व पीडित बालक हो । प्रभातकी बहिनी अध्ययन तथा रोजगारीको लागि बिदेसिने आम नेपाली युवाको प्रतिनिधित्व गर्ने पात्र हो । चोर असामाजिक कार्य गर्ने आपराधिक क्रियाकलापका प्रतीक हुन् भने बन्दकर्ताहरू देशको अराजकताको स्थिति देखाउन प्रयुक्त पात्र हुन् । पुलिसको भूमिका कथामा नगन्य रूपमा मात्र छ ।

### ३.२.४.३ परिवेश

पात्रले देखे भोगेको सामाजिक परिस्थितिलाई परिवेशको रूपमा लिइन्छ । "वातावरण भन्नाले स्थान समाज र त्यस निश्चित समयको वातावरण भन्ने बुझ्नुपर्दछ ( आचार्य र अन्य, २०५४ : ९) ।" बहिर्गमन कथामा केही मात्रामा अमेरिकाको प्रसङ्ग आए तापनि मुख्य रूपमा काठमाडौं र मनकामनाको परिवेश चित्रण गरिएको छ । प्रभातले त्रिभुवन विमानस्थलमा पाइला टेक्नु, टयाक्सी चढेर घरमा जानु लोड्सेडिङ्गले पानी तान्न नपाउनु, काठमाडौं धुलो धुवाँ एक महिना बसाई, आन्दोलन, बन्द, हड्तालले काठमाडौंको प्रत्यक्ष परिवेशको चित्रण गरेको पाइन्छ ।

प्रभातले मातृभूमिमा पाइला राख्दै गर्दा पाएको मानसिक सुखद अनुभूति तथा घरमा आएपछि आधारभूत सेवा अन्तर्गतको पानी, विद्युत अभावले हुन गएको असुविधापछिको मानसिक उतार चढावलाई मानसिक वा आन्तरिक परिवेशको रूपमा लिन सकिन्छ । एक महिनाको काठमाडौं बसाईपछि मनकामना दर्शनमा जानु, बाटोमा ट्रकले किल्चेर बच्चा मारेको निहुँमा चक्काजाम हुनु, घरमा आउँदा चोरी हुनुले माओवादी जनयुद्ध थामिएपछि त्यसबाट निस्किएका समस्या, दिनहुँ जसो हुने बन्द, हड्ताल असुरक्षा, हत्या, हिंसा, लुटपाट भएको र गणतन्त्र पछि पनि आम जनताले सोचे अनुसारको परिवर्तन नभएको देखाइएकाले जन आन्दोलन-२ पछिको नेपाली राजनीतिक परिवेशको चित्रण पाइन्छ । प्रसङ्गवश अमेरिकाबाट आएको प्रभात उतै फर्केको देखाइएको भए तापनि मुख्य रूपमा द्वन्द्वकालीन नेपाली राजनीति र त्यसपछाडिको नेपाली राजनीति तथा त्यसको केन्द्रबिन्दु काठमाडौंलाई नै यस कथाको मूल परिवेश बनाइएको छ ।

### ३.२.४.४ दृष्टिविन्दु

दृष्टिविन्दु कथाकारको विचार अभिव्यक्ति गर्ने माध्यम हो । यो घटक प्रस्तुतीकरणसँग सम्बद्ध हुन्छ । लेखकले आफ्नो दृष्टिकोण कुन पात्रको प्रयोग गरेर अभिव्यक्ति दिने भनेर दृष्टिविन्दुले निर्दिष्ट गर्दछ । दृष्टिविन्दु त्यो स्थान वा सीमा हो जसको माध्यमवाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्ग समक्ष पुऱ्याउँदछ (श्रेष्ठ, २०६० : १०) । यस कथामा पनि त्रिभुवन विमानस्थलमा पाइला टेक्नासाथ आफ्नो देशको माटो सुगन्धले प्रभातको नसा-नसामा खुसी संचार भयो भन्ने सुरुवातको

वाक्य, बिदाइको हात हल्लाउँदै विमानस्थलमा चढे भन्ने अन्तिम वाक्य, तथा बिच बिचमा प्रयोग भएको सम्पूर्ण वाक्य गठनलाई समेत हेर्दा यो कथा तृतीय पुरुष वाक्य ढाँचामा लेखिएको छ । आमा यस कथाकी सहायक पात्र हुन् । बहिनी रामे, पुलिस फुपूलगायतका पात्रहरूको क्रियाकलापलाई लेखकले गौण रूपमा स्थान दिइएको देखिन्छ । यी सबै पात्रलाई लेखकले आफ्नो इच्छा अनुसार चलाएको देखिन्छ । यस कथाका सम्पूर्ण घटनाक्रम र पात्र प्रयोगलाई हेर्दा लेखकले कथा बाहिर बसी सम्पूर्ण पात्रका क्रियाकलाप नियाले तापनि मुख्य रूपमा प्रभातको क्रियाकलापलाई स्थान दिएको देखिन्छ । यदी लेखकद्वारा तृतीय पुरुषपात्र नियोजित गरिएको छ भने तृतीय पुरुष दृष्टिविन्दु हो । ( सुवेदी, २८ : २०६४) । त्यसैले यस कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### ३.२.४.५ उद्देश्य

कुनै कथामा स्रष्टाले व्यक्त गर्न खोजेको मूल विचार नै उद्देश्य हुन्छ । जुनसुकै रचना सिर्जना गर्दा स्रष्टाले कुनै न कुनैउद्देश्य राखेको हुन्छ । कथामा अभिव्यक्ति भएका विचार वाक्यलाई उद्देश्यका रूपमा लिइन्छ । युवा पुस्ता वैदेशिक रोजगारीका लागि जान बाध्य परिस्थितिलाई प्रभावकारी रूपमा देखाउनु बहिर्गमन कथाको मुख्य उद्देश्य रहेको छ । नेपाली युवा आफ्नो परिवार र देशप्रति अगाध माया हुँदाहुँदै पनि नेपाली राजनीतिक परिस्थितिका कारण बिदेसिन बाध्य छन् । उनीहरूलाई विदेशको भौतिक सुखसुविधाले तानेको छ भनी देखाउन खोजिएको छ । गणतन्त्र आगमनपछि देशको अवस्था सुध्रिनेछ भन्ने आम नेपालीको विश्वासमाथि पनि कुठाराघात भएको देखाउनु यस कथाको उद्देश्य हो ।

### ३.२.४.६ भाषाशैली

भाषा साहित्यिक अभिव्यक्ति मात्र नभएर मानवीय अनुभूति र अभिव्यक्तिको माध्यम हो । प्रस्तुत 'बहिर्गमन' कथामा विधा मिश्रण गरी समाचारको भाषा समेत प्रयोग गरिएको छ । वर्णनात्मक शैलीमा लेखिएका यस कथामा प्रश्नात्मक वाक्यको अत्यधिक प्रयोग पाइन्छ । केही मात्रामा छोटाछोटा संवादात्मक वाक्यगठन भए तापनि वर्णनात्मक शैलीका कारण मिश्र वाक्य र संयुक्त वाक्यको बाहुल्य पाइन्छ । 'क्यान्डिल लाइट डिनर' लिस्ट, फिङ्गर प्रिन्ट, प्याकिङ्ग जस्ता अङ्ग्रेजी शब्दको प्रयोग भएको पाइन्छ । आँखासामु मस्कीमस्की जिस्कनु, चक्रव्यूहबाट उदास उदास झोक्राइरहे झैँ जस्ता अनुप्रासयुक्त काव्यिक भाषाको प्रयोगले कथामा माधुर्य भरिएको छ । यस कथामा, पूजा, पुलकित, मूर्त, सामीप्य जस्ता तत्सम शब्दको प्रयोग पाइन्छ । लुटपुटिनु, झिलिमिली, वात मार्नु, गनगन, ढ्याङ्ग्रो, टुहुरो जस्ता झर्रा नेपाली शब्द प्रयोग र झलक्क, सपक्क, झल्मल्ल, टुक्रुक्क, हस्याङ्फस्याङ् जस्ता अनुकरणात्मक शव्दको प्रयोगले भाषमा नेपालीपन झल्किन्छ । चुर्लुम्म डुब्नु, जुन जोगी आए पनि कानै चिरेको, काँचुली फेर्नु, दुई थोपा आँसु आदिजस्ता उखान टुक्का युक्त भाषिक प्रयोगले कथामा मिठास थपिएको छ । हार्दिकतायुक्त कथ्यशैली अत्यन्त सरल भाषाशैलीका कारण जीवन्त र पठनीय बनेका छन् (भट्टराई, २०६८ : ८ ) ।" भाषिक प्रयोगलाई हेर्दा वर्णनात्मक शैली भए तापनि सरल र सरस उनका कथामा भेटिन्छ ।

### ३.२.५ 'निःशब्द' कथाको विश्लेषण

'निशब्द' **समय-दंश** कथा सङ्ग्रहमा पाँचौ क्रममा रहेको कथा हो । यो कथा सर्वप्रथम **गरिमा** ( मङ्सिर, २०६६ ) मा प्रकाशनमा आएको थियो । तरकारी बेचेर जीविका निर्वाह गर्ने निम्न वर्गीय पात्र जोगेन्दरको एक दिनको दैनिकी र उसको मानसिक उतार चढावमा आएको उदास भावनाको संयोजन गरी कथा लेखिएको छ ।

### ३.२.५.१ कथानक

'निःशब्द' कथा काठमाडौंको गल्ली गल्लीमा दिनहुँ जसो तरकारी बेचेर आफ्नो जीविकोपार्जन गर्ने सडक व्यापारीको दिनचर्यामा आधारित कथा हो । विष्णुमती कै छेउमा भएको घरको छिडीसँग बस्ने र काम गर्ने रामभरोसे र जोगेन्दर तरकारी व्यापारी हुन् । उनीहरू दश वर्षदेखि यही गल्लीमा तरकारी बेच्ने जोगेन्दर एक दिन कालिमाटीबाट तरकारी ल्याई बेच्ने क्रममा घटेका घटना र उसलाई गरेको अपमानजनक व्यवहारको संयोजन गरी कथानकको सिर्जना गरिएको हो ।

'निःशब्द' कथाको कथानकलाई हेर्दा, जोगेन्दर एका बिहानै कालीमाटीबाट टोकरीभरि तरकारी भरेर बेच्नको लागि गल्ली गल्ली चाहर्दै हिँड्नु, एक महिलालाई पैंतिस को लौका तिस मा बेचेर बोहनी गर्नु, अर्को ग्राहकले रु. बिस को टमाटरको भाउ सोध्नु र अपमानजनक गाली गर्नु साला ठगता है । पन्ध्र के भाव मे देगा ? ना हजुर, पन्ध्र मे तो हमी खरीदा हैं । जाओ, जाओ, आपना रास्ता नापो ( पृ. ५९), बाटोमा जुलुस  आउनु पहिला एक टोकारी तरकारी सडकमा फालिदिएको सम्झेर जोगेन्दर डराउनु, अर्को ग्राहकले रामतोरियाको भाउ सोधी हकार्नु, भोक लागेकोले सडक छेउमा नै रोटी तरकारी खानु, आफ्नो नौतनवाँ रहेको घर सम्झनु, साँझ डेरामा फर्केपछि रामभरोसेलाई आफू घर फर्कने कुरा गर्नु, रामभरोसेले उसलाई सम्झाउनु, बिहान उठेर कलङ्की जानु, त्यहाँ रामविलाससँग भेट हुनु, गाउँमा भोकमरी र हैजा आएको खराब प्राप्त गर्नु र उल्टै रामविलासलाई रु दुई हजार दिएर डेरा फर्कनु र तरकारी बेच्न हिड्नु जस्ता साना साना घटनाक्रमको संयोजनबाट कथानकको सिर्जना गरिएको छ ।

### ३.२.५.२ पात्र वा चरित्र

चरित्रले नै कथानकीय डोरीलाई अगाडि बढाउने जिम्मा लिएको हुन्छ । 'निःशब्द' कथामा जोगेन्दर कथाको प्रमुख पात्र हो । रामभरोसे, रामविलास, ग्राहक घरवेटी गौण पात्रका रूपमा देखा परेका छन् ।

**(क) जोगेन्दर**

जोगेन्दर 'निःशब्द' कथाको प्रमुख चरित्रको रूपमा देखा परेको छ । बिहान उठेदेखि उसका दैनिक जीवनमा घटेका घटनाहरूलाई केन्द्रमा राखेर उसलाई त्यसले पारेको मानसिक प्रभाव समेत कथामा वर्णन गरिएकाले ऊ यस कथाको केन्द्रीय चरित्र हो । उमेर ढल्कदै जाँदाको अवस्था छ । तथापि उसले दश वर्षदेखि काठमाडौँमा तरकारी बेच्दै आएको छ । छोरो बेपत्ता भएकाले नाति नातिनीको लालनपालन पनि उसकै जिम्मामा थोपरिएको छ । ऊ घर परिवारसँग बस्न चाहन्छ तर नौतनवामा

कुनै खास काम नपाउने हुँदा आर्थिक आय आर्जनको लागि परदेशमा बस्न विवश निम्न वर्गीय पात्र हो । पारिवारिक दायित्व बोध गर्न सक्ने सत् चरित्रका रूपमा देखा परेको छ । ग्राहकहरूको अपमानजनक व्यवहार सहन गर्ने र नम्र व्यवहार गर्ने जोगेन्द्रर सहनशील तथा गतिहीन चरित्रको छ । उसको चेतन मानसिकालाई कथामा यसरी देखाइएको छ-

“लोकतनत्र भनेको छाडातन्त्र हो .......? लोकतन्त्र आएपछि सबै कुरा राम्रो व्यवस्थित हुन्छ भनेको त केही कुरा मिलिराखेको छैन” (पृ. ६१) ।

उपर्युक्त कुरा गर्न सक्ने जोगेन्दर चेतनशील पात्र हो । उसको चरित्र गतिशील किसिमको छ । जोगेन्दर दिनहुँ जसो फुटकर व्यापार गरी परिवार धान्ने निम्न वर्गीय मानिसको प्रतिनिधि पात्र हो ।

**(ख) अन्य पात्र**

यस ‘निःशब्द’ कथाका रामभरोसे, रामविलास, आइमाई, हिन्दीभाषी युवक, अधबैंसे ग्राहक, जोगेन्दरकी बुढी, छोराबुहारी,नाती नातिनी, लगायतका पात्रको भूमिका गौण छ । रामभरोसे यस कथामा तरकारी व्यापारी हो । एउटै गाउँबाट तरकारी बेच्न काठमाडौँ छिरेको पात्र जोगेन्दर घर जान लाग्दा नजान आग्रह गर्ने असल मित्र पनि हो । कथामा प्रत्यक्ष रूपमा देखापरेको ऊ मञ्चीय तथा गतिहीन छ । रामविलास पनि निम्नवर्गको प्रतिनिधित्व गर्ने असल पात्र हो । जोगेन्दरलाई गाउँको खबर बताएर घर फर्कनबाट रोक्ने मञ्चीय पात्र हो । आइमाई कथाकी असल ग्राहक हो । हिन्दीभाषी ग्राहक, युवक, अधबैसे ग्राहक कथाका खराब चरित्रका रूपमा देखा परेका छन् । निम्न स्तरका व्यक्तिलाई हेपाहा दृष्टिले हेर्ने र अपशब्द प्रयोग गर्ने उनीहरू मञ्चीय पात्र हुन् । बुढी, छोरा, बुहारी, नाति नातिनी, जोगेन्दर सम्झनामा आएका नेपथ्य पात्र हुन् । बुढीले यस कथामा दैनिक आर्थिक आय प्राप्त गरी घर चलाउन लोग्नेलाई परदेश पठाउनुपर्ने निम्न वर्गको प्रतिनिधित्व गरेकी छे ।

### ३.२.५.३ परिवेश

काठमाडौँको प्रत्यक्ष परिवेश ‘निःशब्द’ कथाको परिवेश हो । विष्णुमतीको किनार, कालिमाटीको तरकारी बजार ताहाचल छिर्ने गल्लीको वर्णन यस कथाको प्रत्यक्ष रूपमा देखापरेका छन्, जस्तै-

“ऊ फेरी साइकल डोर्‍याउदै कालीमाटी चोक बल्खुतिर हानिन्छ । दिनभरी चिच्चाउँदै चप्पल घिसार्दै ऊ गल्ली गल्ली घुम्दै तरकारी बेची साझँपख लखतरान परी विष्णुमती छेउ अवस्थित आफ्नो डेरामा फर्किन्छ” । (पृ.६२)

सडकमा हुने जुलुस, तथा पुत्ला दहनले काठमाडौँको परिवशलाई जीवन्त तुल्याइएको छ । त्यस्तै कलङ्कीको कोलाहल र बस चढ्ने र झर्ने यात्रीका कुराकानी बाट पनि यहीको परिवेश हो भन्ने थाहा हुन्छ । यति मात्र नभएर यस कथामा भारतको नौतनवा तथा त्यहाँको बस्ती बाटोको परिवेश पनि अप्रत्यक्ष रूपमा वर्णन गरिएको छ । ग्राहकहरूको हेपाहा प्रवृत्तिले गर्दा तथा घरको मायाले जोगेन्दरको मानसिक उतार चढावको सिर्जना भएको छ । यसरी उसका मानसपटलको समेत वर्णन

गरिएकाले जोगेन्दरको मानसिकताको समेत चित्रण कथाले गरेको छ । यस कथामा बाह्य परिवेशका साथै आन्तरिक परिवेशको पनि प्रयोग भएको देखिन्छ ।

### ३.२.५.४ दृष्टिविन्दु

'निःशब्द' कथा काठमाडौँमा दैनिक तरकारी बेचेर गुजारा चलाउने निम्न वर्गको मानिसको दैनिक जीवनमा आधारित कथा हो । यस कथामा जोगेन्दरको माध्यमबाट टोकरीमा तरकारी बेच्ने व्यापारीले आफ्ना ग्राहकबाट पाएको अपहेलना तथा अमानवीय व्यवहारलाई तृतीय पुरुष कथन ढाँचाबाट प्रस्तुत गरिएको छ । कथाकारले  जोगेन्दको एक दिनको सबै कार्य कलाप तथा उसको मानसिकता, घरप्रतिको माया, आर्थिक अभावसँग तुलना गरेर मनोवैज्ञानिक रूपमा चित्रण गरेकी छन् । जोगेन्दर यस कथाको प्रमुख पात्र हो । कथाकारले जोगेन्दरका प्रत्येक अनुभव र कार्यहरू कथाबाहिरबाट नै तृतीय अभिव्यक्ति शैलीमा प्रस्तुत गरेकाले यस कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ३.२.५.५ उदेश्य

'निःशब्द' कथामा दैनिक रूपमा घरघरमा तराकरी पुऱ्याएर सबैलाई तकारी किन्न जानुपर्ने समयको बचत गराउने घुमन्ते तरकारी व्यापारीमाथि ग्राहकबाट हुने हेपाहा प्रवृत्तिको चित्रण गर्नु मूल उद्देश्य हो । निम्न वर्गीय ती तरकारी व्यापारीहरूले ग्राहकहरूबाट धन्यवाद प्राप्त गर्नुपर्ने हो तर व्यापारीहरूले अपमानजनक गाली तथा व्यवहार सहनुपर्ने हुन्छ । त्यसबाट उनीहरूलाई मानसिक छटपटाहट हुन्छ तर पनि उनीहरू त्यसको प्रतिकार गर्न सक्दैनन् भनि देखाउनु कथाको अर्को उद्देश्य हो । यस कुरालाईक कथामा यसरी अभिव्यक्त गरिएको छ-

"मान्छेहरूमा विवेक  र धर्म अब रहेन । मान्छेले मान्छेलाई मान्छे जस्तो व्यवहार किन गर्दैनन् ? भन्न पायो भन्दैमा जे पनि भन्ने ? शब्द अपशब्दको कुने ख्यालै नराख्ने ? जोगेन्दरको चित्त हुन सम्म दुःख छ" (पृ.६१) । कथामा परदेशमा आई जीविकोपार्जन गर्ने निम्नवर्गीय व्यापारी माथी मानवीय व्यवहार गर्नुपर्छ भन्दै मानवीय विचार व्यक्त गरिएको छ ।

### ३.२.५.६ भाषा शैली

भाषा सिर्जनालाई अभिव्यक्ति गर्ने माध्यम हो । यस 'निःशब्द' कथामा वणनात्मक शैलीको भाषिक अभिव्यक्ति पाइन्छ । वर्णनात्मक भाषिक अभिव्यक्तिमा पनि छोटा छोटा भाषिक वाक्य गठन यस कथाको अर्को भाषिक विशेषता हो । कथामा जोगेन्दर र रामभरोसे बिच भोजपुरी भाषिक संवाद पनि प्रयोग गरी कथाले भाषिक सजीवता प्राप्त गरेको छ जस्तै- हम काल घर चलिआइन, अपने घर जाके कौन काम करेम ? जे मिली वही काम करेम (पृ.६८) । त्यस्तै कथा अनुकरणात्मक शब्दहरू चुर्लुम्म झल्याँस्स (प.६३) टुक्रुक्क पृ. ५८ जुरुक्क (पृ.६५) प्रयोग भएको छ । कथामा यस प्रकारका टुक्काको भाषिक प्रयोग देखिन्छ,- ठाडो  खुट्टा हुनु (६०) डिंच्च दाँत देखाउनु (पृ.६१)

चुर्लुम्म डुब्नु (पृ. ६८), मनमा आँधिबेहेरी चल्नु (पृ. ६३) छाक टार्नु (पृ.६४) । कथामा यस प्रकारका संवाद तथा उखन टुक्काको प्रयोगले भाषिक अभिव्यक्तिमा मिठास थपि दिएको छ ।

### ३.२.६ 'बिरानो आकाश' कथाको विश्लेषण

'बिरानो आकाश' **समय-दंश** कथा सङ्ग्रहमा छैठौँ क्रममा रहेको कथा हो । यो कथा सर्वप्रथम मधुपर्कको २०६७ असोज अंकमा छापिएको कथा हो । घरेलुकादारको रूपमा तेस्रो मुलुकमा जाने, त्यहाँ शोषणमा परी आफ्नो अस्तित्व गुमाउन पुगेको नेपाली चेलीको पीडालाई समेटेर कथा लेखिएको छ ।

#### ३.२.६.१ कथानक

'बिरानो आकाश' कथा घरेलु कामदारको रूपमा तेस्रो मुलुकमा गई काम गर्ने महिलाको जीवनमा घटेका घटनालाई आधार बनाई सिर्जना गरिएको छ । कथाको कथानकलाई हेर्दा कान्छीले मलेसियामा एक वर्षको समय बिताएको र उसले सो अवधिमा भोगेका यौन दुर्व्यवहार र अन्य वैदेशिक समस्यामा आधारित भएर उसको आन्तरिक मनमा घटेका मनोदशालाई केलाउने प्रायस गरिएको छ । कान्छी मलेसियाको एक सानो मुस्लिम परिवारको घरमा कार्य गर्दै आएकी छे । माओवादी युद्धका कारण पुलिसमा भएको पतिलाई गुमाउन पुगेकी कान्छीका छोरा छोरीको पालनपोषण गर्न घरेलु कामदारको रूपमा मलेसिया गएकी हो । विदेशी भूमिमा भए तापनि उसले आफ्नो देश सम्भिन्छे । एकल महिलाको जीवन गुजारेकी कान्छीलाई घरमा जेठाजुको यौन दुर्वव्यवहार गर्न खोजेको छ । त्यसपछि ऊ गाउँमा बस्न नसकेर विदेशतिर हानिएकी हो । अत्यन्त राम्री कान्छीलाई मलेसियामा पनि मालिकले यौन भोग पूरा गर्न पटकपटक आग्रह गर्छ । कान्छीले त्यस कुरालाई नमानेपछि उसले जबर्जस्ती एक दिन बलात्कार गर्न खोज्छ कान्छीले प्रतिकार गर्दा मुर्तिले टाउकोमा हान्छे । जसले गर्दा मालिकको मृत्यु हुन्छ । पुलिस आएर उसलाई लैजान्छ । "कान्छीको फूलको थुँगाजस्तो जिन्दगी अब काँडामा परिणत भयो । परिबन्धले गर्दा ऊ हत्यारा साबित भई" (पृ.७२) भन्ने कुरा कथामा उल्लेख गरिएको छ ।

मालिकको यौन भोगको सिकार हुनबाट आफूलाई जोगाउने प्रयासमा मालिकको मृत्युबाट जेल जीवन भोग्न परेकाले कान्छीले मानसिकता गुमाउन पुगेकी छ । जुन कुरालाई कथामा यस प्रकार देखाइएको छ- "उसले आजीवन कारावासको सजाय भोग्नुपर्ने अवस्था आयो" (पृ.७३) । जसले गर्दा ऊ मानसिक सजाय भोग्नुपर्ने अवस्थामा पुग्छे । १० वर्षको जेलसजाय पाएपछि केही नेपालीको सहयोगले नेपाल गराएको देखाई कथानकीय विषयलाई समापन गरिएको छ । यसरी नेपाली चेलीले भोगेको यौन दुर्व्यवहारको विषयलाई उठाएर कथाको सिर्जना गरिएको छ ।

#### ३.२.६.२ चरित्र चित्रण

चरित्रले कथानकीय विषयवस्तुले उठाएका उद्देश्य पुरा गर्नको लागि कथालाई अगाडि बढाउने कार्य गर्छ । यस कथामा आकाशमा कान्छीले नै कथानकलाई अगाडि बढाउने कार्य गरेकी छ । त्यस्तै घरमालिक, मालिक्नी, लोग्ने, जेठाजू, छोराछोरी, आमा, आफन्त लगायतका अन्य पात्रहरू पनि कथामा आएका छन् ।

**(क) कान्छी**

'बिरानो आकाश' कथा कान्छीको भोगाइमा आधारित भएर सिर्जना गरिएको कथा हो । यस कथाको केन्द्रमा कथानकीय विषय कान्छीलाई उसैको जीवनमा घटेका घटनाका आधारमा कथाको सिर्जना गरिएकोले कान्छी यस कथाकी केन्द्रीय पात्र हो । ऊ माओवादी युद्धमा लोग्ने गुमाउन पुगेकी युद्धपीडित महिला पनि हो । घरको आर्थिक अवस्था कमजोर भएको कारणले गर्दा घरेलुकामदार महिला माथि हुने यौन दुर्व्यवहारको सिकार भएकी छे । "मैले मारे त्यस राक्षसलाई ...... । मैले मारेकी हुँ ..... । नआओ है मेरो सामु म सबलाई छप्काइदिन्छु" (पृ.७३) । जसले गर्दा मानसिक सन्तुलन गुमाउन पुगेकी छ । अफू दोषी नहुँदा पनि जेल जीवन भोग्न बाध्य कान्छीले विदेशमा गए पनि स्वदेशप्रतिको देशप्रेम गर्ने नेपालीको समेत प्रतिनिधित्व गर्न सफल छे । ऊ घरेलु कामदारका रूपमा तेस्रो मुलुक जाने महिलाहरूको प्रतिनिधि पात्र हो ।

**(ख) मालिक**

मालिक 'बिरानो आकाश' कथाको सहायक पुरुष पात्र हो । कथामा उसको उपस्थिति खलनायकको रूपमा छ । घरेलु कामदारलाई आफ्नो यौन भोगको शिकार बनाउन खोज्ने खराब आचरणका कारण ज्यान गुमाउन पुगेको छ । कथामा पहिला कान्छीलाई फकाएर आफ्नो यौन तृप्ति पुरा गर्न खोज्छ । त्यो असफल भएपछि कान्छीलाई बलजफ्ती गर्दा ज्यान गुमाउन पुगेको मालिक कै खराब आचरणले कथा दुःखान्तमा टुङ्गिएको छ । घरमा श्रीमती र दुई छोराछोरी समेत भएको मालिक अत्यन्तै यौन पिपासु सामान्ती वर्गका प्रतिनिधि तथा गतिशिल पात्रको रूपमा छ ।

**(ग) मालिक्नी**

मालिक्नी 'बिरानो आकाश' कथाको सहायक महिला पात्र हो । ऊ पुरुषबाट दबाबमा पर्ने तथा उनीहरूको खराब आचरणले गर्दा दुःख भोग्नुपर्ने महिलाको प्रतिनिधित्व गर्न सफल छे । लोग्नेको गिद्धेदृष्टि कान्छी माथि भएको थाहा पाउँदा पनि केही गर्न नसक्ने निरीह पात्रको रूपमा देखा पर्छे । ऊ लोग्नेबाट पीडित महिला हो । कथामा उसको उपस्थिति प्रत्यक्ष भएकाले मञ्चीय तथा गतिहीन पात्रको रूपमा छ ।

**(घ) अन्य पात्रहरू**

'बिरानो आकाश' कथामा जेठाजु, आमा, कान्छीको लोग्ने छोराछोरी, आफन्तहरू मालिकका छोराछोरी छिमेकी पुरुष लगाएतका गौण किसिमका धेरै पात्रको प्रयोग गरिएको छ । जेठाजु बुहारीमाथि समेत आफ्नो यौन आर्कषण तृप्त गर्नको लागि अगाडि बढ्ने खराब आचरणको पात्र हो । कान्छीको लोग्ने देशमा गृहयुद्धको बखत शहादत प्राप्त गरेको सहिद सिपाही हो । छोराछोरीहरू आमाको मायाबाट समेत वञ्चित हुने अनाथ बालबालिको प्रतिनिधि पात्र हुन् ।

### ३.२.६.३ परिवेश

कथामा प्रयुक्त गरिने वातावरणीय अवस्थालाई नै परिवेशका रूपमा लिइन्छ । यस ‘बिरानो आकाश’ कथाको परिवेश मानसिक तथा भौतिक दुवै रूपमा देख्न सकिन्छ । कथामा नेपालको ग्रामीण परिवेशको रूपमा डाँडाकाँडा, गोरेटो, उकाली ओराली, पाखापखेराले देखाएको छ । त्यस्तै कान्छी काठमाडौँमा आएपछिको अवस्था मानसिक अस्पतालले काठमाडौँको परिवेश देखाइए तापनि खासगरी मलेसियाको भौतिक वातावरण ठुलाठुला घर कान्छीले काम गर्ने मालिको घर तथा त्यहीको वातावरण नै बढी वर्णन गरिएको छ । त्यसैले भौतिक परिवेशमा मलेसियाको शहरी परिवेश कथामा आएको छ ।

कथामा प्रयुक्त अर्को महत्वपूर्ण पक्ष कान्छीको मानसिक परिवेश तथा मालिकको मानसिक परिवेश हो । यहा मालिकको कान्छीको रूपबाट प्रभावित भएर उसलाई आफ्नो तृप्तिको लागि प्राप्त गर्न खोज्नाले कान्छीको जीवन दुःखान्त बन्न पुगेको छ । त्यस्तै कान्छीले आफ्नो मानसिक सम्झनामा नेपालको सम्झना, छोराछोरीको सम्झना र त्यसबाट उसलाई परेको मानसिक प्रभावको समेत कथामा चित्रण गरिएको छ ।  मालिकको आकस्मिक दुर्घटनामा परी मृत्युको कारण उसले भोग्न बाध्य जेल जीवनले निम्त्याएको मानसिक विक्षिप्ततालाई पनि कथामा यस प्रकार चित्रण गरिएको छ- “कान्छी अहिले मानसिक अस्पतालमा भर्ना भएकी छे । ऊ कसैलाई चिन्दिन कि आकाशतिर हेरी कि डर लाग्छ । आँखा पल्टाइ फलाकिरहन्छे चारैतिर हेरी कपाल आफै लुछिरहन्छे” (पृ.७३) । यसरी वैदेशिक रोजगारीमा जानेक्रममा महिलामाथि हुने यौन हिंसा र त्यसको मानसिक विक्षिप्तता मानसिक परिवेशका रूपमा आएको छ । कथाकार स्वयम्ले कथामा प्रयुक्त परिवेशको विचरण गरेको पाइन्छ ।

### ३.२.६.४ दृष्टिविन्दु

‘बिरानो आकाश’ कथा वैदेशिक रोजगारीका लागि खाडी मुलुकमा जाने महिला कामदारले भोग्ने अमानवीय व्यवहार तथा यौन शोषणमा आधारित भएर लेखिएको कथा हो । कथाकारले कान्छीलाई केन्द्रमा राखेर वैदेशिक रोजगारीमा गएका नेपाली महिलाको गम्भीर समस्याको चित्रण गरेकी छन् । यस कथामा तृतीय पुरुष कथन शैलीको प्रयोग गरिएको छ, जस्तै- “कति सम्झनु दुःखका कुराहरू ....। कान्छीले विगतका कुरालाई मनबाट पन्छाउँदै निदाउने प्रयत्न गरी । अभागीका ढोका फेरिन्छ, भाग्य फेरिँदैन भन्ने उखान माात्र हैन, साँचो कुरा रहेछ भनी आँसु बगाइ रही” (पृ.७१) । कान्छीले विदेशमा मात्र होइन स्वदेशमा पनि आफ्नै जेठाजूले गरेको दुर्व्यवहार पनि भोग्नु परेको छ । कथाकारले उसका आर्थिक तथा सामाजिक समस्या प्रमुख रूपमा चित्रण गरेकी छन् । कथाकारले उसैलाई मुखपात्र बनाएर कथाको सिर्जना गरेको हुँदा यस कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### ३.२.६.५ उद्देश्य

नेपालका गाउँ गाउँबाट घरेलु कामदारका रूपमा बाहिर जाने महिलाहरूले विदेशमा गई भोग्नु पर्ने यौनजन्य दुर्व्यवहारको चित्रण गर्नु ‘बिरानो आकाश’ कथाको मूल उद्देश्य हो ।  यसरी वैदेशिक रोजगारीका लागि जाने हजारौं महिलाहरू छन् । कति घरेलु आइमाइहरू बलात्कारका सिकार

भइरहेका छन् । कति हुनसम्म यातना भोगी, रोग बोकेर घर फर्किएका छन् । तर घरेलु आइमाईको विदेशमा ओसारपसार  भइरहेकै छ । कसले लिने घरेलु मलिला कामदारहरूको जी र ज्यानको सरक्षा" (पृ.७३)  भन्दै कथाले घरेलु कामदार माथि हुने हिंसा रोक्नको लागि सम्बन्धित निकायमाथि व्यङग्यपूर्ण विचार प्रस्तुत गरेको छ । आइमाईको जीवन जहा पनि उस्तै हुँदो रहेछ ठाउँ र देश मात्र फरक उनीहरूको कथा व्यथा त उस्तै रहेछ (पृ.६८) भन्ने मार्मिक अभिव्यक्तिले महिलाहरूका समस्याहरू जहाँ पनि उस्तै छन् भन्दै महिलाका समस्याहरू प्रस्तुत गर्नु कथाको अर्को उद्देश्य हो ।

### ३.२.६.६ भाषाशैली

वर्णनात्मक शैलीमा आधारित तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको 'बिरानो आकाश' कथा बाह्य दृष्टिविन्दुको प्रयोग गरी लेखिएको कथा हो । कथाकारले पात्रका हरेक क्रियाकलाप कथा भन्दा बाहिर बसी वर्णनात्मक शैलीको आधारमा व्याख्या गरेको पाइन्छ । लेख्य वा मानक भाषाको प्रयोग छोटा छोटा वाक्य गठन कथाको भाषिक विशेषता हो ।

कथामा निम्न अनुसारका भाषिका उखान टुक्काको प्रयोग गरिएकोछ-  खाउँला झै गरी हेर्नु (पृ.६७), शरीर भरी काँडा उम्रनु (६९), चिरहरण हुनु (पृ. ६९), मनमा आँधिबेहरी चल्नु (पृ ७०), आभागीका ढोका फेरिन्छ भाग्य फेरिदैन (पृ.७०), दुःखको पहाड बज्रनु (पृ ७०), जालमा परेको माछाझैं छटपटाउनु (पृ.७०), आँगनमा रात झर्‍यो (७१), मुटुमा ढ्याङग्रो ठोकिनु (७१) जस्ता उखान टुक्काको प्रयोगले भाषामा मिठास थपिएको छ ।

### ३.२.७ 'जीवनको एक रूप' कथाको विश्लेषण

'जीवनको एक रूप' **समय-दंश** कथा सङ्ग्रहमा चौथो क्रममा रहेको कथा हो । यो कथा सर्वप्रथम **समकालीन साहित्य** को २०६७ साल साउन देखि असोज अंकमा छापिएको कथा हो । समय-दंश कथा सङ्ग्रहमा संग्रहित यो कथा १० पृष्ठ लामो संरचनात्मक आयाम बोकेको कथा हो । आफ्नो जीवन रबाफिलो ऐस, आराम युक्त बनाउनको लागि  निकृष्ट काम गर्ने व्यक्तिको जीवनमा आधारित भएर सिंहले कथा सिर्जना गरेकी छन् ।

### ३.२.७.१ कथानक

कथानक कथा सिर्जनाको आधारभूमि हो विविध घटनाक्रमलाई जोडेर कथानक सिर्जना गरिएको हुन्छ । यस 'जीवनको एक रूप' कथामा राजकुमारको जीवन र उसले गरेको ऐस आराम बाबुको मृत्युपछि  आर्थिक संकट तथा त्यसबाट मुक्त पाई आफ्नो जीवन रवाफिलो बनाउन एक यौन कर्मीको रूपमा रूपमा आफूलाई रूपान्तरण गर्छ । यस कुरालाई कथामा यस प्रकार देखाइएको छ-

"आफ्नो जीवन पुरै ऐस आरम सुविधामा व्यतीत गर्छ । केही वर्षमा नै आफूलाई नामी पुरुष यौनकर्मीको रूपमा आफूलाई दर्ता गराउन सफल भए राजकुमार (पृ.७९) ।" आजको समयमा आफ्नो स्तर अनुसारको काम गर्न नपाउने तथा जीवनलाई पुरै विलासी रूपमा बिताउनु पर्ने मान्यता भएका पुरुषले यस्तो तल्लो नीच काम गर्ने गर्छ भन्दै समाजको परम्परा विपरीत कार्य गर्ने सामाजिक समस्यालाई कथाको विषय वस्तु बनाइएको छ । सिर्जना जस्तो शिक्षित युवतीसँग

वैवाहिक सम्बन्ध गासिसकेपछि पनि आफ्नो यौन व्यवसाय छोड्न नसक्दा उसकै वैवाहिक सम्बन्ध बिग्रन पुग्छ । चरित्रहीन भएको थाहा पाएपछि सिर्जनाले छोडेपछि श्मशान जस्तो घरमा एक्लै हुँदा राजकुमार छटपटिन पुग्छ । यसरी सामाजिक मर्यादा विपरीत नीच काम गर्दाको परिणाममा पुऱ्याएर यस कथाको कथानक समाप्त पारिएको छ । यो एक समस्यामूलक कथा हो । रैखिक रूपमा कथाको कथानक अगाडि बढेको छ । या पूरुष यौनिक मनोवृत्तिमा आधारित कथा हो ।

### ३.२.७.२ चरित्र

'जीवनको एक रूप' कथामा राजकुमारको जीवनको एक समयको जीवनको घटना तथा उसका क्रियाकलापमा आधारित भएर लेखिएको कथा हो । यसमा राजकुमार प्रमुख पात्रका रूपमा देखा परेको छ भने सिर्जना सहायक चरित्रका रूपमा देखा परेका छन् । आमा, बाबु दाई, साथीहरू त्यसरी छिमेकीहरूजस्ता गौण खालका चरित्र छन् ।

#### (क) राजकुमार

राजकुमार 'जीवनको एक रूप' कथाको प्रमुख पुरुष चरित्र हो । छोरा भएर, जन्मेपछि जीवनमा ऐस आराम गरेर बिताउनुपर्ने नेपाली  समाजिक परम्परा अनुसारको चरित्र उसमा हाबी छ । अचानक हृदयाघातबाट मृत्यु भएपछि बाबुको व्यवसाय सम्हाल्नुपर्ने अवस्था सिर्जना हुँदा त्यसको जिम्मेबारी पुरा गर्न नसक्ने व्यक्ति हो । जीवनलाई ऐस आरामका साथ बिताउनुपर्ने धनी बाबुको प्रतिनिधि छोराको रूपमा उसलाई कथामा प्रस्तुत गरिन्छ । अध्ययन गर्नु पर्ने समयमा बाबुको सम्पत्ती छ भन्दै आफ्नै जीवनलाई खराब लतमा पुऱ्याउने युवाको रूपमा देखिन्छ । आर्थिक संकट आएपछि जस्तो सुकै नीच काम गर्न पनि पछि नहट्ने समाजको खराब पात्रको रूपमा उसलाई लिन सकिन्छ । धनाढ्य महिलाहरूलाई यौन आनन्द दिने पुरुष यौनकर्मीको  रूपमा कथामा ऊ प्रस्तुत भएकाले सामाजिक व्यवस्था विपरीतको पात्र हो ।

विवाहलाई बन्धनको रूपमा लिने ऊ पाश्चात्य संस्कृतिको अनुसार आफूलाई ढाल्न   चाहन्छ । यौनको लतमा लागेपछि सिर्जनासँगको विवाह पश्चात पनि फरक फरक यौन स्वादको लागि आफ्नो पेशालाई निरन्तरता दिने ऊ यौन लतमा नराम्रोसँग फसेको छ । पारिवारिक जिम्मेवारी तथा वैवाहिक सम्बन्ध समेत धरापमा पारेको छ । "आफू लोग्ने मान्छे र आफ्नो भोगाइमा ऐस गर्ने उनको अधिकार भित्र पर्छ (पृ.८१)" भन्ने राजकुमार महिलालाई सम्मान गर्न नसक्ने खालको स्वभाव भएको पात्र हो । समग्रमा उसलाई असल पात्रको रूपमा चिनाइएको भए पनि ऊ खराब यौन मनोविकृत चरित्र पनि हो ।

#### (ख) सिर्जना

सिर्जना 'जीवनको एक रूप' कथाकी सहायक महिला चरित्र हो । एक असल शिक्षित चरित्र भएकी सिर्जना असल गृहिणी पनि हो । परिवारले विवाह बन्धनमा बाँधिदिएको सिर्जना आज्ञाकारी छ । राजकुमारसँगको वैवाहिक सम्बन्धपछि घरको जिम्मेवारी आफैले सम्हाल्न  पुगेकी सिर्जना सत्

चरित्रकी छ । सधै झैँ रातीको नाइट ड्युटी परेपछि राजकुमारको मनमा शङ्का उत्पन्न हुने स्वभाविक कुरा हो । ऊ आफ्नो श्रीमानको सच्चाई पत्ता लगाई वास्तविक बुझेपछि श्रीमान छोडी दिने एक्काइसौँ शताब्दीकी श्रीमतीका रूपमा देखिएकी छ । घरको ऐस आरामलाई लत्याएर ऊ सत् चरित्रको श्रीमान खोजी गर्ने भन्दै घर छोडिदिन्छे । ऊ वास्तविकता बुझेपछि त्यसको निर्णयमा पुग्ने भएकाले उसमा दृढतापूर्वक निर्णय गर्न सक्ने शक्ति देखिन्छ । समग्रमा सिर्जना सत्चरित्र हो । तर श्रीमानको खराब आचरणमा प्रश्न गर्ने साहसी, प्रगतिशील सोचाई उसमा देखिन्छ ।

**(ग) अन्य पात्र**

'जीवनको एक रूप' कथामा राजकुमार तथा सिर्जना बाहेक अन्य सबै पात्रहरू आमा, बाबु, बहिनी दाई, न्यान्सी म्यानेजर साथीहरू नातेदार सबै गौण भूमिका छन् । आमा यस कथामा छोरालाई असल संस्कार सिकाउने भन्दा मोज मस्तीमा झुमेकोमा मक्ख हुने गर्छिन् । उसले आफ्ना सन्तानमा असल संस्कार विकास गर्न सकेकी छैन । छोराछोरीलाई समान रूपमा नहेर्ने छोरालाई बढी महत्व र स्वतन्त्रता दिने नेपाली समाजको प्रतिनिधि पात्र हो । त्यस्तै न्यान्सी धनाढ्य विदेशी महिला हो जसले पैसाको भरका आफ्नो यौन सन्तुष्टि प्राप्त गर्नको लागि पुरुषको प्रयोग गर्छे । दाइ र म्यानेजर होटलभित्र यौन व्यवसाय सञ्चालन गर्ने खराब पात्रका रूपमा देखा परेका छन् ।

### ३.२.७.३ परिवेश

'जीवनको एक रूप' कथामा भौतिक तथा मानसिक परिवेशका रूपमा देखापरेको छ । कथाको वर्णनात्मक शैलीबाट नै परिवेश प्रस्तुत भएकाले यहाँको काठमाडौँका विविध स्थान विशेष तथा पाँचतारे होटल, गोदावरी रिसोर्ट बाबुको व्यवसाय गर्ने स्थान तथा यस कथामा व्यक्त भएर आएका भौतिक परिवेश हुन् । त्यस्तै सुनसानको मधुर गीतसँगै न्यान्सीसँग बिताएको रातले पनि गोप्य रूपमा सञ्चालन हुने यौन व्यवसायको सङ्केतात्मक परिवेश सिर्जना गरेको छ । त्यस्तै यस कथामा राजकुमार आफ्नो रूप सौन्दर्यबाट आफै प्रभावित हुनुले मनोविकृत परिवेशको सिर्जना हुन्छ जसले गर्दा राजकुमार यौन व्यवसायमा संलग्न हुन पुग्छ । यौन व्यवासायी राजकुमार सिर्जनासँगको वैवाहिक सम्बन्धमा पूर्ण सन्तुष्टि प्राप्त गरेको कुरा कथामा यस प्रकार देखाइएको छ- "पत्नीसँग गरेको यौन संसर्ग त एउटा उत्सवजस्तो, एउटा अनुष्ठान जस्तो पवित्र र आनन्ददायी हुँदो रहेछ" ( पृ.८०) । तर पनि एक वर्षपछि पुनः यौन व्यवसायमा फर्केकोले राजकुमार बिच यौनको विभिन्न स्वाद चाख्ने लालसाले मनोविकृत रूप लिन पुगेको छ । पत्नीको एकनासे यौन सहवासबाट वाक्क भई नवीन यौनाभूति प्राप्त गर्न बजारमा पहिले झैँ आफ्नो माग बढेकाले पुनः यौन पेशामा होमिन पुग्छन् । यसरी यस कथामा राजकुमारले विवाह नगर्ने विचार व्यक्त गर्दा सिर्जनाको रूप र यौनबाट प्रभावित भएर विवाह गर्नु, बेरोजगार हुँदा यौन व्यवसाय संलग्न हुने नहुने बिच हुन्छ, विवाह पश्चात पुनः विकृत यौन अनुभूति प्राप्त गर्ने लालसा बिच मानसिक अवस्थामा निर्माण गरी कथामा मानसिक परिवेशको सिर्जना गरिएको छ । पाश्चात्य देशहरूमा विकसित हुँदै गएको जिगोलो संस्कृतिको प्रभाव नेपालमा पनि पर्दै गरेको देखाउन खोजिएको छ । त्यस्तै न्यान्सीका माध्यमबाट पश्चिमी धनाढ्य महिलाहरूले पैसाको आडमा यौनलाई मनोरञ्जनको साधन बनाउने पाश्चात्य संस्कृतिको पनि चित्रण गरिएको छ ।

### ३.२.७.४ दृष्टिविन्दु

कथाकार सिंहले 'जीवनको एक रूप' कथामा पात्रहरूलाई र उनीहरूका क्रियाकलापलाई नियाल्दै वर्णनात्मक शैलीमा व्यक्त गरेकी छन् । आफ्ना विचार समेत कथामा स्वतस्फूर्त रूपमा नै कुनै पात्रको माध्यमबाट अभिव्यक्ति दिएको पाइन्छ । कथामा पात्रलाई तृतीय पुरुष शैलीमा प्रस्तुत गरिएको छ । कथाबाहिर बसेर नै अभिव्यक्त गरिएकोले कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ जस्तै- "उनीहरू चलिरहेको यौन व्यापारको सक्रिय हिस्सेदारी बनिरहे, गन्तव्यहीन जीवनलाई आफ्नै गन्तव्य ठानिरहे" (पृ.७९) । यसरी राजकुमार प्रत्येक बाहिरी क्रियाकलाप तथा आन्तरिकता समेतको चिरफार गर्न वर्णनात्मक शैलीको तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग देखिन्छ ।

### ३.२.७.५ उद्देश्य

पस्चिमा देशहरूमा विकसित भइ रहेको जिगोलो संस्कृति अर्थात् पुरुष यौनकर्मीको समस्या गोप्य रूपमा नेपालमा पनि भित्रि रहेको देखाउनु 'जीवनको एक रूप' कथाको मुल उद्देश्य हो । राजकुमार जस्ता व्यक्ति पुरुष यौनकर्मीको रूपमा कार्य गरी महिलाहरूको यौन इच्छा पुरा गर्छन् ।यौन कर्मीले अपनाएको पेसाले उनीहरूलार्य नै विकृत मनस्थितिमा पुऱ्याउँदछ भन्ने वैचारिक अभिव्यक्ति कथामा यस प्रकार देखाइएको छ- "जो आफू पनि मनोविकृत यौन चाहनाले जीवनलाई निचोर्न सम्म निचोर्छ र एक दिन मानिसको अस्तित्व नै समाप्त पारिदिन्छ" (पृ.८०) । यसले विलासिताको जीवन जिउन गलत काम गर्दा समय सँगै जीवन पनि बर्बाद हुन सक्ने ठुलो समस्या खडा गरिदिन्छ भन्ने वैचारिक अभिव्यक्ति दिनु कथाको उद्देश्य हो ।

### ३.२.७.६ भाषा शैली

पद्मावती सिंहको 'जीवनको एक रूप' कथामा वणानात्मक शैलीको मानक भाषाको प्रयोग छ । कथामा प्रयुक्त प्रमख पात्र राजकुमारको जीवनको पुरुष वेश्या चरित्रलाई र उसभित्रको मनोविकृत यौन चरित्रलाई कथाकार स्वयम्ले वर्णन गरिदिएको पाइन्छ । 'जीवनको एक रूप' कथामा पद्मावतीको वैचारिक अभिव्यक्ति आलङ्कारिक भाषिक प्रयोग पाइन्छ, जस्तै बेकामको जीवन जिउनु परेकोमा उनी मरेतुल्य भएँ (पृ. ७६), आँखा खुसीले धपक्क बले (पृ.७७), पिउँदै साझलाई रित्याएँ (पृ. ७८), हजार बिच्छीले एकैपटक डसे झैँ (पृ.८१), सिसा झैँ फुटेर टुक्रा टुक्रा भई भुइँमा छरिइन् (पृ. ८१), घरको खम्बाजस्तो (पृ.८८)आलङ्कारिक भाषाको प्रयोग कथामा पाइन्छ भाषिक अभिव्यक्तिलाई परिष्कृत रूपमा प्रकट गरिएको छ । तापनि धोति न टोपी हुनु (पृ. ७५), छाक टार्न मुस्किल हुनु (पृ.७५), नानीदेखि लागेको बानी (पृ.७६), मरेतुल्य हुनु जस्ता उखान टुक्काको प्रयोगले भाषामा मिठास थपिदिएको छ ।

### ३.२.८ 'त्रासद बिपना' कथाको विश्लेषण

'त्रासद बिपना' **समय-दंश** कथामा सङ्ग्रहित आठौं कथा हो । यो कथा सर्वप्रथम २०६६, असोज अङ्कको **गरिमा**मा छापिएको कथा हो । जम्माजम्मी आठ पृष्ठ लामो यस कथामा तेस्रो लिङ्गी पुरुष सुयशसँग विवाह पश्चात अक्षराको जीवनमा आएको मानसिक तथा बाह्य द्वन्द्वलाई आधार बनाएर कथाको सिर्जना गरिएको छ । कथाको विषयवस्तु काल्पनिक छ ।

### ३.२.८.१ कथानक

'त्रासद बिपना' कथा चरित्र प्रधान कथा हो । यस कथाकी प्रमुख पात्र अक्षराको पतिप्रतिको आकर्षण र यौन आवेगसँगै वैवाहिक जीवनलाई दुर्घटनामा पुऱ्याएर कथालाई समापन गरिएको छ । नवविवाहिता अक्षरा चार दिन सम्म पनि कुमारी रहनु तथा पतिले उसलाई अन्तर्मनका यौन इच्छाहरू पुरा नगरीदिनुले कथाको विषयलाई रहस्यमय बनाएको छ । यो कथा काल्पनिक विषयमा आधारित भएर लेखिएको कथा हो । जसलाई यस कथाको घटनाक्रमले देखाएको छ-"पतिले हरेक साँझमा साह्रै थाकेको छु भन्दै पिठ फर्काएपछि उनले दिनभर गरेको सुखद कल्पनाको संसार तासको घर झैँ गर्ल्यामगुर्लुम ढल्यो" (पृ.८५)। यसरी आफ्नो बैँसको खिल्ली उडाएको जस्तो लागेपछि उनले नै आफै प्रयत्न गरी श्रीमानले आफ्नो अपमान गरेको आरोप लागाउँछन् । त्यसपछि मात्र सुयशले आफू तेस्रो लिङ्गी भएको र अक्षराका कुनै इच्छा पुरा गर्न नसक्ने वास्तविकता प्रकट गर्छन् । यस तितो यथार्थले अक्षराको वैवाहिक जीवन प्रतिको मिठो सुखद कल्पना भताभुङ्ग हुन पुग्छ । उनका अन्तर्मनमा जीवन जिउने वा आत्महत्या गर्ने, घर फर्कने वा अस्ट्रेलियामा नै सङ्घर्ष गर्ने भन्ने मानसिकता बिच द्वन्द्व सिर्जना गरिएको छ । अक्षराको जीवनमा आएको मानसिक भयावह स्थितिलाई सङ्घर्षको जीवन रोजी जीवन जिउने स्थितिमा पुऱ्याएर कथाको कथानक समापन भएको छ । पद्मावती सिंहद्वारा लिखित 'त्रासद बिपना' कथामा अक्षराको माध्यमबाट सिंहले भर्खरै विवाह बन्धनमा बाँधिएकी नारी मनमा उत्पन्न हुने वासनात्मक क्रियाकलाप मानसिक छटपटिको कलात्मक ढंगबाट प्रस्तुत गरेकी छन् । हाम्रो समाजमा बाबुआमाले कुरा लुकाई अझै पनि विवाह गरिदिने परम्परा छ जसले गर्दा वैवाहिक जीवनमा अनेक समस्या आउने कुरालाई कथाको विषयले समेटेको छ । यस कथाको कथानक रैखिक ढाँचाको छ ।

### ३.२.८.२ पात्र वा चरित्र

'त्रासद बिपना' चरित्रप्रधान कथा भएकाले कथाकी प्रमुख पात्रको मानसिक क्रियाकलापको उतार चढाव वर्णनमा नै कथा केन्द्रित छ । यस कथाकी प्रमुख पात्र अक्षरा हो । कथामा थोरै पात्रको प्रयोग छ । सुयश सहायक पात्र हो । आशावादी दिदी भिनाजु गौण रूपमा उपस्थित पात्र हुन् ।

**(क) अक्षरा**

अक्षरा 'त्रासद बिपना' कथाकी केन्द्रीय पात्र हो । कथा आक्षराको वैवाहिक जीवनसँग सम्बन्धित भएर सिर्जना गरिएको छ । भर्खरै नवविवाहिता अक्षरा पतिको अँगालोमा बाँधिएर शारीरिक तथा मानसिक रूपमा तृप्त हुन चाहन्छे । सुयशले उनलाई आफ्नो अँगालोमा बाध्नेछन् र हृदयमा लगाउनेछन् उनलाई कहिल्यै नभोगेको सुख भोग्ने पहल गर्नेछन् । उनका आतुर औँलाहरूले उनको केश तथा अङ्ग प्रत्यङ्गलाई सुमसुम्याउनेछन्" (पृ.८५) भनी यौनका अनुभूतिका सुखद कल्पनामा अक्षरा डुबि रहन्छे, त्यसैले ऊ यौन चाहना पूरा नहुँदा छटपटाएकी छे । पतिले अक्षराका इच्छा पुरा गर्ने पहल नगरेपछि । स्वयम् आफै पहल गर्छे पतिले त्यसको विरोध गर्छ । अक्षरा निदाउन सक्दिन । आफ्नो विरोध पति समक्ष राख्छे बिहे गरेको चार दिन हुँदासम्म आफू कुमारी भएको आक्रोश पोख्ने ऊ बहिर्मुखी स्वभावकी पात्र हो । आफ्ना इच्छा पुरा गर्न पहल गर्ने सक्रिय पात्र हो । पतिले आफू तेस्रो लिङ्गी भएको बताएपछि आत्महत्या गर्ने तथा घर फर्कने वा त्यहीँ सङ्घर्ष गरेर जीवन

बिताउने भन्ने सोचाइमा डुबेकी अक्षराले जागिर गरेर अस्ट्रेलियामा बस्न चाहने प्रगतिशिल तथा सङ्घर्ष गर्ने सोच भएकी गतिशिल पात्र हो । पति तेस्रो लिङ्गी भएकाले वैवाहिक जीवन धरापमा परेको छ । तर पनि उसले आफ्नो एक्लो जीवन बिताउने निर्णय गर्ने शाहसी पात्र हो । कथामा मानसिक रूपमा कमजोर देखिए तापनि कथाको अन्त्यमा उसको मानसिकता परिवर्तन भएको छ ।

**(ख) सुयश**

सुयश 'त्रासद बिपना' कथाको सहायक पात्र हो । अक्षराको पति सुयश तेस्रो लिङ्गी पात्र हो "म हिजडा होइन तेस्रो लिङ्गी हुँ" (पृ.९१) भन्ने अभिव्यक्तिले यस कुराको पुष्टि हुन्छ । अक्षरासँग विवाह नगर्ने सोचमा रहेको सुयश बाबुआमाको दबाबमा परेर विवाह गर्छ । जसले गर्दा अक्षराको जीवनको घातक परिणामको कारण बन्दछ । आफू तेस्रो लिङ्गी भए तापनि समाजमा आफ्नो मान मर्यादा घट्ने डरले त्यसको तथ्य कुरा खोल्न नसक्दा नै अक्षरासँग विवाहमा बाँधिएको छ । बाबुआमाको निर्णयबाट विवाह गरेको सुयश गतिहीन चरित्र हो । बाबुआमाको निर्णयबाट विवाह गरेको सुयशले अक्षरालाई अरुसँग सम्बन्ध राख्ने सल्लाह दिनाले पनि उसमा जिम्मेवारी बोध नभएको खल पात्रको रूपमा लिन सकिन्छ ।

**(ग) अन्य पात्र**

सुयशका बाबुआमा अक्षराका दिदी भिनाजु, बाबुआमा यस 'त्रासद बिपना' कथाका गौण पात्र हुन् । छोराछोरीलाई परम्परा अनुसार आफै वर र वधु खोज्ने र विवाह भाँडिने डरले दुवैको भेट र कुराकानी गर्न नदिने परम्परित सोचका पात्र हुन् । कथामा यिनीहरूको भूमिका गौण भए पनि महत्वपूर्ण छ । बाबु आमाको निर्णयले गर्दा अक्षराको जीवनमा सङ्कट आएको छ । विवाहमा कुरा लुकाउने प्रवृत्तिलाई उनीहरूको माध्यमबाट देखाइएको छ ।

### ३.२.८.३ परिवेश

'त्रासद बिपना' कथामा यौन मनोविज्ञानिक कथा भएकाले कथामा मानसिक परिवेशको चित्रण देखिन्छ । अक्षरा कथाकी प्रमुख पात्र भएकाले उसकै मानसिकतामा आएका विभिन्न सोच खुसी उमङ्ग, रोदन, वितृष्णा छटपटाहट क्रोध तथा यौनलाई नै मानसिक परिवेशको रूपमा लिइएको छ । कथाकारले नवविवाहिता नारीमा हुने यौन सम्बन्धी उत्सुकता र पतिसँग हुने सामीप्यको उन्माद मनोवैज्ञानिक रूपमा चित्रण गरेको पाइन्छ । पतिले आफ्नी नवविवाहिता पत्नीलाई स्पर्शसम्म नगर्दाको मानसिक द्वन्द्वलाई कथामा राम्ररी केलाइएको छ । कथामा अक्षराको मानसिकता केलाउँदा "अब अक्षराको संयमका बाँधहरू भत्किएर छताछुल्ल भो । मनभरी ढकमक्क फुलेका बैंसका फूलहरू ओइलिएर झर्न थाले । मैनबत्ती पग्लिए झैं उनी पल पल पग्लिन थालिन्" (पृ.८६) । त्यस्तै सुयशले पनि आफू तेस्रो लिङ्गी भएको कुरा व्यक्त गर्दा ग्लानि तथा लाजले शिर झुकाएको देखाएर उनीहरूको आन्तरिक मनो दशाको चित्रण गरेको देखिन्छ । यसरी अक्षरालाई आत्महत्या गर्ने वा घर फर्कने वा सुयशसँगै बस्ने वा एक्लै जागिर गर्ने भन्ने मानसिक द्वन्द्वले कथाको मानसिक परिवेशलाई राम्ररी चित्रण गरिएको छ । कथामा बाह्य परिवेशका रूपमा अस्ट्रेलियाको एउटा

अपार्टमेन्ट त्यस भित्रको फ्ल्याट र बेडरुम  र किचन मात्र देखा परेका छन् । त्यसैले कथा नवविवाहिता नारीको पतिसँगको सामीप्य यौन चाहना र इच्छाहरूलाई समस्यामूलक ढङ्गबाट मानसिक परवेशको रूपमा चित्रण गर्न सफल छ ।

### ३.२.८.४ दृष्टिविन्दु

'त्रासद बिपना' कथा यौन मनोविश्लेषण कथा हो । भर्खरै नवविवाहिता नारी मनको विश्लेषण गर्नको लागि कथाकारले तृतीय पुरुष कथन ढाँचाको प्रयोग गरेको पाइन्छ । तृतीय पुरुष कथन ढाँचाको शैलीमा नै कथाकारले अक्षरा र सुयोगको मानसिकताको चित्रण गरेकी छन् । "अक्षराले बरान्डामा उभिएर आकाशतिर दृष्टि दौडाइरहन्छिन् । शरीरभरि बैंसको उन्माद छताछुल्ल पोखिएको नवयौवना झैँ देखिएको छ आजको रात । अक्षराको तनमनमा उन्माद भरिएर आयो " (पृ. ८५) । यो भाषिक अभिव्यक्तिले कथामा प्रयोग गरिएको तृतीय पुरुष कथन ढाँचाको पुष्टि हुन्छ । यसरी 'त्रासद बिपना' कथामा कथाकार स्वयम्ले पात्रका मानसिक द्वन्द्वलाई केलाएको पाइन्छ । कथाको अभिव्यक्ति कौशल तृतीय पुरुष शैलीको कथन ढाँचामा आधारित बाह्य सीमित दृष्टिविन्दुको प्रयोग देखिन्छ ।

### ३.२.८.५ उद्देश्य

कथाकारले कथा लेख्नुको प्रयोजन तथा व्यक्त गरेको विचार उद्देश्य हो । विवाह जस्तो जिम्मेवारपूर्ण कार्य गर्दा पनि नेपाली समाजमा व्याप्त कुरा लुकाउने प्रवृत्तिले उत्पन्न गर्न सक्ने विकराल समस्यालाई देखाउनु 'त्रासद बिपना' कथाको मूल उद्देश्य हो । विवाह गर्दा राम्रो परिवर विदेशमा बस्न पाउने लोभ र जागिरको प्रलोभनमा परी विवाह गर्ने केटा केटी बिच पूर्ण जानकारी नहुँदा वैवाहिक जीवन दुर्घटना हुन्छ । नारी स्वयम् आफैले सक्षम बनी आफ्नो जीवन आफैले सञ्चालन गर्ने स्वावलम्बी प्रवृत्ति विकास गर्नुपर्छ । जीवनमा समस्या आएमा आमा बाबुको बोझ बन्ने वा आत्महत्या गर्ने लाछी प्रवृत्ति कदापि अपनाउनु हुँदैन भन्ने विचार अभिव्यक्ति दिनु कथाको मूल उद्देश्य रहेको छ । अक्षराको माध्यमबाट त्रासद बिपना कथाले म आफ्नो जीवन आफैँ जिउँछु भन्ने कुराको पुष्टि गर्छ । जिन्दगीबाट भागेर होइन डटेर सामना गर्नु पर्छ, रोएर होइन जागेर जिन्दगीलाई पार लाउनु पर्छ भन्ने विचार कथामा व्यक्त गरिएको छ ।

### ३.२.८.६ भाषाशैली

कथाकारले 'त्रासद बिपना' कथामा तृतीय पुरुष ढाँचामा आधारित वर्णनात्मक भाषिक अभिव्यक्ति दिएकी छन् । नारी अन्तर्मनका यौवन र मानसिक चाहना तृप्तिकालागि छटपटिएको अक्षराको मानसिकता प्रकट गर्नको लागि शिष्ट भाषिक अभिव्यक्ति प्रकट गरेको पाइन्छ, जस्तै-

"भन सुयश बिहे गरेको यतिका दिन भइसक्दा पनि म अझै कुमारी छु किन ? " (पृ. ८७) । तृतीय पुरुष अभिव्यक्तिमा पनि संवादात्मक वाक्य गठनको अभिव्यक्ति कथामा पाइन्छ । कथामा बैंसको फूल अझसम्म फुल्न पाएन (पृ.८६), मनभरी ढकमक्क फूलेका बैंसको फुलहरू ओइलिएर झर्न थाले (पृ.८६), कुविचारले मनमा फणा उठायो (पृ. ८८) जस्ता बिम्बात्मक भाषिक अभिव्यक्ति पाइन्छ । समग्रमा सिंहको त्रासद बिपना कथाको भाषिक अभिव्यक्ति सकारात्मक र परिष्कृत छ ।

### ३.२.९ 'सम्झनाका भग्नावशेष' कथाको विश्लेषण

'सम्झनाका भग्नावशेष' **समय-दंश** कथा सङ्ग्रहमा नवौं क्रममा रहेको कथा हो । यो कथा कथाकार सिंहको चेतन प्रवाह शैलीमा लेखिएको कथा हो । यो कथा **वैजन्ती** पत्रिकामा २०६७ साल पुषमा सर्वप्रथम प्रकाशित भएको थियो ।

### ३.२.९.१ कथानक

'सम्झनाका भग्नावशेष' कथा एकलापीय अनुभूतिमा लेखिएको कथा हो । यो कथा म पात्र बाइस वर्षको हुँदा घटेको घटनामा आधारित छ । यसलाई म पात्रले पच्चिस वर्ष पछिसम्म स्मृतिमा राखेको छ । त्यसैले 'सम्झनाका भग्नावशेष' कथा वृत्ताकारीय ढाँचामा अगाडि बढेको कथा हो । यस प्रकारको कथालाई सरल रेखामा अगाडि नबढाएर पूर्वदीप्तिका माध्यमबाट रेखीय क्रमबद्धतामा विचलन हुने गर्छ र कथानक भूमरी झैँ घुमेको अवस्थामा प्रकट हुन्छ (बराल र एटम : २०५९ : २८) । यस कथाको कथानकीय विषयलाई हेर्दा म पात्र काठमाडौँमा एक घरमा डेरा गरी बस्छ । ऊ बस्ने घरमा दुई जुम्ल्याहा दिदी बहिनी छन् । जसमध्ये जेठी सपना कम बोल्ने अन्तर्मुखी र बहिनी बिपना बढी बोल्ने चञ्चले स्वभावका हुन्छन् । यी दुवैको स्वभावबाट म पात्र प्रभावित हुन गई दुवैको प्रेममा फँस्छ । अन्ततः घरबाट दिदी सपनासँग सागरको बिहेको लागि कुरा पक्का हुन्छ । बहिनी बिपनाले त्यसको प्रतिक्रिया स्वरूप प्रेम मलाई गर्ने बिहे सपनासँग भन्दै त्यो विवाह हुन हुन्न चाहे आत्महत्या गर्न न किन नपरोस् (पृ.१३) भनी विरोध जनाउँछे । त्यस पछि म पात्र सागर दुवै दिदी बहिनी छोडेर भागी आफ्नो घर पहाडमा फर्कन्छ । यही घटनाक्रमलाई म पात्र सागरले पच्चिस वर्षपछि सम्झेर कथाको कथानकलाई पूर्वदीप्तिको शैलीमा अगाडि बढाइएको छ । उसको एकान्तको पूर्वस्मृति श्रीमतीले चिया दिएर भङ्ग गरिदिएपछि कथानकको समापन भएको छ । यस 'सम्झनाका भग्नावशेष' कथाले युवा मनमा हुने विपरीत लिङ्गप्रतिको आकर्षण र प्रेमलाई कथाको विषयवस्तु बनाइएको छ । प्रेम जस्तो पवित्र बन्धन एक व्यक्तिमा हुनुपर्ने विचार विषयवस्तुका माध्यमले प्रस्तुत गरिएको छ ।

### ३.२.९.२ चरित्र चित्रण

प्रेमजस्तो गरिमामय विषयलाई उठान गरिएको 'सम्झनाका भग्नावशेष' कथा म पात्र सागर कथाको प्रमुख पात्रको रूपमा उपस्थित छ । त्यस्तै सहायक चरित्रमा सपना बिपना छन् । श्रीमती र सपना बिपनाकी आमा सहायक चरित्रका देखिन्छन् ।

#### (क) म पात्र

'सम्झनाको भग्नावशेष' कथाको म अर्थात् यस सागर केन्द्रीय चरित्र हो । म पात्रले नै पूर्वस्मृतिको शैलीमा आफ्नो जीवनमा पच्चिस वर्ष अगाडि घटेका घटनाहरूलाई एकान्तको बसाइमा एकलापीय किसिमले सम्झेर स्मरण गरेको छ । म पात्र भोक्ता द्रष्टा दुवै हो । घरबेटीका दुई जुम्ल्याहा छोरी सपना र बिपनालाई प्रेम गर्छ । एक युवकले दुई युवतीलाई प्रेम गर्नु उसको कमजोरी हो । ठिक समयमा ठिक निर्णय लिन नसक्नु, दिदी सपनासँग भन्दा बिपनासँग नजिक हुनु र फिल्म हेर्न समेत जाने म पात्रले घरबेटी आमाले सपनासँग विवाह गर्न मञ्जुरी दिँदा तुरुन्त स्विकार्छ । आफूले कोसँग

प्रेम गरेको भन्ने कुरामा ऊ अन्योलग्रस्त छ । म पात्रलाई बहिनी सपनाले मसँग प्रेम गर्ने दिदीसँग बिहे गर्ने ? यो मलाई स्वीकार्य छैन म बरु आत्महत्या गरिदिन्छु भनेपछि ऊ समस्याको समाधान भन्दा पलायनतर्फ उन्मुख भई दुवैलाई छोडी घरतिर जानुले उसमा पलायनवादी चरित्र हावी देखिन्छ । समग्रमा कथाको व्यक्तिगत चरित्र हो । कथामा उसको भूमिका केन्द्रीय भएकाले कथामा ऊ बद्ध पात्र हो । कल्पनामा रमाउने म पात्र भावुक किसिमको छ । 'सम्झनाका भग्नावेशष' कथा म पात्रकै चारित्रिक व्यवहार तथा पलायनवादी दृष्टिकोणले समस्यामूलक बन्न पुगेको छ ।

**(ख) सपना**

सपना यस कथाकी सहायक महिला पात्र हो । दुई जुम्ल्याहा दिदीबहिनी मध्ये कम बोल्ने गम्भीर स्वभावकी दिदी सपना भावुक छे । म पात्र सागरलाई गरेको प्रेम भित्रभित्र एकोहोरो रूपमा आँखाबाट प्रकट गर्छे । म पात्रलाई अप्रकट प्रेम गर्ने सपना अन्तर्मुखी स्वभाव भएकी एकाकी गतिहीन पात्र हो । कथामा उसको उपस्थितिले म पात्रलाई दुई युवतीसँग प्रेम गर्ने वातावरण सिर्जना गरेकीले कथाकी बद्ध पात्र हो । आफूसँग विवाहको कुरासम्म छिनिएको अवस्थामा म पात्र घर छोडी काठमाडौँबाट आफ्नो घर पहाड जाँदा छिट्टै आउन आग्रह गर्ने सपना आफ्नो प्रेम प्राप्त गर्न सङ्घर्षहीन देखिन्छे । त्यसैले ऊ गतिहीन पात्रका रूपमा देखा परेकी छे ।

**(ग) बिपना**

बिपना पनि 'सम्झनाका भग्नावशेष' कथाकी सहायक महिला पात्र हो । जुम्ल्याहा दिदीबहीनी मध्ये बहिनी बिपना आफ्ना कुराहरू स्पष्टसँग राख्ने चञ्चले स्वभाव भएकी बहिर्मुखी पात्र हो । ऊ म पात्र सागरसँग दोहोरो प्रेममा नै बाँधिएकी छ । उसले फिल्म हेर्न सिनेमा हल सम्म सागरलाई पुऱ्याइदिन्छे । दिदी सपनासँग सागरको बिहेको कुरा थाहा पाएपछि सुरुमा रिसाउने, झगडा गर्ने र सागरसँग नबोल्ने बिपनाले आफ्नो प्रेम प्राप्त गर्न आत्महत्या गर्ने तर विवाह हुन नदिने कुरा सागरलाई व्यक्त गरी कथालाई समस्यामूलक स्थितिमा पुऱ्याएकी छ । बिपना यस कथाकी बद्ध पात्र हो । आफ्नो प्रेम प्राप्त गर्नको लागि सागरसँग विद्रोह प्रकट गर्नाले उसमा विद्रोही चेतना रहेको देखिन्छ । ऊ समग्रमा व्यक्तिगत जीवन चेतना बोकेकी स्वभाविक चरित्रका रूपमा कथामा देखा परेकी छ ।

**(घ) अन्य चरित्र**

आमा र म पात्र सागरकी श्रीमती यस कथाका अन्य गौण किसिमका चरित्र हुन् । कथामा आमा सागरकी घरबेटी र बिपना र सपनाकी आमा हुन् । आमाले सपनाको विवाह सागरसँग गरिदिने भएपछि नै बिपनाले विद्रोह गरेकी छे र कथा दुःखान्तक अवस्थामा पुगेको छ । श्रीमान अर्थात् म पात्रको ध्यान भङ्ग गरिदिएकाले कथामा उनको उपस्थिति कथालाई पुर्वदीप्तिबाट वर्तमानमा ल्याउन सहयोग पुगेको छ । आमा र श्रीमती गौण तथा मञ्चीय पात्र हुन् ।

### ३.२.९.३ परिवेश

परिवेश भन्नाले कथामा वर्णित स्थान, समय र वातावरण बुझिन्छ । 'सम्झनाका भग्नावशेष' कथाले काठमाडौँको स्थानीय परिवेशलाई देखाएको छ । पूर्वदीप्ति शैलीमा लेखिएको कथामा एउटा डेरावालको तिन बर्से जीवनलाई देखाइएको छ । काठमाडौँको कुनै व्यस्त बजारको छेउमा रहेको एउटा घरमा डेरा गरी बस्ने सागर नाम गरेको युवक र त्यही घरबेटीका दुईवटी छोरीहरूका मनमा उब्जिएको प्रेमाङ्कुरको भावनालाई देखाउने प्रयास गरिएको छ । कसरी तरुण अवस्थामा विपरीत लिङ्गीप्रति आकर्षण हुन्छ र त्यसले मानसपटलमा ल्याउने ऊहापोहको अवस्थालाई देखाएको छ । त्रिकोणात्मक प्रेमलाई देखाउने प्रयासमा सागर, सपना र बिपनाका मानसिक तन्तुहरूलाई केलाइएको छ । त्यसैगरी यस कथामा काठमाडौँली सांस्कृतिक परिवेश पनि आएको छ । जहाँ अन्तर्जातीय विवाहको विरोध, विवाहमा भोज भतेर, दाइजो जस्ता नाममा मनग्ये धन खर्च गर्नु पर्ने परिपाटीलाई पनि देखाइएको छ । कथामा मुख्य रूपमा मानसिक परिवेश आएको छ, जहाँ युवावस्थामा विपरीत लिङ्गीप्रति आकर्षित हुने युवासुलभ यौनप्रवृत्तिलाई उजागर गरिएको छ र बाह्य भौतिक परिवेश लाई पनि देखाइएको छ ।

### ३.२.९.४ दृष्टिविन्दु

'सम्झनाका भग्नावशेष' कथा म पात्र सागरले आफ्नो जीवनको पूर्वार्धमा आफ्नो जीवनमा घटेका घटनालाई एकान्तमा बसी चेतनप्रवाह शैलीमा कथन गरेको छ । म पात्रले जीवनको पूर्व सन्ध्यामा गरेको प्रेमलाई एकान्तमा बसी आफैँ स्मरण गरेको छ । जसमा म पात्र सागरले दुई जुम्ल्याहा दिदी बहिनी सपना र बिपना दुवैसँग प्रेम गरी बसेको कुरालाई कथामा यस प्रकार देखाइएको छ - "म दुवै किनार बगिरहेको थिए । त्यसको होस बल्ल भयो मलाई । अब मैले एक किनारा छोड्नुपर्छ मनले खबरदारी गऱ्यो " (पृ.९९) । कथामा प्रथम पुरुष शैलीको वाक्य गठन छ । म पात्र सागरले अफूलाई केन्द्रमा राखेर आफ्नो प्रेम प्रसङ्गलाई प्रस्तुत गरेको छ । सपना र बिपनाको भूमिका कथामा सहायक छ । त्यसैले कथामा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दु प्रयोग देखिन्छ ।

### ३.२.९.५ उद्देश्य

एउटा मान्छेले दुई ओटा नाउँमा एक एक ओटा खुट्टा राखेर हिँड्न खोज्दा हुने दुर्घटनालाई देखाउनु 'सम्झनाका भग्नावशेष' कथाको मूल उद्देश्य हो । अर्थात् यस कथाको प्रमुख पात्र सागरले दुवै दिदी बहिनीसँग गरेको प्रेमले गर्दा उसको जीवनमा घटेको दुर्घटना देखाउनु यस कथाको उद्देश्य हो । यस कथाको प्रमुख पात्र सागरका माध्यमले आफ्नो जीवनमा गरेका गलत वा अविवेकपूर्ण निर्णयले गम्भीर दुर्घटना निम्त्याउन सक्छ भन्ने कुरा देखाउन खोजिएको छ । सुदुर गाउँदेखि पढाइको लागि वा कामको लागि काठमाडौँ आउने युवकहरू घरभाडामा बस्ने गर्छन् । घरबेटीका छोरीसँग प्रेम गर्छन् तर विवाह बन्धनमा बाँधिदैनन् । उनीहरू प्रेमको जालमा किशोरीलाई फसाएर अलपत्र पार्ने यथार्थ चित्रण गर्नु यस कथाको अर्को उद्देश्य हो । त्यसैले प्रेम गर्दा र विवाह गर्दा आवेशमा वा हतारमा निर्णय लिनु हुँदैन भन्ने विचार कथाले दिन खोजेको छ ।

### ३.२.९.६ भाषाशैली

'सम्झनाको भग्नावशेष' कथा चेतनप्रवाह शैलीमा आधारित भई लेखिएको कथा हो । वर्णनात्मक भाषिक अभिव्यक्ति कौशल यस कथाको भाषिक विशेषता हो । वर्णनात्मक भाषिक विशेषता भित्र छोटा छोटा वाक्य गठन यस कथाको अर्को भाषिक विशेषता हो । यस कथामा प्रयुक्त निम्न उखान टुक्काले कथाको भाषिक अभिव्यक्ति मिठासपूर्ण बनाएको छ, जस्तै -

छोरा छोरी दुवै बराबरी (९५), हातको गास हातमा नै अडकिनु (९६), दुवै हातले आँखा छोप्नु (९८), छाँगाबाट खसे झैँ हुनु (९९), औँसीको रात झैँ (९९) डुबुल्की मार्नु (९९) बलिको बोका झैँ (१०४),नरहे बाँस नबजे बाँसुरी (१०४) । यस कथाको भाषिक अभिव्यक्ति सरल, सरस, सहज तथा मिठासपूर्ण छ । कथा पूर्व दीप्तिको शैलीमा आधारित छ । म पात्रले एकान्त ठाउँमा बसेर आफ्नो जीवनका अगाडिका कुराहरू सम्झि रहेको छ । श्रीमतीले ल्याएको चियासँगै उसको अचेतनका सम्झनाहरू वास्तविकतामा परिवर्तन हुन्छन् । त्यसैले यो कथा पूर्व दीप्ति शैलीमा आधारित कथा हो ।

### ३.२.१० 'कालो सुट' कथाको विश्लेषण

'कालो सुट' कथा **समय-दंश** कथा सङ्ग्रहमा सङ्ग्रहित कथामध्ये दसौँ स्थानमा रहेको कथा हो । यो कथा सर्वप्रथम **मितेरी** ( २०६७, असार अङ्क ) मा प्रकाशन भएको थियो । सिंहले यस कथामा जिगोलो अर्थात वेश्या पुरुषसँग महिलाहरूको मनोवैज्ञानिक रूपमा हुने आकर्षणको चित्रण गरेकी छन् ।

### ३.२.१०.१ कथानक

'कालो सुट' कथा पुरुष वेश्याको चारित्रिक विशेषता र त्यसबाट 'म' पात्रको मानसपटलमा उब्जेका उतार चढावलाई कथानकीय विषय बनाइएको छ । यो कथा यौन मनोविज्ञानमा आधारित कथा हो । "साहित्यिक मनोविज्ञानवाद फ्रायडवादबाट प्रभावित एउटा कला सौन्दर्य हो । मानवमनको अथाह गहिराइभित्र यथार्थको अमूर्त स्थिति खोज्न फ्रायडवाद सदा तत्पर रहन्छ" ( श्रेष्ठ, २०७० : ५३) । कथानकीय विषयलाई हेर्दा म पात्र आशा र कालो सुट लगाउने आवेश शर्माका बिच साथीको बिहेमा भेट हुन्छ । आकर्षक जिउडाल, मिठो मुस्कानले म पात्रलाई लट्ठ्याउँछ र पछिसम्म प्रभाव पार्छ । मामाको छोरा दाइले आवेश शर्माको निर्लज्ज बानीको बारेमा सबैलाई सचेत गराउँदै भन्दछन्- " धेरैलाई ठग्ने तथा युवतीलाई आफ्नो रूपको वशमा पारी यौनजन्य अपराध पनि गर्छ रे । त्यहाँ उपस्थित केटीहरूलाई सतर्क हुनु है भन्नु भयो" (पृ. १०८ ) । एउटा साप्ताहिकमा उसको मोडलिङ फोटो प्रकाशित भएको समेत म पात्रले देख्न पुग्छे र पछि फेरि ऊसँग बिहेको पार्टीमा भेट हुन्छ । भोलिपल्ट दरबार मार्गको रेस्टुरेन्टमा म पात्रले जागिरको लागि बायोडाटा बोकेर आवेशसँग भेट गर्न पुग्छे । त्यहाँ उनीहरू बिच नम्बर साटासाट हुन्छ । आवेशले आफ्नो पर्स हराएको बहाना बनाउँछ र म पात्रले नै बिल भुक्तानी गर्दछे । केही दिनपछि आवेशले दिएको नम्बरमा फोन गर्दा गलत हुन्छ र पछि कान्तिपुरमा ठगी तथा यौन व्यापारमा संलग्न एक जना अभियुक्त (पृ.१११) शीर्षकमा समाचार छापिएको देखेपछि म पात्रले आफैले आफैलाई सान्त्वना दिन पुग्छे । यसपछि

कथाको कथानक समाप्त हुन्छ । म पात्रभित्र देखाइएको आन्तरिक अन्तर्द्वन्द्वले कथालाई मनोवैज्ञानिक रूपमा प्रस्तुत गरेको छ ।

### ३.२.१०.२ चरित्र चित्रण

'कालो सुट' कथामा आवेश शर्मा, म पात्र आशा, युवती, केशव दाइ, प्रिया श्रेष्ठ, गोदाम घरको मालिक लगायतका पात्रको उपस्थिति रहेको छ ।

**(क) आवेश शर्मा**

'कालो सुट' विशेषता बोकेको आवेश शर्मा यस कथाका प्रमुख चरित्र हो । कथाका नामकरण उसले नै लगाउने कपडाबाट गरिएिकोले यसकथामा उसको भूमिका केन्द्रीय छ । आकर्षक जिउडाल , मिठो बोली , मन्द मुस्कानले जो कोही युवतीमाथि सजिलै प्रभाव जमाउन सक्ने उसको शारीरिक व्यक्तित्व छ । म पात्र आशालाई समेत आफ्नो रूपको जादू चलाएको छ, जुन कुरा म पात्र र आवेशको यो संवादबाट प्रस्ट हुन्छ- " मलाई चिन्नु भो,

किन नचिन्नु ? तँपाईलाई त्यसै कहाँ बिर्सन सकिन्छ र !(सिंह, २०६७ : १०८ ) ।" जुनसुकै भोजभतेरमा सरिक हुने आवेशले महिलाहरूलाई ठग्ने र बलात्कार गर्ने गर्छ । लन्डनबाट एम.बि.ए. पास गरेको बताउने आवेशले म पात्रलाई दिएको सबै विवरण झुटा हुन्छन् । कान्तिपुर दैनिकमा उसका सबै अपराध फोटो सहित प्रस्तुत हुन पुग्छन् । त्यसपछि म पात्रले समेत उसको वास्तविकता बुझ्छे । यसरी यौन जन्य अपराध गर्ने आवेश विकृत यौन मानसिकता बोकेको व्यक्तिगत चरित्र हो । उसको चारित्रिक विशेषता र शारीरिक विशेषताको वर्णन गर्दै लेखिएकोले यस कथाको बद्ध, मञ्चीय तथा गतिशील चरित्र हो । आवेशले नेपाली समाजमा भएका आपराधिक मनोवृत्ति बोकेका पात्रहरूको प्रतिनिधित्व गरेको छ ।

**(ख) म पात्र आशा**

म पात्र 'कालो सुट' कथाकी प्रमुख महिला पात्र हो । म पात्र आशाले नै आफ्नो जीवनमा घटेका घटनाहरू वर्णन गरेकी छे । ऊ कथाकी द्रष्टा र भोक्ता दुवै पात्र हो । कथाकारले आवेश शर्माको चारित्रिक विशेषता प्रस्तुत गर्नको लागि म पात्रको उपस्थिति गराएको पाइन्छ । आवेश शर्माको आकर्षण व्यक्तित्वबाट ऊ पनि प्रभावित हुन पुग्छे । म पात्र आशा प्रभावित भएको कुरा यस उद्धरणबाट प्रस्ट हुन्छ- "उसको आकर्षण शारीरिक बनावट, ओँठमा खेलि रहने मोहक मुस्कान जो कोहीलाई पनि सजिलैसित आफुतिर आकर्षण गर्न सक्थ्यो । म मात्र कहाँ अपवाद हुन सक्छु र ? म पनि उसको मोहक व्यक्तित्वको जादुको सिकार भएँ" (पृ. १०६ ) । केशव दाइले कालो सुट लगाउने त्यो आकर्षक व्यक्तिको कालो रूप देखाउँदा देखाउँदै पनि म पात्रको अचेतन मनले आवेशप्रतिको सम्बन्ध अगाडि बढाउन पुग्छ । यस कारणबाट म पात्रको चेतन र अचेतन मनबिच आन्तरिक द्वन्द्व भएको छ । आवेशलाई होटलमा भेट्न जाने वा नजाने बिच पनि द्वन्द्व देखा परेको छ । म पात्र यस कथाकी मनोवैज्ञानिक पात्र हो । अन्त्यमा आवेशले दिएको सबै विवरण झुटो भएकाले उसमा नैराश्यता छाउँछ । कान्तिपुरमा आवेशका सबै कु-कार्य आएपछि आफुलाई सान्त्वना दिने म पात्र

शिक्षित युवा पात्र हो । उसको चरित्र व्यक्तिगत छ । समयसँग आफूलाई परिवर्तन गर्न सक्ने गतिशील चरित्र उसमा छ ।

**(ग) अन्य पात्र**

केशव दाइ 'कालो सुट' कथामा प्रयुक्त अन्य पात्रमध्ये महत्त्वपूर्ण चरित्र हो । ऊ यस कथामा आवेशको नीच चरित्रको बारेमा पहिला नै जानकारी गराउने असल चरित्रको रूपमा देखा परेको छ । यस कथामा युवती, प्रिया श्रेष्ठ र गोदाम मालिक गौण रूपमा प्रयोग भएका पात्र हुन् । युवती म पात्रकी साथी हो । उसकै माध्यमले आवेशसँग म पात्रको चिनजान हुन्छ । प्रिया श्रेष्ठ र गोदाम मालिक आवेशले दिएको नम्बरमा फोन गर्दा भेटिएका व्यक्ति हुन् । कथामा यिनीहरूको भूमिका नगन्य मात्रामा छ ।

### ३.२.१०.३ परिवेश

परिवेशले पात्रहरूका क्रियाकलापको वातावरणलाई प्रस्तुत गर्छ । 'कालो सुट' कथामा काठमाडौँ सहर र यहाँका शिक्षित बेरोजगार युवाहरू तथा आर्थिक आय आर्जन गर्नको लागि गरिने पुरुष वेश्या प्रवृत्तिका साथै अन्य आपराधिक क्रियाकलापलाई परिवेशको रूपमा लिइएको छ । पानी पर्दा ओतिएको बागबजारको सडक, बिहेको पार्टी, दरबार मार्गको गजल रेस्टुरेन्ट, म पात्रको घर प्रत्यक्ष रूपमा प्रयुक्त भौतिक परिवेश हुन् । त्यस्तै यस कथामा मानसिक परिवेशको पनि प्रयोग गरिएको छ । मानसिक परिवेशको रूपमा पात्रका आन्तरिक द्वन्द्व वा मानसिक उतार चढावलाई लिइन्छ । आवेशप्रति म पात्रको आकर्षण र उसबारे जान्ने इच्छालाई कथामा मनोवैज्ञानिक रूपमा प्रस्तुत गरिएको छ । आवेशसँग लामो समयसम्म सम्पर्कविहीन रहँदा म पात्रमा आएको मानसिक छटपटीलाई मानसिक परिवेशको रूपमा लिन सकिन्छ । कालो सुटले आवेशको बाहिरी आवरणभित्र लुकेको आपराधिक मनोवृत्तिलाई प्रस्ट पार्न खोजेको छ । आवेशको मनोविकृत प्रवृत्ति र विवाह भोजमा सरिक भई महिलाहरूलाई आफ्नो आकर्षका व्यक्तित्वको जादू चलाउने उसका क्रियाकलाप पनि मानसिक परिवेशमा आएका छन् । यसरी कथामा मानसिक परिवेश अनुसार भौतिक परिवेशको चित्रण गरिएको छ ।

### ३.२.१०.४ दृष्टिविन्दु

'कालो सुट' कथामा आवेशको चरित्र चित्रण गर्न तथा उसका क्रियाकलाप पाठक समक्ष प्रस्तुत गर्न म पात्रको प्रयोग गरिएको छ । म पात्र कथाकी द्रष्टा तथा भोक्ता दुबै भए तापनि मूल रूपमा आवेशको भूमिका र उसका आपराधिक क्रियाकलापको वर्णन प्रथम पुरुष कथन शैलीमा गरिएको छ ।कालो सुटमा आवेश हतकडीमा शिर निहराएर उभिएको थियो। उसको फोटो सहितको समाचार पढी मेरो खुट्टामुनिको जमिन हल्लियो । उसले धेरैलाई ठगेको र धेरै महिलालाई आफ्नो रूपको जादू चलाएर बलात्कार गरेको समाचार पढी धेरै बेर म हतप्रभ भइ रहेँ"(पृ.१११) । यसरी कथाकारले अवेशको व्यक्तित्व र उसको नीच चरित्रलाई केन्द्रमा रखेर कथा लेखेको पाइन्छ । म पात्र आवेशका पतित भ्रष्ट चरित्रलाई पर्दाफास गर्न र कथालाई प्रथम पुरुष कथन ढाँचामा कथालाई प्रस्तुत

गर्नको लागि प्रयुक्त पात्रको रूपमा देखा परेकी छ । कथामा म पात्रको भूमिका सहायक छ । कथाकारले म पात्रलाई यस कथाको मुख पात्रको रूपमा प्रस्तुत गरेको पाइन्छ । कथामा म पात्रको भूमिका सहायक किसिमको छ । त्यसैले 'कालो सुट' कथा प्रथम पुरुष अन्तर्गतको परिधीय दृष्टिविन्दुमा आधारित कथा हो ।

### ३.२.१०.५ उद्देश्य

'कालो सुट' कथाको मूल उद्देश्य बाहिरी आकर्षक व्यक्तित्व र मिठो बोलीले प्रभाव पारी बलात्कार गर्ने, लुट्ने तथा छल गर्ने आपराधिक मनोवृत्ति भएका पुरुषसँग महिलाहरू सधैँ सजग रहनु पर्छ भन्ने अभिव्यक्ति दिनु हो । कालो सुट कथामा सुकिलो आवरण र तथाकथित भद्रताभित्र लुकेको एक जना पुरुषको नीच, पतित, कामुक, स्वेच्छाचारी र ठगाहा

चरित्रलाई प्रभावपूर्ण रूपमा देखाइएको छ (गौतम, २०६७ : भूमिका खण्ड ) । कथामा राम्रो र आकर्षक व्यक्तिसित सम्बन्ध बढाउँदा सोँच विचार गर्नु पर्छ, होइन भने उनीहरूको भ्रष्ट चरित्रले सिकार बनाउन सक्दछ भन्ने विचार म पात्रका माध्यमबाट व्यक्त गरिएको छ । आधुनिक युगमा मानिसले पैसाका लागि जे पनि गर्न थालेका छन् । शिक्षित पढे लेखेका युवा पैसा कमाउनका लागि अपनाउने गलत पाटोलाई कथामा यस किसिमको वैचारिक अभिव्यक्ति प्रस्तुत गरी प्रस्ट्याएको पाइन्छ- "आधुनिक युगको उपज हो आवेश जस्ता युवा, शिक्षित बेरोजगार पथभ्रष्ट भई कुलतमा फँसेको ऊ एक उदाहरण मात्र हो" (पृ.१११) । कालो सुट अर्थात आधुनिक पहिरनभित्र ठाँटिएका युवाको वास्तविक चरित्र बुझ्नु पर्छ भन्ने वैचारिक अभिव्यक्ति कथाले दिएको छ ।

### ३.२.१०.६ भाषा शैली

'कालो सुट' कथा चेतन प्रवाह शैलीमा लेखिएको छ । म पात्रले कथामा आफ्नो जीवनमा घटेका कुरालाई पूर्वदीप्ति शैलीमा वर्णनात्मक अभिव्यक्ति दिएकी छन् । जसलाई यस भाषिक अभिव्यक्तिले प्रस्ट पार्न सकिन्छ-

"कालो सुटमा सजिएको उसको युवा शरीर देखेर मुग्ध नहुने को होला र, म पनि उसको मोहक व्यक्तित्वको जादुको सिकार भएँ । अहिले सम्झेर ल्याउँदा कस्तो कस्तो लागेर आउँछ" (पृ.१०६) । कथामा परिवेश तथा पात्रअनुसारको भाषिक प्रयोग छ । लेख्य तथा मानक भाषाको बाहुल्य रहेको छ । 'कालो सुट' कथा आवेशको प्रतीक हो यसले आवेशको बाहिरी रूपरङ्गको सङ्केत गर्दछ । त्यस्तै कालो रङ्गले आवेशभित्र रहेको व्यभिचारी प्रवृत्तिको सङ्केत गर्दछ । साङ्केतिक शीर्षकीकरण गरिएको कथामा शिष्ट र मानक भाषाको प्रयोग गरिएकाले कथा सुबोध्य बन्न गएको छ ।

### ३.२.११ 'अनुत्तरित प्रश्नहरू' कथाको विश्लेषण

'अनुत्तरित प्रश्नहरू' कथा पद्मावती सिंहद्वारा रचना गरिएको **समय-दंश** कथासङ्ग्रहमा एघारौं क्रममा रहेको कथा हो । यो कथा सर्वप्रथम **मिर्मिरे** (फागुन, २०६७ ) पत्रिकामा प्रकाशित भएको थियो । यस कथाले नारीमाथि हुने यौन शोषणलाई मूल विषय बनाएको छ ।

### ३.२.११.१ कथानक

आफ्नो घर परिवार बुबा आमा हुँदाहुँदै पनि एक अनाथ जस्तै एक्लो जीवन जिउने मखमलीको जीवनमा आएका विविध घटनाक्रमलाई 'अनुत्तरित प्रश्नहरू' कथाको कथानकीय विषय बनाएको छ । यस कथाको विषय महिलासँग गरिने यौन शोषणमा आधारित छ । आफ्नै फुपाजूबाट बलात्कृत भएकी मखमली पतिको दबाबमा वेश्या बन्न पुगेकी छे । यस कथाको कथानकीय घटनाक्रमलाई हेर्दा मखमली एक गरिब परिवारमा जन्मेकी बालिका हो । पढाइमा राम्रो हुनाले फुपूले आफ्नो घरमा ल्याएर पढाउँछे । फुपू भोजमा गएको बेला फुपाजूले मखमलीलाई बलात्कार गर्छ । गर्भवती भएपछि मखमलीले फुपाजूले आफुलाई बलात्कार गरेको घटना सुनाउँछे । फुपूले उल्टै आर्काको भुँडी बोक्ने र मेरो लोग्नेलाई दोष दिने भन्दै उसलाई बाबुआमाको जिम्मा लगाउँछे । "अर्काको पापको पोको बोकी बाँच्नु भन्दा हाम फालेर मर् (पृ.११९) ।" भनेर आमाबाबुले फुपूको पक्ष लिएपछि गाउँको नर्सको सहयोगमा अस्पतालमा गर्भपतन गराउन पुग्छे । त्यसपछि काठमाडौँ आई दुई वर्ष घरेलु कामदारका रूपमा काम गरी कमाएको पैसाले ठेलागाडा किनेर चटपटे बेच्ने गर्छे । बिरामी भएको समयमा घरबेटीले नै उसको यौवनसित खेल्छ । उसले कुनै प्रतिकार गर्न सक्दिन बरु ठेलामा फलफुल बेच्ने बिस्नुमायाको शरणमा जान्छे । त्यही डेरा खोजी घरपटीको सहायताले गार्मेन्टमा काम गर्न पुग्छे । उसको त्यही गार्मेन्ट उद्योगमा नै काम गर्ने कामदारसँग सम्बन्ध नजिकिँदै जान्छ र उसैसँग विवाह गर्छे । विवाह गरेर आनन्द होला भन्ने सोचेकी मखमलीको झन् दुर्दशा हुन्छ । उसलाई रेस्टुरेन्टमा काम गर्न पतिले लगाइ दिन्छ । पति र होटल साहुको दबाबमा परेर ऊ एक वेश्या बन्न पुग्छे । उसले कमाएको पैसाले मखमलीको पतिले मोजमस्ती गर्छ । मखमलीले होटलमा काम नगर्ने भन्दा लोग्नेले घरबाट निकालि दिने धम्की दिन्छ । मखमली प्रत्येक रात कामवासनाले आतुर ग्राहकको वासना पुरा गरेर फर्केर आफ्नो जीवनको नियति यही हो भन्दै आफैसँग प्रश्न गर्छे तर उत्तर भेटाउँदिन । यसैमा कथाको कथानक समापन भएको छ । यसरी यस कथाले पटकपटक बलात्कारमा पर्ने तथा यौनशोषणमा परेका महिलालाई देखाएर पुरुष प्रधान समाजको कुसंस्कारलाई व्यङ्ग्य गरेको छ ।

### ३.२.११.२ चरित्र चित्रण

'अनुत्तरित प्रश्न' कथामा मखमली, बिस्नुमाया, आमाबाबु, मखमलीका दिदी बहिनी, फुपू, फुपाजू, पुलिस घरबेटी, चटपट खान आउने कलेजका केटाकेटी, एक युगल जोडी, घरबेटीको छोरा, मखमलीको लोग्ने, होटल मालिक, होटलका ग्राहकहरू लगायतका पात्रहरू रहेका छन् । यस कथामा मखमली प्रमुख पात्र हो भने अन्य पात्र सहायक तथा गौण किसिमका रहेका छन् ।

**(क) मखमली**

गरिब परिवारमा जन्मेकी मखमलीको बाल्यावस्था अति नै दुःखद र अभावपूर्ण अवस्थाबाट गुज्रिएको छ । पढाइमा राम्रो भएकाले फुपूले काठमाडौँ ल्याएर पढाउन थाल्छिन् । उमेर बढ्दै जाने क्रममा अति नै राम्री भएकी मखमली चौध वर्षकै उमेरमा फुपाजूबाट बलात्कृत हुन पुग्छे । गर्भवती भएको अवस्था थाहा पाएपछि फुपू तथा घरपरिवारबाट नै अपहेलित हुन पुग्छे । आफूले गल्ती गरेको नभएर समय र नियतिले ठगेको भन्ने हो भन्ने सोचाइमा पुग्छे । घरेलु कामदारको रूपमा

काठमाडौँमा एक मारवाडीका घरमा काम गर्न पुग्छे । ठेला चलाएर भए पनि आर्थिक आय आर्जन गरी फुपाजूसँग बदला लिने सोच बनाउन पुगेकी हुन्छे ।त्यसैले ऊ चेतनायुक्त पात्र हो । ठेला चलाउने अर्की पात्र बिस्नुमायाले मखमलीको जीवनको बारेमा सोध्दा केही पनि बताउन नचाहने मखमली आफ्ना दुःख पीडा मनभित्र नै नै राख्ने अन्तर्मुखी स्वभावकी छ । बिरामी भएको समयमा घरबेटी बुढो बाट बलात्कृत हुन पुग्छे । बिस्नुमायाको सहयोगकै कारण डेरा सरेकी मखमली गार्मेन्ट उद्योगमा काम गर्न पुग्छे । त्यहाँ उसले एक जनासँग सम्बन्ध बढाएर सुटुक्क विवाह गर्छे । विवाह पश्चात आफ्नो जीवन सुखी हुने ठानेकी मखमलीले झन दुर्दशा र दर्दनाक अवस्था भोग्न पुग्छे । विवाह पश्चात रेस्टुरेन्टमा काम गर्न पुगेकी मखमली होटल मालिक र पतिको दबाबमा ग्राहक अनुकूल बनि दिन्छे । रेस्टुरेन्टमा काम नगर्ने भन्दा पतिले उसलाई घरबाट निकालि दिने धम्की दिन्छ । त्यसैले ऊ एक वेश्याको रूपमा पुलिसको रेडमा पर्छे र पुलिसबाट पनि बलात्कृत हुन पुग्छे । तैपनि आफ्नो सहाराको लागि ऊ पतिलाई आफ्नो कमाइ दिई आफूलाई रित्तो अनुभव गर्छे । त्यसैले मखमली परिस्थितिसँग जुधेर होइन सहेर बस्ने सहनशील पात्र हो । उसमा विद्रोह गर्ने अवसर प्राप्त हुँदा पनि नियतिको खेल भनि सहन गर्ने प्रवृत्ति देखिन्छ । समयसँगै आफूलाई परिवर्तन गरे पनि मानसिक रूपमा हीन मनोभावले प्रेरित छे । उसले आफूलाई बलात्कार गर्ने घरबेटी र वेश्या बनाउने पतिसँग पनि विद्रोह गरेकी छैन । आफूले कमाएको पैसाले पतिले फुर्माइस गर्दा पनि पतिसँग विद्रोह गरेकी छैन । मखमलीले महिलाहरूले भोग्ने यौन हिँसा युक्त समस्यालाई प्रतिनिधित्व गरेकी छ । कथाकारले मखमलीको जीवन झन्पछि झन् समस्यायुक्त बनाएकोले ऊ समस्या, पीडा, आर्थिक अभावले ग्रसित छ । ऊ निम्न वर्गको प्रतिनिधि पात्र हो । साथै ऊ यस कथाकी केन्द्रीय पात्र पनि हो ।

**(ख) अन्य पात्र**

बिस्नुमाया मखमलीलाई सहयोग गर्ने एक मात्र अनुकुल पात्र हो । पतिले दोस्रो विवाह गरेपछि छोरीलाई लिएर कठमाडौँ आएकी बिस्नुमायाले फलफुल बेचेर आफ्नो गुजारा चलाउँछे । फुपाजू मखमलीलाई नारकीय जीवन बिताउन विवश बनाउने एक व्यभिचारी पुरुष पात्र हो । आफ्नी छोरी बनाएर पाल्न ल्याएकी मखमलीलाई बलात्कार गरी गर्भवती बनाउने शोषक प्रवृत्तिको अपराधी मनोवृत्तिको खराब पात्र हो । घरबेटी बुढो पनि मखमलीको रूप देखेर मोहित हुने खराब मनोवृत्तिको पात्र हो । मखमली बिरामी भएर अचेत हुँदा उसको यौवनसित खेल्छ । उसले पनि महिलालाई खेलौना सम्झी मखमलीको बलात्कार गरेको छ ।

मखमलीको पति एकदमै खराब र अपराधी पति हो । मखमलीलाई श्रीमती बनाई उसको यौवनलाई बेचेर प्राप्त पैसामा मोजमस्ती गरेको छ । उसलाई महिला बेचबिखन गर्ने दलालको रूपमा लिन सकिन्छ । रेस्टुरेन्ट मालिक काठमाडौँमा गोप्य रूपमा यौन धन्दा सञ्चालन गर्ने मालिकको रूपमा देखा परेको छ ।

फुपू, बाबु आमा वास्तविक दोषी थाहा पाउन भन्दा पनि आफ्नै छोरी र बहिनीलाई दोषी ठहराई पशुवत जीवन बिताउन बाध्य पारिदिने अशिक्षित अभिभावक हुन् । उनीहरू पुरातन परम्परा र छोरीलाई घरको ऋण ठान्ने सोँचबाट ग्रसित पात्र हुन् । पुलिस प्रशासन वास्तविक अपराधीलाई खोज्न भन्दा निमुखा महिलालाई पक्राउ गरेर बलात्कार गर्ने अपराधमा नै प्रयुक्त देखिन्छ । यस

कथामा कलेजका विद्यार्थी पनि पढाइ भन्दा पनि फिल्म हेर्ने क्लास छोड्ने र मोजमस्ती गर्ने प्रवृत्तिका देखा परेका छन् । यस कथामा प्रयुक्त अन्य पात्रको भूमिका भने नगन्य मात्रामा छ ।

### ३.२.११.३ परिवेश

'अनुत्तरित प्रश्न' कथामा मखमललीको जीवनका उतरचढाव र उसले भोगेको यौन शोषण र दुर्व्यवहारलाई सहन गर्दाको मानसिकतालाई वर्णन गरी आन्तरिक तथा मानसिक परिवेशको सिर्जना गरिएको छ । कथामा ग्रामीण तथा अशिक्षित परिवारमा हुने धेरै सन्तान, छोराको महत्त्वलाई दिइने प्राथमिकता समेतलाई देखाइएको छ । फुपूकोमा पढ्नको लागि र बिहान बेलुका घरधन्दामा सहयोग गर्न पठाएकी छोरी गर्भवती हुँदा आत्महत्या गर् भन्ने अवस्थाले छोरीलाई ऋण ठान्ने तथा छोरीबाट नभएका गल्ती पनि उसैमाथि थोपरेर मुक्त हुन चाहने अशिक्षित ग्रामीण परिवेश देखाइएको छ ।

गरिब तथा कम आय स्रोत हुनेले सिढीमुनिको सस्तो कुनो रोज्नु पर्ने अवस्था, त्यसमाथि घरबेटी पनि एक्लो सहाराहीन महिलामाथि राख्ने गिद्धे दृष्टिलाई पनि कथामा समावेश गरिएको छ । महिलालाई बिहेपछि पनि समाजका ठेकेदार भनाउँदा पुरुषले वेश्या बनाउने र उनीहरूको शारीरिक शोषण गरी पैसा आर्जन गरी मोजमस्ती गर्ने प्रवृत्तिलाई देखाइएको छ । आर्थिक तथा सामाजिक समस्याबाट गुज्रिरहेका महिलालाई बिहेको नामबाट पनि शोषण गरिने मनोवृत्तिलाई चित्रित गरिएको छ । यस कथामा काठमाडौँमा रेस्टुरेन्टका नाममा चलि रहेका यौन व्यवसाय र आपराधिक गिरोहहरूलाई चित्रण गरी यौन व्यवसायमा संलग्न महिलाहरूको वास्तविक दुर्दशा देखाउन खोजिएको छ । साथै गार्मेन्ट उद्योग, वर्षाको झरी, सिढीमुनिको वास, आन्दोलनजस्ता भौतिक परिवेशका रूपमा देखा परेका छन् ।

### ३.२.११.४ दृष्टिविन्दु

'अनुत्तरित प्रश्नहरू' कथा मखमलीको जीवनसंग सम्बन्धित भएर लेखिएको कथा हो । कथाकारले महिलामाथि हुने यौन शोषणलाई मखमली जस्ती निरिह पात्रको सिर्जना गरी उसमाथि विभिन्न अवस्थामा भएको आर्थिक तथा शारीरिक शोषणलाई देखाइएको छ । यसरी कथाकारले मखमली माथि गरिएका दुर्व्यवाहर र त्यसबाट उसलाई परेको मानसिक प्रभावको चित्रण समेत गरेको पाइन्छ । यस कथामा प्रयुक्त अन्य पात्रहरू फूपू, बाबु, आमा घरबेटी विष्णुमाया, विष्णुमायाकी घरबेटी छोरी, मखमलीको लोग्ने लगायतपात्र भए पनि सबै जसो पात्रहरू क्रियाकलापलाई खासै महत्त्व दिएको छैन । यस कथामा कथाकारले मखमली र उसका जीवनमा घटेका घटनाहरू वर्णन गर्नमा नै केन्द्रित छन् । यस कथामा मखमलीलाई दृष्टिकेन्द्र बनाई उसकै आधारमा कथाकारले आफ्नो धारणा व्यक्त गरको पाइन्छ । त्यसैले 'अनुत्तरित प्रश्नहरू' कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिविन्दुको प्रयोग छ ।

### ३.२.११.५ उद्देश्य

एक आर्थिक रूपमा कमजोर महिलाले कतिसम्म यौन शोषण सहनुपर्छ भनि देखउनु 'अनुत्तरित प्रश्नहरू' कथाको मूल उद्देश्य हो । यस कथामा मखमलीलाई माध्यम बनाएर एक नाबालिकाले अन्जान रूपमा नै आफ्नै आफन्त जस्ता फुपाजुबाट बलात्कृत हुन पुग्छन् । फूपाजुलाई कारबाही

गर्नुको साटो उल्टै मखमली जस्ती बालिकालाई निकाला गरिने अशिक्षित परिवारलाई देखाउनु कथाको अर्को उद्देश्य हो । यस कथाका माध्यमले परिवारबाट संरक्षण नभएका महिलाहरूले विभिन्न रूपमा यौन शोषण सहनुपर्ने स्थिति देखाइएको छ । प्रेम विवाह गरेर होस वा विवाहको ढोङ्ग रचेर महिलालाई वेश्या बनाउने र उनीहरूको यौन शोषण गर्ने तथा आर्थिक लाभ उठाउने दलाल बढेको देखाउनु कथाको मुख्य उद्देश्य हो । होटलमा रेड हान्दा प्राप्त महिलालाई जेलमा थुनेर पुलिसबाट समेत बलात्कार हुने गरेको कुरा कथामा देखाइएको छ । त्यसैले वेश्यालाई होइन वेश्या बन्न बाध्य बनाउने दुराचारी व्यक्तिलाई कारबाही गर्नुपर्ने विचार यस कथाले व्यक्त गरेको छ ।

### ३.२.११.६ भाषाशैली

'अनुत्तरित प्रश्नहरू' कथामा वर्णनात्मक भाषाशैलीको प्रयोग पाइन्छ । कथामा तृतीय पुरुष शैलीको वाक्यगठन भएकाले भाषिक अभिव्यक्ति वर्णनात्मक किसिमको छ । वर्णनात्मक शैलीमा छोटा छोटा वाक्य गठन यस कथाको प्रमुख भाषिक विशेषता हो । आर्थिक अभाव पूर्ति गर्नको लागि ठेलागाडीमा फलफूल तथा चना केराउ बेच्ने विष्णुमाया  र मखमलीको संवाद पनि मानक भाषामा आधारित छ । कथामा निम्न उखान टुक्काको प्रयोगले भाषालाई चोटिलो बनाइएको छ-

विनासित्तिका गलगाँगाडहरू (११४), दुःखको पोको फूकाउनु (११४), मनको वह कसैलाई नहक ( ११६), गिद्धे दृष्टि (११८), पापको पोको (११९) । त्यस्तै कथामा आलङ्कारिक भाषाको प्रयोग पनि देखिन्छ जस्तैः सप्तरङ्गि इन्द्र धनु कोरिए झैँ (११७), जीवन नै सप्तरङ्गी इन्द्रेणी झैँ लाग्यो (११८), घाम र पानी जस्तै हुन प्रेमी र प्रेमिका (११८) आदि । यस कथाको भाषिक शिल्प सञ्चार आलङ्कारिक तथा बिम्बात्मक छ ।

### ३.२.१२ 'अशान्त मन' कथाको विश्लेषण

'अशान्त मन' पद्मावती सिंहको **समय-दंश** कथा सङ्ग्रहको बाह्रौं क्रममा रहेको कथा हो । यो कथा सर्वप्रथम **शुक्लप्रवाह** कथा विशेषांक पत्रिकामा २०६६ मा प्रकाशित भएको थियो । नेपालमा प्राय जसो हुने बन्द हडताल जुलुसले गर्दा मानिसका दैनिक क्रियालापमा हुने प्रभावलाई मूल विषय बनाएर सिर्जना गरिएको छ ।

### ३.२.१२.१ कथानक

'अशान्त मन' कथा झिनो विषयलाई जोडेर कथानक सिर्जना गरिएको छ । कथामा म पात्रको मनलाई तत्कालीन समयमा घटेका राजनीतिक घटनाक्रम बन्द देश तथा विदेशमा घटेका घटना वैदेशिक रोजगारीमा गएर नेपाली कामदारले पाएको यातनालाई चेतनाप्रवाह शैलीका माध्यमले प्रस्तुत गरी कथाको कथानकीय विषय सिर्जना गरिएको छ । यस कथाले सरकारले लेबनानजस्तो ठाउँमा महिला कामदारलाई खुला गराएको वैदेशिक रोजगारी सम्बन्धी समस्यालाई समाधान नगरेको, बन्द हडताललाई रोक्न ठोस कदम नचालेकोमा जनताले व्यक्त गर्ने आक्रोशलाई देखाएको छ । यो नै यस कथाको मुख्य विषय हो । कथामा म पात्रको घरमा काम गर्ने विमला वैदेशिक रोजगारका लागि खाडी मुलुकमा जाँदा पाएको दुःख तथा उसमाथि गरिएको यौन शोषणलाई पनि कथाले आफ्नो विषय बनाएको छ । यस कथामा म पात्रले यी सबै घटनालाई एकलापीय

दृष्टिकोणबाट उपस्थित गराएकी छन् । वैदेशिक रोजगारीका लागि जाने महिलाहरू युद्ध पीडित तथा आर्थिक रूपमा कमजोर अशिक्षित भएकोमा म पात्रको चिन्ता कथामा व्यक्त गरिएको छ । राजालाई हटाएर पनि कुर्ची मोह नत्यागेको यथार्थ अवस्थालाई कथामा देखाइएको छ । त्यस्तै छोरीको जन्म दिनको शुभकामना दिन आएका साथीहरूको माध्यमले बन्दकर्ताले मोटरसाइकल जलाइदिएको देखाएर देशमा फैलिएको अराजक स्थितिको चित्रण गरिएको छ । म पात्रको माध्यमबाट देशमा घटेका अराजकता राजनीतिक समस्या आर्थिक समस्या महिला कामदारले वैदेशिक रोजगारीमा पाएका समस्यालाई कथामा प्रस्तुत गरिएको छ । यो नै 'अशान्त मन' कथाको कथानक हो ।

### ३.२.१२.२ पात्र वा चरित्र

यस 'अशान्त मन' कथामा म पात्र विमला छोरी छोरीका साथीहरू, दलाल, पुलिस, बन्दकर्ता लगायतका पात्रहरू छन् । जसमा म पात्रको भूमिका प्रमुख छ भने विमलाको सहायक भूमिका छ ।

#### (क) म पात्र

म पात्र यस कथामा प्रयुक्त प्रमुख पात्र हो । देशभरि अराजक स्थिति, राजनीतिक घटनाक्रम तथा महिलामाथिको शोषणका घटनाले म पात्र साह्रै चिन्तित बन्न पुगेकी छ । म पात्रलाई छोरीले मा' सम्बोन्धन गरेकाले ऊ महिला पात्र हो भन्ने कुरा थाहा हुन्छ । म पात्र शिक्षित चेतनशील पात्रको रूपमा कथामा देखा परेकी छ । म पात्रले देशको स्थिति महिला तथा पुरुषले विदेशमा प्राप्त गरेको दुःख पूर्ण समाचार पढेर वा सुनेर दुःख व्यक्त गर्ने आम नेपालीको प्रतिनिधित्व गरेको पाइन्छ । नेपालको राजनीतिक अवस्था र त्यसको परिवर्तनको आशा गरेका आम नेपाली जनताको निराशा म पात्रको माध्यमबाट व्यक्त गरिएको छ । वैदेशिक रोजगारीबाट फर्किएकी विमलालाई आश्रय दिएकी र दिउसो रोजगार हुने सिलाई बुनाई तालिममा लगाइदिएकी म पात्रको चरित्र असल छ । कथामा घरका सबै घटनाक्रम म पात्रका माध्यमबाट व्यक्त भएको छ । यी घटनाक्रमका कारणले उनको मन अशान्त भएकाले उनलाई यस कथाको प्रमुख पात्र हो भन्न सकिन्छ ।

#### (ख) विमला

विमला यस कथाकी सहायक पात्र हो । महिला कामदारहरूले खाडी मुलुकमा पाएको दर्दनाक अवस्था शारिरीक शोषण यौन दुर्वव्यवारको सिकार भएको अवस्थालाई विमलाको माध्यमले कथामा प्रस्तुत गरिएको छ । विमला द्वन्द्वमा लोग्ने गुमाउन पुगेकी एक एकल महिला हो । आर्थिक अवस्था नाजुक भएकाले छोरा छोरी साहुकोमा पठाएर एक दलालको सहयोगमा खाडीमा पुग्छे त्यहाँ पनि उसले अनेक यातना सहेर यौन शोषणमा परी केही समय बिताउन पुग्छे । यसरी खाडी मुलुकमा घरेलु कामदारको रूपमा रहेकी विमला नेपाल आए पछि म पात्रको घरमा काम गर्न पुगेकी छ । ऊ महिला कामदारको प्रतिनिधि पात्र हो । आर्थिक रूपमा विपन्न तथा अशिक्षित महिलाको प्रतिनिधि गर्ने कथाकी सहायक चरित्र हो ।

### (ग) अन्य पात्र

यस कथामा छोरी, छोरीका साथीहरू, दलाल, विमलाका छोरा छोरी, म पात्रका आफन्त, भलादमी, बन्दकर्ता लगायतका पात्र प्रयुक्त छन् । ती सम्पूर्ण पात्रहरू कथामा गौण रूपमा छन् । दलाल महिला बेच्ने गिरोहको रूपमा प्रस्तुत छ । नेता यथार्थमा बन्दकर्ताहरूलाई देशमा अराजक स्थिति निम्त्याउन सहयोग गर्ने पात्रका रूपमा देखा परेका छन् । मञ्चीय पात्र भए तापनि अन्य पात्रको भूमिका कथामा नगन्य छ । यी पात्रहरू प्रसङ्गवश आएका पात्र मञ्चीय पात्र हुन् ।

### ३.२.१२.३ परिवेश

'अशान्त मन' कथामा नेपालको समकालीन राजनीतिक परिवेश प्रस्तुत हुने घटनाक्रम प्रस्तुत गरिएको छ । यस कथामा बन्दकर्ताले अचानक बन्दको घोषणा गरेको हुनाले त्यसबाट दैनिक व्यवहार तथा अन्य अनुष्ठानयुक्त कार्य गर्न समस्या सिर्जना भएको नेपालको हालको वास्तविकता देखाइएको छ । वैदेशिक रोजगारीको लागि जाने घरेलु महिला कामदारले भोग्नु पर्ने यातना पनि कथामा चित्रण गरिएको छ । नेपालको काठमाडौँमा हुने बन्द हडताल देखि महिलाहरूका आर्थिक समस्या, द्वन्द्वले पति गुमाउँदा भएको आर्थिक अभाव समेत कथामा परिवेशको रूपमा चित्रण गरिएको छ । म पात्रका माध्यमबाट देश तथा विदेशमा घटेका घटना तथा महिला कामदार माथि भएको दुर्व्यवहार तथा राजनीतिक अस्थिरता, सत्ता मोहले गर्दा नेपाली जनतामा आएको नैराश्यलाई मानसिक परिवेशको रूपमा चित्रण गरिएको छ । देशको तथा विदेशको समाचारबाट चिन्तन हुन पुगेका मानिसका यथार्थलाई यहाँ मानसिक परिवेशको रूपमा चित्रण गरिएको छ ।

### ३.२.१२.४ दृष्टिविन्दु

'अशान्त मन' कथामा चेतन प्रवाह शैलीको माध्यमबाट म पात्रले देशमा भएको अराजक स्थितिलाई प्रथम पुरुष कथन ढाँचा प्रस्तुत गरिएको छ । कथामा देशमा व्याप्त गरिबी तथा त्यस गरिबीबाट मुक्ति पाउनको लागि महिलाहरू वैदेशिक रोजगारीका लागि आकर्षक भएको देखाइएको छ । ती महिलालाई दलालले तेस्रो मुलुकमा बेचिदिएको तितो यथार्थलाई विमलाको माध्यमबाट देखाइएको छ । विमलाको यथार्थ र म पात्रले व्यक्त गरेको तथा अन्य घटनाक्रम पनि म पात्रकै माध्यमले व्यक्त गरिएको छ । 'अशान्त मन' कथामा कथाकारले आफ्नो मनको अशान्ती म पात्रलाई मुख पात्र बनाएर व्यक्त गरेको पाइन्छ । म पात्रलाई देश भित्रै भैरहेको राजनीतिक अस्थिरता बन्द हडताल वैदेशिक रोजगारीका समस्या हत्या हिंसाका समाचारबाट चिन्ता परेकोले मन असान्त भएको कथामा देखाइएको छ । यसरी यस कथामा दृष्टिकेन्द्र मपात्रलाई बनाई प्रथम पुरुष कथन शैलीको केन्द्रीय दृष्टिविन्दु प्रयोग भएको छ ।

### ३.२.१२.५ उद्देश्य

'अशान्त मन' कथा देशमा भैरहेको अराजक राजनीतिक स्थिति, विविध सामाजिक समस्याहरू, बन्द हडताल जस्ता कुराहरू महिलामाथि हुने विविध शोषणबाट आम नेपाली जनतामा देखिएको नैराश्यता व्यक्त गर्नु यस कथामो प्रमुख उद्देश्य हो । यस कथामा आर्थिक रूपमा विपन्न महिला कामदार विदेशमा गएर पाएको शारीरिक शोषण विमलाको माध्यमले प्रस्तुत गरिएको छ । त्यस्तै

अचानक बन्द हुँदा हुने समस्या म पात्र स्वयम्को माध्यमबाट प्रस्तुत गरिएको छ । वैदेशिक समस्या समाधान गर्नका लागि लाग्नु पर्नेमा लेबनान जस्तो मुलुकमा महिलाको लागि पुन रोजगारीको लागि खुला गराएकोमा चिन्ता व्यक्त गराएर आम नेपालीको मनको पीडा व्यक्त गरिएको छ । वैदेशिक रोजगरको लागि बिदेसिएका महिलामाथि हुने घरेलु हिंसा यौन शोषण श्रम  शोषण  देखाउनु, यस कथाको अर्को उद्देश्य हो ।

### ३.२.१२.६ भाषा शैली

'अशान्त मन' कथा राजनीतिक वितृष्णा बोकेको कथा हो । देशका राजनीतिक पार्टीहरूको सत्ता मोह र देशमा व्याप्त समस्यालाई यस कथामा प्रस्तुत गरिएको छ । आम जनताको मनमा रहेको राजनीति प्रतिको वितृष्णा र समस्या प्रतिको चिन्ता यस कथामा म पात्रको माध्यमले व्यक्त गरिएको छ । चेतनप्रवाह शैलीमा एकलापीय अभिव्यक्ति कौशल यस कथाको लेखन शैली हो । परिष्कृत लेख्य भाषाको प्रयोग यस कथामा गरिएको छ । कथामा सरकारले दिन नसकेको शान्ति सुरक्षा प्रतिको आक्रोश पनि व्यक्त गरिएको छ ।  धुम्मिएको आकाश झैँ अध्यारो, सुकेको ठूटो झैँ देखिनु, दुःखको सागरबाट उद्दार नपुंसक सरकार जस्ता आलंकारिक भाषाको प्रयोगले कथालाई उत्कृष्ट बनाएको छ । कथामा विश्व परिवेश तथा नेपालको वास्तविकता प्रकट गर्न समाचारको भाषा समेत प्रयोग गरिएको छ ।

### ३.२.१३ 'अनामिकाको दैनिकी'कथाको विश्लेषण

'अनामिकाको दैनिकी' कथा **समय-दंश** कथा सङ्ग्रहमा तेरौं स्थानमा सङ्ग्रहित कथा हो । सर्वप्रथम **शब्द संयोजन** पत्रिकामा २०६७ असार अङ्कमा यो कथा प्रकाशित भएको थियो । यस कथाले घरपरिवार सामाजिक सङ्घ संस्था तथा जागिरे जीवनलाई सँगसँगै व्यवस्थापन गर्ने व्यस्त महिलाको दैनिक जीवनलाई देखाएको छ ।

### ३.२.१३.१ कथानक

हतार हतार घरको काम सिध्याएर अफिसको लागि गाडिमा हिँडेकी एक अति व्यस्त महिलाको एक दिनको दैनिकीमा आधारित घटनाक्रमलाई लिएर 'अनामिकाको दैनिकी' कथाको कथानक सिर्जना गरिएको छ । यस कथाको कथानकीय विषयलाई हेर्दा अनामिकाको एक दिनमा घटेका घटनाक्रमको सिलसिलेबारको सविस्तार वर्णन हो । अनमिकाले बिहान उठेदेखि छोरीलाई टिफिन श्रीमानलाई ब्रेकफास्ट तथा खाना तयार पारी छोरीलाई नौ बजे स्कुल पुऱ्याएर दश बजे अफिसमा पुग्दा बाटोमा जाम हुन्छ । त्यसपछिको मिटिङ्गमा सहभागिता जनाउछन् । त्यसपछि दुई बजे अर्को मिटिङ्ग गर्छिन् । पाँच बजे पछि सामाजिक संस्थाको मिटिङ्ग हुन्छ त्यसमा समेत उनले सहभागिता जनाउँदै साथीकोमा गएकी छोरीलाई लिएर साढे सात बजे घरमा पुग्छन् । श्रीमानले गुड फ्राइडे मनाउने भएकाले आमा छोरीलाई मात्र खाना बनाउँछन् त्यही समयमा नन्दज्वाईको आगमन हुन्छ । खाना खाएर दशबजे कोठामा पुग्छिन् र निदाउँछिन् । वर्ल्डकप हेरेका श्रीमान राती आएर अनामिकाको निद्रा भङ्ग गर्छन् । उनले पत्नीले पुरा गर्नुपर्ने ड्युटी पुरा गरी रातीको दुई बजे आफ्नो दैनिक कार्यबाट मुक्ति पाउँछिन् । यो अनामिकाको मात्र दैनिक जीवन होइन । आजको व्यस्त जागिरे जीवन र घर गृहस्थी सम्हाल्ने सबै महिलाहरूको दैनिकी हो ।  कुनै कार्यालयको उच्च ओहदामा बसेकी

नारीको नियति पनि घरमा आइसेपछि उस्तै हुन्छन् र ती पनि नारीका आफ्नै समस्याबाट पीडित हुन्छन् भन्ने कुरा अनामिकाको दैनिकीले स्पष्ट पारेको छ (गौतम : २०६७ : भूमिका खण्ड) । महिलाहरूको जीवन जति नै व्यस्त भए तापनि त्यसलाई सफल व्यवस्थापन गर्न सक्ने कुरा कथामा देखाइएको छ । यही व्यस्त महिलाको एक दिनको दैनिकीमा आधारित भएर कथाको कथानक सिर्जना गरिएको देखिन्छ ।

### ३.२.१३.२ चरित्र चित्रण

यस कथामा अनामिका श्रीमान, छोरी, नन्द ज्वाइ, सेक्रेटरी, बाटो काट्ने मदिसे, डोनर, अनामिकाको साथी लागायतका पात्रहरूको प्रयोग गरिएको छ । यस कथाकी अनामिका कथाकी केन्द्रीय चरित्र हो भने श्रीमान सहायक चरित्र हुन् । कथामा प्रयुक्त अन्य चरित्र भने गौण किसिमका छन् ।

#### (क) अनामिका

अनामिका यस कथाकी प्रमुख पात्र हो । कथामा उसकै दैनिक जीवनमा आधारित भएर उसकै दैनिक कार्यहरूको दैनिकी उतारिएको छ । त्यसैले अनामिकाको यस कथामा केन्द्रीय भूमिका छ । अनामिका घरपरिवार कार्यालय, तथा सामाजिक कार्यहरू सँगसँगै व्यवस्थित रूपमा सञ्चालन गर्ने शिक्षित महिलाको प्रतिनिधि पात्र हो । महिलाहरूले घरपरिवार देखि जागिर जीवनलाई कसरी व्यवस्थापन गरेका छन् भन्ने कुराको उदाहरण अनामिकाको माध्यमले कथाबाट प्रस्तुत गरिएको छ- "उनले घर, अफिस र सामाजिक कार्यलाई आफ्नो जीवनको अभिन्न अङ्गको रूपमा ग्रहण गरी तिन ओटाको उत्तरदायित्व वहन गर्दै आएकी छिन्" (पृ.१३५) । बिहान उठेदेखि घरगृहस्थीको कार्य, दश बजेदेखि पाँच बजे सम्म कार्यालय, त्यसपछि सात बजेसम्म सामाजिक कार्य गरी घर पुगेकी अनामिका अतिथि सत्कार पनि गर्न पुग्छिन् । दश बजे सबैले खाना खाएपछि कोठामा आराम गर्न पुग्ने अनामिकाले पत्नी हुनुको ड्युटी पनि पुरा गरेर आफ्नो एक दिनको दैनिक कार्य पुरा गर्दछिन् । कार्यालय प्रमुखको अभावमा कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्न सफल अनामिका । आधुनिक समाजमा नारीले जुनसुकै कार्य गर्न सक्छन् र सबै कार्य व्यवस्थित रूपले सञ्चालन गर्न सक्छन् भन्ने कुराको उदाहरणका रूपमा अनामिकालाई लिन सकिन्छ । उनी यस कथाकी केन्द्रीय, बद्ध, मञ्चीय चरित्रका रूपमा रहेकी छन् ।

#### (ख) श्रीमान

'अनामिकाको दैनिकी' कथामा अनामिकाको श्रीमान प्रमुख पुरुष पात्र भए तापनि कथामा उसको भूमिका सहायक पात्रको रूपमा रहेको छ । ऊ जागिर गर्न कार्यालयमा ढिला जाने कर्मचारीको प्रतिनिधित्व गर्दछ । साथीहरू सँगसँगै खाना खाने, अफिसबाट ढिला घर फर्कने नेपाली सामाजिक परम्परा अनुरूपको चरित्र उसमा हाबी छ । घर गृहस्थीमा अनामिकालाई सहयोग नगर्ने पुरुष प्रधान समाजको प्रतिनिधि पात्रको रूपमा देखा परेको छ । राती अबेरसम्म वर्ल्डकप हेरी समय बिताउने उसले अनामिकामाथि रातको समय आफुलाई दिनु पर्ने कुरा गर्दै आफू श्रीमान भएकोमा त्यसको अधिकार खोज्दै भन्दछ- "ल ठिकै छ । सधैँ तिम्रा अनुभूति र चाहनाकै पछि मैले आफ्नो मन मार्नु परे तिम्रो पति हुनुको औचित्य नै कहाँ रह्यो र .....। पति हुनुको अधिकार प्रदर्शन गर्दै उनी रिसले भुतभुताए" (पृ.१३६ ) । पुरुष प्रधान समाजको महिलामाथि आफ्नो अधिकार जमाउन खोज्ने पुरुष

पात्र हो । ऊ एक असल श्रीमान हुन सकेको छैन । नेपाली समाजको पुरुष प्रतिनिधि पात्रको रूपमा भने देखा परेको छ ।

### ३.२.१३.३ परिवेश

'अनामिकाको दैनिकी' कथामा समय सापेक्ष महिलाहरूले बिताएको व्यस्त जीवन र त्यसलाई सहयोग हुने खालको वातावरणीय अवस्थाको सिर्जना गरिएको छ । 'अनामिकाको दैनिकी' कथाको शीर्षकले नै अनामिकाले एक दिनमा गर्नु पर्ने सम्पूर्ण कार्यहरूको विवरणलाई उतारेको छ । यस कथामा सहरिया जीवन व्यतित गर्ने एक महिलाको जीवनपद्धतिमा आधारित क्रियाकलापको वर्णनबाट नै परिवेशको सिर्जना गरिएको छ । काठमाडौँमा भएको सानो घर, बिहानदेखि घर गृहस्थीको कार्य, अफिस जाँदा ट्राफिक जाम, अफिस पुग्दा मिटिङ, पुनः आफ्नो कक्षामा प्रवेश, उद्योग वाणिज्य सङ्घमा मिटिङ गर्दै घर फर्केको अवस्था यहाँ उपस्थित प्रत्यक्ष वर्णन गरिएको परिवेश छ । त्यस्तै अथिति सत्कार, अनामिकाको घर गृहस्थीको कार्यमा श्रीमानको असहयोग, राती नौ बजे गुड फ्राइडे मनाएर श्रीमानको आगमन, वर्ल्डकप हेरि सकेपछि अनामिकालाई ब्युँझाइ आफ्नो यौन तृप्ति प्राप्त गर्ने पुरुषको प्रवृत्ति यहाँको सामाजिक साँस्कृतिक तथा पुरुष मनोवृत्तिको यथार्थ परिवेशलाई देखाइएको छ । अनामिका उठेदेखि राती दुई बजेसम्मको अवस्थामा घटेका घटनाहरूलाई मात्र कथाले स्थान दिएको छ । यस कथामा एक दिनको कालिक परिवेशको चित्रण गरेको देखिन्छ ।

### ३.२.१३.४ दृष्टिविन्दु

'अनामिकाको दैनिकी' कथामा अनामिकालाई केन्द्रमा राखेर उसका दैनिक कार्यको विवरण वर्णात्मक रूपमा तृतीय कथन ढाँचामा प्रस्तुत गरिएको छ । कथामा अनामिकाले बिहान उठेदेखि राती नसुत्दासम्म गरेका कार्यहरू, उसका सामु घटेका घटनाहरूलाई कथानकीय विषय बनाइएको छ । यस कथामा मूल रूपमा अनामिकाको दैनिक कार्यसँग सम्बन्धित भएर उसको जीवनको एक दिनमा घटेका घटनाहरू, मानसिक उतार चढावहरूको वर्णन तथा समकालीन समस्याहरूको वर्णनमा नै कथा केन्द्रित छ । त्यसैले यस कथामा तृतीय पुरुष कथन ढाँचामा आधारित सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ । "सीमित दृष्टिकोणमा लेखिएका कथामा भने केवल मुख्य एक मात्र पात्रको विचार, भावना, सोँचाइ,संवेगात्मक प्रतिक्रिया आदि व्यक्त गरिने हुँदा कथाकार एउटै चरित्रका मानसिक संसारमा परिभ्रमण गर्दछ (शर्मा, २०५८ : ७६ ) । अनामिका नै केन्द्र भएर उसकै नजिकमा रहेर कथाकारले कथा रचना गरेको हुनाले अनामिकाको दैनिकी कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### ३.२.१३.५ उद्देश्य

'अनामिकाको दैनिकी' कथामा सहरिया, शिक्षित, जागिरे महिलाको यथार्थ भोगाई हो । छोराछोरीको दायित्व, घरव्यवहार, जागिर, गोष्ठी, सेमिनार लगायतका सबै कुरा भ्याएर पनि पतिको पत्नीत्व निर्वाह गर्नु पर्ने एउटी अधिकृत / हाकिम नारीको यान्त्रिक जीवन कसरी चलि रहेको छ भन्ने कुरालाई कथामा रूपमा चित्रण गरिएको छ (गौतम, २०६७ : भूमिका खण्ड ) । घर गृहस्थी, कार्यालय, जागिरे जीवन, सामाजिक सङ्घ संस्थामा संलग्न रही सामाजिक कार्य गर्ने अति व्यस्त

महिलाको दैनिक जीवनलाई चित्रण गर्नु यस कथाको प्रमुख उद्देश्य हो । नारी समस्यालाई नै केन्द्रमा राखे कथा लेख्ने पद्मावती सिंहले यस कथामा पनि कार्यालयको उच्च ओहोदामा बसेर कार्य गर्ने महिलाहरूको नियति र समस्यालाई यस कथाका माध्यमबाट चित्रण गरेकी छन् । महिलाहरू घर गृहस्थी सञ्चालन गर्नदेखि कार्यालयको उच्च ओहोदामा बसेर आफ्नो जिम्मेबारी पुरा गर्दै सामाजिक कार्य सम्म गर्न सक्षम छन् र तिनीहरूलाई अवसर प्रदान गरेमा जस्तो सुकै कार्य गर्न पनि सक्षम छन् भन्ने कुरा समेत यस कथाले देखाउन खोजेको छ । आर्थिक आय आर्जनमा लागेका महिलाहरूलाई घरायसी कार्यमा सहयोग गर्ने प्रवृत्ति भने पाइँदैन यस कुरालाई समेत कथामा देखाउन खोजिएको छ ।

### ३.२.१३.६ भाषाशैली

यस 'अनामिकाको दैनिकी' कथामा प्रयुक्त भाषिक अभिव्यक्ति वर्णनात्मक शैलीको छ । अनामिकाका दैनिक कार्यहरूलाई वर्णनात्मक शैलीको अभिव्यक्ति दिएर कथाको सिर्जना गरिएको छ । कथाको भाषिक अभिव्यक्ति परिष्कृत तथा लेख्य किसिमको छ । शिक्षित एक अधिकृत तहको कर्मचारीले प्रयोग गर्ने स्तरीय मानक भाषाको प्रयोग कथामा पाइन्छ । वर्णनात्मक शैलीमा छोटा छोटा वाक्य गठन गरिएको छ । पात्र, विषयवस्तु र परिवेश अनुकुलको सहज भाषिक अभिव्यक्ति कथामा प्रयुक्त छ ।

## ३.२.१४ 'आआफ्नो भागको जीन्दगी' कथाको विश्लेषण

'आआफ्नो भागको जीन्दगी' कथा समय-दंश कथा सङ्ग्रहमा सङ्ग्रहित चौधौँ कथा हो । यो कथा सर्वप्रथम **समष्टि** प्रत्रिकमा २०६७ चैत्र अङ्कमा प्रकाशित भएको थियो । यस कथामा वैवाहिक जीवनमा आएको असहज स्थितिका कारण बिदेसिएकी महिलाले आफ्नो सन्तान हुर्काउन गरेको सङ्घर्षलाई देखाइएको छ ।

### ३.२.१४.१ कथानक

कथाकारले विषयलाई बाँधेर अगाडि बढाउने तन्तुलाई कथानक भनिन्छ । 'आआफ्नो भागको जिन्दगी' कथामा एक महिलाले आफ्नो लोग्नेले अर्को महिलासँग राखेको सम्बन्धका कारण देश छोडेर पलायन भएको देखाएर कथानकको रचना गरिएको छ । देश छोडेर अमेरिकातर्फ पलायन भएकी एक महिलाले जीवनमा भोगेको दुःख पीडाको साथमा छोरीलाई हुर्काउन गरेको सङ्घर्षलाई कथाको मूल विषय बनाइएको छ । यस कथामा अपराजिता स्नेहा तथा स्नेहाको पतिको प्रेमिका ह्वाइट रोजका टुक्रे कथालाई जोडेर कथाको सिर्जना गरिएको छ । म पात्र अपराजिता आफ्नै बालसखा स्नेहासँग भएको एक सन्ध्यामा भएको बसाइको आधारमा गरिएका कुराकानीलाई कथा बनाइएको छ । यस कथाको कथानकीय विषय स्नेहा र म पात्रले समय सँगै बिताएका परिवर्तनकारी मोडहरू र त्यसले उनीहरूका जीवनमा ल्याएको परिवर्तन हो । यी दुवै साथीहरूले आफनो जिवनका पूर्व सन्ध्यामा घटेका घटनालाई एक अर्कासँग व्यक्त गर्दा कथाको कथानक सिर्जना भएको छ ।

'आआफ्नो भागको जीन्दगी' कथामा विवाहित पति छाडेर विदेश पलायन भएकी म पात्र अपराजिताले स्नेहासँग आफ्नो जीवनको रहस्य खोल्ने क्रममा जीवनसँग गरेको सङ्घर्षलाई बुझ्न सकिन्छ । पढाइका लागि भारत गएकी अपराजिता नेपाल फर्कदाको अवस्थामा श्रीमानको सेक्रेटरीसँगको सम्बन्धले विदेश पलायन भएकी छ । अपराजिताले आफ्नो जीवनसँग सम्झौता गर्ने क्रममा एक विद्वान पिएचडी गरिरहेका अर्थशास्त्रीसँग लिभ इन टुगेदर सम्बन्ध राख्न पुग्छे । त्यस्तै अमेरिकामा पनि छोरीलाई हुर्काउने त्रममा अर्को व्यक्तिसँग बसेको घटनाक्रम देखाइएको छ । कथामा स्नेहाको पतिसँग ह्वाइट रोजको प्रेम सम्बन्ध र त्यसलाई आमा बाबुको समेत कडा विरोध देखाइएको छ । स्नेहाको ठूलो छोराको बिहे एक अमेरिकन केटिसँग गरेको देखाइएको छ । कथामा रोजगारी तथा कामको खोजीमा सन्तान विदेश गएपछि वृद्धवृद्धाले बिताउनु पर्ने एकल जीवन समेत कथामा देखाइएको छ । यो नै 'आआफ्नो भागको जीन्दगी' कथाको कथानक हो ।

### ३.२.१४.२ चरित्र चित्रण

'आआफ्नो भागको जीन्दगी' कथामा अपराजिता स्नेहा, ह्वाइट रोज, अपराजिताकी छोरी उसको श्रीमान, स्नेहाको श्रीमान स्नेहाको सासु ससुरा, छोरा बुहारी, नातिनातिना, पीएचडी गरिरहेको विद्वान अर्थशास्त्री लगायतका पात्रहरू छन् । यी पात्र हरू मध्य अपराजिताको भूमिका प्रमुख छ भने स्नेहा सहयाक पात्र हो ।

**(क) अपराजिता**

अपराजिता 'आआफ्नो भागको जीन्दगी' कथाको मुख्य पात्र हो । अपराजिता कथामा म पात्रका रूपमा प्रस्तुत छ । म पात्रले आफ्नो जीवन भोगाईका सम्पूर्ण सङ्घर्ष र केही महत्वपूर्ण रहस्य खोलेर कथालाई अगाडि बढाएकी छन् । अपराजिता पतिको सेक्रेटरीसँगको सम्बन्धबाट आक्रोशित भई विदेशतिर पलायन भएकी चरित्र हो । उच्च शिक्षा अध्ययन गर्दा उसले विद्वान अर्थशास्त्रीसँग सम्बन्ध राखेकी छे । म पात्रले छोरीलाई त्यागेमा अर्थशास्त्रीले विवाह गर्ने भने तापनि छोरी त्याग्न नसक्दा उसँगै बस्न पुग्छे । सोही अर्थशास्त्रीको सहयोगमा अमेरिका गएकी म पात्रले छोरीलाई हुर्काउनको लागि पाश्चात्य संस्कृति अनुरूप अन्य पुरुषसँग बसेको कुरा स्नेहालाई भनेकी छ । त्यसैले ऊ समय र परिस्थितिसँगै सम्झौता गर्ने गतिशील पात्र हो ।

पतिको नाजायज सम्बन्ध थाहा पाएपछि पति पनि परित्याग गर्ने प्रगतिवादी सौँच राख्ने नारी चरित्र हो । त्यस्तै ऊ समस्यासँग सङ्घर्ष गरेर भन्दा पलायन भएर जीवनसँग सङ्घर्ष गरेको देखिन्छ । ऊ एक मातृवात्सल्य भएकी नारी हो । उसको चरित्र आम शिक्षित नारीलाई प्रतिनिधित्व गर्ने खालको नभई व्यक्तिगत किसिमको छ । उसको चरित्र विद्रोही किसिमको छ । "म भए ती गुलाफका सबै बोटहरू नष्ट गरिदिन्थे र प्रेमको प्रतिकको रूपमा उभिएको यस घरमा बस्दै बस्दिन्थेँ" (पृ. १४१) भन्ने अभिव्यक्तिबाट पनि म पात्रको विद्रोहि चरित्र प्रस्ट हुन्छ । आफ्नो जीवनको अतीतमा घटेका घटनाहरू तथा रहस्यहरू साथी स्नेहासँग स्पष्ट रूपमा राखेकी हुँदा उसमा बहिर्मुखी स्वभाव छ । यस कथामा अपराजिताको भूमिका प्रमुख भएकाले ऊ यस कथाकी प्रमुख पात्र हो ।

**(ख) स्नेहा**

स्नेहा यस कथाकी सहायक चरित्र हो । अपराजिताकी बालसखा स्नेहा अरुले गरेको गल्ती नभनिदिने खालकी थिई । शान्त स्वभावकी स्नेहा साच्चिकै उदार हृदयकी छे भन्ने कुरालाई कथामा यसरी व्यक्त गरिएको छ- "तिम्रो दिल त विशाल रहेछ, आकाश जस्तै"(पृ.१४१) । स्नेहाले आफ्नो श्रीमानको प्रेमिका ह्वाइट रोजलाई देखाएको सम्मान पूर्ण भाव तथा श्रीमानले लगाएको सेतो गुलाफ घरको नामबाट समेत यस कुराको पुष्टि हुन्छ । छोरा बुहारी अमेरिकामा नै बस्ने भएका हुनाले स्नेहा एकल बुढ्यौली जीवन बिताउन बाध्य छ । अपराजितालाई आफ्नो घरमा सधैको लागि बस्न आमन्त्रित गर्ने स्नेहा एक व्यक्तिगत तथा असल चरित्र हो । यस कथामा ऊ आर्दश पात्रको रूपमा देखा परेकी छ ।

**(ग) अन्य पात्र**

ह्वाइट रोज यस कथाकी काल्पनिक प्रेमिका हो । ऊ स्नेहाको लोग्नेकी असल प्रेमिकाको भूमिका खेलेकी छे । अपराजिताको लोग्ने पुरुष प्रधानको समाजको पुरुष पात्र हो । विद्वान अर्थशास्त्री पाश्चात्य संस्कृति अनुरूपको पुरुष पात्र हो । राम्री महिलालाई जीवन सङ्गिनीको रूपमा स्विकारे पनि उसका सन्तानलाई स्विकार्न नसक्ने पुरुषको प्रतिनिधि पात्र हो । स्नेहाका सासु ससुरा नेपालको पुरातनवादी सोँच आफ्नो सन्तानलाई थोपर्ने प्रतिनिधि पात्र हुन् । यस कथामा प्रयुक्त अन्य पात्रको भूमिका भने नगन्य छ ।

## ३.२.१४.३ परिवेश

'आआफ्नो भागको जीन्दगी' कथा अहिलेको विश्व परिवेशमा आधारित कथा हो । अध्ययन तथा जागिरका लागि श्रीमान श्रीमती टाढा टाढा हुँदा एकले अर्को नयाँ व्यक्तिसँगको सम्बन्ध बनाउँदा पारिवारिक विखण्डन आउने समस्यालाई कथाले नेपाली सहरीया समाजको परिवेश अनुरूप ढालेर कथाको सिर्जना गरिएको छ । यसको सामाजिक परिवेश पूर्विय र पाश्चात्य संस्कृति अनुरूप देखाइएको छ । त्यस्तै भौतिक परिवेशमा काठमाडौं भारत बेलायत तथा अमेरिकाका परिवेशहरू वर्णनको रूपमा आएका छन् । स्नेहाको सानो घर, फूलको बगैंचा किचन र घरछेउको पोखरी यस कथामा प्रत्यक्ष देखा परेका परिवेश हुन् । अपराजिताको श्रीमानसँगको विद्रोह तथा विदेश पलायनले सहरिया जीवनमा घटेका घटनाको वास्तविकता चित्रण गरेको पाइन्छ ।

विद्वान अर्थशास्त्रीसँग तथा अमेरिकाका अर्को एक व्यक्तिसँगको संगै बसाईको प्रसङ्गले बिस्तारै बिस्तारै पाश्चात्य सांस्कृतिले पारेको प्रभावको चित्रण गरिएको छ । त्यस्तै आफ्नो श्रीमानको अर्की केटीसँग प्रेम सम्बन्ध थाहा पाउँदा पनि र उसको प्रेमको प्रतिक सेतो गुलाफलाई माया गर्ने स्नेहाले पूर्विय सास्कृतिक तथा मानसिक परिवेशको चित्रण गरिएको छ । त्यसैले 'आआफ्नो भागको जीन्दगी' कथामा अपराजिता र स्नेहाको माध्यमले पूर्विय र पाश्चात्य सास्कृतिक परिवेशको समेत चित्रण गरेको पाइन्छ ।

### ३.२.१४.४  दृष्टिविन्दु

म पात्र अपराजिताले स्वयम् आफै आफ्नो अतित जीवनका महत्वपूर्ण रहस्यहरू स्नेहाका सामु खोल्न पुग्छे । म पात्र यस कथाकी प्रमुख तथा केन्द्रीय पात्र हो । म पात्रले स्नेहासँग प्रथम पुरुष शैलीको संवादात्मक भाषिक अभिव्यक्ति प्रकट गरेकी छन् । स्नेहा यस कथाकी सहायक पात्र हो । त्यसैले 'आआफ्नो भागको जिन्दगी' कथामा प्रथम पुरुष शैलीको केन्द्रीय दृष्टिविन्दु प्रयोग देखिन्छ ।  यस कथाको प्रमुख पात्र म अर्थात अपराजिता  द्रष्टा र भोक्ता दुवै हो । कथाकारले आफ्नो कथाको अभिव्यक्तिको प्रमुख माध्यम स्वयम् प्रथम पुरुषमा आधारित म अर्थात अपराजिताको भूमिकालाई नै केन्द्रमा राखेकी छन् । यस कारण कथाको दृष्टिकेन्द्र  प्रथम पुरुष म पात्र भएकाले यस कथामा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग देखिन्छ ।

### ३.२.१४.५ उद्देश्य

'आआफ्नो भागको जिन्दगी' कथाले समय र परिवेश सँगै आफ्नो सोच, संस्कृति परिवर्तन गर्नुपर्छ भन्ने कुरा देखाउन खोजेको छ र मानिस एकै ठाउँमा जन्मे पनि उसले आआफ्नो जीवन जिउने यथार्थ चित्रण गर्नु यस कथाको प्रमुख उद्देश्य हो । '"स्नेहा हाम्रो जीवनका गोरेटा अलग अलग छन् हामी आ आफ्नो गोरेटोमा हिँडि रहेका छौँ । हामी एक अर्कासँग भेटेर सुखदुःख बाड्यौँ" (पृ.१४४) भन्ने वैचारिक अभिव्यक्तिले यो कुरा प्रस्ट हुन्छ । मानिस मानिसको विचार र सोँच फरक हुन्छ । आफ्नो व्यवहारले पनि मानव जीवनमा उतार चढाव ल्याउँछ भन्ने कुरा कथाले व्यक्त गरेको छ । मानव जीवनलाई नियतिसँग जोडेर हेर्नुभन्दा विवेकले काम गर्नुपर्ने अभिव्यक्ति स्नेहाको माध्यमले दिन खोजिएको छ । यस कथाबाट सिंहले एक महिलाका लागि मातृत्व सबैभन्दा प्रमुख हुने कुरा अपराजिताका माध्यमबाट देखाउन खोजेकी छन् । यो नै यस कथाको प्रमुख उद्देश्य हो ।

### ३.२.१४.६ भाषा शैली

प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुमा आधारित 'आआफ्नो भागको जिन्दगी' कथा चेतनप्रवाह शैलीमा अभिव्यक्त गरिएको कथा हो । म पात्र अपराजिताले आफ्नो जीवनको उत्तरार्धमा बालसखा स्नेहासँग आफ्नो जीवनको पूर्व सन्ध्यामा घटेका यथार्थ तर रहस्यात्मक घटनाहरू पूर्वदीप्तिको शैलीमा प्रस्तुत गरेकी छन् । त्यस्तै स्नेहाले पनि आफ्नो पतिको प्रेमिका ह्वाइट रोजसँगको प्रेम कथालाई प्रस्तुत गरेकी छ । यो प्रेम कथा स्वैरकाल्पनिक प्रेम कथा हो । त्यस्तै सेतो गुलाफ ह्वाइट रोज प्रेमको प्रतीक हो । स्नेहाको पतिले आफ्नै प्रेमिकाको प्रतीकको रूपमा सेतो गुलाफ को बगैचा र सेतो गुलाफ घर निर्माण गराइएको देखाइएकोले भाषामा बिम्बात्मक अभिव्यक्ति पनि छ । यस कथामा प्रसङ्ग अनुसारको उखान टुक्काको पनि प्रयोग गरिएको छ । जस्तै-

घर घरको कहानी (पृ.१३९), सुखै सुखको चौतारी जस्तो मुटुमा गाठो पर्नु (१४०), कुहिरो भित्र हराउनु (१४२) आदि । यस कथामा लेख्य पठनीय भाषिक अभिव्यक्ति पाइन्छ ।

### ३.२.१५ 'बिम्ब प्रतिबिम्ब 'कथाको विश्लेषण

'बिम्ब प्रतिबिम्ब' कथा **समय-दंश** कथा सङ्ग्रहमा सङ्ग्रहित पन्ध्रौं क्रममा राखिएको कथा हो । यो कथा सर्वप्रथम २०६४ फागुन अंकमा **शारदा** पत्रिकामा प्रकाशित भएको कथा हो । यो कथा स्वैर कल्पनात्मक विषय वस्तुमा आधारित छ । यस कथाले एक जना युवतीले आफ्नै प्रेमीसँग राखेको शारीरिक सम्बन्धमा गर्भ रहेपछि उसको चिनो जन्माउनको लागि आएको परिस्थितिलाई कथाको विषय वस्तु बनाइएको छ ।

#### ३.२.१५.१ कथानक

'बिम्ब प्रतिबिम्ब' कथाले स्वैरकल्पनात्मक विषयलाई कथाको विषय बनाएर प्रस्तुत गरेको छ । एक जना युवतीले आफ्नै इच्छाले प्रेमी सँग राखेको सम्बन्धले रहेको गर्भले अविवाहित अवस्थामै जन्म दिन चाहने अवस्थामा नरहेको नेपाली समाजको यथार्थ स्थितिलाई विषय बनाएर कथा रचना गरिएको छ । पवित्राले आफ्नो प्रेमी सागरको प्रेमको प्रतिकलाई यस धर्तीमा आउनको लागि परिस्थितिसँग गरेको सम्झौतालाई यस कथाले कथानकीय विषय बनाएको छ ।

यस कथाको कथानकीय घटनाक्रमलाई हेर्दा आफु गर्भवती भएको रिपोर्ट हातमा लिएर पवित्रा खुसी हुन्छे । पवित्राको प्रेमी सागर बोन क्यान्सरका कारण मरि सकेको हुन्छ । त्यसैले यो गर्भलाई कसरी जन्म दिने भन्ने कुरामा सोच्न थाल्छे । पवित्राले आफ्नो गर्भलाई जन्म दिनको लागि आफूलाई प्रेम गर्ने आनन्दसँग आफ्नो समस्या बताउँछे । पवित्राले त्यो गर्भलाई हुर्काउन गाह्रो भएको भन्दै आनन्दसँग बिहेको प्रस्ताव राख्छे । आनन्दले पहिला स्विकार्दैन पवित्राले "तिमी पुरुष हौ, पुरुषको अहमताले मेरो गर्भ कदापि स्विकार्दैनौ" (पृ.१४८) भनेपछि आवेशमा आएर आनन्दले बिहे गर्छ । आनन्द र पवित्रा बिच सम्झौतामा नै बिहे हुन्छ । पवित्राले सागरको गर्भ आफू भित्र रहुन्जेल शारीरिक सम्बन्ध नराख्न भन्छे । सम्झौता अनुसार नै उनीहरूको सम्बन्ध आगाडि बढ्छ । नवजात शिशुको हस्पिटलमा जन्म हुन्छ । आनन्दले त्यसलाई काखमा नलिई हस्पिटलबाट बाहिरिन्छ । राती अबेरसम्म पनि हस्पिटलमा फोन गर्दैन । अर्को दिन बिहान मात्र आउँछ । पवित्राले राती एक कल फोन गरेको भए पनि हुन्थ्यो म कत्ति आतिएकी थिए भन्दा धेरै कुरा गर्ने होइन अर्को साल मलाई पनि यस्तै छोरा चाहिन्छ । भन्दै घर जाने तरखर गर्छ । पवित्राले नवजात शिशुलाई आनन्दले आफ्नो सन्तान मान्न सक्दैन भन्दा आनन्दले मेरै आफ्नै गर्भबाट बाबु हुन पाउने पर्ने खुसी खोस्छ्यौ भनी प्रतिप्रश्न गर्छ ।

आनन्दले किसिमको पुरुषत्वको अहम् व्यक्त गरेपछि आनन्दको घर जाने अनुरोध नसुने झैं गर्छे । आफ्नो नवजात शिशुलाई हेरिरहन्छे । यसपछि कथानक समाप्त हुन्छ । कथाको विषय वस्तु स्वैर काल्पनिक भए पनि नारी समस्यामा आधारित छ । कथानक समस्या मूलक रूपमा समापन भएको छ । पवित्राले सन्तान वा पतिको प्रेम कुनै एकलाई रोज्नुपर्ने अवस्था गराएर कथाको समापन गरिएको छ

।

### ३.२.१५.२ चरित्र चित्रण

आनन्द, सागर, पवित्रा, नवजात शिशु लगायतका अत्यन्तै थोरै पात्र 'बिम्ब प्रतिबिम्ब' कथामा प्रयोग गरिएको छ । यस कथामा पवित्रा प्रमुख पात्र हो । आनन्द यस कथाको सहायक पात्र हो । सागर नवजात शिशु को भूमिका कथामा गौण रूपमा छ ।

**(क) पवित्रा**

पवित्राको माध्यमबाट कथाकार सिंहले 'बिम्ब प्रतिबिम्ब' कथामा आफुले व्यक्त गर्न खोजेको विचारहरूको प्रस्तुत गरेकी छन् । यसैले पवित्रा कथामा प्रस्तुत भएकी मुख पात्र हो । यस कथामा एक महिलाले आफ्नो इच्छा लागेको विनाविवाह गर्भ जन्माउन चाहँदा परिस्थितिसँग कसरी सम्झौता गर्नु पर्छ भन्ने कुरा पवित्राको जीवनमा आधारित भएर व्यक्त गरिएकाले ऊ यस कथाकी प्रमुख नारी पात्र हो । विवाह अगाडि नै सागरसँग शारीरिक सम्बन्ध गासेर उसको गर्भलाई प्रेमको प्रतीक मान्ने तथा सागरको गर्भलाई जन्म दिनको लागि आनन्दसँग सम्झौता गर्नु उसको सबैभन्दा ठुलो कमजोरी हो । पवित्राले आफ्नो स्वनिर्णयमा राखेको सागरको गर्भलाई जन्म दिनको लागि आनन्दको पुरुषत्व माथि प्रहार गरेर सम्झौतामा नै बिहे गर्छे ।  भित्री हृदयमा सागरको प्रेमलाई राखेकी पवित्राले आनन्दसँग बिहे गरे पनि सागरको चिनो रहुन्जेल उसँग शारीरिक सम्बन्ध राख्न चाहन्न यसको कारणले आनन्दमाथी ठूलो बज्रपात परेको हुन्छ । आनन्दले जन्मेको नवजात शिशुलाई वास्तविक  रूपमा आफ्नो सन्तान स्विकार्न सक्दैन पवित्राले आफ्नो टाउकोबाट अविवाहित कुमारी आमाको कलङ्क मेटे पनि जीवनमा आनन्दसँग सम्झौता गरी बस्ने वा आफ्नो सन्तानलाई सङ्र्घष गरी हुर्काउने अवस्थामा पुऱ्याएर कथा समापन गरिएको छ । पवित्राको जीवनमा सङ्घर्ष वा सम्झौताको अवस्था सिर्जना गराइएको छ । पवित्रा यस कथामा मातृत्वले भरिएकी सङ्घर्षको जीवन जिउने, परिस्थितिसँग सम्झौता गर्ने  पात्र का रूपमा देखा परेकीले उ गतिशील चरित्र हो । ऊ शिक्षित सहरिया नारीको रूपमा देखा परेकी छ । यौनलाई जैविक आवश्यकता ठान्ने पवित्रा आफ्नो इच्छा पुरा गर्ने पात्र हो । वास्तवमा पवित्रा आदर्श आमा बने पनि आदर्श प्रेमिका र पत्नी बन्न सकेकी छैन ।

**(ख) आनन्द**

आनन्द 'बिम्ब प्रतिबिम्ब' कथाको पुरुष सहायक पात्र हो  पवित्रालाई प्रेम गर्ने आनन्द पवित्राको प्रेमी सागरको मिल्ने साथी हो । पवित्राको सागरसँग प्रेम सम्बन्ध रहेको थाहा भए पनि पवित्रालाई स्विकार्न चाहन्न । सागरको मृत्युबाट दु:खित पवित्रालाई उसले धर्म पत्नी बनाउन चाहन्छ । पवित्रा र आनन्दबिच पनि मित्रताको सम्बन्ध हुन्छ । सागरको गर्भ बोकेकी पवित्रालाई मानसिक रूपमा स्विकार्न सक्दैन । पवित्राले उसमाथि पुरुषत्वको गम्भीर आरोप लगाउँदा आवेशमा आएर हुन्छ भन्छ । वास्तविकतामा आनन्दले आफूलाई त्यति महान् नरहेको अभिव्यक्ति कथामा यसरी प्रस्तुत गरिएको छ- "सागरको गर्भलाई सकार्न अलि गाह्रो भैरहेको छ । म त्यति महान् छैन र बन्न पनि चाहन्नँ "( पृ.१४७) । पवित्राको इच्छा तथा पवित्राले पाउने समस्यायुक्त सङ्घर्षलाई सहज पारि दिनको लागि आनन्दले सम्झौतामा पवित्रालाई गर्भसहित अपनाएको हो । पवित्राले भनेका हरेक कुरा पालना गरेको छ । पवित्राले सम्बन्ध राख्न नचाहँदा आफ्नो पुरुषत्वमाथि प्रहार भएको सम्झने आनन्दले

पवित्राले जन्म दिएको शिशुलाई पितृवत व्यवहार गर्दैन । अर्कोसाल आफ्नो सन्तानको वाबु हुने इच्छा प्रकट गर्छ । यसले आनन्द एक शिक्षित सहरिया युवा हो । उसले पवित्रालाई चाहे पनि सागरको गर्भलाई स्वीकार्न सकेको छैन । कथामा आनन्दलाई महान बनाएर पवित्राको नजरबाट तल झारिएको छ । आनन्द अर्काको गर्भ स्विकार्न नसक्ने पुरुषवादी समाजको वर्गीय पात्र हो । कथामा आनन्द मञ्चीय गतिशिल, पात्र हो । आनन्द आर्दश प्रेमी बने पनि आर्दश पिता भने बन्न सकेको छैन ।

**(ग) अन्य पात्र**

सागर यस कथाको गौण पात्र हो । पवित्राको प्रेमी सागर क्यान्सरबाट पीडित भएर मृत्युवरण गरेपछि पवित्रको जीवनमा समस्या देखा परेको छ । नवजात शिशु सागरको वास्तविक सन्तान हो । समाजको नजरमा आनन्दको जस्तो देखिए तापनि उसले बाबुको स्नेह पाउन सकेको छैन । वास्तवमै उसको अस्तित्वका लागि पवित्राले आनन्दसँग विवाहको ढोङ रच्न पुगेकी छे ।

## ३.२.१५.३ परिवेश

'बिम्ब प्रतिबिम्ब' कथामा काठमाडौँ सहरको सहरीया परिवेश तथा नयाँ दिल्लीको हस्पिटल काठमाडौँको मेडिकल प्रत्यक्ष देखा परेका भौतिक परिवेश हुन् । त्यस्तै कथामा पवित्राको सागरसँगको प्रेम उसको गर्भ सम्बन्धी धारणा गर्भलाई लिएर भएको खुसी र त्यसलाई जन्म दिनको लागि गर्नु पर्ने समस्या बिच द्वन्द्व देखाई मानसिक परिवेशको सिर्जना गरिएको छ । आनन्द ले सागरको गर्भसहित पवित्रालाई स्विकार्न नचाहेको मानसिक परिवेशका रूपमा देखा परेका छन् । विवाह पश्चात आनन्द सुहागतरात मनाउनको लागी भएको उत्साह र पवित्राले नस्विकार्दा पश्चातको आनन्दको मानसिकताले कथामा द्वन्द्वमय वातावरणको सिर्जना गरिएको छ । नवजात शिशुको आगमनले उनीहरूबिच हुनुपर्ने सहज बातावरण झन असहज बनेको पवित्रा र आनन्द बिचको मानसिक दुरीलाई पनि कथामा राम्ररी चित्रण गरिएको छ । त्यसैले कथामा भौतिक परिवेश भन्दा पनि मानसिक परिवेशको चित्रण बढी मात्रामा देखिन्छ ।

## ३.२.१५.४ दृष्टिविन्दु

'बिम्ब प्रतिबिम्ब' कथामा तृतीय पुरुष शैलीको वाक्य गठन देखिन्छ,जस्तै-"अविवाहित आमाको कलङ्क बोक्नु पर्ने स्थितिको सिर्जना भएकाले त्रसित छन् । सागरलाई उनले मन मात्र पराएकी थिइनन् तन मन नै सुम्पेकी थिइन्" (पृ.१४५) । कथामा कथाकारले आफु कथा बाहिर बसी कथाका पात्रहरूको व्याख्या विश्लेषण गरिएको पाइन्छ । कथामा प्रयोग गरिएको पात्रहरू तृतीय पुरुष शैलीका छन् । कथामा प्रयुक्त प्रमुख पात्र पवित्राको मानसिकतालाई कथाकारले चिरफार गरेर व्याख्या विश्लेषण गरेको पाइन्छ । त्यसैले 'बिम्ब प्रतिबिम्ब' कथामा तृतीय पुरुष शैलीको बाह्य दृष्टिविन्दुमा आधारित सीमित दृष्टिकेन्द्रको प्रयोग गरेको पाइन्छ ।

### ३.२.१५.५ उद्देश्य

कुनै पनि पुरुषले अर्काको गर्भलाई मानसिक रूपमा स्विकार्न सक्दैन । त्यसैले महिलाले अर्काको गर्भलाई आफ्नो सन्तानको रूपमा जन्म दिन चाहेमा सो सङ्घर्ष आफैले गर्नुपर्छ । एक पुरुषले अर्को पुरुषको गर्भ स्विकार्नु भनेको आफ्नो पुरुषत्व माथिको गहिरो प्रहार सम्झने यथार्थ पुरुषवादी सोंच व्यक्त गर्नु यस कथाको उद्देश्य हो । कथाले आवेशमा आएर गरिएको निर्णयले जीवनको उत्तरार्धमा आएर झन ठूलो समस्या निम्ताउछ भन्ने कुरा आनन्द र पवित्राको माध्यमबाट देखाउन खोजिएको छ । हाम्रो समाजले प्रेम विवाहलाई स्वीकार गरेको छ । तर सन्तान जन्माउनको लागि यो समाजको कुनै पुरुष सँग लगनगाँठो जोड्नुपर्ने वाध्यता छ अन्यथा अविवाहित कुमारी आमाको लालछना बोक्नुपर्ने अवस्था आउँछ । भन्ने बैचारिक अभिव्यक्ति यस कथाको माध्यमबाट सिंहले व्यक्त गरेकी छन् ।

### ३.२.१५.६ भाषा शैली

'बिम्ब प्रतिबिम्ब' कथा स्वैर कल्पनात्मक विषय वस्तुमा आधारित कथा हो । यस कथाो भाषिक अभिव्यक्ति वैचारिक किसिमको छ । कथाको प्रमुख पात्र पवित्रा र सहायक पात्र आनन्द बिच गर्भको शिशुलाई लिएर गरिएको अभिव्यक्ति यस किसिमको वैचरिकताले भरिएको छ । बिम्ब प्रतिबिम्ब कथाको भाषिक अभिव्यक्ति लामा लामा वाक्य गठन तथा वर्णनात्मक शैलीको मानक तथा पठनीय भाषाको प्रयोग छ । यस कथामा कुमारी आमा अविवाहित आमाको प्रतिकलाई कथामा उतार्न खोजिएको छ । यस कथामा अत्यन्त धेरै उखानको प्रयोग देखिन्छ । जसले भाषालाई लालित्यमय बनाएको छ,,

जस्तै- खाउँखाउँ लाउँलाउँको उमेर (पृ.१४५), टपक्क टिपेर लानु ( पृ.१४५), दु:खको सागरमा धकेल्नु दयाको पात्र बन्नु ( पृ.१४९), खतरा मोल्नु ( पृ.१४८), भुतुक्क हुनु ( पृ.१४९), चोट खाएको सर्पजस्तो ( पृ.१४९), सागर जस्तो गहिरो ( पृ.१५१), हुने हार दैव नटार ( पृ.१५२) जस्ता टुक्काको प्रयोग गरिएको छ । यस कथाको भाषिक अभिव्यक्ति सरस, सरल र पठनीय छ ।

### ३.२.१६ 'साइबर प्रेम' कथाको विश्लेषण

'साइबर प्रेम' कथा **समय-दंश** कथासङ्ग्रहको अन्तिम कथा हो । यो कथा सर्वप्रथम **गोरखापत्र** (२६ चैत्र, २०६७ गते) मा प्रकाशन भएको थियो । सूचना प्रविधिको समयमा मौलाउदै गएको साइबर संस्कृति त्यसबाट प्राप्त सकारात्मक नकारात्मक प्रभावहरूलाई कथाको विषय बनाइएको छ ।

### ३.२.१६.१ कथानक

'साइबर प्रेम' कथाको कथानकको विषय साइबर संस्कृतिबाट भित्रिएको सकारात्मक तथा नकारात्मक कुराहरूको बहस गराई सिर्जना गरिएको छ । कथानक कारण समेत भएको घटनाहरूको वर्णन हो (बराल र एटम २०५८ : २२) । यस कथाको कथानकलाई हेर्दा म पात्र विनिता र महिम बिच भएको च्याट मार्फत् भएको कुराकानी मार्फत् उनीहरूमाथि भएको देखिन्छ ।

अनलाइन कुरा गर्दा केटी बताउने महिमसँग विनिताको भेट भएपछि मात्र केटा साथी भएको थाहा हुन्छ । उनीहरूको भेट भएपछि दुई बिच कुराकानी अगाडि बढ्छ । उनीहरूबिच युवतीले प्राप्त गरेका स्वतन्त्रता सम्बन्धी कुरा हुन्छन् । त्यस्तै केटाकेटी घुमफिर गर्ने, खाने मुभी हेर्ने जस्ता कुरा हुँदै साइबर संस्कृतिको इन्टरनेट सम्बन्धी कुरा हुन्छ । त्यस्तै खुला रूपमा उनीहरू बिच अश्लील च्याट, साइबर सेक्स र साइबर अपराध विश्वभरिको समस्या भएको र त्यसलाई न्यूनीकरण गर्न देखिएको चुनौतिका बारेमा कुरा गर्छन् । यिनीहरूको यस बहससँग मःम को डिनर गरी घर फर्केको कथामा देखाइएको छ । अर्को दिनको प्रणय दिवसको अवसरमा महिमले विनितालाई प्रेम प्रस्ताव राख्दछ । त्यसको स्वीकृति विनिताले दिदै सुनधाराको बेकरी क्याफेमा भेट्ने वाचासँगै कथाको कथानक समाप्त हुन्छ ।

यसरी यस कथाले अहिले युवा पुस्ताको भर्चुअल प्रेमी खोज्ने अनलाइन मार्फत गफ गर्ने र जीवन साथी रोज्ने प्रवृत्तिलाई समेत कथाले देखाएको छ । त्यसतै साइबर संस्कृतिले भित्राएको साइबर क्राइमलाई विशेष गरी देखाउन खोजिएको छ । त्यसले यस कथाको विषयवस्तु युवा पुस्ता बिच लोकप्रिय साइबर संस्कृति र त्यसबाट उत्पन्न समस्यालाई केन्द्रमा राखेर कथानको सिर्जना गरिएको छ ।

### ३.२.१६.२ चरित्र

पात्र विधानले कथानकलाई डोऱ्याउने काम गर्छ 'साइबर प्रेम' कथामा म पात्र विनिता महिम र बेयरा विदेशीहरू जस्तो अत्यन्त थोरै पात्र प्रयोग गरिएको कथामा बेयरा र विदेशीहरूको गौण पात्रको रूपमा नगन्य मात्र भूमिकामा उपस्थित छन् । भने म पात्र विनिता र महिम प्रमुख भूमिकामा छन् ।

#### (क) म पात्र विनिता

विनिता 'साइबर प्रेम' कथाकी प्रमुख पात्र हो । शिक्षित सहरिया युवा पुस्ताकी प्रतिनिधि पात्र विनिता सूचना प्रविधिको नजिकमा छ । आजको व्यस्त संसारमा साथीसँग गफ गर्नको लागि अनलाइन च्याट रोज्ने युवा पुस्ताकी प्रतिनिधि पात्र हो । आफ्नो जीवनसाथी आफै रोज्ने स्वतन्त्रता ऊ आफैले राख्छे । पुरुष साथीसँग रात बिताउन नचाहने ऊ सामाजिक मर्यादाको सम्मान गर्छे र पुरा स्वच्छन्द चरित्र उसलाई मन नपर्ने हुनाले विनिता समाज अनुकुल असल चरित्र हो भन्न सकिन्छ । साइबर क्राइम, यौन, अश्लील च्याट, सम्बन्धी खुलेर कुरा गर्न सक्ने बहिर्मुखी स्वभावकी छे । पुस्तक पढ्ने, घुम्ने स्वभावकी विनिता मध्यम वर्गीय शिक्षित चेतनशील पात्र हो । कथाकारले आफ्नो विचार विनिताको माध्यमले व्यक्त गरेकाले ऊ कथाकी मुख्य पात्र हो । कथामा उसको भूमिका प्रमुख भएकाले कथाकी प्रमुख पात्र हो ।

### (ख) महिम प्रधान

महिम प्रधान 'साइबर प्रेम' कथाको प्रमुख पुरुष पात्र हो । ऊ अनलाइन केटीसँग केटी नै बनेर कुरा गर्ने केटी साथीसँग फिल्म हेर्ने, घुम्ने क्याफेमा गएर खाजा खाँदै घण्टौं समय बिताउने प्रवृत्तिको छ । नेपालमा पश्चिमी संस्कृतिको प्रभाव ग्रहण गर्ने युवा पुस्ताको प्रतिनिधि पात्रको रूपमा उसलाई लिन सकिन्छ । सूचना प्रविधिसँग ऊ पनि नजिक छ । अनलाइन खबरमात्र विश्वको सूचना जानकारी राख्दछ । फुर्सदको समयमा अनलाइन मार्फत् साथी बनाउने कुरा गर्ने गर्छ । उसमा सूचना प्रविधिको सही सदुपयोग गर्ने बानी देखिन्छ । साइबर संस्कृतिले भित्र्याएको अश्लील च्याट, तथा साइबर क्राइम सम्बन्धी चिन्ता छ । त्यसलाईै कानुन बनाएर व्यवस्थित गराउनु पर्नेमा जोड दिएको छ । अहिलेको  व्यस्त समयमा आफ्नो जीवनसाथी आफै खोज्ने शिक्षित सक्रिय युवाको रूपमा कथामा महिम देखा परेको छ । समग्रमा ऊ कथाको प्रमुख मञ्चीय बद्ध चरित्रका रूपमा देखा परेको छ ।

### ३.२.१६.३ परिवेश

'साइबर प्रेम' कथाको परिवेश साइबर संस्कृति नै हो । यस कथामा सूचना प्रविधिको एक माध्यम इन्टरनेट र त्यसका सकारात्मक र नकारात्मक पक्ष देखाइएको छ । त्यसको नकारात्मक पक्षको विश्वव्यापी समस्याका रूपमा देखा परेको छ । यसै सन्दर्भलाई यस कथामा महिम र म पात्रका बौद्धिक वार्तालापका रूपबाट बाहिर निकाल्न खोजिएको छ । 'साइबर प्रेम' कथामा प्रेम टेक्नोकल्चरका रूपमा आएको छ (गौतम, २०६७ : भूमिका खण्ड) । इन्टरनेटको प्रयोगले भएको अपराध तथा अश्लील कार्यलाई कथामा देखाउन खोजिएको छ । त्यस्तै आजको युवा पुस्तामा हुने भर्चुअल प्रेमीलाई समेत यस कथाले देखाएको छ । त्यस्तै कथामा म पात्र र महिमले अनलाइन दुनियाबाट वास्तविकतामा पुगेर आ-आफ्नो मनको भावना साटेर युवा मानसिकताको समेत चित्रण गरेको छ । यस कथामा बाह्य जगतको भौतिक परिवेशको रूपमा काठमाडौँको सहरी परिवेश चित्रण छ । सहरिया वातावरण यहाँका युवा पुस्ताको स्वतन्त्रता तथा सानेपाको च्याटर नाइट, सुनधारा जस्ता ठाउँहरूलाई कथामा प्रत्यक्ष रूपमा प्रयोग गरिएको छ । बाह्य परिवेश कथामा सहायक रूपमा प्रस्तुत भएको छ । आजको युवा पुस्ताले प्रयोग गरेको सूचना प्रविधि गलत रूपमा भएको र सो सम्बन्धी वास्तविकतालाई 'साइबर प्रेम' कथाको परिवेशका रूपमा लिन सकिन्छ । त्यस्तै महिम र विनिता बिच  भएको एक साइनको कालिक परिवेश कथाले लिएको छ ।

### ३.२.१६.४ दृष्टिविन्दु

'साइबर प्रेम' कथामा म पात्र विनिता र महिमलाई प्रयोग गरिएको छ । म पात्र विनिताले आफ्नो जीवनमा महिमसँगको अनलाइन च्याट मार्फत भएका कुराकानी र उनीहरू बिच एक सम्बन्धमा भएको वार्तालापलाई कथाले विषय बनाएको छ । म पात्र कथाकी भोक्ता पात्र हो । त्यस्तै महिम पनि कथाको विनितासँगै समानान्तर भूमिकामा देखा परेको छ । तथापि कथामा म पात्रको भूमिका नै प्रमुख छ । त्यसैले 'साइबर प्रेम' कथामा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग छ । त्यस्तो स्थितिमा म पात्र नै कथावाचक  बनेको हुन्छ । उसैका नितान्त निजी अनूभति, धारणा, दृष्टिकोण र भावनाहरूबाट सम्पूर्ण कथाको रूपायन गरिएको छ । यस्तो कथामा पात्रहरू अरू पनि हुन्छन् मुख्य

पात्रको प्रभाव भित्र ती पात्र सीमित हुन्छन् (श्रेष्ठ : २०६६ : २९) । यस कथामा म पात्र विनिता आफै प्रमुख पात्र हो र उसले नै कथा वाचन गरेकी छ । त्यस्तै कथामा विचार वाक्य समेत उसकै माध्यमले व्यक्त गरिएको छ ।

### ३.२.१६.५ उद्देश्य

सूचना प्रविधि र सूचनाको युगको समय हो । त्यसलाई युवा पुस्ताले सहिरूपमा सदुपयोग गर्न नसक्दा त्यसबाट अपराधिक क्रियाकलाप हुने गरेको छ भन्दै समयमा नै त्यस्ता अपराध नियन्त्रण गर्नको लागि कानुन बनाई कार्यान्वयन गर्नुपर्ने विचार 'साइबर प्रेम' कथाले प्रस्तुत गरेको छ । त्यस्तै समयसँगै महिलाहरूले प्राप्त गरेको स्वतन्त्रता पनि कथाले देखाउन खोजेको छ । 'साइबर प्रेम' सूचना प्रविधि संस्कृतिको प्रयोग र प्रभावले प्रेम जस्तो संवेदनात्मक पक्षलाई पनि प्रभाव पारेको कुरा देखाइएको कथा हो र यस कथामा यसका विकृतिबाट सचेत हुने सन्देश पनि छ ( गौतम : २०६७ : भूमिका खण्ड) । यस कथाले साइबर संस्कृतिले भित्राएका सकारात्मक र नकारात्मक पक्षको प्रस्तुती गरेको छ । टेक्नोकल्चरको रूपमा विकास भएको साइबर संस्कृतिलाई व्यवस्थित गर्नुपर्ने विचार अभिव्यक्ति दिनु कथाको मूल उद्देश्य हो ।

### ३.२.१६.६ भाषाशैली

'साइबर प्रेम' कथामा संवादात्मक शैलीका लागि छोटा छोटा वाक्य गठन देखिन्छ । प्रथम पुरुष दृष्टिविन्दुमा आधारित कथामा म पात्र विनिता र महिम बिच वार्तालाप भएको छ र यही वार्तालापसँगै कथानकको समापन भएको छ । कथामा महिलाहरू ले पाएको स्वतन्त्रता तथा साइबर संस्कृतिका सकारात्मक र नकारात्मक पक्ष बिच उनीहरूका बौद्धिक बहस भएका छन् । "जीवनमा घरका सबै परिवार व्यस्त हुने हुँदा सहरका युवा युवतीहरू बढी रमाइरहेका छन् यसैले त समस्या पैदा गर्छ । आजका युवा पुस्ताका मानिसहरू बिच वार्तालाप हुँदा हुने अङ्ग्रजीमिश्रित नेपाली भाषा कथामा प्रयोग छ "थाहा छ कति जनाले सेटिङ्गबाट सेक्सुअल फ्रस्टेसन बढेर आत्महत्या गरेका छन् (पृ. १६०) ।" हामीले भर्चुअल वर्ल्डबाट रियल वर्ल्डमा आज अवतरण गरेर राम्रै गऱ्यौं हगि ? पृ. १६१ । यसले युवा पुस्तामा नेपाली भाषामा अङ्ग्रेजी मिसाएर बोल्ने वास्तविकतालाई देखाएको छ । समग्रमा साइबर प्रेम कथामा संवादात्मक भाषिक शैलीको प्रयोग गरेको छ । समान्य पाठक अर्थात् टेक्नोसंस्कृति जानकार नभएका पाठकका लागि कथा बुझ्न गाह्रो छ ।

## ३.३ निष्कर्ष

**समय-दंश**कथा सङ्ग्रहभित्रका कथाहरू सामाजिक यथार्थवादी विचारधारामा लेखिएका छन् । खासगरि यी कथामा नारी संवेदनालाई भावभूमि बनाइएको छ । नारी हृदय कोमल हुने र त्यही कोमलताको बेफाइदा उठाउने समाजप्रति आलोचनात्मक टिप्पणी गरिएको छ । तृतीय पुरुष कथन शैली तथा प्रथम पुरुष कथन शैलीमा लेखिएका कथामा नारी नै मूख्य कथ्य भएर आएका छन् । नारीका समस्या देखाउन होस् या पुरुषका छद्मवेशी रूप प्रकट गर्न होस् जुनसकै परिस्थितिमा पनि नारी पात्रलाई अगाडि ल्याइएको छ । सहरिया परिवेशमा हुर्के बढेका नारीका कथा,व्यथा र छटपटाहट तथा ग्रामीण नारी पनि सहरिया परिवेशमा कसरी सङ्घर्ष गर्दैछन् वा आफूलाई दुर्नियतिको सिकार ठानी कसरी पलायनवादी हुँदैछन् भन्ने प्रवृत्ति यस कथा सङ्ग्रहका कथाले प्रस्तुत

गरेका छन् । आधुनिक परिवेशमा हुर्के बढेका युवाहरू कसरी साइबर संस्कृतिको अनुयायी बन्दैछन् ? न्युक्लियर फेमिलीको विचारलाई कसरी आत्मसात् गर्दैछन् ? भन्ने कुरा पनि वर्णित भएका छन् । सिंहले वर्तमान समयका समस्या, नैराश्यता, जीवनको निःसारता जस्ता विसङ्गत जीवनको चित्रण गरी मानवीय अस्तित्वको खोजी गर्ने प्रयास गरेकी छन् । अझ भनौं नारी अस्मिता र अस्तित्वको खोजी गर्नु उनको लेखनको मूल विशेषता बन्न पुगेको छ ।

# परिच्छेद चार

# समय- दंश कथासङ्ग्रहका कथाहरूको प्रवृत्तिगत अध्ययन

## ४.१ विषय प्रवेश

**आरती** साहित्यिक पत्रिकाबाट 'पत्थरको हृदय'(२०२२) कथा प्रकाशन गरी नेपाली साहित्य आकाशमा पद्मावती सिंह देखा परेकी हुन् । हालसम्म उनका **कथादि**(२०३८), **कथायाम**(२०३९), **कथाकार**(२०४४), **पद्मावतीका कथाहरू**(२०५७), **मौन स्वीकृति**(२०६२) र **समय -दंश** (२०६७) गरी ६ ओटा कथासङ्ग्रहहरू प्रकाशन भएका छन् ।

पद्मावती सिंहका अधिकांश कथाहरू नरनारी सम्बन्ध, पारिवारिक सम्बन्ध, सामाजिक सम्बन्धमा देखिएका समस्यमा केलाउन सक्षम छन् । कति कथाले पुस्तान्तरको सोँच विचारमा आएका भिन्नतालाई देखाएका छन् भने कतिले युद्ध र द्वन्द्वका पीडालाई देखाएका छन् । यिनका कथाले विशेषतः युद्ध र द्वन्द्व, नरनारी बिचको सम्बन्ध, पुस्तान्तरका चिन्ता, सम्बन्ध, वैचारिक भिन्नता, डायस्पोरिक परिवेश र तत्जन्य सांस्कृतिक विचलनले निम्त्याएको चिन्ता, यौन मनोविज्ञान तथा मनोग्रन्थी र उमेरजन्य अनेक मनोभाव जस्ता सूक्ष्म विषयलाई कथाको मूल विषय बनाएका हुन्छन् । यी कथाहरू अध्ययन गर्दा समसामयिक प्रवृत्ति, यौन मनोविज्ञान, महिलाको आर्थिक सामाजिक समस्याको चित्रण, काठमाडौँको आर्थिक समाजिक अवस्थाको चित्रण, महिला समस्या र संवेदनाको प्रस्तुति जस्ता प्रवृत्तिहरू प्रस्तुत भएका छन् ।

पद्मावती सिंहले नारीप्रति पुरुषको दृष्टिकोण पतिपत्नीबिच पारस्परिक समझदारी वा सम्झौताको कमी, पतिमाथि पत्नीको विश्वासको अभाव, समुचित व्यवस्थापनको कमीले हुने अव्यवस्था नयाँ संस्कृति र परम्परित सोँचका कारणले व्यक्ति व्यक्ति बिच देखिने वैचारिक अन्तराल नारीप्रति हुने घरेलु हिंसा तथा यौन शोषण आदिको कारणले पारिवारिक जीवनमा देखिने गम्भीर मानवीय समस्यालाई यी नारी श्रष्टाले यथार्थ रूपमा प्रस्तुत गरेकी छन् (श्रेष्ठ, २०७० : १८५) । नारी संवेदना, नारी समस्याको चित्रण तथा नारीवादी दृष्टिकोण सिंहका कथामा देखिने प्रमुख प्रवृत्ति हुन् । यौनका विविध पक्षको चित्रण, समस्यामूलक प्रस्तुति सामाजिक यथार्थवादी कथाकार सिंहका प्रमुख प्रवृत्ति हुन् । आफ्नै लेखन शिल्प तथा समाजमा एक्लोपनको व्यक्तिगत सोँच वैचारिक अभिव्यक्तिले सिंहका कथालाई छुट्टै परिचित गराएको छ ।

नवचेतनावादी प्रवृत्तिलाई आत्मसात् गर्दै कथा लेख्नु सिंहको कथा लेखनको मूल प्रवृत्ति मानिन्छ । "नेपाली  कथा साहित्यको आकाशमा तेस्रो धारा (२०२०-२०३५/२०३९) नवचेतनवादी प्रवृत्तिका रूपमा देखा परेको हो (शर्मा, २०५८ : २२३) ।" यस समयपछि लेखिएका कथाले नवचेतनावादी प्रवृत्तिलाई आत्मसात गरेको पाइन्छ । "नवचेतनावादी धारामा कथा लेख्ने कथाकारहरू परम्परागत मूल्य र मान्यताप्रति विमुख थिए । लुप्त विषयवस्तुभित्र यौनजन्य जीवनको आन्तरिक रूप खोक्रो सभ्यता र कुसंस्कारको अस्वीकृति व्यक्तिगत स्वतन्त्रताको उपभोग, विरोधी तत्त्वको कडा प्रतिकार,

वैज्ञानिक चिन्तनको स्वीकृति, द्वन्द्व, नैराश्य, विसङ्गति र विरोधाभास जस्ता विषयहरूको अन्वेषण यस लेखनको काम्य मानिन्छ (शर्मा, २०५९ : ९५-९६) ।" यस **समय-दंश** (२०६७) कथासङ्ग्रहमा सङ्ग्रहित सोह्र ओटा कथा सङ्ग्रहित छन् । यी सोह्रओटा कथाहरूको अध्ययन विश्लेषण गर्दा निम्न लिखित प्रवृत्तिहरू केलाउन सकिन्छ ।

## ४.२ मूल प्रवृत्ति

**समय-दंश** कथा सङ्ग्रहको अध्ययन पश्चात पद्मावती सिंहमा नारीवादी दृष्टिकोण मूल प्रवृत्तिका रूपमा देखा परेको छ । त्यसै गरी उनका कथाले नारी संवेदनशीलता र नारी समस्यालाई केन्द्रमा राखी सामाजिक यथार्थ, यौनको विविध रूपको चित्रण, विद्रोही चेतना, मानवतावादी दृष्टिकोण, पाश्चात्य संस्कृतिको प्रभावलाई देखाएका छन् । त्यस्तै तेस्रो लिङ्गी यौन मानसिकता, टेक्नोकल्चरको विसङ्गतिको चित्रण, पाश्चात्य क्षेत्रमा देखापरेको जिगोलो संस्कृतिलाई नेपालीकरण गरी प्रस्तुत गरेको पाइन्छ । उनका यस कथा सङ्ग्रहका मूल प्रवृत्तिलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ नारीवादी दृष्टिकोण तथा नारी संवेदनशीलताको प्रस्तुति

कथाकार सिंह नारी अन्तर्मनका कथा लेख्ने कथाकार हुन् । सिंहका कथामा नारी अन्तर्मनका अन्तर्ध्वनिको प्रतिबिम्ब चित्रण गरिएको छ । उनले नारी जीवनका आर्थिक, सामाजिक पक्ष मात्र नभएर प्रेम तथा यौनलाई पनि सशक्त रूपमा प्रस्तुत गरेकी छन् । "पुरुष प्रधान समाजमा नारीले भोग्नु पर्ने पीडा, वेदना अपहेलना, दुर्व्यवहार, नारीका अर्न्मनका यौन कुण्ठा, मातृत्व पत्नीत्व नारीसँगका असमान व्यवहार, दाम्पत्य जीवनका परिवर्तित सन्दर्भ, असमान व्यवहार, जीवनको क्षण विशेष, नेपाली जीवन अधुनातन टिप्न सक्ने दृष्टिले यिनका कथता सार्थक छन्" (कोइराला, २०६६ :१३) । त्यस्तै नारी वादी कथाकार सिंहले आफ्ना कथाहरूमा नारीहरूको सङ्घर्षपूर्ण, पीडादायी र करुणाजन्य अवस्था प्रति सहानुभूति प्रकट गरेकी छन् । यसरी सिंहले नारी र पुरुष बिचको असमानता अन्त्य गर्नु पर्ने चाहना समेत अभिव्यक्त गरेकी छन् ।

**समय-दंश** कथासङ्ग्रहका धेरै कथाहरूमा नारीवादी दृष्टिकोण प्रस्तुत भएको छ । 'टेम्पुचालक मनमाया ' की मनमाया, 'बिरानो आकाश' की कान्छी, 'कालो सुट' की आशा, 'अनुत्तरित प्रश्नहरू'की मखमली, 'अनामिकाको दैनिकी' अनामिका, 'बिम्ब प्रतिबिम्ब' कथामा बिपना जस्ता पात्रहरूका माध्यमले नारी संवेदना र नारीवादी दृष्टिकोण प्रस्तुत भएको छ । **समय-दंश** कथा सङ्ग्रहका यी कथाहरूमा विद्रोह गर्ने नारीहरू समस्याबाट पार पाएका छन् । तर चुपचाप समस्या तथा हिंसा सहने नारी पात्रहरू झन पछि झन समस्याको भुमरीमा परी आफ्नो अस्तित्व गुमाउन वा बेच्न बाध्य छन् । 'बिरानो आकाश' कथाकी कान्छी तथा 'अनुत्तरित प्रश्नहरू' कथाकी मखमलीले आफुमाथि गरेको शोषण सहन गर्दा वेश्या भएर जीवन जिउनु परेको छ भने कान्छीले मानसिक सन्तुलन गुमाउन पुगेकी छे । यस सङ्ग्रहमा सङ्ग्रहित कथा आफ्नो भागको जिन्दगी कथामा अपराजिताले आफ्नो सन्तानको लागि घरवार त्यागी मातृत्वलाई नै महत्त्व दिएको देखाइएको छ । 'जीवनको एक रूप' कथामा सम्झनाले वेश्या पतिलाई सधैंका लागि परित्याग गरी घर छोडेकी छे । नारी संवेदनाका धनात्मक पक्षहरूमा प्रकाश पार्ने सिलसिलामा कथाकार पद्मावती सिंहले सर्वप्रथम मातृत्वको महत्त्वलाई अत्यन्त संवेदनशीलताका साथ प्रस्तुत गरेकी छन् (श्रेष्ठ, २०७० : १८५) ।

यसबाट **समय-दंश** कथा सङ्ग्रहका कथारूको मूल प्रवृत्ति नारीवादी हो भन्न सकिन्छ । यसका साथै यी कथाहरूले नारी संवेदनाको पनि मिहिन रूपमा चित्रण गरेका छन् ।

### ४.२. २ विद्रोही चेतना

कथाकार पद्मावती सिंहले आफ्ना कथामा पात्रका माध्यबाट नारीमाथि हुने यौनजन्य तथा घरेलु हिंसा, सामाजिक विकृति तथा विसङ्गति प्रति तिक्तता व्यक्त गर्दछन् । अन्याय सहनु हुँदैन, अन्याय थिचोमिचो प्रति आबाज उठाउनु पर्छ भन्ने विद्रोही चेत उनका कथामा पाइन्छ । "नारी समानता, स्वतन्त्रता र अधिकारको पक्षमा वकालत गर्ने यिनका कथाहरूमा पुरुषको अन्याय - हैकमवादी प्रवृत्ति आदिको विरोध विद्रोहात्मक पाराले गरिएको छ "( रजौरे, २०६७ :१५ ) **समय-दंश** कथा सङ्ग्रहका अधिकांश कथामा प्रयुक्त पात्रहरू विद्रोही किसिमका छन् ।

'बिरानो आकाश' की कान्छीले यौन शोषण गर्ने मालिकको हत्या गरेकी छे । 'टेम्पु चालक मनमाया' कथामा मनमाया समाज र परिवारसँग विद्रोह गरी काठमाडौँमा टेम्पु चलाएर बसेकी छे । 'निःशेष' कथामा अक्षरा प्रेमीको आफ्नो सुहाउँदो जीवनसाथी नभएको वाक्यले टि.भी. बन्द गरेर अर्कै कोठामा बस्न पुग्छे । 'जीवनको एक रूप' कथाकी सिर्जनाले वेश्या पतिसँग बस्नुभन्दा सच्चरित्र भएको इमान्दार जीवन साथी खोज्ने निर्णय गरेर आवेशलाई छोडि दिन्छे ।

'सम्भनाको भग्नावशेष' कथामा बिपनाले आफ्नो प्रेम प्राप्त नभएमा आत्महत्या गर्ने धम्की दिन्छे । 'आ-आफ्नो भागको जिन्दगी' कथामा अपराजिता पति नै छोडेर विदेश पलायन भएकी छ । त्यसैले **समय-दंश** कथा सङ्ग्रहमा सङ्ग्रहित कथाका महिला पात्रहरू जीवन सँग समाजसँग तथा आफ्नै पतिसँग विद्रोह गर्ने खालका छन् । आफूमाथि भएको अन्याय अत्याचारको विरोध गर्ने चेतना बोकेका पात्रको प्रयोग यस कृतिमा गरिएको छ ।

### ४.२.३ यौनका विविध रूपको चित्रण

यौन मानवजीवनमा आवश्यकीय पक्ष हो, यो मानिसको जैविक आश्यकता पनि हो । "मनोविज्ञानमा यौन विषयमा केद्रित हुने भएकाले मानव जीवनमा यसले खेल्ने भूमिका, यसको दमनबाट उत्पन्न हुने विकृतिहरू तथा विविध मनोलोकीय गतिविधिहरूलाई नै विषय बनाइएको हुन्छ (श्रेष्ठ, २०७० : ५४) ।" पद्मावती सिंहले यौनलाई जैविक आवश्यकताका रूपमा स्विकार्दै त्यसको प्रयोग **समय-दंश** कथा सङ्ग्रहमा पनि गरेकी छन् । यस सङ्ग्रहका कथामध्ये 'बिम्ब प्रतिबिम्ब' कथामा यौनलाई सन्तान प्राप्तिको रूपमा महिलाले यौन सम्बन्ध कायम राख्ने कुरा प्रस्तुत गरिएको छ ।

यौनका हिसाबले पुरुष पात्रहरूलाई यौन व्यभिचारीका रूपमा प्रस्तुत गरिको छ । 'जीवनको एक रूप' कथाको राजकुमार तथा 'कालो सुट' कथाको आवेश शर्मा यौन व्यभिचारी तथा वेश्या पुरुष पात्र हुन् । यिनीहरूले यौनको विविध स्वाद चाख्ने लालसा बोकेका छन् । 'अनुत्तरित प्रश्नहरू' कथामा मखमलीलाई यौन कर्मी बनाउने पुरुष पात्र नै छन्, जहाँ मखमलीले स्वेच्छा वा अनिच्छामा आफ्नो शरीर पुरुषहरूलाई सुम्पनु परेको छ । त्यस्तै पूर्वदीप्ति शैलीको प्रयोग गरी लेखिएको "'सम्भनाको भग्नावशेष' ' कथामा सागरको यौन मनोदशालाई देखाइएको छ । 'त्रासद बिपना'

कथामा पनि अक्षराको यौन मानसिकता तथा यौन आवश्यकता परिपूर्तिको अभावमा भएको छटपटीलाई केलाइएको छ ।

**समय-दंश** कथा सङ्ग्रहमा समलिङ्गी यौनजन्य प्रवृत्तिलाई पनि खुला रूपमा चित्रण गरिएको छ । 'त्रासद बिपना कथाको प्रमुख पुरुष पात्र सुयश पुरुष समलिङ्गी पात्र हो  पारिवारिक दबाब तथा समाजमा इज्जत गुमाउने डरले समलिङ्गी प्रवृत्ति लुकाउनु पर्ने यथार्थ परिस्थितिको चित्रण यस कथामा गरिएको छ । त्यस्तै पुरुष समलिङ्गी व्यक्तिले पुरुषसँगै जीवन बिताउने प्रवृत्तिलाई देखाइएको छ । " मेरो एउटा पार्टनर छ अहिले ऊ आफ्नो घर गइ राखेको छ । केही दिनमा नै फर्किन्छ । हामी एक-अर्काबिना अलग्गिएर  बस्न सक्दैनौं ( सिंह, २०६७ : ९१ ) ।" बिहे जस्तो सम्बन्ध गाँस्दा पनि कुरा लुकाउने तथा समलिङ्गीलाई समाजले नस्विकार्दाका गम्भीर समस्यालाई कथाले चित्रण गरेको छ ।

### ४.२.४ मानवतावादी दृष्टिकोण

मानिसलाई मानिस भएकै कारणबाट प्राप्त हुने मानवीय व्यवहार नै मानवतावादी धारणा  हो । **समय-दंश** कथासङ्ग्रहमा रहेका अधिकांश कथाले मानवतावादी दृष्टिकोण प्रस्तुत गरेका छन् । 'निःशब्द' कथामा जोगेन्दरलाई गरिएको घृणित व्यवहारप्रतिको आक्रोश, 'बिरानो आकाश'कथामा कान्छीलाई घरबेटी दिदीले गरेको माया ममता, 'अशान्त मन' कथामा म पात्रले कमलाप्रति गरेको सहयोगी व्यवहार, 'अनुत्तरित प्रश्नहरू' कथामा मखमलीलाई फुपाजू, घरबेटी बुढो र स्वयम् लोग्नेले गरेको यौन शोषणप्रति आलोचनात्मक दृष्टि प्रस्तुत गरी मानवतावादी दृष्टिकोण प्रस्तुत गरिएको छ ।

कथामा प्रयुक्त महिला पात्रहरू मानिस भएर पनि पशुतुल्य भई बाँच्न बाध्य छन् । उनीहरू कोही आफू शोषित भएकोमा विद्रोह गर्छन् भने कोही चुपचाप आफ्नो नियति स्विकार्दछन् । यस कथासङ्ग्रहका अधिकांश कथाले मानिस भएपछि मानिस सरह बाँच्न पाउनु पर्छ भन्ने मानवतावादी दृष्टिकोण प्रस्तुत गरेका छन् ।

### ४.२.५ नारी समस्याको चित्रण

**समय-दंश** कथा सङ्ग्रहका अधिकांश कथाले नारी समस्याको वास्तविक चित्रण गरेका छन् । 'टेम्पु चालक मनमाया', 'निःशेष', 'जीवनको एक रूप', 'सम्झनाको भग्नावशेष', 'अनुत्तरित प्रश्नहरू', अशान्त मन, अनामिकाको दैनिकी, 'आ-आफ्नो भागको जिन्दगी', 'बिम्ब प्रतिबिम्ब' लगायतका कथाले नारी समस्यालाई प्रस्तुत गरेका छन् । नारीका यौन जनित समस्यालाई 'त्रासद बिपना' कथाले स्पष्ट रूपमा चित्रण गरेको छ । त्यस्तै सामाजिक, सांस्कृतिक तथा आर्थिक समस्यालाई 'टेम्पुचालक मनमाया', अनुत्तरित प्रश्न, 'आ-आफ्नो भागको जिन्दगी' तथा 'अशान्त मन' कथाले सशक्त रूपमा चित्रण गरेका छन् । महिलामाथि हुने यौनजन्य दुर्व्यवहारलाई पनि यी कथाले व्यङ्ग्य गरेका छन् ।

आफ्नै आफन्तबाट बलात्कृत हुनुको पीडा र गर्भवती हुँदा समेत सामाजिक रूपमा महिलालाई दोषी ठहऱ्याउने पारिवारिक प्रवृत्तिलाई 'अनुत्तरित प्रश्नहरू' कथाले सशक्त रूपमा उठाएको छ । उपर्यक्त तथ्यहरूलाई हेर्दा यस कृतिमा नारी समस्याको चित्रण गर्ने प्रवृत्ति पनि देखा परेको छ ।

### ४.२.६ विकृत विसङ्गत जीवनको चित्रण

जीवनको निःसारता, अर्थहीनता, कुण्ठा, विषाद, पलायनवादीभाव, सामूहिक जीवनभित्र एकाकीपनको अनुभव, मृत्यु बोध वा शून्यता आदिलाई विषय वस्तु बनाई लेखिने कथागत प्रवृत्ति नै विसङ्गतिवादी प्रवृत्ति हो । सामाजिक सांस्कृतिक तथा आर्थिक रूपमा देखा परेका विकृत विसङ्गतिको चित्रण पद्मावती सिंहका कथामा देखा पर्ने प्रवृत्ति हो । यिनका कथामा मानव जीवनका यौन मानसिकता तथा यौन मानसिकताभित्र पुरुषको छाडा यौन प्रवृत्तिलाई समेत कथामा चित्रण गरिएको पाइन्छ ।

आर्थिक सामाजिक राजनीतिक तथा मानव जीवनका विसङ्गत पक्षको चित्रण यस समय- दंश कथा सङ्गहमा सङ्ग्रहित कथाहरूमा गरिएको छ । ' त्रासद बिपना' कथामा अक्षराले विवाहित पति तेस्रो लिङ्गी हुँदा आफ्नो यौन आवश्यकता पुरा  गर्न नपाउनु , 'अनुत्तरित प्रश्नहरू' कथाकी प्रमुख पात्र मखमली पतिको दबाबमा वेश्या बन्न पुग्नु, 'बिरानो आकाश' कथाकी  कान्छीले आफ्नो अस्मिता जोगाउन खोज्दा स्वयम् जेल चलान भई मानसिक सन्तुलन गुमाउनु, 'जीवनको एक रूप' कथामा राजकुमारको विवाहित पत्नी हुँदा पनि यौनका विभिन्न स्वाद लिने वेश्या प्रवृत्तिले गर्दा वैवाहिक जीवन तहसनहस हुनु जस्ता घटनाले मानव जीवनका विकृत विसङ्गत जीवनको चित्रण गरेका छन् ।

### ४.२.७ डायस्पोरिक जीवन चेतनाको चित्रण

मानिस अध्ययन गर्न, नवीन अवसरको खोजीका लागि एक देशबाट अर्को देशमा जाने प्रवृत्ति बढेको छ । यसरी एक किसिमको सामाजिक, सांस्कृतिक परिवेशबाट अर्को बिरानो वा भिन्न संस्कृति बोकेको सामाजिक, सांस्कृतिक परिवेशमा जीवन गुजार्दा हुने एक्लोपनको अनुभव, नैराश्यता, सामाजिक असुरक्षा, आफ्नै परिवेशको सामाजिक सांस्कृतिक मोह, पारिवारिक प्रेम स्नेहबाट टाढिनु पर्दाको विक्षिप्तताजन्य अनुभूतिको धारणा नै डायस्पोरा   हो । "एक किसिमको सांस्कृतिक परिवेशबाट अर्को परिवेशमा होमिनु पर्दा उत्पन्न हुने एकाकीपन, असुरक्षा बिरानोपन आदिको सङ्घात नै डायस्पोरा हो(एटम ,२०६७ : २० ) ।" नेपालमा देशको अराजक स्थिति,सांस्कृतिक वितृष्णा तथा पारिवारिक समस्याले विदेश पलायन भएका युवा पुस्ताको अमेरिका तथ युरोपप्रतिको आकर्षणलाई पद्मावती सिंहले **समय- दंश** कथा सङ्ग्रहका कथाहरूमा विषय बनाएकी छन् ।

**समय-दंश** कथा सङ्ग्रहका समय- पीडा, बहिर्गमन, त्रासद बिपना, आ-आफ्नो भागको जिन्दगी लगायतका कथाहरूमा डायस्पोरिक अनुभवमा आधारित भएर लेखिएको छ । यी कथाहरूले डायस्पोरिक जीवनले ल्याएका समस्याको चित्रण गरेका छन् । पारिवारिक समस्या देखाएर रोजगारी तथा अध्ययनको अवसरको खोजीमा विदेश पलायन हुने र उतै घरजम गरी बस्ने संस्कारको विकास भएको छ । जसले गर्दा प्रतिभा पलायन, स्वदेशमा व्यवसाय गरी बस्ने उद्यमीको अभाव, पारिवारिक विखण्डनजस्ता समस्याा देखिएका छन् ।

### ४.२.८ पाश्चात्य संस्कृतिको प्रभाव चित्रण

समय सँगै मानिसको जीवन जिउने कला, सोच्ने क्षमता कला, सामाजिक सांस्कृतिक रहन सहन प्रविधि प्रयोग जस्ता कुरामा परिवर्तन आउनु स्वाभाविक हो । समयसँगै बढेको व्यस्तताका कारण मानिसमा आएको व्यावहारिक परिवर्तन टेक्नोकल्चरको नवीन प्रयोग, पाश्चात्य संस्कृतिप्रतिको मोह र पाश्चात्य जीवनशैलीको अनुसरण **समय-दंश** कथा सङ्ग्रहका कथामा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहका कथाहरूमा नवीन सोँचमा आधारित मूल्य मान्यता तथा विचारको प्रयोगभएको छ ।

'त्रासद बिपना', बिम्ब प्रतिबिम्ब', 'साइबर प्रेम', 'आ- आफ्नो भागको जिन्दगी', 'जीवनको एक रूप' यस प्रवृत्तिमा आधारित कथाहरू हुन् । **समय-दंश** शीर्षकको यो कथा सङ्ग्रहमा समाविष्ट कथाहरूले आजको सभ्यताको सहरी यथार्थलाई अत्यन्त कलात्मक रूपमा अभिलेखीकरण गर्नुका साथै यसले मानिसको सोँच्ने, हेर्ने,बुझ्ने र बाँच्ने शैलीमा के कस्तो परिवर्तन आएको छ र यसबाट हाम्रो मूल्य मान्यता र संस्कृतिका स्थानमा के कस्ता आधुनिक सभ्यता भित्रिँदै छन् भन्ने यथार्थ जानकारी गराउने सार्थक प्रयास गरिएको पाइन्छ ( भट्टराई, २०६८ : ८) ।" आ-आफ्नो भागको जिन्दगी कथामा पाश्चात्य रहन सहन र त्यसै अनुरूपको जीवन बिताउने नेपाली महिलाको कथालाई लिएर कथा सिर्जना गरिएको छ ।

बिम्ब प्रतिबिम्ब कथामा एक युवतीले आफ्नो गर्भलाई अर्को पुरुषसँग विवाह गरी जन्म दिएको देखाइएको छ भने साथीको गर्भलाई स्वीकार गर्नु पर्ने बाध्यता पुरुषमा थोपरि दिइएको छ । जीवनको एक रूप कथाको माध्यमले मनोरञ्जनका लागि आउने पर्यटक तथा विलासी महिलाको माध्यमबाट पाश्चात्य विलासी यौन जीवनको चित्रण गरिएको छ । साइबर प्रेम कथाले च्याटिङका माध्यमबाट भर्च्युअल प्रेमी तथा साथी खोज्ने संस्कारलाई देखाएको छ । यी सबै कथा का विषयहरू पश्चिमी संस्कृतिको प्रभावमा आधारित नवीन सोँच र मूल्य मान्यतामा आधारित छन् ।

### ४.२.९ सामाजिक यथार्थवादी लेखन

पद्मावती सिंहले आफ्ना कथाामा सामाजिक यथार्थ विषयवस्तुको चित्रण गरेकी छन् । उनका कथामा समाजमा घटेका यथार्थ विषय वस्तुलाई कथाको विषय बनाएर समाजको यथार्थपरक चित्रण गरिएको हुन्छ । "उनले आफू बाँचेको, आफूले देखेको, सुनेको, अनुभव गरेको जीवन र जगतबाट नै कथाको विषय वस्तु ग्रहण गरेकी छन् । सामाजिक कथाकारका रूपमा विडम्बना, विसङ्गति र विकृतिको यथार्थ चित्रण गरेकी छन्" (पन्थी,२०६८ : ७४) । खासगरी सामाजिक सन्दर्भका राजनीतिक घटनाक्रम, द्वन्द्व, द्वन्द्वले निम्त्याएका आर्थिक सामाजिक समस्या, शान्ति, सुरक्षको अभाव, चोरी, डकैती, बन्द, हडतालले दैनिक जीवनमा पारेको प्रभावलाई कथामा जस्ताको तस्तै वास्तविक रूपमा चित्रण गरिएको छ । त्यस्तै यस समाजमा गरेका सङ्घर्ष, उनीहरूलाई सामाजिक रूपमा हेरिने दृष्टिकोण तथा समाजमा उनहिरूले भोगेका अकल्पनीय दुःख, पीडा पनि यस कथा सङ्ग्रहका कथाले यथार्थपरक ढङ्गले चित्रण गरेका छन् । यसै गरी "उनले समाजमा नारीले नारी भएका कारण भोग्नु पर्नें पीडा र त्रासदीपूर्ण स्थितिको पनि आफ्ना कथामा व्याख्या गरेकी छन् । गरिबी, अभाव र पीडाबाट आक्रान्त नेपाली समाजको यथार्थ विविध पक्षहरूलाई प्रस्तुत गर्नु उनका कथाको विशेषता हो"(गौतम, २०६७ : भूमिका) । यसरी उनले नेपाली समाजमा महिलाले भोगेका पीडा करुणामय

स्थिति र अन्य समस्यालाई यथार्थपरक रूपबाट प्रस्तुत गरेकी छन् । समाजमा दैनिक ज्याला मजदूर गरी कमाउने र आफ्नो दैनिक गुजारा चलाउनु पर्ने व्यक्तिको आर्थिक सङ्कटलाई पनि यथार्थ रूपमा चित्रण गरेको देखिन्छ ।

## ४.३ निष्कर्ष

पद्मावती सिंहका कथाले नवचेतनावादी प्रवृत्तिलाई आतमसात् गरेका छन् । झिनो आख्यान बोकेका **समय- दंश** कथा सङ्ग्रहका अधिकांश कथाले राजनीतिक वितृष्णा, द्वन्द्वका कारण अभिभावक र पति गुमाउन पर्दाको पीडा, आर्थिक विपन्नताका कारणले उब्जाएका समस्याहरूलाई देखाउन सफल छन् । खास गरि यस कथा सङ्ग्रहमा सङ्ग्रहित कथाले वि. सं. २०६२ -६३ को दोस्रो जनआन्दोलन पश्चातका राजनीतिक दलका क्रियाकलापले आम नेपाली जनतामा आएको निराशा जनक अवस्थालाई प्रकट गर्न सफल छन् । त्यस्तै यी कथाहरू नारी समस्या र नारी संवेदनशीलतालाई सूक्ष्म  रूपमा केलाउन सफल छन् । यौनलाई मानव जीवनको जैविक आवशयकताको रूपमा प्रस्तुत गरिएको छ । पुरुष वेश्या प्रवृत्ति, तेस्रो लिङ्गी वा समलिङ्गी यौनजन्य प्रवृत्तिको चित्रण कथाले खुला रूपमा गरिएको छ । प्रेम र यौनलाई एउटै भाव भूमिमा सम्मिश्रण गरी प्रस्तुत गरिएको छ । आर्थिक, सामाजिक, पारिवारिक समस्याले अल्झिएका कथाका पात्रहरूले पलायनताको बाटो रोजेका छन् । जीवनका विसङ्गत पक्षको चित्रण गर्दै लेखिएका कथाले डायस्पोरिक जीवनको अनुभव, पाश्चात्य संस्कृतिको प्रभाव टेक्नोकल्चर वा साइबर संस्कृतिको विषयसँगै नवीन सोँच र महिला स्वतन्त्रताको वकालत गरेका छन् । यस कथा सङ्ग्रहका अधिकांश कथा नारीका समस्या चित्रण गर्दै उनीहरूको मनोदशा केलाउनमा केन्द्रित छन् । यस कथा सङ्ग्रहमा कथाकार सिंहले नारी समस्याको चित्रण गर्दै नारीवादी कथा लेखेकी छन् । नारी पात्रहरूलाई शारीरिक शोषण गर्ने तथा मानसिक रूपमा कमजोर बनाउने यस पुरुष प्रधान समाज र पुरुषप्रति नै विद्रोहको आवाज उठाउनु पर्ने विचार अभिव्यक्त गरिएको छ । मानवतावादी दृष्टिकोण प्रस्तुत गरिएका यस कथा सङ्ग्रहका कथाहरू काठमाडौँको सहरी परिवेशमा केन्द्रित भएर यहाँका सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक समस्या केलाउन सफल छन् । यस कथा सङ्ग्रहबाट पद्मावती सिंहलाई सामाजिक यथार्थवादी तथा नारीवादी लेखिकाको रूपमा चिनाउन सकिन्छ । वैचारिक अभिव्यक्तिलाई वर्णनात्मक तथा भावात्मक अभिव्यक्ति कौशलको माध्यमबाट कथाको भाषिक अभिव्यक्तिशिल्प स्पष्ट बनेको छ । कथाकारले दिन खोजेको वैचारिक अभिव्यक्ति कतै प्रतीकको माध्यमले कतै पात्रका भावनात्मक वैचारिक अभिव्यक्तिसँग समिश्रण गरेर प्रस्तुत गर्नु पद्मावती सिंहको निजी अभिव्यक्ति कौशल हो । वर्णनात्मक अभिव्यक्तिभित्र पनि छोटा छोटा वाक्य गठन, प्रसङ्ग अनुसारको उखान टुक्काको प्रयोग, काव्यात्मक भाषिक अभिव्यक्तिले कथामा लयात्मकता, ओजपूर्णता तथा रसात्मकता थपेको छ । स्तरीय मानक भाषामा सरल, सरस,सहज अभिव्यक्तिले गर्दा कथा सुस्पष्ट र पाठ्य बनेका छन् ।

## परिच्छेद पाँच

# उपसंहार तथा निष्कर्ष

### ५.१ सारांश

कथाकार पद्मावती सिंहको **समय-दंश** कथा सङ्ग्रहको कृतिपरक अध्ययन भइ सकेको छ । यस परिच्छेदमा उक्त अध्ययन विश्लेषणको सारांश र निष्कर्ष निकालिएको छ ।

वि. सं. २००५ साल वैशाख १९ गते काठमाडौँको ॐबहाल टोलमा पद्मावती सिंहको जन्म भएको हो । स्नातक तहसम्म अध्ययन गरेकी सिंहले बाल्यकालदेखि नै साहित्य रचनामा रुचि देखाएकी हुन् । पद्मावती सिंहले कविता, गीत, कथा, निबन्ध, उपन्यास लेखनमा कलम चलाएकी छन् भने पत्रिका सम्पादन समेत गरेकी छन् । **समानान्तर आकाश** औपन्यासिक कृतिका लागि साझा पुरस्कार, २०६२ प्राप्त गरेकी सिंहले रत्नश्री सुवर्ण पदक, २०३९, मैनाली कथा पुरस्कार (२०४७), वीरेन्द्रऐश्वर्य सेवा पदक (२०५९), चक्रपाणि चालिसे राष्ट्रिय प्रतिभा पुरस्कार (२०५९), प्राप्त गरेकी छन् । सीतापाइला बहुउद्देशीय सहकारी संस्था सम्मान २०६३, मानचित्र सम्मान (२०६३) वनिता सम्मान (२०६३), धनर्सी साहित्यिक सम्मान (२०६४), देवकोटा शताब्दी सुवर्ण पदक (२०६७ ) नेपाल अमेरिका साहित्य समाजद्धारा समान्नित (२०७०) आदिबाट पनि समानित भएकी छन् ।

वि. सं. २०२२ मा **आरती** साप्ताहिक पत्रिकामा 'पत्थरको हृदय' कथा प्रकाशित गराएर कथा लेखनमा प्रवेश गरकी सिंहका **कथादि** (२०३८), **कथायाम** ( २०३९), **कथाकार** (२०४४), **पद्मावतीका कथाहरू** (२०५७), **मौन स्वीकृति** (२०६५) र **समय -दंश** (२०६७) गरी ६वटा कथासङ्ग्रहहरू प्रकाशित भएका छन् । खासगरि पद्मावती सिंह नेपाली कथाको विकास प्रक्रियामा नवचेतनावादी कथालेखन धारा (२०२० - २०३९ ) मा प्रवेश गरेकी हुँदा उनका कथामा नवचेतनावादी प्रवृत्ति देखा परेको हो । यिनका लेखनमा सामाजिक यथार्थको प्रकटीकरण पाइन्छ ।
पद्मावती सिंह नारीवादी लेखिकाका रूपमा प्रतिष्ठित छन् । यिनका कथाहरूमा नारी पात्रको प्रयोग अधिकांश रूपमा देख्न सकिन्छ भने नारी विद्रोह, नारी सङ्घर्ष, नारी अस्मितालाई टड्कारो रूपमा व्यक्त गरिएको छ । जीवनका उतार चढाव, प्रेम र यौन, अनुभूतिजन्य घात प्रतिघातहरूका साथै मानवीय पीडा र दुःख भोगाइका सजीव चित्र प्रस्तुत भएको छ । कथामा सरल भाषाको अभिव्यक्ति पाइन्छ, जुन मानक र स्तरीय भाषामा व्यक्त भएको हुन्छ । कतै कतै भने अङ्ग्रेजी भाषाको प्रयोग पनि भेटिन्छ । यिनका कथाहरूमा काठमाडौँली सहरिया परिवेश र त्यहीँबाट दुखिने निम्नमध्यमवर्गीय समस्या चित्रण नै बढी मात्रामा पाइन्छ । जागिरे जीवनका तीता नमिठा अनुभतिहरू, वैदेशिक भूमिमा भोग्नुपर्ने कठिनाइहरू पनि व्यक्त भएका छन् । विशेषतः पद्मावती सिंहका कथाले वर्तमान युगको समस्यालाई केलाई त्यसप्रति आलोचनात्मक टिप्पणी गरेका छन् । कथाको मूल विषय वस्तु नारी दुर्नियतिका सेरोफेरोभित्र घुमेर अल्झिएको छ । समस्याको समाधान गर्ने बाटो पहिल्याइएको छैन । जसले गर्दा अधिकांश कथाहरू समस्यामूलक बनेका छन् ।

**समय-दंश** कथा सङ्ग्रहमा रहेका कथाहरूको सार संक्षेप निम्न अनुसार रहेको छ :

एक्काइसौं शताब्दीको डायस्पोरिक समस्याले निम्त्याएको विकराल परिस्थितिको आनन्दीको माध्यमबाट 'समय पीडा' कथामा चित्रण गरिएको छ । काठमाडौँको सामाजिक तथा वातावरणीय परिवेशमा लेखिएको यस कथाकी केन्द्रीय पात्र आनन्दी हो । युवा पिँढीमा भइसकेको पलायनवादी संस्कृति र आमाबाबुको ममताबिचको अन्तर्सङ्घर्ष यस कथाको विषय हो । यसैलाई मनोवैज्ञानिक रूपबाट कथाकारले विश्लेषण गरेकी छन् । वर्णनात्मक शैलीमा आधारित लेख्य भाषाको प्रयोग यस कथामा गरिएको छ । तृतीय पुरुष कथन ढाँचाका साथै सर्वज्ञ तृतीय दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

'टेम्पु चालक मनमाया' कथा दश वर्षको युद्धले ल्याएको आन्तरिक विस्थापनको समस्यासँगै काठामडौंका साझा समस्यालाई एकीकृत गरी लेखिएको कथा हो ।यस कथाकी केन्द्रिय पात्र मनमायाको वर्तमान सङ्घर्ष र विगतको पीडादायी जीवन भोगााइमा आधारित कथा हो । संवादात्मक शैलीको छोटा छोटा वाक्यको प्रयोगले कथालाई सरल, सहज र सरस बनाएको छ । प्रथम पुरुष कथन ढाँचामा आधारित आन्तरिक दृष्टिविन्दुले कथा प्रस्तुतीकरणमा जीवन्तता ल्याएको छ । सडकमा हुने जाम, आन्दोलन, दिउँसो हुने चोरीले काठमाडौँ सहरको यथार्थ परिवेशको चित्रण गरेको छ । सहरमा दिनहुँ ज्याला मजदुरी गर्ने तथा टेम्पु चलाउने महिलाहरूलाई पुरुषबाट हुने हेपाहा प्रवृत्तिलाई देखाई त्यसको प्रतिकार गर्नुपर्ने विचार यस कथामा व्यक्त गरिएको छ ।

दुई युवा युवतीमा फक्रेको प्रेमको फूल सत्ता, र कुर्ची मोहबाट दुर्घटित भएको विषयलाई समेटेर 'निःशेष' कथाको कथानक सिर्जना गरिएको छ । कथाले सुलेखाले आदित्य प्रति गरेको प्रेम स्वयम् आदित्यले नै टुक्र्याएकोले कथा समस्यामा पुगेर सकिएको छ । युवा पुस्तामा अवसरवादी प्रवृत्तिको कारणले गर्दा प्रेमजस्तो अमुल्य वस्तुको मूल्य हराएको आदित्यको माध्यमले देखाइएको छ । काठमाडौँ सहरको परिवेशमा आधारित भएर 'निःशेष' कथा लेखिएको हो । 'निःशेष' कथाकी प्रमुख पात्र सुलेखाले गरेको प्रेम टुक्रिँदा त्यहाँ केही पनि नरहने अर्थमा शीर्षक राखी त्यसैबाट कथाको समापन गरेकाले यो समस्यामूलक कथाका रूपमा देखा परेको छ ।

'बहिर्गमन' कथा सामाजिक यथार्थ विषयवस्तुलाई समेटेर लेखिएको कथा हो । यस कथामा माओवादी द्वन्द्वकालीन समय र त्यस पछाडिका राजनीतिक परिर्वतनका घटना क्रमले नेपाली जनमानसमा पारेको प्रभावलाई देखाउन खोजिएकोछ । तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको यस कथामा प्रभातका माध्ययमबाट नेपाली युवा पुस्ता बिदेसिनु पर्ने कारण र यसबाट उत्पन्न मानसिकता केलाइएको पाइन्छ । वर्णनात्मक शैली र सरल अभिव्यक्तिका कारण कथा पठनीय देखिन्छ । काठमाडौँको मुख्य परिवेशलाई आधार बनाएर लेखिएको यस कथामा यहाँका दैनिक जीवनका समस्याहरू, राजनीतिक समस्याहरूलाई समेत केलाईएको छ । प्रस्तुत कथामा हाल बेरोजगारीको समस्याले गर्दा युवापुस्ता विदेसिएको देखाइएको छ । दश बर्से माओवादी युद्ध र राजनीतिक परिस्थितिका कारणले गर्दा यस्तो भएको हो । यदी देशको अवस्था नसुध्रिएमा बूढा-बूढीको देश हुने निश्चित छ भनि व्यङ्ग्यसमेत यस कथामा पाइन्छ । देशको अवस्था सुध्रिएमा

पलायन भएका युवा पुस्ता स्वदेश फर्किनेछन् उनीहरूमा पनि स्वदेश प्रति अगाध माया छ भनि देखाउन खोजिएको छ ।

वर्णनात्मक शैलीमा आधारित भएर लेखिएको 'निःशब्द' कथामा निम्न वर्गीय तरकारी व्यापारी जोगेन्दरको एक दिनको कथा व्याथालाई कथानकीय विषय बनाइएको छ । तृतीय पुरुष कथन ढाँचामा आधारित बाह्य दृष्टिविन्दुको प्रयोगले अभिव्यक्तिमा सरलता देखिएको छ । काठमाडौँ सीमित परिवेशमा आधारित निः शब्द कथामा जोगेन्दरको समेत मानसिक परिवेश चित्रण गरिएको छ । मानिसलाई मानिसको जस्तो व्यवहार गर्नुपर्छ भन्ने मानवीय विचारको अभिव्यक्ति यस कथाले दिएको छ ।

वर्णनात्मक शैलीमा आधारित बाह्य तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको 'बिरानो आकाश' कथाको विषयवस्तु महिला समस्यामा आधारित छ । गरिबीले आक्रान्त भएर घरेलु कामदारको रूपमा विदेश जाने महिलाले भोग्ने पीडादायी जीवनलाई यथार्थ रूपमा टिपेर कथा लेखिएको हो । कान्छीलाई यस कथाको प्रमुख केन्द्रीय पात्रको रूपमा  प्रस्तुत गरि महिलाले विदेशमा गई भोग्नुपर्ने यौन जन्य दुर्व्यवहारलाई कथाले प्रस्तुत गरेको छ । महिलाको सुरक्षाको जिम्मा लिएर मात्र त्यस्तो रोजगारीमा पठाउनु पनि विचार कथाले व्यक्त गरिएको छ । मलेसियाको परिवेशमा तयार पारिएको कथाले महिलाले भोग्नुपर्ने यौनजन्य हिंसा र त्यसले मानसिक रूपमा पारेको प्रभावको चित्रण गरेको छ ।

पश्चिमी देशमा विकसित जिगोलो संस्कृतिलाई काठमाडौँ सहरमा भित्रिदै गएको विषयलाई समातेर 'जीवनको एक रूप' कथाको सिर्जना गरिएको छ । महिला मात्र होइन आफ्नोरूप सौन्दर्य भएका तथा योग्य जागिर नभएका विलासी जीवन बिताउन चाहने पुरुषले पनि यौनकर्मीको पेशा अपनाएको स्थितिलाई कथामा देखाइएको छ । आर्थिक सङ्कटका कारणले पुरुषहरू पनि मनग्य पैसा कमाई ऐस आरामको जीवन बिताउन यौन पेशामा संलग्न भएका छन् । यसरी यौन व्यवसायमा संलग्न व्यक्तिहरूको जीवन यौनका विविध स्वाद चाख्ने कारणले पारिवारिक सम्बन्ध बिग्रने गर्दछ भन्ने वैचारिक अभिव्यक्ति प्रस्तुत गरिएको छ । काठमाडौँमा गोप्य रूपमा सञ्चालन भएका यौन व्यवसायलाई राजकुमारको माध्यमबाट देखाउन खोजिकएको छ । तृतीयपुरुष शैलीमा बाह्य दृष्टिविन्दुमा लेखिएको कथामा आलङ्कारिक भाषिक प्रयोग पाइन्छ । वर्णनात्मक शैलीका कारण कथामा लामालामा संयुक्त वाक्य गठन देखिन्छ ।

पुरुष समलिङ्गी प्रवृत्तिलाई विषय बनाएर 'त्रासद बिपना' कथाको सिर्जना गरिएको छ । नारी यौवनका अन्तर्मनका आवेग आर्कषण र यौन तृप्तिमा आधारित कथा हो । विवाह गर्दा कुरा लुकाउने र जबर्जस्ती विवाह गराउनाले आइपर्ने विभिन्न समस्या मध्ये समलिङ्गी समस्या पनि एक हो । जसले वैवाहिक जीवनलाई तहसनहस बनाउँछ । नारी अन्तर्मनको यौन चाहनालाई विचारात्मक अभिव्यक्ति शिष्ट शालीन भाषिक अभिव्यक्तिमा यो कथा रचना गरिएको छ । तृतीय पुरुष कथन ढाँचामा लेखिएको त्रासद बिपना काथमा अक्षराको मानसिक द्वन्द्वलाई केलाएर मानसिक परिवेशको सिर्जना गरिएको छ । यस कथाले नयाँ चर्चामा आएको तेस्रो लिङ्गी वा समलिङ्गी प्रवृत्तिलाई कथामा चित्रण गर्न खोजेको छ ।

'सम्झनाको भग्नावशेष' कथा स्वैरकाल्पनिक प्रेमको विषयमा आधारित भएर लेखिएको कथा हो । यस कथामा एक जवान युवकले दुई युवतीलाई गरेको प्रेम र त्यसको दुर्घटनाले पारेको प्रभावलाई चित्रण गरेको छ । काठमाडौँ सहरको प्रत्यक्ष परिवेशमा लेखिएको यस कथामा प्रमुख पात्र सागर र बिपना र सपना दुवैको मानसिकताको पनि चित्रण गरिएको छ । यो कथा सिंहको समस्यामूलक कथा हो । समसया समाधानको बाटो खोज्न भन्दा प्रमुख पात्र सागरले पलायनको बाटो रोजेको देखाइएको छ । कथामा प्रेमलाई दुई किनार भएर बिचबाट भाग्न खोज्दा दुई नाउमा खुट्टा हालेर सफर गर्नु जस्तै दुर्घटना ग्रस्त हुने जोखिम हुन्छ भनि देखाउन खोजिएको छ । सरल सरस र स्वस्फूर्त भाषिक अभिव्यक्ति 'सम्झनाका भग्नावशेष' कथाको भाषिक विशोषता हो ।

'कालो सुट' कथा मनोविज्ञानभित्रको आपराधिक यौन मनोवृत्तिलाई प्रयोग गरेर लेखिएको कथा हो । यस कथाले पुरुष यौनकर्मी तथा अपराध प्रवृत्तिलाई मूल विषय बनाएको छ । आवेश अपराध मनोवृत्ति बोकेको पात्र हो । त्यसको अपराधबाट सिकार हुने एक पात्र आशाा पनि हो प्रथम पुरुष परिधीय दृष्टिविन्दुमा आधारित भएर कथा सिर्जना गरिएको छ । कथामा म पात्रको माध्यमबाट कथाकारले अपराधिक मनोवृत्ति भएका पुरुषसँग बच्नु पर्ने वैचारिक अभिव्यक्ति दिएकी छन् । काठमाडौँ सहरको सहरिया परिवेशभित्र हुने आपराधिक क्रियाकलापको चित्रण कथामा गरिएको छ । महिलाहरूलाई आवेशजस्तो नीच पतित तथा अपराध मनोवृत्त भएका व्यक्तिहरूसँग सचेत गराउनु कथाको मूल उद्देश्य रहेको देखिन्छ ।

'अनुत्तरित प्रश्नहरू' कथा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका बालिकाहरूमाथि हुने यौनशोषणलाई विषय बनाएर लेखिएको कथा हो । यस कथाले एक बालिका बलात्कृत हुँदा परिवारबाट भएको अपहेलनाले कथामा समस्या सिर्जना गराएको छ । चौध वर्षको उमेरमा नै बलत्कृत हुन पुगेकी मखमलीलाई देखाएर पारिवारिक संरक्षण नभएका महिलाहरूले झेल्नुपर्ने आर्थिक तथा समाजिक शोषण देखाइएको छ । त्यसका साथै महिलालाई वेश्या बनाउने पुरुषप्रधान समाजको यथार्थ चित्रण गर्नु यस कथाको मुख्य उद्देश्य हो । ग्रामीण परिवेशमा हुर्किएर एक अबोध बालिकालाई सहरमा लगेर बेश्या बनाउने यो समाजप्रति मौन रूपमा विद्रोह गरेको हुँदैन आवज उठाउनु पर्ने विचार मखमलीका माध्यमले देखाइएको छ । यस कथाकी केन्द्रीय पात्र मखमलीका माध्यमले महिलाका समस्याहरू चित्रण गरिएको छ । तृतीय पुरुष सिमित दृष्टिविन्दुमा आधारित यो कथा ग्रामीण तथा सहरिया दुवै परिवेशमा आधारित छ । यसको मूल परिवेश काठमाडौँ सहर हो । वर्णनात्मक शैलीमा आधारित पाठ्य भाषाको प्रयोग यस काथको भाषिक विशेषता हो । उखान टुक्काको प्रयोग तथा आलङ्कारिकता मिश्रित भाषिक विशेषता अभिव्यक्तिगत विशेषताले कथालाई उत्कृष्ट बनाएको छ ।

'अशान्त मन' कथामा राजनीतिक समस्या वैदेशिक रोजगारीमा जाने महिलाको समस्या, तथा सरकारले दिन नसकेको शान्ति सुरक्षा जस्ता कुरालाई कथाको कथानकीय विषय वस्तु बनाइएको छ । कथामा विमला तथा म पात्रको माध्यमले आम नेपाली जनतामा देशको स्थितिले भएको निराशाजनक अवस्था देखाइएको छ । प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुमा लेखिएको 'अशान्त मन' कथामा चेतन प्रवाह शैलीको प्रयोग गरिएको छ । देशको तत्कालीन राजनीतिक परिवेश तथा सामाजिक अवस्था प्रस्तुत हुने प्रत्यक्ष परिवेश कथामा प्रयोग गरिएको छ । यस कथाले देशका

आर्थिक, राजनीतिक, सामाजिक तथा आर्थिक रूपमा सिर्जना भएका समस्या देखाउनु यस कथाको प्रमुख उद्देश्य हो । परिष्कृत र लेख्य भाषाको प्रयोग कथामा देखिन्छ । यो कथा नारी समस्यामा केन्द्रित छ ।

हरेक कार्यमा स्वावलम्बीपन देखाउने तथा घर गृहस्थी सहित जागिरे जीवन व्यवस्थापन गर्नु पर्ने महिलाको व्यस्त दैनिकीलाई 'अनामिकाको दैनिकी' कथामा विषयवस्तु बनाइएको छ । यस कथाले अनामिकाको माध्यमबाट घर गृहस्थी, जागिर र समाज सेवा गरी व्यस्त रहने महिलाको नियति तथा समस्यालाई देखाउने प्रमुख उद्देश्य राखेको पाइन्छ । तृतीय पुरुष कथन ढाँचाको बाह्य सीमित दृष्टिविन्दुमा रचना गरिएको कथामा सहरिया जीवन पद्धति अनुरूपको काठमाडौँको सहरी परिवेश, सरकारी जागिरे जीवन बिताउने परिवारलाई कथाको परिवेश बनाइएको छ । वर्णनात्मक शैलीको छोटा छोटा वाक्य गठन यस कथाको भाषिक अभिव्यक्ति हो ।

वैवाहिक जीवनमा असहज स्थिति आएपछि विदेश पलायन भएकी एक महिलाले आफ्नो सन्तान हुर्काउनको लागि जीवनसँग गरेको सङ्घर्षलाई विषय बनाएर 'आ-आफ्नो भागको जिन्दगी' कथाको कथानक सिर्जना गरिएको छ । यस कथामा पूर्वीय र पाश्चात्य परिवेश संस्कृति अनुरूप महिला पात्र क्रमशः स्नेहा र अपराजिताको प्रयोग गरिएको छ । काठमाडौँ, अमेरिका र बेलायतको प्रत्यक्ष परिवेश यस कथामा देखाइएको छ । प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुमा आधारित भएर कथाको रचना गरिएको छ । यस कथामा म पात्र अपराजितालाई नै केन्द्र मानी प्रमुख रूपमा यसैका विचार तथा जीवनका घटना र रहस्यहरूलाई प्रस्तुतीकरण गरिएको हुँदा कथामा प्रथम पुरुष कथन ढाँचाको आन्तरिक केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ । व्यक्ति व्यक्ति अनुसार वैचारिक भिन्नता हुन्छ । मानिसले आआफ्नो भागको जिन्दगी अआफैले भोग्नु पर्छ । जीवन भनेको आफैले सोचे अनुसार भोग्न सकिदैन । समय र परिस्थिति अनुसार आफूलाई परिवर्तन गर्न सक्नुपर्छ भन्ने विचार व्यक्त गर्नु कथाको मुख्य उद्देश्य हो । अपराजिता तथा स्नेहाले जीवनको उत्तरार्धमा आफ्ना जीवनका पूर्वसन्ध्यामा भोगेका कुराहरू एक अर्कासँग साटासाट गरेकाले कथा पूर्व दीप्तिको शैलीमा अगाडि बढेको छ ।

'बिम्ब प्रतिबिम्ब' कथा काल्पनिक विषयमा आधारित कथा हो । यो कथा पनि महिलाको समस्यामा आधारित भएर लेखिएको छ । अविवाहित कुमारी आमाले आफ्नो शिशुलाई जन्म दिनको लागि गरेका सङ्घर्षहरूलाई मूल विषय बनाएर कथाको सिर्जना गरिएको छ । हिन्दु तथा नेपाली सांस्कृतिक परिवेशमा एक अविवाहित महिलाले आफ्नो गर्भलाई आफ्नो इच्छा अनुसार जन्म दिनको लीग पर पुरुषको सहायता लिनुपर्ने बाध्यता छ । पुरुष प्रधान समाजका पुरुषहरूले अर्काको गर्भलाई वास्तविक रूपमा स्विकार्न सक्दैनन भन्ने विचार व्यक्त गर्नु यस कथाको प्रमुख उद्देश्य हो । पवित्रा तथा आनन्दको भूमिका कथामा प्रमुख छ भने सागर यस कथाको गौण चरित्र हो । यस कथाको परिवेश नेपालको काठमाडौँ सहरिया वातावरण हो । त्यस्तै पवित्रा र आनन्दको मानसिकताको चित्रण गरी मानसिक परिवेश पनि यस कथामा चित्रण गएिको छ । तृतीय पुरुष दृष्टिविन्दुमा आधारित सीमित दृष्टिविन्दुको प्रयोग यस कथामा पाइन्छ ।

नवीन रूपमा युवापुस्ता बिच लोकप्रिय साइबर संस्कृतिलाई मूल विषय बनाएर 'साइबर प्रेम' कथा सिर्जना गरिएको छ । आजको व्यस्त समयमा आफ्नो मनका कुरा साटासाट गर्न होस वा जीवन

साथीको खोजीमा अनलाइन साइडहरू अत्यन्त लोकप्रिय बढ्दै गएका छन् । त्यसको साथसाथै अश्लील च्याट, साइबर क्राइम  जस्ता समस्याले विश्व नै चिन्ता जनक बन्न पुगेको छ । त्यसलाई समयमा नै व्यवस्थापन गर्नुपर्ने विचार यस कथाले दिएको छ । सहरिया परिवेश त्यसमा पनि साइबर संस्कृतिकै परिवेश र त्यसबाट आफूलाई मन पर्ने जीवनसाथी रोज्ने प्रवृत्तिलाई कथामा देखाइएको छ । अत्यन्त थोरै पात्र विनिता अर्थात म पात्र, महिम बेयरा मात्र यस कथाका पात्र हुन् । विनिताको चरित्र यस कथामा प्रमुख छ । संवादात्मक  शैलीको भाषिक अभिव्यक्ति कथामा प्रस्तुत छ । महिला स्वतन्त्रता तथा साइबर संस्कृति भित्रका अश्लील यौन प्रवृत्तिमाथि बौद्धिक बहस कथामा गराइएको छ ।

### ५.२ निष्कर्ष

कथाकार पद्मावती सिंहले सहरिया संस्कृतिमा देखा पर्ने विसङ्गति, आर्थिक कमजोर  अवस्था नारीहरूका वेदना, पीडा, व्यथा छटपटाहट आदिलाई कथाको मूल विषय बनाएकी छन् । उनले काम, माम र नामको खोजीमा वैदेशिक भूमिमा सङ्घर्ष गर्नु पर्ने स्थितिको चित्रण गरेकी छन् । उनका कथामा पुरुष प्रधान समाजमा नारीहरू कतिसम्म शोषित र दमित हुनु पर्छ भन्ने कारुणिक चित्र प्रस्तुत भएका छन् ।

**समय-दंश** कथा सङ्ग्रहका कथाहरू रैखिक र चक्रीय ढाँचामा लेखिएका छन् । प्रायः चक्रीय ढाँचामा लेखिएका कथाहरूमा पात्रहरूले वर्तमानमा रहेर व्यतीत जीवनका कारुणिक घटनाहरूलाई सम्झेका छन् । प्रथम पुरुष कथन शैली र तृतीय पुरुष कथन शैलीको प्रयोग गरी लेखिएका कथाहरूमा केन्द्रीय तथा परिधीय दुवै दृष्टिविन्दुको प्रयोग देखिन्छ । त्यस्तै तृतीय पुरुष कथन ढाँचा प्रयोग गरी लेखिएका कथाहरूमा भने कथाकारले सीमित दृष्टिविन्दुको प्रयोग गरको पाइन्छ । यस कथासङ्ग्रहमा सरल  छोटा वाक्यको प्रयोग गरिएका छन् । कथामा मानक र स्तरीय भाषाको प्रयोग गरिएको छ । कथाहरू संरचनाका दृष्टिले हेर्दा लामा आकारका छन् । डिमाइ साइजका पृष्ठहरूमा रचिएका कथाहरू ८ - १६ पृष्ठ सम्मका रहेका छन् । छोटो विषय वस्तु रहे पनि वर्णानात्मक ढङ्गबाट प्रस्तुत गर्ने अभिव्यक्तिगत शिल्पका कारण उनका कथाहरू लामा हुन गएका हुन् । न्यून पात्रको प्रयोग गर्नु तथा तिनको विशद वर्णन गर्नु उनको विशेषता रहेको छ । भाषिक सुबोधता रहेका कथामा बिम्ब प्रतीकका साथै उखान टुक्का र सूक्तिहरूको प्रयोगले कथालाई सरसता तथा स्तरीयता प्रदान गरेका छन् ।

पद्मावती सिंह मूलतः सामाजिक यथार्थवादी कथाकार हुन् । नवचेतनावादी कथा लेखन कालमा देखा परेकी सिंहका कथाले सामाजिक कटु यथार्थको प्रकटीकरण गरेका छन् । मुलुकको दश वर्षीय द्वन्द्वकालका दर्दनाक घटना, सरकारको गैर जिम्मेवारीपन रवैया, नेतृत्व वर्गको सत्ता लिप्सा जस्ता कारणबाट जनतामाझ परेको नराम्रो असर पर्न गएका कुराहरूलाई देखाउने प्रयास गरेका छन् । देशमा बेरोजगारीको अवस्था हुँदा शिक्षित बेरोजगारीको समस्या बढेको र आफ्नो परिवारको माया ममतालाई त्याग्दै विदेशी भूमिमा एक्लिएर बस्नु पर्ने बाध्यतालाई प्रस्तुत गर्नु पनि कथाहरूका मुल ध्येय रहेका छन् । बेरोजगारी कै कारण पुरुष वेश्या बन्नु पर्ने समस्याको चित्रणका साथै विभिन्न आपराधिक क्रियाकलापहरू बढ्दै जानुमा बेरोजगारीका अवस्था नै जिम्मेबार रहेको कुरा यी

कथाहरूले देखाएका छन् । समाजमा समलिङ्गी वा तेस्रो लिङ्गीप्रति रहेको धारणालाई देखाउँदै त्यस प्रकारको सामाजिक समस्यालाई उठाउने प्रयास पनि गरिएको छ ।

पद्मावती सिंह नारीवादी लेखिका हुन् । उनका लेखनमा पुरुषप्रधान समाजमा नारीहरूको अस्तित्व र अस्मिता खतरामा छ भन्ने कुरा व्यक्त भएका छन् । अतः उनका कथामा कोरा कल्पना र भावना मात्र नभएर नारीका वास्तविक जीवनका यथार्थ भोगाइ, व्यथा, पीडा र सुस्केराहरू व्यक्त भएका छन् । नारीले आफ्नो गल्ती नहुँदा नहुँदै पनि गल्ती स्विकार्नु पर्ने कटु सत्यलाई प्रस्तुत गरी नारी अधिकारको खोजी र लैङ्गिक विभेदको विरोध गरिएको छ । यसका साथै उनका कथामा समाजमा घट्ने यथार्थ घटनाहरू, मानव मनका द्वन्द्व र सामाजिक विकृतिलाई देखाउने प्रयासका साथै शोषक र शोषित वर्गको चित्रण गरिएको छ ।

सम्भावित शोध शीर्षकहरू :

(क) **समय-दंश** कथा सङ्ग्रहमा द्वन्द्व पक्षको अध्ययन

(ख) **समय-दंश** कथा सङ्ग्रहमा परिवेश विधान

(ग) **समय-दंश** कथा सङ्ग्रहमा पात्रविधान

# सन्दर्भ सूची

## (क) पुस्तक विवरण


आचार्य, नरहरि र अन्य (सम्पादन) (२०५४) **नेपाली कथा भाग १** चौथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

एटम, नेत्र (२०६१), **समालोचनाको स्वरूप** ललितपुर : साझा प्रकाशन ।

............ (२०६७), **नेपाली डायस्पोरा र अन्य समालोचना** काठमाडौँ : एकता बुक्स ।

गौतम, कृष्ण (२०५९), **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५७),**पाश्चात्य साहित्यका प्रमुख वाद**, ललितपुर : साझा प्रकाशन ।

थापा, हिमांशु (२०५०), **साहित्य परिचय**, चौथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

बराल, ईश्वर (सम्पादन) (२०५३), **झ्यालबाट,**चौथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०६९), **कथा सिद्धान्त**, काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स ।

भट्टराई, घटराज (२०५६), **नेपाली लेखक कोश**, काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान ।

लुइटेल, खगेन्द्र प्रसाद (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : नेपाल पज्ञा प्रतिष्ठान, २०६० ।

लुइटेल, लीला (२०६९), **नेपाली महिला कथाकार**, काठमाडौं : गुञ्जन प्रकाशन ।

शर्मा, मोहनराज (२०५८), **कथाको विकास प्रक्रिया** तृतीय संस्करण ललितपुर : साझा प्रकाशन ।

..........(२०५५) **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौँ : नेपाल पज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६२), **शोधविधि**, तृतीय संस्करण, ललितपुर : साझा प्रकाशन ।

........... (२०६३) **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, दोस्रो संस्करण, काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, हरिप्रसाद (२०५९), **कथाको सिद्धान्त र विवेचना**, काठमाडौँ : नेपाल पज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०६०), **नेपाली कथा भाग ४,** दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

.........(२०७०) **नेपाली कथा र कथाकार**, काठमाडौँ : नेपाल पज्ञा प्रतिष्ठान ।

........ (२०६६) **अभिनव कथाशास्त्र**, कठमाडौँ : पालुवा प्रकाशन ।

..... (सम्पादन) (२०३९), **पच्चिस वर्षका नेपाली कथा**, काठमाडौँ : नेपाल पज्ञा प्रतिष्ठान ।

श्रेष्ठ,दयाराम र मोहनराज शर्मा (२०५६), **नेपाली साहित्यको संक्षिप्त इतिहास,** पाँचौं संस्करण, ललितपुरः साझा प्रकाशन ।

सिंह, पद्मावती (२०३८), **कथादि**, ललितपुर : श्रीराम भक्त माथेमा ।

.......... (२०३९), **कथायाम,** काठमाडौं : साहित्यिक पत्रकार सङ्घ ।

............(२०४४), **कथाकार**, विराटनगर : आकल्प प्रकाशन ।

........... (२०५७), **पद्मावतीका कथाहरू,**काठमाडौं : लेखक स्वयम् ।

............ (२०६५), **मौन स्वीकृति**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

............. (२०६७ ), **समय-दंश**, काठमााडौं : राजबहादुर सिंह ।

सुवेदी, राजेन्द्र (२०५७), **स्नातकोत्तर नेपाली कथा** दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

........... (२०६४) **नेपाली उपन्यास परम्परा र प्रवृति** दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

**(ख) अप्रकाशित शोधपत्र विवरण**

पन्थी, पार्वता (२०६८), **मौन स्वीकृति कथासङग्रहको कृतिपरक अध्ययन** अपकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., रत्न राज्यलक्ष्मी क्याम्पस,काठमाडौं ।

भट्टराई, निर्मला (२०५७), **पद्मावती सिंहको कथाकारिता "पद्मावतीका कथाहरू"को केन्द्रीयतामा**,अप्रकाशित.स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०५७ ।

रजौरे, पूर्णिमा (२०६७), **पद्मावती सिंहका कथामा नारी चेतना**अपकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि ।

शिवाकोटि, यज्ञप्रसाद (२०६७), **'समानान्तर आकाश' मा नारी समस्या** अपकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., रत्न राज्यलक्ष्मी क्याम्पस,काठमाडौं ।

## (ग) पत्रपत्रिका विवरण

एटम, नेत्र (२०६६), "उत्तरवर्ती नेपाली कथा : पृष्ठभूमि र प्रवृत्ति", **सम्प्रेषण**, (वर्ष ६, अङ्क ६, ), पृ. १४७-१५८ ।

कुँवर, कृष्णा (२०६८), "समयको डसाई" **कान्तिपुर** ( कोपिला, कार्तिक, १९)

ढकाल, रजनी (२०६९),"पद्मावती अर्थात आख्यानकी पद्मिनी" **गरिमा**, ( वर्ष ३१,अङ्क १, पूर्णाङ्क ३६१, पुस, ) पृ. १४८-१५५ ।

त्रिपाठी, सुधा (२०५१),"नेपाली साहित्यमा नारीको अधकल्चो छवि", **अस्मिता**, (वर्ष ७, अङ्क २६, साउन)।

भट्टराई, शिवप्रसाद (२०६८), "**समय-दंश**कथाको समिक्षा **गोरखापत्र**", ( भदौ १०, २०६८,) ।

मधिकर्मी, ध्रुव (२०६८),"समय-दंशमा कथाकार पद्मावती सिंह" **पुनर्जागरण** ( सिर्जना अभिव्यक्ति, कार्तिक २९ गते)

लुइँटेल, लीला ( २०५९), "*महिला लेखन र आधुनिक नेपाली कथा,*" **समकालीन साहित्य**,( वर्ष १२ : अङ्क३ ) , पृ. १४४ -१५७ ।

........... ( २०६७), "महिलाको प्रतिवादशीलताको वकालत"**भृकुटी**, (पूर्णाङ्क ८, साउन, भदौ, असोज) पृ. ३२-४९) ।

श्रेष्ठ, गायत्री (२०६५), "समकालीन नेपाली द्वन्द्व कथाका नारी कथाकार र तिनका द्वन्द्व कथाको विश्लेषण" **कुञ्जिनी** ( वर्ष १५, अङ्क १२,) ।

# परिशिष्ट

## कथाकार पद्मावती सिंहसँग गरिएको कुराकानी

**) तपाईको जन्म मिति र जन्मस्थान बारे बताइदिनुहोस् ।**

मेरो जन्ममिति २००५ साल, वैशाख ९ गते हो । जन्म स्थान काठमाडौं ॐबहाल टोल हो ।

**) तपाईको बुबा आमाको नाम बताइदिनु हुन्छ कि ?**

मेरो बुबाको नाम स्व. श्री परशुरामभक्त माथेमा र मुमाको नाम स्व. श्रीमती चन्द्र भुवनेश्वरी माथेमा हो ।

**) तपाईको बाल्यकाल कस्तो रह्यो ?**

मेरो जन्म एक सम्पन्न शिक्षित परिवारमा भएकोले मेरो बाल्यकाल असाध्यै सुखद् रह्यो ?

**) आफूले प्राप्त गरेको शिक्षा बारेमा बताइदिनुहुन्छ कि ?**

मैले स्नातक तह उत्तीर्ण गरेकी छु ।

**) तपाईको पारिवारिक स्थिति बारेमा बताइदिनुहोस्**

मेरो परिवारिक स्थिति राम्रै छ ।

**) साहित्य तर्फको रुचि कसरी प्राप्ती गर्नु भयो ?**

विद्यार्थी जीवनदेखि नै मेरो झुकाव साहित्य तर्फ थियो । साहित्य पढ्न म अति रुचाउँथें । त्यसैले मेरो रुचि लेखन तर्फ मोडियो ।

**) तपाईलाई साहित्यतर्फ लाग्ने प्रेरणा कसबाट प्राप्त भयो ?**

मेरो पिताबाट र कविवर श्री सिद्धिचरण श्रेष्ठ ज्यूबाट साहित्यतर्फ लाग्न मलाई प्रेरणा प्राप्त भयो । मेरो बुढा हजुरबुवाले नेवारी साहित्यमा एक सन्त कविको रूपमा उल्लेखनीय स्थान प्राप्त गर्नु भएको छ । मेरो पारिवारिक वातावरण पनि सङ्गीतमय र साहित्यमय थियो ।

**तपाईको पहिलो रचना कहिले प्रकाशन भयो ?**

मेरो पहिलो रचना २०२२ सालमा आरती साप्ताहिकमा प्रकाशित भएको थियो ।

**पहिलो रचना प्रकाशन सम्बन्धमा रहेका तपाईका अनुभव बताइदिनु हुन्छ कि ?**

यो रचना मेरी ठूली दिदी कौशल्याले मैले थाहा नपाइकनै प्रकाशनको लागि दिनु भएको रहेछ । प्रकाशन भएपछि म अचम्मित र हर्षित भएँ ।

**तपाईले लेखेका विधामध्य आफूलाई सबैभन्दा सफलता प्राप्त भएको विधा कुनलाई मान्नु हुन्छ ? किन ?**

कथा विधा मेरो प्रिय विधा हो । मैले कथा लेखनबाटै सफलता प्राप्त गरेझैं लाग्छ ।

**तपाई कुन कुन साहित्यकारबाट प्रभावित हुनुहुन्छ ? र किन ?**

म धेरै अग्रज साहित्यकारहरूबाट प्रभावित छु । नामै लिनुपर्यो विशेश्वर प्रसाद कोइराला, पारिजात विजय बहादुर मल्ल, भूपी शेरचन, सिद्धिचरण श्रेष्ठ ईश्वरवल्लव आदि । उहाँहरूको लेखनशैली, लेखनकलाबाट प्रभावित छु ।

**तपाईलाई साहित्यकारको के कुराले प्रभावित पार्छ ?**

साहित्यकारहरूले कलात्मक शैली र रोचक विषयवस्तुद्धारा पाठकको हृदयलाई स्पर्श गर्न सफल रूपमा ती साहित्यकारले सबैलाई प्रभावित गर्न सक्छन् । म नविन विषयवस्तु र कलात्मक प्रस्तुतिद्धारा प्रभावित हुन्छु ।

**तपाईलाई मनपर्ने नेपाली स्रष्टाहरू को को हुन् ?**


मलाई मन पर्ने स्रष्टाहरू धेरै छन् अग्रजहरूको नाम माथि उल्लेख गरिसके । समकालीनमा माया ठकुरी भागिरथी श्रेष्ठ, मञ्जु काँचुली, अनुज साहित्यकारहरूमा मोहनविक्रम शाह, सिता पाण्डे, उषा शेरचन आदि ।

**पारिवारिक जीवन, सस्थागत जागिरे जीवन र साहित्य लेखनलाई कसरी व्यवस्थापन गर्नुहुन्छ ?**

मान्छेले प्रयास गरे जे पनि गर्न सकिदो रहेछ । मलाई निक्कै गाह्रो भए तापनि मैले पारिवारिक दायित्व पुरा गरी ३५ वर्ष जागीर खाँए र निरन्तर लेखिरहें । यसको लागि मैले संघर्ष गर्न पर्‍यो । लेखनलाई चुनौतिको रूपमा लिनाले म सफल भएँ जस्तो लाग्छ ।

**आफ्नो जीवनकालमा संलग्न रहेर कार्य गरेका साहित्यिक तथा गैर साहित्यिक संस्थाका बारेमा बताइदिनुहुन्छ कि ?**

म गुञ्जन नारी साहित्यिक संस्थाको संस्थापक अध्यक्ष हुँ । साथै अन्य साहित्यिक संस्थाहरू साहित्यिक पत्रकार संघ, वाणी प्रकाशन, महिला गीतकार संघ परिवार नियोजन संघ, नेपाल लाइब्रेरी फाउण्डेसन् आदि सित संलग्न छु ।



पद्मावती सिंह

सीता पाइला, काठमाडौँ



पद्मावती सिंहको चित्र